

क्यूबाः "समाजवाद वा मृत्यु" बाहेक अर्को विकल्प छैन – फिडेल क्यास्ट्रो

# मूल्याङ्कन

विचार-अन्तर्क्रियामुखी मासिक

वर्ष: १०,
अंक: ५,
२०४९,
साउन





नयाँ औद्योगिक नीतिले नेपाललाई कता पुऱ्याउला ?



गोविन्द प्रसाद लोहनी



डा. देवेन्द्र राज पाण्डे

संस्कृत भाषा लादियो भने ....
- पद्मरत्न तुलाधर

नेपाली भाषाको जननी संस्कृत हैन ।
- प्रा. कमल प्रकाश मल्ल

## नेपाली कम्युनिस्ट आन्दोलनको आधारभूत समस्या के हो ?

जन आन्दोलन पछाडिको नेपाली साहित्य कस्तो छ ?

□ का. मोहन बिक्रम सिंह □ का. मदन भण्डारी □ का. प्रचण्ड सँग कुराकानी

रु. १०/-

रजिष्टर नं. ५३३४।०४८-०४९

फोन नं. २१२३१२

*थोरै लगानी धेरै फाइदा, काठमाडौंको जग्गा क्या काइदा!*
*लिनु पर्दैन यसमा केही पनि सुर्ता, पुरस्कार नपरे थप रकम सहित फिर्ता!*

**(राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विविध विषय तथा क्षेत्रका स्तरीय सामग्रीहरू संकलन गरी प्रकाशित गर्ने परियोजना संचालन गर्नको निमित्त)**

इन्द्र धनुष प्रकाशन (प्रा.) लि. द्वारा प्रस्तुत

# इन्द्र धनुष पुरस्कार तथा रकम फिर्ता कार्यक्रम

# Indra Dhanush Prize & Plus Money Back Programme

केही महीना भित्रै खोलिने

**केवल एक पटक मात्र रु. ५०।- बुझाएर ६० पटक सम्म भाग लिन पाइने!**

**कार्यक्रम अवधिसम्ममा पुरस्कार नपरे रु. ६०।- ग्यारेण्टीकासाथ फिर्ता दिइने।**

## पुरस्कारका विशेषताहरू

- *काठमाडौंको १२० प्लट जग्गा, ६० वटा छापावाल सुनको सिक्री, ६० वटा असल सुनको लकेट तथा विविध महत्वपूर्ण पुस्तकहरू साथै लाखौं नगद पुरस्कार एवं पहिलो र अन्तिम पटकमा विशेष थप पुरस्कारहरू दिइने।*
- *जुनसुकै पटकमा जुनसुकै पुरस्कार परेतापनि कार्यक्रम अवधि भर नै भाग लिन पाइने*
- *कार्यक्रम संचालन नभए सम्म २०४९ कार्तिक १ गते देखि प्रत्येक महीनामा ५०० जवान सदस्यहरूलाई सान्त्वना पुरस्कार स्वरुप कार्यक्रमको टिकट दिइने। (यस टिकटबाट पनि कार्यक्रममा भाग लिन पाइने छ।)*
- *कुनै पनि पुरस्कार नपरेमा कार्यक्रमको अवधि समाप्त भए पछि इन्द्र धनुष प्रकाशन (प्रा.) लि. बाट अथवा नेपाल अधिराज्य भित्रको जुनसुकै ठाउँको संकलन केन्द्रबाट आफ्नो टिकट बुझाएर रु. ६०।- तुरुन्त फिर्ता लिन सकिने।*

यस कार्यक्रममा,
आजै सहभागी भै, बढी से बढी फाइदा उठाऔं!

**संकलक भै वा फिल्डमा गई टिकट बिक्रि गर्नेहरूलाई पनि विशेष सुविधाको व्यवस्था मिलाइएकोले इच्छुक महिला तथा पुरुष महानुभावहरूले छिट्टै सम्पर्क राख्नु होला।**

थप जानकारीको निमित्त :-

**इन्द्र धनुष प्रकाशन (प्रा.) लि.**
**कीर्तिपुर, काठमाडौं।**

# यस भित्र



## नेपाली कम्युनिष्ट आन्दोलनको आधारभूत समस्या के हो?

*किन नेपालमा क्रान्ति सम्भव भैरहेको छैन र किन क्रान्तिको स्पष्ट खाका बन्न सम्भव भैरहेको छैन?*

- का. मोहन विक्रम सिंह
- का. मदन भण्डारी
- का. प्रचण्डसंग कुराकानी

साथमा श्याम श्रेष्ठको लेख २५


मूल्याङ्कन
(विचार-अन्तर्क्रियामुखी मासिक)
वर्ष १० अंक ५
०४९ साउन



संरक्षक
डा. मथुराप्रसाद श्रेष्ठ

सल्लाहकार
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी.आर.पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

प्रधान सम्पादक
श्याम श्रेष्ठ

कार्यकारी सम्पादक
हरिगोविन्द लुइँटेल

सह-सम्पादक
राजेन्द्र महर्जन

व्यवस्थापक
श्याम खड्का


## संस्कृत ...संस्कृत ....संस्कृत?

**व्यापक वाद विवादको यस विषयमा विशेष सामाग्रीहरू**



*संस्कृतबाट सोझै नेपाली भाषा आएको भन्ने कुरा अन्ध-विश्वास मात्र हो*

-प्रा. कमल प्रकाश मल्ल

*संस्कृतलाई जबरजस्ती अनिवार्य गराइयो भने के होला?*

-पद्मरत्न तुलाधर



• गेहेन्द्रमान उदास "पोखरेली"को लेख • विवाद चर्काउने चर्चित सुझावपत्र ११

## नयाँ औद्योगिक नीतिले नेपाललाई कता पुऱ्याउला?

नीजिकरण लागू गरिन्छ भने "योजना" भन्ने शब्द नै शब्द-कोषबाट हटाइदिए हुन्छ।
गोविन्दप्रसाद लोहनी
(अन्तरवार्ता)
१८





खुला-बजार अर्थ-तन्त्र हाम्रो समाजमा मेल खाँदैन।
डा. देवेन्द्रराज पाण्डे
(अन्तरवार्ता)
१६


**घटना-प्रवाह**

मंगोलियामा "कम्युनिस्ट" विजयी ६
गाम्साखुर्दिया समर्थक पत्रिका प्रतिवन्धित ६
बलात्कारहरू बढिरहेछन् ८
जिल्लाको चुनावमा वामपन्थी मतदाताहरू बिके, किन? ७
टनकपुरले उठाएको प्रश्नहरू ५

**आजको घटना/आजको विचार**

यसपालीको बजेटले नेपाललाई कता लाँदैछ? ६
गोविन्दप्रसाद लोहनीको प्रतिक्रिया
का. पुष्पलालको मूल्यांकन २३
- प्रा. माणिकलाल श्रेष्ठ

**अन्तर्क्रिया**

शत्रुहरूले हतियार लिएर मात्र हमला गर्दैनन् ३३
-श्यमप्रसाद शर्मा

**कला/साहित्य/संस्कृति**

जन-आन्दोलन पछाडि नेपाली साहित्य कस्तो छ?
- निनु चापागाईं र राजेन्द्र सुवेदीसंग कुराकानी ४०
"असारे" बोकेर आएको "आस्था" ४२
टेलिफिल्म "उजेली" ४६
"सत्यकथा" रत्नपार्कमा जलाइयो ३६

**स्वास्थ्य**

यी औषधीहरू कति मुनाफाको लागि कति स्वास्थ्यको लागि? ४७

**दर्शन/दिग्दर्शन**

द्वन्दात्मक वस्तुवादलाई हामीले किन बुझ्न जरूरी छ? ४३
- शिवदास घोष
वुर्जुवा वर्गबाट आएका मानिसहरूबारे - एंगेल्स ३४

**धारणा**

विद्रोह र क्रान्ति
- डि.आर. पोखरेल ३७

**समस्या/दृष्टिकोण**

पुँजीवादमा न्याय व्यवस्था केले निर्धारण गर्दछ?
- राजेन्द्र ढकाल ३६
महिला मुक्तिको सवालमा सैद्धान्तिक संकीर्णता
- जोशी, एल्भिस ३५

**ज्ञान-विज्ञान**

प्राकृतिक प्रकोप र वातावरणीय समस्या -डा. केदार खनाल ४५

**आँखी-भ्याल**

के वजार-अर्थतन्त्रले उत्पादन बढाउँछ? २१

**पाठकको कुरा** ५०

**हाम्रो मूल्यांकन** ४



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

सम्पर्क कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
न्हूसाल, भोटे, ख-२-२३७
काठमाडौं-२३
फोनः २१३६९४
पो. ब. नं. ३०२६

आवरण कला : मोहन खड्का, क्यालिग्राफिक स्टूडियो, कमलादी। टाईपसेटिङ्ग तथा मुद्रण : मोडर्न प्रिन्टिङ्ग प्रेस, कान्तिपथ।
आवरण फोटो : का. पुष्पलाल/ने.क.पा. का चार जना संस्थापकहरू

# देशको समग्र राजनीति कता बढ्दैछ?

नेपालको समग्र राजनीति खतरनाक मोडतिर पैयाँ सार्दैछ। यो यात्रा निर्विरोध र निष्कण्टक हुने हो भने यहाँ अब काँग्रेस र उसका तावेदार बाहेक अरूले बाँच्नु पर्ने छैन। व्यवस्था वहुदलीय भए पनि वास्तविक व्यावहारिक राजनीति एकदलीय हुनेछ। जनताले फेरि पनि पंचायती कालको जस्तै पूरापूर तानाशाही भोग्ने छन्। फरक यत्ति मात्रै हुनेछ कि यो निर्वाचित तानाशाही हुनेछ।

नेपाली राजनीतिको यो दिशा विगत जन–आन्दोलन, स्थानीय चुनाव र त्यस पछिको घटना क्रमशमा नेपाली काँग्रेसको व्यवहारले प्रष्ट पारिरहेछ। जनताको जायज मागमा आधारित विगत जन–आन्दोलनलाई सत्तासीन नेपाली काँग्रेसले प्रजातान्त्रिक तवरले सुल्भाएन। पंचायत कालमा जस्तै वन्दूकको कुण्डाले दवायो। २०४६ सालमा जस्तै नर संहारबाट सुल्भाउन खोज्यो।

स्थानीय चुनावमा उसले प्रजातान्त्रिक प्रतिस्पर्धाबाट चुनाव जित्ने अँटै गरेन। "जसरी पनि" चुनाव जित्ने उसको प्रयत्न रहयो। अनि यो "जसरी पनि" चुनाव जित्ने उपाय न त प्रजातान्त्रिक हुन सक्थ्यो न नैतिक नै। "जसरी पनि" चुनाव जित्न उसले बन्दूक, गुण्डा, पैसा, र जालभेल सबै प्रयोग गऱ्यो। यतिसम्म कि जितेकालाई हारेको र हारेकालाई जितेको समेत घोषणा गऱ्यो। राजालाई पक्षमा तान्न–वहुदलीय प्रजातन्त्रमा राजाको आलोचना सम्म गर्न नपाइने ऐलान गऱ्यो।

चुनाव पछि काँग्रेसी सरकारको मैमत्तय पन र नियन्त्रणहीनता अरू बढि रहेछ। प्रभुसत्तासंपन्न भनिएको संसद सामुन्नेमै छ। तर उसले संसदको स्वीकृति विना नै देशको औद्योगिक नीति र वाणिज्य नीतिमा देशको अर्थतन्त्र र जनजीवनमा काफी दुष्प्रभाव र अन्तर हुने किसिमको परिवर्तनको घोषणा गऱ्यो। संसद त नाम मात्रको देखियो। यो काँग्रेसको निरंकुशता छोप्ने नयाँ "राष्ट्रिय पंचायत" सिवाय केही भएन।

अब काँग्रेस राज्ययन्त्रबाट भिन्न मत राख्ने कर्मचारी हटाउने अभियानमा जुटेको छ। थाहा छैन, कति हजार कर्मचारीहरू फगत फरक मत राखेको अपराधमा काँग्रेसी पजनीका शिकार हुनेछन्।

अब प्रतिगामीहरूको हौसला कति सम्म बढेको छ भने जन–आन्दोलनले बढारेको परंपरा पुनः जागृत हुँदैछ–राजा देश बाहिर जाँदा भित्रिँदा "जय जयकार" समेत हुन थालेको छ। मरीचमानले एयरपोर्टमा भुल्कने आँट गरेका छन् र नवराजले काँग्रेसी स्वागत पाउन थालेका छन्।

उता नेपाली काँग्रेस "उदार, खुल्ला प्रतिस्पर्धात्मक र वजारमुखी अर्थतन्त्र" का नाममा देशलाई अर्थतन्त्रमा राज्यको नियन्त्रण विहीनता, योजना विहीनता र संरक्षण विहीनतातिर धकेलिरहेछ। यो कदमबाट भारतीय पूँजीपति, विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषका पूँजीपतिहरू त खूबै प्रसन्न हुनेछन्। किनकि यसबाट उनीहरूको सामानको उपभोग नेपाली बजारमा बढ्नेछ र नेपालको अर्थतन्त्रको पूरा लगाम उनीहरूको हातमा हुनेछ। तर नेपालका थामे सर्न लागेका उद्योगहरू भने स्वाहा हुनेछन्। नेपालका विकासशील उद्योगका खुट्टामा खुला विदेशी व्यापार ठिंगुरो समान हुनेछ। नेपाल उनीहरूको ऋणको खाडलमा कहिल्यै फुत्कन नसक्ने आसामी हुनेछ। यो नेपालको अर्थतन्त्र र नेपालको निम्ति निकै खतराजनक र संकटपूर्ण दिशा हो।

यही नै समयमा "प्रजातन्त्रवादी" काँग्रेस सरकार केही साम्प्रदायिक र प्रतिगामी तत्वहरूको सिफारिशमा संस्कृतलाई अनिवार्य विषयको रूपमा जवर्दस्ती लाद्न खोज्दैछ। पंचायती सरकारले समेत अनिवार्य गर्न जरूरी नठानेको यस विषयलाई वहुदल आए पछि भन् उल्टो अनिवार्य गर्न किन जरूरी भयो? यस्तो गर्न पर्नुको कारण र सन्दर्भ प्रगतिशील छैन। यो प्रतिगामी छ। समाजमा पुरातनपन्थी मूल्य मान्यता विकास गर्न यो लादिन खोजिंदैछ। यसले नेपाली काँग्रेसको सांस्कृतिक दिशा प्रष्ट पारेको छ।

यी सबै घटनाहरूले देखाएका छन्–नेपाली काँग्रेस देशलाई उज्यालोतिर, प्रगतितिर, सामाजिक न्यायतिर डोऱ्याउँदै छैन। देशलाई बर्बादीतिर र अँधेरोतिर धकेल्दैछ। तथापि यी गंभीर परिघटनाहरू–देशमा व्यापक जन समर्थन प्राप्त र सशक्त वामपन्थी शक्तिको उपस्थितिमा घट्दैछ। आश्चर्य यो होइन कि नेपाली काँग्रेसले यी घटनाहरू घटाउँदैछ। आश्चर्य यो हो कि वामपन्थी खेमाबाट यसको किन सशक्त र योजनावद्ध विरोध प्रतिरोध भई रहेको छैन। किन नाम मात्रका भीना, मनताता र स्वस्फूर्त विरोध प्रतिरोधमै जनताको आशाको यो केन्द्र सीमित भई रहेछ? किन यस पल्ट संसदमै वामपन्थीको आवाज क्षीण भयो? किन सदनका कुराहरू सडकमा आएनन्? यो अकर्मण्यता र दिशाहीनता–स्वार्थवश पैदा हुँदैछ कि अज्ञानतावश? चारैतिर आशावान आँखाहरूमा जिज्ञाशा छचल्किरहेछ। संपूर्ण जिम्मेवार वामशक्तिले यो जिज्ञाषा हल गर्नु जरूरी भएको छ– मूर्त विचार र कार्यक्रमबाट। ❑


के तपाई घरैमा बसी बसी मूल्यांकन प्राप्त गर्न चाहनु हुन्छ?




चाहनु हुन्छ भने–
वार्षिक रू. १५०।–
भारतको लागि
भारू १५०।–

हाम्रो खातामा जम्मा हुने गरी पठाउनु होस्।

**मूल्यांकनको वार्षिक ग्राहक बन्नुहोस्।**

वार्षिक ग्राहक शुल्क रू. १२०।–
ग्राहक बन्न इच्छुक महानुभावहरूले हाम्रो कार्यालयमा संपर्क राख्नु होला।

–व्यवस्थापक



## मूल्यांकनको सूचना

* **मूल्यांकन** विचार–अन्तर्क्रियामुखी पत्रिका हुनाले संपादक मण्डलको सामूहिक प्रतिकृयादेखि बाहेक यसमा प्रकाशित सबै लेख–रचनाप्रति संवन्धित लेखकको व्यक्तिगत जिम्मेवारी हुनेछ। संपादक–मण्डलको विचारउपर पनि विचार–अन्तर्क्रियालाई स्वागत गरिने छ।
* मूल्यांकनका लागि सल्लाह–सुझाव, प्रतिकृया एवं लेख–रचनाहरू पठाउनु हुन समस्त वौद्धिक व्यक्ति व्यक्तित्वहरूसँग हामी हार्दिक अनुरोध पर्दछौं।
* हल्का र आधारहीन प्रचारबाजी हैन, तथ्यपूर्ण र जिम्मेवार विचार–आदान–प्रदान मूल्यांकनको अभिष्ट भएकोले रचनाहरूमा समाविष्ट तथ्यहरूका स्रोतहरू खुलाएर पठाई सहयोग गर्नु भएमा आभारी हुने थियौं।
* अस्वीकृत लेख रचनाहरू फिर्ता गर्न प्रायः संभव नहुने हुनाले प्रतिलिपि आफूसँग राख्न नभुल्नु होला। लेख–रचनाको सामान्य संपादनको अधिकार सपादक मण्डललाई रहने छ। तीन अंकसम्म प्रकाशित नभएको रचना अस्वीकृत भएको ठहरिने छ।
* बैचारिक बहस र छलफलमा शिष्टतापूर्ण भाषा प्रयोग होस् भनी लेखक, विचारकहरूसँग विशेष अनुरोध गर्दछौं।

**मूल्यांकनको बैंक खाता : अन्तर्क्रिया प्रकाशन प्रा. लि., चल्ति खाता नं. १०१/३४४११, नेपाल बैंक लिमिटेड, काठमाडौं अफिस, धर्मपथ।**

# "टनकपुर" ले उठाएका प्रश्नहरू

## राष्ट्र समक्ष गिरिजा सरकारले सार्वजनिक माफी माग्नु पर्छ!




**गिरिजा सरकार टनकपुर संबन्धी मुद्दा यो संबन्धी विशेष समितिले संसदमा पेश गर्ने मिति पर पर सार्दै – यो अहं मुद्दालाई उत्तिकै तुहाएर दमपच पार्ने सुरसारमा देखिन्छ।**

*"मूल्यांकन" को अंक २ मा हामीले नेपालका मुख्य मुख्य नदीनालाको जलस्रोत र टनकपुर-बाँध संवन्धी "सहमती" नामको संझौतामा गिरिजा सरकारले कसरी राष्ट्रघात गरेको छ भन्ने बारे पाठकहरूको ध्यानाकर्षण गरेका थियौं। त्यतिखेर यो त्यत्ति चर्चाको विषय बनिसकेको थिएन। तर पछि संसदभित्र र बाहिर यो संझौता ठूलो चर्चा र वादविवादको विषय बन्यो। हालसम यसबारे थुप्रै क्षेत्रहरूबाट महत्वपूर्ण तथ्यहरू पनि प्रकाशनमा आइसकेका छन्। तथापि हामी टनकपुर संबन्धी मूलभूत मुद्दाहरू फेरि पनि पाठकहरू समक्ष ध्यानाकर्षणका लागि राख्न चाहन्छौं। यस मामलामा कसबाट कति गल्तिहरू भएको छ, यो कुराको टुंगो गर्न यी प्रमुख मुद्दाहरूको छानवीनले पाठकहरूलाई सहयोग पुग्न जानेछ भन्ने हामीलाई लाग्दछ।*

टनकपुरनेर महाकाली नदीको देब्रे किनारमा नेपालसित अनुमति नै नलिइकन भारतको सरकारले १९८४ (२०४१ साल) देखि नै नेपालको भूमिमा बाँध बनाउन शुरू गऱ्यो र अहिले करीव पूरा नै गरीसक्यो। यसो गर्दा भारत सरकारले कम्तिमा नेपालको ५७७ मिटर वा २.९ हेक्टर जमीन मिचेको छ। सानो देश हुनाले हेपेर नेपालको जमीनमा यसरी सोद्धै नसोधी बल मिचाइ गरेर भारत सरकार ले बाँध बनाउन पाइन्छ कि पाइँदैन? यस्तो गर्नु न्याय कि अन्याय? यो बल मिचाइ असल छिमेकीको चरित्र हो कि प्रभुत्ववादी-विस्तारवादी चरित्र?

यसरी बल मिचाइ गरेर बाँध बनाएपछि र नेपाली जमीन मिचेपछि सरकारले त्यसमा कडा विरोध जनाउनु र जनसमक्ष वास्तविकता राख्नुको सट्टा त्यो जमीन मरक्कै संझौताद्वारा भारतलाई प्रयोग गर्न दिएको भन्ने व्यहोरा पारेर गत मंसिरको तेस्रो हप्तामा गिरिजा सरकारले भारतसित एउटा संझौता गऱ्यो। यो संझौता गरेपछि भारतको पहिलेको बल मिचाइ र हस्तक्षेप अव वैध भयो। उसको अपराध छोपियो। यसरी भारत सरकारले नेपालको भूमि र नेपालको प्रभुसत्तामा गरेको हस्तक्षेपलाई विरोध गर्नुको सट्टा यसलाई वैधता दिनु ठीक कि बेठीक? यो काम नेपालको स्वाधीनतामुखी काम हो कि घुँडा टेकुवा काम हो? यो खाले व्यवहारले भारतको विस्तारवादी प्रवृत्ति घट्दै जाला कि अरू प्रोत्साहित होला?

नेपालको हालको संविधानको धारा १२६ (२) अनुसार कुनै पनि मुलुकसित प्राकृतिक स्रोतको बाँडफाँड संवन्धमा यसरी संझौता गरेपछि त्यो संसदको दुवै सभाको संयुक्त बैठकको दुई तिहाई बहुमतबाट पारित नगरी नेपालको हकमा लागू हुन नसक्नेमा गिरिजा सरकारले संविधानको यो प्रावधान नै मिचेर, संसदको विशेषाधिकार नै हनन गरेर यो संझौता हस्ताक्षर हुने वित्तिकै लागू हुन दियो। यस्तो गरिनुबाट संविधानको पालना भयो कि ठाडो उलंघन? यो प्रजातान्त्रिक व्यवहार भयो कि गैर-प्रजातान्त्रिक? यस्तो गर्नाले संसदको "सार्वभौमसत्ता" को कदर भयो कि अनादर? यो संसदीय परंपरा भयो कि गैर-संसदीय?

कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रित्वकालमा पारित सन्धि संझौता ऐन २०४७ अनुसार अहिले भारतसित भए जस्तो कुनै पनि नाउँको लिखत "संझौता" नै ठहर्छ। यो कानून पनि मिचेर संझौतालाई फगत "सहमति" हो भनेर संसद र जनतालाई सरकारले ढाँट्यो। फगत सहमति हो भन्ने आधारमा संसदबाट पासै नगराइकन पनि काम चलाउने दुस्साहस गऱ्यो। गत पटकको संसद अधिवेशनमा विपक्षी सांसदहरूले ८ घण्टा रोष्टम घेरेपछि मात्र ऊ संसदमा कागज-पत्र पेश गर्न वाध्य भयो र अझै ऊ यसलाई संसदबाट पास नगराउने मुडमा छ। कानून मिच्ने, जनतालाई संसाँझै ढाँट्ने, गुमराह पार्ने गिरिजा सरकारको यो नियत र काम कारवाही ठीक कि बेठीक? यस्तो प्रवृत्तिले "प्रजातान्त्र" लाई बचाउँछ कि खतम गर्छ?

एउटा महत्वपूर्ण पक्ष के हो भने वामपन्थी शक्तिहरू, वामपन्थी सांसदहरू फगत टनकपुरको संझौताबारे विवाद उठाउँदै हुनुहुन्छ। तर गिरिजा सरकारले संझौता टनकपुरको बारे मात्र गरेको छैन। नेपालका संपूर्ण मुख्य मुख्य नदीहरूको जलस्रोत-बारे गिरिजा सरकारले लिखतममा केही नदेखिने गरी रकमी पाराले संझौता गरेको छ। के अहिले, यो संझौता पछि, हामी सप्तकोशी, कर्णाली, बुढी गण्डकी, पंचेश्वर, बागमती र कमला नदीको जलस्रोतबारे भारत सरकारलाई नसोधी स्वतन्त्र निर्णय गर्न सकने हालतमा रहेका छौं? यदि छैनौं भने, यी नदी संवन्धी संझौताबारे चाहिं किन आवाज़ उठ्दैन?

सीमानामा महाकाली नदीमा बाँध बाँधिदैछ। त्यसबाट तत्काल १००० क्यूसेक बराबरको पानी र १५० मेघावाट बिजुली निक्लिरहेछ। तर नेपाललाई भने १२० क्यूसेक पानी र १० मेघावाट विजुली मात्र दिने कुरा संझौतामा उल्लेख छ। सुगौली सन्धि अनुसार महाकाली नदी हाम्रो नदी हो। हाम्रो नदीमा बाँध बाँधिने, नेपालको भूमिमा "एफलक्स बण्ड" बनाइने तर नेपालले त्यसबाट निस्कने ८.३ प्रतिशत विजुली र १५ प्रतिशत पानी मात्र पाउने। त्यो पनि नेपालको विशेष अनुरोधमा र बडो कृपा गरेर भन्ने आशय संझौतामा उल्लेख हुने गरी। यो तावेदारी संझौताले महाकाली नदीमा निहित हाम्रो सार्वभौमसत्ता दुरूस्त बाँकी राख्यो कि राखेन? सानै देश भए पनि हाम्रो समानताको हकको यसले रक्षा गऱ्यो कि गरेन?

१९२० मा चन्द्र समशेरको पालामा अंग्रेज सरकारद्वारा पनि नेपाल सरकारको अनुमति लिएर नेपाली भूमिमा शारदा ब्यारेज बनेको थियो। त्यो ब्यारेजको चाँडै मिति पुग्दैछ। र त्यो धराशायी हुँदैछ। त्यही कारणले नै भारतले टनकपुर आयोजना संचालन गर्न लागेको हो। टनकपुर आयोजना पूरा भएपछि भारतले टनकपुर पावर हाउसबाट पानी सिधै शारदा नहरमा खसाल्ने छ। पछि शारदा नहरसित

*महाकाली नदी संवन्धी सुगौली सन्धिको धारा (५) बोल्छ*

*"महाकाली नदी कसको?*

*"The Raja of Nepal renounces himself, her heirs and successors, all claim to or connexion with the countries lying west of the river Kali and engage never to have any concern with those countries or the inhabitants there of"*

*नेपालका राजा, उनका वंशज तथा उत्तराधिकारीहरूले काली नदी भन्दा पश्चिममा रहेका आफ्ना सम्पूर्ण मुलुकको दावी त्याग गर्नेछन्। साथै यी मुलुकका वासीन्दाहरूसंग समेत कुनै प्रकारको सरोकार राख्ने छैनन्।"-*

जोडिएको महाकाली सिंचाइ आयोजनामा आउने पानी चाहिं कुनै पनि बेला पूरै बन्द हुन सक्छ। यो स्थितिमा विश्व बैंकबाट करौडौं रूपियाँ ऋण लिएर बनाएको महाकाली सिंचाइ आयोजना भने बेकार हुने छ तर करौडौंको ऋण भने बिनसित्ती नेपालले तिरिरहनुपर्ने स्थिति हुनेछ। शारदा बाँध भत्केपछि नेपालका दुई गाउँहरू चाँदनी र दोधाराको भविष्य टड्कारो रूपमा खतरामा छ। यी कुनै पनि दिन डुब्न सक्नेछन्। यसरी यो संझौता अनुसार नेपाललाई यी ठूला नोक्सानीहरू हुने निश्चित छ। यो नोक्सानीप्रति बिल्कुलै बेपर्वाह गिरिजा सरकार देखियो। यो बेपर्वाहीपनाले के देखायो – गिरिजा सरकार नेपालको हित-अहित प्रति चिन्तित छ कि, भारतीय शासक वर्गको हित-अहित प्रति? र त्यो नोक्सानी प्रति जिम्मेवार को? अहिले संसदको अधिवेशन चलिरहेछ। गिरिजा सरकार टनकपुर संबन्धी मुद्दा यो संबन्धी विशेष समितिले संसदमा पेश गर्ने नीति पर पर सार्दै – यो अहं मुद्दालाई उत्तिकै तुहाएर दमपच पार्ने सुरसारमा देखिन्छ। वामपन्थी र.राष्ट्रप्रेमी संपूर्ण सांसदहरू र सबै जिम्मेवार राजनीतिक शक्तिहरूले टनकपुरको मुद्दालाई फेरि पनि जोडतोडका साथ उठाउनु जरूरी छ। गिरिजा सरकारले गरेको अपराधपूर्ण संझौतालाई खारेज गराउनु जरूरी छ।

यसको ठाउँमा Aflux Bund बनाइएको जमीनमा र बाँधमा नेपालको प्रभुसत्ता सुरक्षित हुने गरी भारतसित Lease को संझौता गर्नु जरूरी छ। Aflux Bund बाट नाम मात्रको फाइदा हुने संझौताको ठाउँमा नेपालको पक्षमा पनि समान हित हुने संझौता गर्ने माग गर्नु जरूरी छ। गिरिजा सरकारले राष्ट्रघाती र गैर-संवैधानिक तवरले जुन संझौता गरेको छ त्यस निम्ति उसलाई दण्ड स्वरूप राष्ट्र समक्ष सार्वजनिक क्षमा माग्न लगाउन जरूरी छ। संझौता संसदबाट पारित भए पछि लागू हुने शर्तलाई कदर गर्न गिरिजा सरकारलाई वाध्य पार्न जरूरी छ। ❑


| पढ्नु होस | जनादेश साप्ताहिक<br>योजना साप्ताहिक |
|---|---|


### पूँजीवादी संचारले ढाकछोप गरेको विषय

# मंगोलियामा 'कम्युनिष्ट पार्टी' विजयी

गत असारको दोस्रो हप्तामा मध्य एशियाली राष्ट्र मंगोलियामा भएको संसदीय निर्वाचनमा त्यहाँको कम्युनिष्ट पार्टी "मंगोलियन पिपुल्स रिभोल्युसनरी पार्टी" ले अत्यधिक बहुमत ल्याई विजय हासिल गरेको छ। संसद "न्यू ग्रेट हुराल" का जम्मा ७६ संसदीय सिटहरू मध्ये ७० सिटमा यो पार्टी विजय भएको छ। त्यहाँ कम्युनिष्टहरूको विरूद्ध सोसल डेमोक्रेटिक पार्टी लगायत अन्य तीन गैर-साम्यवादी पार्टीहरूको गठबन्धन भएको थियो।

हारपछि त्यहाँ ६ वटा गैर-साम्यवादी विपक्षी पार्टीहरूले कम्युनिष्ट पार्टीका विरूद्ध बलियो बन्न एकता गर्ने आफ्नो योजनाको घोषणा गरेका छन्। गत १९९० मा त्यहाँ खुला पूँजीवादका पक्षधरहरूको दवावमा विपक्षी पार्टीहरू समेतको संयुक्त सरकार गठन भएको थियो। यस सरकारले त्यहाँ बचे खुचेको समाजवादी अर्थतन्त्रलाई ध्वंश गर्नेतर्फ पाइला चाल्न थालेको थियो।

हाल विजयी कम्युनिष्ट पार्टीले मंगोलियाको समाजवादी अर्थतन्त्रलाई खुला बजार-अर्थतन्त्रमा बदल्न गत २ वर्षदेखि चालू रहेको कार्यलाई कायमै राख्ने बचन दिएको तर हालैको यो अत्यधिक बहुमत सहितको विजयले उक्त पार्टीले यो प्रकृयामा ढीलाइ ल्याउला भनी विरोधीहरू "आशंकित" रहेका देखिन्छन्। १९९० को पूँजीवादी दिशाको कथित सुधार पछि मंगोलियामा महँगी र बेरोजगारी अत्यधिक बढेको छ र मंगोलियनहरूको हरेक दिनको अधिकांश समय रासनको खाद्य सामग्री खरिद गर्ने काममा बित्ने गर्दछ। त्यहाँ विपक्षी पार्टीहरू कम्युनिष्टहरूलाई पुरानो आर्थिक संयन्त्रको सट्टामा "नयाँ" लागू गर्न एकदमै ढीलो गरेको आरोप लगाइरहेता पनि यो चुनावको नतीजालाई विश्लेषकहरूले हालैको "बजार -सुधार" ले ल्याएको संकटका विरूद्धको मत मानेका छन्।

निर्वाचित मंगोलियन कम्युनिष्ट पार्टीले भविष्यमा आफूलाई कसरी अगाडि बढाउँछ र "खुला" बजार अर्थतन्त्र प्रतिको यसको वचनवद्धताले यसलाई कता पुर्याउँछ, त्यो यसको भावी कृयाकलाप हेरेर मात्र भन्न सकिने विषय हो। साथै "कम्युनिष्ट पार्टी" को नाममा यसले कुन दिशातिर आफ्नो गति अगाडि बढाइरहेछ भन्ने कुरा पनि वाद-विवाद वा अध्ययनको विषय नै रहेको छ। यो अलग कुरा हो। तर एउटा के कुरा चाहिं उल्लेखनीय छ भने – नेपालमा नेपाली कांग्रेस पक्षीय संचार माध्यमहरूले मंगोलियाको यो चुनावी नतीजाको समाचारलाई प्रायः पटक्कै स्थान दिएनन्। "कम्युनिष्ट पार्टी" ले अत्याधिक बहुमत ल्याएको कुरा "समाचार" बनेन। पूर्व सोभियत संघको आड पाएका कतिपय "पूँजीवादी" देशहरूमै पनि सत्ता परिवर्तन भएका घटनाहरू एक एकलाई "लौ फलानो ठाउँमा पनि कम्युनिष्टहरू ढले" भन्न पछि नपर्ने "प्रजातन्त्रवादी" हरूले मंगोलियाको यो वाम विजयको खबरलाई प्रायः छुँदै नछुनुले यी संचार माध्यमहरूको पूँजीवाद-साम्राज्यवाद प्रतिको अन्ध पिछलग्गुपना र "साम्यवाद" प्रतिको घोर पूर्वाग्रहलाई प्रष्ट रूपमा झल्काएका छन्।

वामपन्थीहरूको विपक्षमा घटेका घटनाहरूलाई भए नाना थरीका टीका टिप्पणी सहित दर्जनौं पटक दोहोर्याएर प्रस्तुत गर्ने विश्व पूँजीवादी संचार माध्यमहरूले मंगोलियाको यस चुनावी परिणामलाई अत्यन्त झिनो स्थान दिएर पन्छाइदिए। यसबाट थाह हुन्छ – पूँजीवाद र साम्राज्यवादका पिछलग्गु कथित "स्वतन्त्र" संचार साधनहरू कसरी आफ्नो पक्षमा जनमत तान्न मात्र एकलौटी रूपमा प्रयोग हुँदा रहेछ! ❑

## गाम्साखुर्दिया समर्थक पत्रिकाहरुमाथि प्रतिवन्ध

पूर्व सोभियत संघका एक राज्य र हालको "स्वतन्त्र राष्ट्र" जर्जियामा चुनावबाट बहुमतले निर्वाचित भएका वामपन्थी राष्ट्रपति गाम्सखुर्दियालाई गत वर्ष जवरजस्ती अपदस्त गरी सत्तामा पुगेको पूँजीवादी सरकारले फेरि एकपल्ट आफ्नो कथित "प्रजातन्त्रवाद" को मुकुण्डो उघारेको छ।

यस "प्रजातन्त्रवादी" सरकारले गत असारको दोस्रो हप्तामा पूर्व "साम्यवादी" राष्ट्रपति गाम्सखुर्दियालाई समर्थन गर्ने दुईवटा समाचार-पत्रहरूलाई वन्द गराएको छ।

गोर्वाचेभकालीन पूर्व सोभियत संघका विदेशमन्त्री एडवार्ड शेभर्दनाद्जे हाल राष्ट्रपति रहेको जर्जियाको सरकारमा कतिपय व्यक्तिहरू तिनै छन्, जसले हिजो गाम्सखुर्दियाको विरोध गरी वाक-स्वतन्त्रताको "पाठ" पढाउने गर्थे, आफू अभिव्यक्ति स्वतन्त्रताको ठूलो पक्षपाती भएको दावी गर्थे।

प्रतिवन्धित ती दुई पत्रिकाहरूमध्ये एक "इवेरिया स्पेकट्ट" लाई वर्तमान राष्ट्रपति शेभर्दनाद्जे लगायत नयाँ जर्जियाली नेताहरूको आलोचनामा लेख रचना छापे वापत बन्द गरिएको कुरा जर्जियाली मुख्य सरकारी वकिलले जनाएका छन्। १९९१ मा गाम्सखुर्दिया राष्ट्रपति भएदेखि नै सो पत्रिका उहाँको कट्टर समर्थक थियो।

अर्को प्रतिवन्धित पत्रिका "टाभिसुपाली साकार टभेलो" वर्तमान जर्जियाली नेतृत्वको विरोधमा खुला पूँजीवादीहरूको विद्रोह अघि देखि नै उभिएको थियो र गोलमेच वार्ताको पक्षमा रहेको थियो।

सबै खाले अधिनायकवादको विरोध गर्छौं भन्ने दावी गर्दै "प्रजातन्त्र" को पर्यायको रूपमा आफूलाई प्रस्तुत गर्ने पूँजीवादीहरू वास्तवमा समाजमा रहेका मुठ्ठीभर शोषकहरूको पक्षमा अधिनायकवाद लागू गर्छन् भन्ने कुराको यो एक प्रत्यक्ष प्रमाण हो। आधारभूत रूपमा आफ्नो वर्ग स्वार्थमा धक्का नलागुञ्जेल मात्र यिनीहरू "प्रजातन्त्र" र "मानवतावाद" का कुरा गर्छन। आधारभूत वर्ग स्वार्थमा धक्का लाग्ने स्थिति देखेपछि यिनीहरू संपूर्ण रूपले निरंकुश तानाशाहको आफ्नो सक्कली स्वरूपमा बाहिर देखा पर्ने गर्छन र "उग्रवादीहरूको दमन", "शान्ति सुरक्षा" आदि को खोल ओढेर एकपक्षीय प्रचार-प्रसारको साहारा लिई विपक्षीहरूमाथि जाइ लाग्छन्।

जर्जियाको यो घटनाले पूँजीवाद नै विकल्परहित "प्रजातन्त्र" हो भन्नेहरूको सक्कली रूपको प्रदर्शन गरेको छ। ❑

# जिल्लाको चुनावमा वामपन्थी मतदाताहरु बिके, किन?



यस घटनाले अर्को एउटा कुराको पनि पुष्टि गरेको छ –त्यो हो चुनावी संघर्षको मोर्चा यस्तो मोर्चा हो, जहाँ कामचलाउ स्तरका नेता–कार्यकर्ताहरू पठाउनु हुँदैन, सक्षम दृढ र उन्नत चेतनास्तरका व्यक्ति–हरूलाई पठाउनु जरूरी छ, किनभने, यो मोर्चामा शत्रुका जालझेल प्रपंचहरू पनि ज्यादा हुने गर्दछन्।

यी कुराहरूले तत्कालै बाट वामपन्थी क्षेत्रमा व्यापक राजनैतिक वैचारिक–सांस्कृतिक आन्दोलन, अध्ययन छलफलका क्रमहरू विस्तार गरिहाल्नु पर्ने आवश्यकता संकेत गरेका छन्।

चेतना स्तर र प्रगतिशील संस्कृतिको पक्षलाई वामपन्थी नेता, कार्यकर्ता हुनुको अत्यावश्यक शर्त नबढाउने हो भने, अथवा "चिन्ह" लिइदिएमा वा झण्डा बोकिदिएमा मात्र पार्टीका वा मोर्चाहरूका जिम्मेवार पदहरूमा लैजाने हो भने संगठनभित्र शत्रु पक्षको "घूसपैठ" को संभावना पनि झन फराकिलो हुन्छ। घूसपैठ गरी पसेका त्यस्ता गलत तत्वहरूले पार्टीको बदनाम गर्ने, ऐन मौकामा धोका दिने र फूट एवं अनेकता फैलाउने काम सहजै गर्न सक्ने संभावना पनि प्रवल रहन्छ।

यति गम्भीर महत्वको कुरा हुँदा हुँदै पनि पार्टीहरूले आफूभित्र वैचारिक –सांस्कृतिक पक्षलाई उचित महत्व नदिनु यस स्थितिमा एउटा ठूलो विडंवना हो।

यथास्थिति टिकाउने राजनीतिमा लाग्ने पार्टीहरूको लागि अथवा समाजलाई पछाडि धकेल्ने राजनीति गर्नेहरूका लागि जे जस्तो व्यक्ति पनि नेता–कार्यकर्ता भएमा आपत्ति हुँदैन। आफ्नो स्वार्थ सिद्धिमा टेवा दिएर आफ्नो पछि लाग्ने भीड भएमा मात्र तिनीहरूलाई पर्याप्त हुन्छ। तर यथास्थितिलाई वदलेर समाजलाई मुक्तिको दिशातिर अगाडि बढाउने "निर्माणको राजनीति" गर्ने वामपन्थीहरूका लागि स्वोक्रो संख्या वा भीड हैन, समाजको प्रगतिशील परिवर्तनका लागि समर्पित, दृढ, चेतनशील र सुसंस्कृत व्यक्तिहरूको खाँचो हुन्छ। त्यस्ता नेता कार्यकर्ताहरूबाट मात्र वामपन्थी राजनीति झन झन लोकप्रिय र दृढ हुन सक्ने छ। ❑

## "अनुशासनको कारवाही" ले मात्र के समस्या समाधान हुन्छ?

गाउँ- नगरको चुनावमा वामपन्थी पार्टीहरूको तर्फबाट उम्मेदवारी दिई चुनाव जितेका केही व्यक्तिहरूले जिल्ला विकास समितिको गत चुनावमा काँग्रेसको पक्षमा मतदान गरेको र त्यसका कारणले जिल्ला विकास समितिका खास खास सिटहरू गुमेका घटनाहरू केही ठाउँहरूमा देखा परे। यद्यपि यो घटना अहिले छिटफुट रूपमा मात्र घटेको छ तर पनि प्रायः सबै वामपन्थी पार्टीहरू ठूलो या सानो मात्रामा यो समस्याको शिकार भएका छन्। यो प्रवृति गंभीर ध्यानाकषर्णको विषय हो। किनकि यसको परिणति निकै गंभीर हुन सक्छ–वाम आन्दोलनका लागि।

जुन जुन ठाउँहरूमा यस्ता घटनाहरू घटे, ती ती ठाउँहरूका वामपन्थी कार्यकर्ताहरूमा र आम जनतामा यसले एक प्रकारको आक्रोश, अन्यौल र आशंकाको वातावरण खडा गरेको छ। राष्ट्रिय रूपमै पनि यो विषय वामपन्थी राजनैतिक वैचारिक क्षेत्रमा हाल विद्यमान कमजोर स्थितिको प्रष्ट संकेतको रूपमा देखा परेको छ।

चुनावमा प्रलोभन वा डर धाक देखाई आफ्नो पक्षमा मतदान गर्न विपक्षीलाई वाध्य पार्ने प्रवृत्ति प्रजातान्त्रिक प्रवृत्ति हैन। नेपाली काँग्रेसले यो प्रवृत्ति जतातते विना हिच्किचाहट अगालेको देखिएको छ। "जिल्लामा वामपन्थीहरूले जितभने केन्द्रले विकास बजेट नै कटौती गर्ने छ" –भन्ने जस्ता त्रास हरू देखाएर यसले चुनवा प्रचार गरेका घटनाहरू धेरै ठाउँहरूमा दोहोरिएका छन्। यसै गरी व्यक्तिगत आर्थिक प्रलोमन र व्यक्तिगत धम्की दवावहरूको माध्यम अपनाउन पनि नेपाली काँग्रेस पछि परेन। चुनाव सकिएपछि पनि "दल–वदल" गराउन वा विपक्षीलाई निस्क्रीय गराउन, केही ठाउँहरूमा व्यक्तिगत प्रलोभन दिन थालिएका केही प्रमाणहरू "मूल्याकन" लाई प्राप्त भएका पनि छन्।

काँग्रेसको यो षडयन्त्रकारी भूमिका जो हिजो रह्यो, र जो भोलि पनि रहने संकेत मिलिसकेको छ, यो व्यापक रूपले भण्डाफोरको विषय हुनु जरूरी छ।

गल्ती भयो भने वामपन्थीहरूको दृष्टिकोण हुनुपर्छ– सर्वप्रथम आफ्ना कमजोरीहरू नियाल्नु। यस दृष्टिकोण अनुसार सबभन्दा महत्वपूर्ण कुरो वामपन्थीहरूले आफ्नो पंक्तिलाई कसरी मजबूत गर्ने भन्ने नै हो। रोगका जीवाणुहरूले बाहिरबाट पसेर मानिसलाई रोगी तुल्याउन खोज्छन् तर ती जीवाणुहरूसँग लड्ने प्रतिरोध क्षमता मानिस भित्र छ भने तिनीहरूले असर गर्न सक्तैनन्। त्यसैले निर्वाचित बामपन्थी नेता–कार्यकर्ताहरू वा अन्य मोर्चामा कार्यरत नेता–कार्यकर्ताहरू लाई नै पनि कसरी यो प्रतिरोध क्षमताले सुसज्जित गर्ने हो वा कसरी वैचा–रिक रूपले उन्नत बनाउने हो, यस तर्फ ध्यान गएन भने छिटफुट "अनुशासनका कारबाही" हरूले मात्र यो समस्या समाधान हुन असंभव छ।

गत स्थानीय निर्वाचनमा वामपन्थी पार्टीहरूले चुनावी उम्मेदवारका रूपमा त्यस्ता व्यक्तिहरूलाई पनि उठाए जो सामान्य समर्थक मात्र थिए। वास्तवमा "वामपन्थी" भैसकेका नै थिएनन्। आफ्नो राजनैतिक प्रभाव नभएका ठाउँहरूमा पनि वलजफ्ती आफ्नो प्रभाव देखाउने लोभ गरी पार्टीहरूले "जस्तो पायो त्यस्ता" व्यक्तिहरूलाई पनि आफ्नो "टिकट" र समर्थन दिए। त्यस्ता व्यक्तिहरू वामपन्थी हुनुको शक्ति, छवि र वाम पार्टीहरूको सहयोगमा चुनाव जित्न सफल पनि भए। तर लगत्तै काँग्रेसी लोभ लालच र डर त्रासका शिकार भए। तिनीहरूले जिल्लाको चुनावमा काँग्रेसलाई सघाए। अनि, आफ्नो पार्टीका विजयी कार्यकर्ताहरूको संख्या २४, तर आफूलाई भोट खसेको १४ वा १८ मात्र हुने स्थिति यसरी पैदा भयो।

यसरी कमजोर चेतनास्तर र आफ्नो नभएको ठाउँमा पनि छ भनेर देखाउनु पर्ने अहं केन्द्रित ढोंगी मानसिकता नै यो समस्याको मूल जरो हो।

पार्टीहरूले त्यस्ता कमजोर व्यक्तिहरू–लाई आँखाचिम्लेर जिम्मे–वार पदहरूमा पठाउने गल्ती गर्ने कि नगर्ने? अनि उनीहरूले आफ्नो स्थिति कमजोर वा शून्य भएको ठाउँमा पनि मजवूत छ भनेर देखाउने अहंकार गर्न छोडने कि नछोड्ने? यी महत्वपूर्ण प्रश्नहरू पार्टीहरू सामु तेर्सिएका छन्।

देशका सबै जिल्लाका निर्वाचित पार्टी, सदस्य, सभापति, उपसभापतिको कूल संख्या र प्रतिशत कति कति छ?

| पार्टी | सभापति | उपसभापति | सदस्य | कूल संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| नेपाली काग्रेस | ६० | ५२ | ५८४ | ६९६ | ६४.८ |
| नेकपा एमाले | ८ | १० | १७५ | १९३ | १८ |
| राप्रपा | ३ | ७ | ७२ | ८२ | ७.६४ |
| सं. जनमोर्चा | २ | २ | ३४ | ३८ | ३.५४ |
| सद्भावना | ० | ३ | १८ | २१ | १.९६ |
| नेकपा मसाल | १ | १ | ११ | १३ | १.२१ |
| ने मकिपा | १ | – | ६ | ६ | ०.६५ |
| स्वतन्त्र | – | – | २४ | २५ | ४.०५ |
| कूल | ७५ | ७५ | ९२४ | १०७४ | १०० |

स्रोत : नि. आयोग / ने. म. कि. पा. / ने. क. पा. मसाल / तथ्यांक प्राप्त हुँदै/

आरामदायी यात्राका लागि सम्झनुहोस
घरान-विराटनगर सम्मको लागि
याहू बस सेवाद्वारा संचालित
न्यू शिवशक्ति-ट्राभल्स
र
न्यू लक्की ट्राभल्स
काठमाडौं-काकडभिट्टा हुँदै हडिया
बुधवारे सम्मको लागि
दैनिक रात्रि सेवा
काठमाडौं सुन्धारा बसपार्क फोनः २-१२२१५
घरान बसपार्क फोनः २०३८३
विराटनगर बसपार्क
काकडभिट्टा बसपार्क फोनः २०२०८

# "मौसम"लाई दोष दिनु बौद्धिक नकच्चरोपना हो

## बलात्कारका घटनाहरू बढी रहेछन्



*बलात्कारको शीकार : बालिका*

देशमा केही समययता बलात्कारका घटनाहरू निक्कै संख्यामा बढेका छन्। हरेक दिनजसो एउटा न एउटा बलात्कारको नयाँ घटनाको समाचार पत्र-पत्रिकाहरूमा निस्किई नै रहेका छन्। समाजमा अभद्रता व्यापक रूपले बढेको छ। सडकमा हिडिरहेका वा बसमा चढिरहेका वा मेला, जात्रा, मन्दिर, बजार गईरहेका वा कुनै पनि कार्यमा संलग्न महिलाहरूमाथि अशिष्ट र फोहरी बोलीको प्रयोग गर्ने र निसंकोच हातपात गर्ने जस्ता उच्छृंखल काममा ठूलो मात्रामा युवाहरू संलग्न हुन थालेको संकेत जहाँतहीं खुला रूपमा नै देख्न सकिन्छ। काठमाडौं शहरभित्रै साँझको समयमा खास खास बाटोबाट महिलाहरू हिंड्न नसक्ने स्थिति देखापरेको छ। स्कूले केटाहरू समेतमा आफूभन्दा अग्रज महिलाहरूमाथि अश्लील शव्द प्रयोग गर्ने प्रवृत्ति बढेको छ। जसले जति अश्लील शव्द बोल्यो वा जसले जति दुर्व्यवहार गऱ्यो, ऊ उति "बहादुर" ठहरिने खतरनाक मान्यता युवा मस्तिष्कमा स्थापित हुँदैछ।

यसैवीच गत दुई महिनाभित्र देशमा यो बलात्कारको शीकार ५,७ वा १०,११ वर्षसम्मका थुप्रै बालिकाहरू भएका छन्।

बलात्कार आफैंमा एउटा सामाजिक विकृति हो। त्यसमाथि पनि बालिकाहरूमाथि हुने बलात्कार त विकृतिको अरू खराब स्तर हो। सामाजिक रूपले यो अत्यन्त चिन्ताजनक विषय हो। यसले अंत्यन्त ज्यादा र गम्भीर रूपमा सामाजिक असुरक्षाको स्थितिको संकेत गर्दछ।

बलात्कार, अझ बालिका-बलात्कार, निश्चित रूपले व्यक्तिभित्रको यौन विकृतिको उपज हो। यौन उत्तेजना र त्यस उत्तेजनाको निराकरणका लागि अपराधपूर्ण र विवेकहीन चेष्टा। यस प्रवृतिले बढावा पाइरहने हो भने वा यो दुरूत्साहित नहुने हो भने नेपाली समाज अरू ठूलो असुरक्षा र अरू धेरै विकारको शीकार हुने निश्चित छ।

बलात्कार जस्ता सामाजिक अपराधहरू हटाउन, घटाउन एकसाथ दुई माध्यमहरू अप्नाइनु जरूरी छ। एक, अपराधीमाथि कडा कारवाही गर्ने र दुई, अपराधी-मनोवृत्ति पैदा हुने मूल कारक तत्व नै निषेध गर्ने।

वर्तमान सरकारले यी दुवै कुराहरू गर्न सकिरहेको छैन। बलात्कारका थुप्रै अपराधीहरू समातिएका छैनन्। तिनलाई कडा भन्दा कडा कारवाही गर्ने काम भएको छैन।

हाल नेपालमा यौन-अपराधलाई बढावा दिइरहेको मुख्य कुरा खुला यौन-साहित्यको प्रचार हो। यहाँ नग्न, अश्लील पत्र-पत्रिका, पुस्तक, फिल्म, नग्न-फिल्महरूको बाढी चलेको छ। सरकारी टि.भी. र रेडियोका गीत, नाटक, टेलिफिल्महरू अधिकांश छाडा यौनाचारलाई प्रोत्साहित गर्ने खालका रहेका छन्। यी सब कुराहरूमाथि न कुनै सरकारी नियन्त्रण छ, न त सरकारले यसमा कुनै चासो नै देखाएको छ। बलात्कार जस्ता विकृतिहरू हटाउन वा घटाउन मूल रूपमा जोड दिनु पर्ने क्षेत्र यसको लागि वातावरण नै तयार हुन नदिनु नै हो। अपराधको मनोवृत्ति सृजना हुने अस्वस्थ्य बौद्धिक-खजानाहरूमाथि नियन्त्रण र स्वस्थ्य बौद्धिक सामग्रीहरूलाई प्रोत्साहित गर्नु नै यसको लागि मूल उपाय हो।

खास खास मौसम वा महिनामा यो अपराध प्रवृत्ति बढ्ने गर्छ भनी सरकारी पक्षले यी सबै अपराध घटनाहरूको कारणको रूपमा "मौसम"लाई पेश गर्ने काम गरेको छ। मौसमले मानिसको यौनको पक्षलाई प्रभाव पार्ला, तर यसले नै अपराध बढाएको हो भन्नु हास्यास्पद तर्क हो। यो अत्यन्त बदनियतपूर्ण छ, र यसले सरकारको असक्षमतालाई पर्दाले ढाक्ने कोशीस मात्र गरेको छ। कतिपय सरकार समर्थक बौद्धिक व्यक्ति र अखबारहरूले पनि यसै तर्कलाई मात्र प्रचार प्रसार गर्नमा जोड दिएको पाइएको छ। यो उनीहरूको "बौद्धिक कायरता" वा "बौद्धिक नकच्चरोपना" हो।❑




# यसपालीको बजेटले नेपाललाई कता लाँदैछ?

## *विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषका मूल हर्ताकर्ता पूँजीपति र भारतीय पूँजीपतिको हित अनुकूलको बजेट*

यसमा अन्तर्निहित उदारवादी खुला बजार प्रतिस्पर्धामा आधारित आर्थिक दर्शन नै यो बजेटको सवैभन्दा ठूलो दोष हो। यसले नेपालका बामे सर्न लागेका उद्योगहरूलाई छिट्टै नै धराशायी वनाउनेछ र नेपाललाई विदेशका विकसित अर्थतन्त्रको खुला उपभोक्ता बजार तुल्याउने छ। न त यो दर्शन नेपालको अहिलेको आर्थिक विकासको स्तरसित मेल खान्छ, न त नेपालको औद्योगिक विकास गर्ने नियतबाटै यो अभिप्रेरित छ।

नेपाल उद्योगमा भर्खरै वामे सर्न लागेको देश हो। यसकोऔद्योगिक विकासको यो स्तर मुताविक नेपालले व्यापारलाई, खासगरी विदेशी व्यापारलाई, खुला र अनियन्त्रित रूपमा छोड्न मिल्दैन। आफ्नो माटोमा आधारभूत उद्योगको विकास गर्ने हो भने र आफ्नै साधन र श्रोतमा आधारित उद्योगहरू विकास गर्ने रणनीतिक योजना वनाएर काम थाल्ने हो भने नेपालले व्यापारलाई उद्योग विकासको आवश्यकतासित संयोजित र नियन्त्रित गर्नै पर्छ। यसै गरी मौद्रिक नीति, र कर नीतिलाई पनि यो दिशामा संयोजित र नियन्त्रत गर्नै पर्छ। अर्को कुनै उपाय नै छैन। बिदेशी मुद्राको सचितिलाई उन्नत प्रविधि र उद्योग विकासका निम्ति आवश्यक वस्तु किन्नमा खर्च गर्न बचाउनै पर्छ र कर नीतिलाई नेपालका आधारभूत उद्योगको विकासको निम्ति प्रोत्साहित गर्ने दिशामा निर्देशित गर्नै पर्छ। चीन, जापान, कोरिया र भरतको अनुभव पनि यस्तै रहेको छ।

तर यो बजेटको उद्योग नीति, व्यापार नीति, कर नीति र मौद्रिक नीति भने चार दिशातिर फर्केका छन्। देशमा उद्योग विकास गर्ने भनिएको छ तर विदेशी व्यापार लाई उदार, अनियन्त्रित र खुला बनाइएको छ। देशमै उत्पादन हुने सावुनलाई २० प्रतिशत कर लगाइएको छ तर त्यही स्तरको आयात गरिने सावुनमा १४% भन्सार महुसूल मात्र लगाइएको छ। विलासिताका वस्तुहरूको, कार, रेफ्रिजेरेटर, मोटर साइकल, टिभी, हेयर ड्रायर जस्ता अनेकौं वस्तुको भन्सार महसूल घटाई दिनाले घनाढ्य वर्गबाट यिनीहरूको माग बढ्ने निश्चित छ र विदेशी मुद्राको २४ अरबको सचिति यसैमा सिद्धिने पक्का छ। अनि कुन पैसाले उन्नत प्रविधि र उद्योग विकासको निम्ति जरूरी वस्तुहरू किन्ने? यसरी उदारवादी खुला बजार प्रतिस्पर्धामा आधारित यस बजेटले नेपालको शिशु अवस्थाका उद्योगलाई चौपट बनाउने छ। धराशायी पार्ने छ। टेस्टाइल र सावुन जस्ता उद्योगहरू त तुरून्तै खत्तम हुने संभावना छ। टेक्सटाइल उद्योगपति हरूले यो बजेट आउनासाथ आफ्ना उद्योगहरू बन्द गर्ने चोतावनी पनि दिई सकेका छन्।

यो उदारवादी दर्शन, यसरी, नेपालको उद्योगको विकासको दृष्टिकोणबाट होइन, विदेशका विश्व वैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषका मूल हर्ताकर्ता पूँजीपति-हरूको र भारतीय पूँजीपतिको हितको दृष्टिकोणबाट अप्नाइएको देखिन्छ। अन्यथा महंगीले यति धेरै पिल्सिर हेको अवस्थामा-महंगी घटाउने उपायको सट्टामा कार, मोटार साइकल र टिभीहरूको भन्सार महसूल घटाउनुको तात्पर्य के? स्वदेशी सावुन र टेक्सटाइलकाअन्तशुल्क भन्दा विदेशी सावुन टेक्साइलको भन्सार दर घटाइनुको मतलव के?

बजेटले रोजगारी बढाउने कुरा गरेको छ, जनतालाई राहत दिनका निम्ति। रोजगारी बढ्नका निम्ति देशमा श्रममूलक उद्योगहरू खुल्नु पर्ने हुन्छ। तर उदार र खुला बजार भित्र्याउनाले अन्धाधुन्ध आयातबाट धेरै श्रममूलक उद्योगहरू प्रतिस्पर्धामा टिक्न नसकेर भएका पनि वन्द हुन सक्ने संभावना छ। नयाँ खुल्ले त टाढैको कुरा रह्यो। यसबाट रोजगारी बढ्ला कि बेरोजगारी, जो कसैले पनि अनुमान गर्न सक्दछ।



त्यसैले नेपाल र नेपालीहरूको हितको दृष्टिकोणले उदार र खुला बजार प्रतिस्पर्धाको आर्थिक दर्शन सरकारले तुरून्त परित्याग गरोस् भन्ने दिशामा चारैतिरबाट संघर्ष हुन जरूरी छ।

यस बजेटमा अरू पनि थुप्रै अन्तरविरोधहरू छन्। ती मध्ये मुख्य अन्तर-विरोधहरूको एक छिन चर्चा गरौं।

यो बजेटले बिपन्न वर्गको, गरीवहरूको पक्षपोषण गर्ने, हित गर्ने नारा दिएको छ। तर गरीवहरूको हित गर्ने कार्यक्रमहरूको रकम भने गत वर्ष भन्दा पनि घटाइएको छ। साना किसान विकास आयोजनाको निम्ति २०४६।४७ को बजेट २० करोड थियो, त्यो अहिले १६ करोडमा झारिएको छ। घरेलु उद्योगमा दिइने ऋण ४५% ले घटाइएको छ। महिला विकासको निम्ति रकम १० प्रतिशतले घटेको छ।

यो बजेटले संपन्न वर्गबाट श्रोत प्राप्त गरेर विपन्न वर्गका निम्ति खर्च गर्ने भनेको छ। तर यसले प्रायः संपन्न वर्गले मात्र उपयोग गर्ने टेलिभिजनको अन्त शुल्क दर पनि २०% र विपन्न वर्गले उपभोग गर्ने कपडालाई पनि २०% नै अन्तः शुल्क लगाएको छ। संपन्नले उपभोग गर्ने रक्सी र आम मानिसहरूले खाने विस्कुटलाई एउटै श्रेणीमा राखेको छ। संपन्न वर्गको आयकर घटाइएको छ। विपन्न वर्गको आयकरको छुट सीमा भने महंगीको वृद्धिको तुलनामा बढाइएको छैन। परार पोहोर साल र खिएको संपत्तिकर सरकारले एक पैसा पनि नउठाएर उत्तिकै छोडिएको छ। यी सबै तथ्यांकले के देखाएको छ

बाँकी १० पृष्ठमा

### नेपालका केही मुख्य आर्थिक परिसूचकहरू

| | | |
|---|---|---|
| गत आर्थिक वर्षको पहिलो नौ महीनामा | | |
| कूल गार्हस्थ्य उत्पादन वृद्धि दर | ३.१ % | अनुमानित |
| गत वर्ष यही अवधिमा वृद्धि दर | ५.५ % | " |
| कृषि क्षेत्रको गार्हस्थ्य उत्पादन वृद्धि | ०.५ % | " |
| गैर कृषि क्षेत्रको गार्हस्थ्य उत्पादन वृद्धि | ७ % | " |
| खाद्यान्न उत्पादन वृद्धि दर | -६.५ % | |
| औद्योगिक उत्पादन वृद्धि दर | १५.७ % | " |
| प्रति व्यक्ति गार्हस्थ्य उत्पादन-प्रचलित मूल्यमा | रू. ६९३३ | |
| कुल गार्हस्थ्य उपभोगमा वृद्धि | १५.४ % | |
| कुल गार्हस्थ्य वचत | ६.५ % | |
| मुद्रा प्रदायमा वृद्धि | २३.९ % | |
| कूल निकासी वृद्धि | ७९.७ % | |
| कूल पैठारी वृद्धि | ३८.४ % | |
| व्यापार घाटा वृद्धि | १८.५ % | |
| भारत सितको व्यापार घाटा वृद्धि | ७९.९ % | |
| अन्य मुलुकसितको व्यापार घाटा | -१५.४ % | |
| शोधनान्तर वचत वृद्धि | १४४.७ % | |
| पर्यटक संख्यामा वृद्धि | १८.२३ % | |
| कूल सरकारी खर्च वृद्धि | २१.४ % | |
| राजस्व संकलन वृद्धि | २१.८ % | |
| शहरी क्षेत्रको मूल्य वृद्धि दर | १८.९ % | |
| वजेट घाटा रू. | ६ अरब, ८२ करोड, ९० लाख | |
| खूद तिर्न बाँकी विदेशी ऋण (रू.) | ६४ अरब, ७५ करोड,४७ लाख | |

स्रोतः अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण २०४८/४९

### बजेट २०४९।५०

| | |
|---|---|
| कूल बजेट | ३३,५९,५२, २४,००० |
| **पैसा कहाँबाट आउँछ?** | |
| राजस्वबाट | ५०.६१ % |
| वैदेशिक ऋणबाट | ३०.८२ % |
| वैदेशिक सहायताबाट | १३.७५ % |
| आन्तरिक ऋणबाट | ४.८२ % |
| **पैसा कहाँ कति खर्च गरिनेछ?** | |
| कृषि र सिंचाइ | २०.०० % |
| शिक्षा | १६.४६ % |
| यातायात | १५.६२ % |
| ऋण सेवा (साँवा ब्याज भुक्तानी) | १२.९८ % |
| प्रशासन | ७.०९ % |
| रक्षा | ५.१७ % |

# आगामी १२ महिनामा अरू १५–२०% महंगी बढ्ने छ

## परिवर्तन शब्दबाट होइन, आयव्ययका अंक र श्रोतहरुबाट देखिनु पर्छ

*–गोविदप्रसाद लोहनी*

**यस बजेटमा निहित सिद्धान्त, लक्ष्य र त्यसको व्यवहारपक्षमा रहेका मूल अन्तरविरोधहरू के के हुन् भन्ने तपाईलाई लाग्छ?**

पोहोरको बजेटसँग यो वर्षको बजेटको साइज दाँज्दा यस अवधिमा भएको मुद्रा अवमूल्यन, मुद्रास्फीति, महंगी र तलब बृद्धिलाई बिचार गरिएमा पोहोर एक करोडले गर्न सकिने कामका लागि यस वर्ष ४० प्रतिशत बढी लाग्छ। तर यस पालिको बजेट भने पोहोर भन्दा ३३ प्रतिशतले मात्र ठूलो छ। यस हिसावले बजेटको साइज बढेको छैन, वरू घटेको छ।

एक वर्षमा ५ लाख नेपाली थपिए होलान्। अतः प्रतिव्यक्ति बजेट खर्च अरू घटेको हुन सक्छ। यस्तो वजेटबाट विकास दरमा वृद्धि, प्रतिव्यक्ति आय वृद्धि कसरी संभव छ?

विकास वजेटको दुई तिहाई भाग अर्थात ६६ प्रतिशत मात्र वाह्य श्रोतबाट व्यहोरिने भनिएको छ। वाह्य श्रोतको मुख्य भाग कर्जा हो। यस वर्ष लिइने कर्जा समेत जोड्दा बाह्यकर्जा ८०/९० अरबको हाराहारीमा पुग्छ। र नेपालको साधारण बजेटको ३१ प्रतिशत भाग, वाह्य कर्जाको साँवा व्याज भुक्तानी (Debt Servicing) मै जान्छ। यस्तै प्रक्रिया ५।७ वर्ष चल्ने हो भने संपूर्ण राजस्व साँवा व्याज भुक्तानीमै खर्च गर्नु पर्ने हुन्छ। सो भुक्तानीको ठूलो भाग परिवर्त्य मुद्रामा तिर्नु पर्ने हुँदा निकासीबाट आर्जित रकमको ठूलो भाग यसैमा जाने छ। यसैलाई ऋणको पासो (Debt Trap) भन्दछन्। नेपाल यस्तो बजेटबाट त्यही पासोमा फँस्दैछ।

राजस्व परिचालनमा देशको कृषि क्षेत्रलाई पटक्कै नछुने पंचायती परंपरा काँग्रेसको सरकारले पनि लिएको छ। ठूला ठूला जग्गावालहरू नाम मात्रको मालपोत तिरेर उत्तिकै उम्कीरहेछन्। यसबाट पंचायती व्यवास्थाले जुन वर्गको प्रतिनिधित्व गर्दथ्यो, आजको सरकार पनि त्यही वर्गको प्रतिनिधित्व गर्दछ भन्ने सिद्ध हुन्छ। के प्रजातान्त्रिक क्रान्तिले वर्गीय संरचनामा कुनै परिवर्तन ल्याउन जरूरी थिएन?

मुद्रा अवमूल्यनले गर्दा र विदेशमा माल वस्तुको दाम बढेकाले समेत स्वतः पैठारी, भन्सार-आय र विक्रीकर बढ्ने आधारमा राजस्वको प्रक्षेपण गरिएको छ। सबै किसिमका करहरूमा ठूलो चुहावट भएको सबैलाई थाहा छ। वर्तमान करकै दरले पनि नेपालको राजस्व हाल अनुमान गरिएको १७ अरब भन्दा दोब्बर हुनु पर्ने। तर चुहावटले गर्दा नेपालमा राजस्व नेपालको कूल गार्हस्थ उत्पादनको ८/९ प्रतिशत भन्दा बढ्ता उठ्दैन जबकि (SAARC) सार्क क्षेत्रका भारत र श्रीलंकामा कुल GDP को २२ प्रतिशत, पाकिस्तानमा १८ प्रतिशत र वंगलादेशमा समेत १५ प्रतिशत राजस्व उठ्छ। विकासित देशहरूमा अमेरिकामा भण्डै ३० प्रतिशत र जापानमा २५ प्रतिशत उठछ। प्रजातान्त्रिक समाजवादी नीति भएका



स्केण्डीनेभियन देशहरूमा त GDP को ४० प्रतिशत सम्म उठाउँछन्।

यसरी राजस्व, साधारण खर्च, र विकास खर्चमा पंचायती परंपरा भन्दा फरक केही देखिएको छैन। जहाँसम्म विपन्न, गरीव र निमुखाहरूको हित गर्ने भन्ने शब्दावली छन्, विगत कालका ३०/४० वटा बजेट पल्टाएर हेरेमा त्यस्ता शब्द त्यतिखेर पनि प्रचुर मात्रामा पाइन्छन्। परिवर्तन बोलीको र घोषित नीतिको शब्दबाट होइन कि विभिन्न आय व्ययका अंक रश्रोतहरूबाट देखिनु पर्दछ। कुन वर्ग र क्षेत्रबाट कति प्रतिशत कसरी उठाई कुन वर्ग र क्षेत्रमा कति प्रतिशत कसरी खर्च गर्न लागियो भन्ने स्पष्ट विश्लेषण आउनु पर्दछ।

विलासिताका वस्तुहरूमा पनि कर-दर झन् घटाइनु अनौठो भएको छ। आयकरको दरमा उद्योगपति, व्यपारी र कंपनी क्षेत्रलाई आयकर घटाइनु र यति महंगी बढी सक्दा पनि निजी आयमा ३५ हजार सम्म लाई मात्र आयकर छूट दिनु के प्रगतिशीलता हो? पोहोरको छूटको दर वरावर गर्नको लागि पनि वार्षिक ५०/६० हजार रू सम्मको आम्दानीमा आयकर छूट हुनु पर्दथ्यो। वर्मा र इजिप्टमा नेपालको दूतावास राखेर कुनै फाइदा नहुने हुँदा यो अपव्यय कटौती गर्नु पर्दथ्यो।

न्यून-बित्त परिचालन अर्थात आन्तरिक कर्जा १६२ करोड राखिएको छ। यसले तथा उदार अर्थ व्यवस्था अनुरूप आवश्यक उदार कर्जा नीतिले समेत मुद्रा-प्रदाय कति बढाउने हो? विगत एक वर्षमा सरकारी तथ्यांक अनुसार नै लगभग २०% प्रतिशत महंगी बढि सकेकाले आगामी १२ महीनामा पनि आजभन्दा अरू १५/२० प्रतिशत महंगी बढ्ने निश्चित छ। यो वर्ष हुने बालीको ह्रासलाई याद गर्दा अन्नको मूल्य पनि निकै बढ्नेछ। प्रजातान्त्रिक वातावरणमा यसले तलब र ज्यालाको थप वृद्धिको माग नजन्माउला?

स्थानीय निकायको गठन भैसकेको छ। तर आफ्नो विकास प्रशासनको बजेटको लागि तिनीहरूले के कस्तो श्रोत परिचालन गर्न पाउनु पर्ने हो, बताइएको छैन।

ग्रामीण क्षेत्रमा गरिने विकास, रोजगारीमूलक कार्य, अनेक किसिमका सेवाहरू र गरीवहरूलाई दिइने सबै प्रकारका अनुदानहरू कर्मचारीतन्त्र र बैंकहरू मार्फत गर्ने व्यवस्था गरिएमा विगत कालमा जस्तै असफल सावित हुनेछन्। अतः यस क्षेत्रका लागि छुट्याइएको संपूर्ण बजेट र प्रशासकीय कर्मचारीहरू जि.वि.स. र गा.वि.स. अन्तर्गत रहनु पर्दछ। के यस सरकारले स्थानीय निकायहरूलाई यस्तो अधिकार विकेन्द्रीकरण गर्न सक्छ? बजेटमा कहीं उल्लेख छैन। यसो नभई ग्रामीण क्षेत्र संवन्धी कुनै कार्यक्रम पनि सफल हुँदैन। यो श्रीलंका, केरल, पश्चिम वंगाल, कोमिल्ला, कर्णटक, पूर्वी वंगाल जिल्लाको प्रयोगले सिद्ध गरको छ। ❑

८ पृष्ठको ...

भने, सरकारको विपन्न र गरीवको पक्षपोषणको नारा फगत एउटा ढोंग हो। फद्याइँपूर्ण चालबाजी हो-पंचहरूको जस्तै। वास्तवमा करको दर र चरित्र हेर्दा यो बजेट अति संपन्न र मध्यम वर्गको बजेट हो। विपन्न र गरीवहरूको अहिलेको प्रमुख समस्या महंगी र वेरोजगारी हो। यो समस्या कसरी, कति अनुपातमा घटाइनेछ, बजेटमा कुनै उल्लेख छैन।

यो बजेटले गाउँको पक्षपोषणको नारा दिएको छ। र विकास बजेटको ७० प्रतिशत गाउँका लागि छुट्याइएको बताएको छ। तर त्यो कुन कार्यक्रम र योजनामा कसरी छुट्याइयो कुनै विवरण बजेटमा छैन। बजेटका अंक र रकमले यो देखाउँदैन। यसरी यो नारा पनि गाउँलाई पक्षमा तान्ने फगत राजनीतिक चालबाजी मात्र देखिन्छ।

बजेटले देखाएको खतरनाक स्थिति नेपालको ऋणको स्थिति हो, जुन अहिले नै ६५ अरव पुगिसकेको छ। आन्तरिक ऋण अरू २१ अरव छ, यो ऋणको साँवाव्याज तिर्न मात्रै कूल बजेटको १२ प्रतिशत रकम (४ अरब ३२ करोड रूपैयाँ) खर्च हुन्छ। साधारण बजेटको ३६ प्रतिशत। यही ताल हो भने नेपालको संपूर्ण राजस्व केही वर्षमै साँवा व्याज भुक्तानीमै जाने संभावना छ। यस्तो भयो भने नेपाल पूरै पश्चिमी पूँजीपति वर्गको दयामा बाँच्नु पर्ने स्थिति आउने छ र नेपाल उम्कन नसक्ने गरी ऋणको पासोमा फँस्ने छ। यो बजेटले भने यस गंभीर संकटबाट उम्कने दिशातिर होइन, फँस्ने दिशातिर नै कदम उठाएको छ। यसले प्रभावकारी आन्तरिक राजस्व परिचालनमा होइन, विदेशी सहायता र ऋणमा जोड दिनु, देशको उद्योग विकासको सट्टा-व्यापारमा जोड दिनु त्यस-प्रवृत्तिको प्रमाण हो। ❑

(मूल्याङ्कन आर्थिक् समिक्षकबाट)




अवश्य पढ्नु होस्
दृष्टि साप्ताहिक

# संस्कृत...... संस्कृत...... संस्कृत?

-गेहेन्द्रमान उदास "पोखरेली"




*संस्कृत भाषालाई विद्यालय स्तरमा अनिवार्य बनाइनु पर्दछ भन्ने माग प्रस्तुत भएको सन्दर्भले हाल नेपालको बौद्धिक क्षेत्रमा ठूलो हलचल पैदा गराएको छ। यस मागले भाषिक असमानताको बोझले थिचिएका जन-समूदायहरूलाई र प्रजातन्त्रमा विश्वास राख्ने जो कोहीलाई पनि प्रभूत्ववादी असमान भाषानीतिको विरोधमा आवाज उठाउन र प्रजातान्त्रिक भाषा नीति कस्तो हुन्छ र हुनुपर्छ भन्ने विषयमा पुनः एकपल्ट सोच्न वाध्य गराएका छ।*

*हामीले यस जल्दोबल्दो विषयमा विभिन्न कोणहरूबाट उठेका विचारहरू यस अंकमा प्रस्तुत गरेका छौं। -संपादक।*

नेपाली संस्कृति र नेपाली भाषाको संरक्षण एवं संवर्धनको कुरालाई लिएर कक्षा ४ देखि स्नातक तहसम्म संस्कृत भाषालाई अनिवार्य गर्नुपर्छ भनी विश्व हिन्दू महासङ्घ नेपाल राष्ट्रिय समिति समेतका विभिन्न संस्कृतमुखी संघ-संस्थाहरूले माग गरेर राष्ट्रिय शिक्षा आयोगलाई दवाव दिन खोजेको देखिन्छ, (हेर्नुहोस् मिति २।५।२।२०४९ को र त्यस अघिपछिका अन्य मितिका गोरखापत्र) भने देशमा बोलिने जनजातीय भाषाहरूको संरक्षण एवं सम्बर्धन गर्ने र मातृभाषामा पठन-पाठनको मागप्रति वेवास्ता भइ-रहेको बेला व्यवहारमा प्रयोग नहुने संस्कृत भाषालाई अनिवार्य बनाउने मागको कुनै औचित्य नभएको कुरा उल्लेख गर्दै संस्कृत भाषालाई अनिवार्य बनाउने मागले बहुजातीय एवं बहु भाषिक देश नेपालकै राष्ट्रिय एकतामा आँच आउने राय नेपाल जनजातीय महासङ्घले प्रकट गरेर (हेर्नुस, गोरखापत्र मिति ७।३।२ २०४९ पृ.६) प्रभाव पार्न खोजेको छ। यी दुई कोणहरूबाट हाल व्यापक वादविवाद चर्चा-परिचर्चाहरू भैसकेका छन्, भइ-रहेका पनि छन्।

उपरोक्त दुई थरी दवाब वा अडानहरूलाई केलाउदा मीटामोटी रूपले निम्न अनुसारका दुई सन्दर्भ दुवै पक्षको देखिन आउँछ, जसबारे संक्षेपमा निम्न अनुसार विश्लेषण गर्ने प्रयत्न गरिएको छ।

**नेपाली भाषाको सन्दर्भको कुरा**

संस्कृत भाषा अनिवार्य गर्नु पर्छ भन्नेहरूको सबभन्दा यथार्थ र विश्वास पार्ने खालको तर्क नेपाली भाषाको जननी संस्कृत भएको हुनाले संस्कृत भाषालाई अनिवार्य गरिएन भने नेपाली भाषा टुहुरो हुनेछ भन्नु हो। यो कुरा झट्ट हेर्दा हो जस्तो पनि देखिन्छ। नेपाली भाषा नाताले संस्कृत भाषाको नाति वा नातिनी पर्न आउँछ। संस्कृतबाट प्राकृत भाषा (जस्तै शोरसेनी, खस आदि) बन्यो र प्राकृतबाट नेपाली भाषा बन्यो। (चुडामणि उपाध्याय रेग्मी "नेपाली भाषाको उत्पति" वि.सं २०२५ पृ. ४३, ५० ) तर यहाँ आश्चर्यको कुरा के छ भने आमा (प्राकृत भाषा) मरे पनि बजैको काखमा नाति नातिनीहरू टुहुरा हुँदा रहेन छन्।

त्यसैले कुनै पनि कुरा अतिशयोक्तिमा लगेपछि त्यसले यथार्थसँग झगडा गर्नु पर्ने हुन्छ। नेपाली भाषाको श्रोत प्राकृत भाषा र संस्कृत भाषा भएपनि यसले आज आफ्ना वरपर रहेका स्थानीय भाषासँग नाता जोडीसकेको छ र यसले संस्कृत भाषा जान्ने र संस्कृत पढ्नेहरूसंग बढी आवद्ध छ भन्ने पूर्वाग्रहलाई गलत सावित गरीसकेको छ। त्यसको विपरीत संस्कृत नजान्ने र नपढ्ने बुहसंख्यक जनतासँग नेपाली भाषा आत्मसात भई सकेको छ। आज अधिराज्य भरका के जनजाति, के आगन्तुक सबैले नेपाली भाषा बुझ्छन्, बोल्छन् र व्यवहृत गर्छन्। १-२ प्रतिशतको कुरा नगण्य हो त्यस-कारण नेपाली भाषाले अन्य भाषा, चाहे आगन्तुक होस् वा स्थानीय, सबैभन्दा अग्रपतिमा रहेर नेपाल र नेपालीको राष्ट्रिय एकताको बिंडो धानेको छ भन्दा अत्युक्ति हुने सक्तैन, र पूर्वाग्रहरहित भई हेरियो भने यो आजको यथार्थ हो।

तर नेपाली भाषाको प्राण संस्कृत विना रहन सक्तैन भन्नु एकातिर अतिरन्जित कुरा हो भने अर्को तिर पुरोहितपन्थी प्रभुत्वाकाङक्षाको द्योतक हो। कारण, नेपालमा प्राचीन कालदेखि दुई भाषा र संस्कृति विद्यमान भएर आएको छ, र अहिले सम्म रहिरहेको छ। एउटा भारत-यूरोपेली भाषा-संस्कृति र दोश्रो तिब्बत-वर्मेली भाषा संस्कृति। नेपाली भाषा संस्कृतिले यी दुवै भाषा संस्कृतिसँग समान रूपले तादात्म्य राख्दै जानु परेको छ न कि एउटालाई च्याप्ने र अर्कोलाई फाल्ने। दुवै थरीका भाषा परिवारबाट शब्द र संस्कृति लिँदै आफ्नो मौलिकताको परिचय दिँदै जानुनै नेपाली भाषाको उन्नति हुनु हो र केवल संस्कृत भाषाको सीमित संसारभित्र बस्नु जडता हो। यो कुरा नेपाली भाषाको आजसम्मको स्थितिबाट देखिएको पनि छ।

संस्कृत भाषालाई अनिवार्य नगर्ने पक्षधरहरूको भनाई पनि यही यथार्थमा रहेको देखिन्छ। संस्कृत भाषाको माध्यमबाट प्रभुत्वाकाङ्क्षी पुरोहितपन्थीहरूले यहाँका जनजातिका मौलिक भाषा-संस्कृतिलाई मेटाउने काम विगतमा गरिएको हुँदा ती जनजातिहरूमा आफ्नो भाषा-संस्कृतिको अस्मिता जोगाउने र यसलाई मुक्ति दिलाउने आकाङ्क्षा आजको खुला लोक तान्त्रिक युगमा जागृत हुनु अस्वाभाविक छैन। काठमाण्डौ उपत्यकाका कयौं नेवारी बोलिका नामहरू संस्कृतकरण गरिएका नामहरूद्वारा हटाउनु जस्तै यँ, यल, ख्वपको ठाउँमा क्रमशः काठमाडौं, ललितपुर र भक्तपुर नाम दिनु तथा "माउण्ट एभरेष्ट"को त्यहाका जनजातिहरूले राखेको नाम "चोमोलुङ्मा"लाई प्रचलनमा नल्याई "सगरमाथा" भन्ने नाम दिनु आदि जनजातिका भाषा-संस्कृतिलाई मेटाउन खोजिएको एक उदाहरण हो। यस्ता उदाहरणहरू धेरै छन्। यहाँ उल्लेख मात्र गर्दा पनि धेरै लामो हुन्छ। जे भएपनि नेपाली भाषाले आजसम्म जुन राष्ट्रिय एकताको पृष्ठभूमि खेल्दै आएको छ, त्यो संस्कृत भाषाको सन्तान भनेर होइन कि नेपाल अधिराज्यको विभिन्न जनजातिहरू, धर्म र संस्कृतिको साझा सम्पत्ति र अभिव्यक्ति हुने अपेक्षा र विश्वासमा भएको छ।

**नेपाली संस्कृतिको रक्षाको सन्दर्भ**

संस्कृत भाषालाई अनिवार्य बनाउनु पर्छ भन्नेहरूको अर्को भनाइमा नेपाली संस्कृतिको रक्षा गर्न संस्कृत भाषा चाहिन्छ भन्ने प्रमुख तर्क रहेको छ। उनीहरूको भनाइअनुसार विवाह, ब्रतवन्ध, श्राद्ध आदिमा संस्कृतमै श्लोक वा मन्त्रहरू (सूत्रहरू) पढिन्छन्। त्यसको लागि पनि संस्कृत पढ्नु पर्छ। तर यस सन्दर्भमा निष्पक्ष भई यथार्थ लाई हेर्ने हो भने एक त नेपाली संस्कृति (जुन विविध धर्म, जनजीवन र भौगोलिक, ऐतिहासिक तथ्य र भाषाभाषी एवं सामाजिक सहिष्णुताको समष्टि हो) केवल संस्कृत भाषामा मात्र सीमित छ भनी ठान्नु नै गलत छ। दोस्रो संस्कृत भाषामै विवाह, ब्रतवन्ध आदि गरिन्छन् भने पनि यो कुरा केवल जनसंख्याको नगण्य मात्रामा रहेका पुरोहितपन्थी केही हिन्दू र बौद्ध संभ्रान्तवर्गमा मात्र सीमित छ। त्यो पनि सामाजिक सिद्धान्तको आधारमा होइन, पुरोहित वादको प्रभुत्वलाई रक्षा गर्न र अन्धविश्वासलाई धानी राख्नमा मात्र सीमित देखिन्छ। किनभने ब्राह्मण पुरोहित र बौद्धमार्गी बज्राचार्य आदि सीमित संख्यालाई बाहेक अरूलाई श्राद्ध, व्रतवन्ध आदि कर्मकाण्ड गराउने अधिकार दिइएको छैन। त्यसरीनै अन्धविश्वास धानी राख्ने भन्ने प्रसंगमा पनि धेरै कुराहरू छन्। ती मध्ये एउटा उदाहरण ब्रतवन्ध गर्ने तथ्यको अर्थलाई केलाएर हेरौं- यो अर्थअनुसार, हिजो अस्तिसम्म दिसा पिसाप गर्ने ठाउँको समेत ज्ञान राख्न नसक्ने बच्चा अब समाजको मर्यादा अनुसार ठीक ठाउँमा ठीक काम गर्ने ज्ञान र अवस्थामा प्राप्त भएको यथार्थलाई स्मरण गराउने, सचेत तुल्याउने र परिवार , टोल, गाउँ आदि समाजप्रति उनीहरूले पालन गर्नुपर्ने र उनीहरूको उमेर र योग्यतालाई समाजले दिनु पर्ने मान्यता आदिको बोध गराउने, घोषाणा गर्ने एउटा घटना व्रतवन्ध वा गुफा बस्ने संस्कृति हो। तर यो सामाजिक महत्वपूर्ण पक्षलाई एकातिर फालेर ब्राह्मण, क्षत्री, वैश्यमध्येको जन्मगत जातमा मान्यता प्राप्त गर्ने गराउने अन्धविश्वासमा ब्रतवन्ध र विवाहको अर्थ लगाइएको छ, औपचारिकता गाँसिएको छ। अतः यस्तो अन्धविश्वासको विंडो धान्ने र पुरोहितपन्थी प्रभुत्ववाद सुदृढ पार्ने संस्कृत शिक्षाको के औचित्य छ? त्यसको खोजी गर्नु पर्छ र यस्तो अनुसन्धान गर्ने परंपरा विद्यालयमा औपचारिकता मात्र पुऱ्याउने अनिवार्य संस्कृत भाषा पठन-पाठनमा होइन कि संस्कृत विश्वविद्यालय, वेदविद्याश्रम आदि संस्कृत वाङ्मयमा नै

केंन्द्रित शिक्षण संस्थाहरूमा खुला पुस्तक जस्तै विना वर्णभेद इच्छुक जन सबैको लागि पहुँच हुंनु पर्छ। यसै सन्दर्भमा अर्को विकल्प यो पनि हुन सक्छ कि यस्ता कर्मकाण्डका श्लोक र सूत्रहरू किन नेपाली भाषामा अनुवाद नगर्ने? भानुभक्तले रामायणलाई नेपालीमा अनुवाद गर्दा नेपाल र नेपाली सबैको लागि भलाइ र महत्वपूर्ण भएको छ भने त्यसरी नै अन्य सांस्कृतिक पक्षका संस्कृत वाङ्मयहरू नेपालीमा अनुवाद गर्दा नेपाल र नेपाली भाषा सांस्कृतिमा थप योगदान किन नहुने? यतातिर विचार नगरी एको-हरो रटाइ गरिरहनु ले प्रभूत्वाकाङ्क्षाको रणनीति स्पष्ट देखिने आभास दिन्छ।

यद्यपि संस्कृति भन्ने कुरा यथार्थमा मनुष्यको विकासक्रममा र सामाजिक एवं भौगोलिक सन्दर्भमा प्रादुर्भाव भई उत्कर्षतिर लागेको परंपरा हो तापनि विगतमा सामन्ती ,प्रभूत्ववादी युग भएर गुज्रनु परेकोले यसको श्रोत धर्म र ईश्वरसँग भएको भन्ने लगत विश्वास अहिले सम्म फैलिरहेको देखिन्छ। अतः संस्कृत भाषाको माध्यमबाट नेपालका बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक स्वरूपको समाजमा एकलौटी हिन्दूकरण गरिएको विगत र वर्तमानको क्रियाकलाप आजको चेतनशील समाजले बुझिसकेको छ। तर बुझेकाहरूमध्ये कोहीले बुझ पचाएका छन् भने कोहीले मुक्तिको मार्ग खोजिरहेका छन्। यसमा दुवै पक्षले आफ्नू-आफ्नू पूर्वाग्रही डम्फू मात्र बजाउने र यथार्थलाई स्वीकार नगर्ने हो भने नेपाल र नेपाली समाजको राष्ट्रिय सौहार्दता र एकतामा आँच आउन सक्छ।


लेखक

**साना केटाकेटीहरू, जसले ४-५ वर्षदेखि घरपरिवार र टोलछिमेकमा सुन्दै र व्यवहात गर्दै आएको नेपाली भाषामा अभिरूची लिन र सिक्नमा समेत अपरिचित वा अभ्यस्तताहीनताको अनुभव गर्छन् भने कहिल्यै नसुनेको संस्कृत भाषा तिनीहरूमाथि थोपार्नु निश्चय नै अन्याय हुन जाने छ।**

**निष्कर्ष**

अतः आजको यथार्थ के छ भने नेपाली भाषा राष्ट्रिय एकताको प्रतीकको रूपमा मान्नु पर्छ। तर यसलाई अघि भने जस्तै संस्कृतको मात्र सन्तान बनाउनु हुँदैन। यो कुरा संकुचित हुन आउँछ। नेपाल अधिराज्यभरिका भाषा र संस्कृतिको समष्टिको रूपमा र द्योतकको रूपमा नेपाली भाषाको संरक्षण एवं संवर्धन हुनु पर्छ। तैपनि नेपाली भाषाको आजको वास्तविकताको परिप्रेक्षमा हेर्दा संस्कृत भाषाको सम्बन्धबाट विल्कूल विमुख राख्न नहुने देखिन्छ। किनभने यसको व्याकरणको परिपाटी, यद्यपि आज आफ्नै खुट्टामा उभिन सक्ने भए पनि, संस्कृतसँग सामन्जस्य भएको मान्नै पर्छ। अतः वि.सं. २०२८ सालमा नयाँ शिक्षा पद्धति लागू हुनुभन्दा अघिको "इलेमेन्टरी संस्कृत" भनी ५० नम्बरको पाठ्यक्रम जुन कक्षा नौ र दशको लागि अनिवार्य गरिएको थियो, त्यही नै सर्व-साधारण विद्यार्थीको लागि उपयुक्त र अभिरूचीपूर्ण देखिन्छ। कक्षा नौ-दशका विद्यार्थीहरूमा नेपाली भाषाका विविध पक्षको जानकारी भई सक्ने हुँदा यसको नालीबेली जान्नमा उनीहरूमा उत्सुकता आई सकेको हुन्छ। अतः बरू ५० पूर्णाङ्कको ठाउँमा १०० पूर्णाङ्क गर्नु पनि उचित देखिन्छ। तर कक्षा ४ देखि उच्च शिक्षासम्म हचुवा तालले, अनिवार्य रूपले संस्कृत भाषा राख्ने विचार यथार्थहीन देखिन्छ। साना केटाकेटीहरू, जसले ४-५ वर्षदेखि घरपरिवार र टोलछिमेकमा सुन्दै र व्यवहात गर्दै आएको नेपाली भाषामा अभिरूची लिन र सिक्नमा समेत अपरिचित वा अभ्यस्तताहीनताको अनुभव गर्छन् भने कहिल्यै नसुनेको संस्कृत भाषा तिनीहरूमाथि थोपार्नु निश्चय नै अन्याय हुन जाने छ। अहिले पनि कक्षा ४-७मा राखिएको संस्कृत भाषा अप्रासंगिक, अप्रचलित र सहजज्ञानको पहुँच बाहिरको हुँदा उनीहरूले कति टाउको दुःखाइरहेछन्, त्यो कुरा संवेदनशील हृदयले मात्र बुझ्न सक्छ। तर नौ-दश कक्षामा "इलेमेन्टरी संस्कृत" को रूपमा संस्कृत भाषालाई राख्ने कुरा बाहेक अन्य सन्दर्भमा नेवारी, मैथिली, हिन्दी, उर्दु आदि भाषालाई जसरी अनुसन्धानात्मक र विशिष्टता हासिल गर्ने स्तरमा स्वेच्छाको आधारमा पठन पाठन गरिन्छ त्यही स्तरमा संस्कृतलाई पनि उच्च शिक्षामा राख्नु निश्चय नै वान्छनीय छ। वान्छनीय मात्रै होइन यथार्थ पनि हो। ☐

-लेखक,- प्राध्यापन,
पृथ्वीनारायण क्याम्पस

# सुझाव-पत्र : जसले गर्दा विवाद बढ्न गयो

श्री माननीय शिक्षा तथा संस्कृति मन्त्रीज्यू,
अध्यक्ष, राष्ट्रिय शिक्षा आयोग,
केशरमहल, काठमाडौं।

**विषयः शिक्षा योजनामा संस्कृत गर्ने बारे**

मुलुकमा प्रजातन्त्रको पुनः स्थापना पछि राष्ट्रिय शिक्षा नीति तर्जुमा गर्न गठित राष्ट्रिय शिक्षा आयोगले आफ्नो प्रतिवेदन तयार पार्न अन्तिम चरणको कार्य गरि रहेको छ। शिक्षाको उद्देश्य व्यवहारिक दक्षता र नैतिक, अध्यात्मिक मानवीय मूल्यमा आधारित हुनु पर्दछ भने तथ्य हृदयङ्गम गरी देशको सामाजिक सांस्कृतिक परिवेश अनुरूप शिक्षा नीतिको तर्जुमा गर्नु पर्ने कुरा निर्विवाद छ। यस परिप्रेक्ष्यमा विचार गर्दा दुइ दशक अघि लागू गरिएको शिक्षा योजनाले साधारण माध्यमिक शिक्षामा रहेको संस्कृत पत्रलाई हटाई संस्कृत शिक्षाको जग नै खल्वल्याएको सत्यलाई पनि नकार्न सकिन्न। संस्कृत शिक्षाको आवश्यकता अनुभव नगरिएकोले त्यसो गरिएको हो कि भन्नेमा पनि संस्कृत विश्वविद्यालयको आवश्यकता अनुभव गरिएबाट त्यसो देखिदैन। अतः अबको शिक्षा योजनामा त्यस्तो गल्ती नदोहोरियोस् भन्ने उद्देश्यले समयमै सम्बद्ध निकायको ध्यानाकर्षण गर्न चाहन्छौं। नेपाली जनजीवनका धार्मिक, सांस्कृतिक, नैतिक, भाषिक, साहित्यिक आदि विविध पक्षहरूमा अतीतकालदेखि अभिन्न प्रभाव कायम राखेको हुनाले शिक्षा योजनामा संस्कृतलाई उचित स्थान दिनु आवश्यक छ। यसको निमित्त साधारण शिक्षामा माध्यमिक तहसम्म १ पत्र सरल संस्कृत अनिवार्य रूपमा समावेश गर्न हामी अनुरोध गर्दछौं। यसका मुख्य कारण यस प्रकार छन्-

१. नेपालको राष्ट्र भाषा र अन्य प्रमुख राष्ट्रिय भाषाको समेत स्रोत भाषा संस्कृत भएकोले संस्कृतको साधारण ज्ञान सबैले राख्नु पर्ने भएको छ।
२. नेपालको प्रशासनिक, शैक्षिक र अन्य प्राज्ञिक क्षेत्रमा पनि राष्ट्रभाषा नेपालीको प्रयोग बढ्दै गएको र यसको विस्तार र स्तरीकरणका निम्ति पनि संस्कृतलाई आधार भाषाका रूपमा प्रयोग गर्नु पर्ने बाध्यता रहेको छ।
३. नेपालमा परापूर्व कालदेखि वैदिक वाङ्मय र वौद्ध दर्शन दुवैको विशिष्ट अध्ययन एवं यस अनुसारका साधारण धार्मिक-सांस्कृतिक परम्पराको निर्वाहका निम्ति समेत संस्कृतको सामान्य र विशिष्ट दुवै प्रकार को अध्ययन समेत कायम रहनु पर्ने स्थिति छ। त्यसैले नेपालमा धार्मिक उद्देश्यका निम्ति पनि संस्कृतको साधारण ज्ञान अत्यन्त जरूरी भएको छ।
४. संस्कृत उच्च शिक्षाका आधार भएका संस्कृत भाषाको महाविद्यालयको संख्या तत्काल बढाउन धेरै आर्थिक लगानी गर्नु पर्ने तर संस्कृत माध्यमिक शिक्षाको अभावमा संस्कृत विश्वविद्यालयका निम्ति तयार हुने जनशक्तिको स्रोत बृद्धि रोकिने हुनाले त्यसका निम्ति पनि साधारण माध्यमिक शिक्षामा संस्कृत एक पत्र अनिवार्य रहनु पर्ने आवश्यक हुन गएको छ।

**हस्ताक्षर गर्नेहरू :**

| | नाम पद |
|---|---|
| १. | महेन्द्र नारायण निधि, ने.का., महामन्त्री |
| २. | बल बहादुर के.सी., ने.का., सदस्य प्रतिनिधि सभा |
| ३. | हस्त बहादुर मल्ल, ने.का., शिक्षा सहायक मन्त्री |
| ४. | रेवती प्रसाद मूसाल, ने.का., प्रतिनिधि सभा |
| ५. | दिलेन्द्र प्र. बडु, ने.का. " |
| ६. | बल बहादुर कुँवर, ने.का. " |
| ७. | शिव राज जोशी, ने.का. " |
| ८. | गोविन्द बहादुर शाह, ने.का. " |
| ९. | तिलक प्रसाद न्यौपाने, ने.का. " |
| १०. | जनक बहादुर कर्माचार्य, ने.का., राष्ट्रिय सभा |
| ११. | नीलम्बर पन्थी, ने.का. " |
| १२. | शङ्कर प्रसाद पाण्डे, ने.का., प्रतिनिधि सभा |
| १३. | दामन पाखिन, ने.का. " |
| १४. | धुवराम भण्डारी, ने.का. राष्ट्रिय सभा |
| १५. | चिरञ्जीवी वाग्ले, ने.का. प्रतिनिधि सभा |
| १६. | तारानाथ रानाभाट, ने.का. " |
| १७. | दुर्गादत्त जोशी, ने.का. राष्ट्रिय सभा |
| १८. | कृष्ण कुमार जोशी, ने.का. " |
| १९. | प्रेम राज आङदम्बे, ने.का. " |
| २०. | बासुदेव रिसाल, ने.का. " |
| २१. | बासुदेव भट्ट, ने.का. प्रतिनिधि सभा |
| २२. | गणेश बहादुर खड्का, ने.का. " |
| २३. | सुशील कोइराला, ने.का. " |

# संस्कृतबाट सोझै नेपाली भाषा आएको भन्ने कुरा अन्धविश्वास मात्र हो

प्रा. कमलप्रकाश मल्ल

हामीले कुनै पनि भाषाको पाठ्यक्रममा के स्थान हुनु पर्छ भन्ने कुरा छलफल गर्दा खेरी, मूलतः त्यो भाषा विषयको पाठ्यक्रमको उद्देश्य (Curricular objective वा Learning outcome) के हो भन्ने कुरालाई केलाउनु पर्ने हुन्छ। त्यसकारण प्राथमिक वा निम्न माध्यमिक वा माध्यमिक तहदेखि संस्कृत भाषालाई अनिवार्य गराउने हो भने देखि यसको पनि पाठ्यक्रमको उद्देश्य के हो भन्ने कुरामा हामी सबभन्दा पहिले स्पष्ट हुनु आवश्यक छ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनमा कक्षा ६,७,र ८ मा संस्कृतलाई ५०/५० अंकको एक पत्र अनिवार्य गर्ने सिफारिस भएको र कक्षा ९ र १० मा भने नेपाली विषय अन्तरगत यसलाई समावेश गर्ने भन्ने कुरा आएको छ, यहाँनिर स्पष्ट हुनुपर्ने कुरा के छ भने, ६,७ र ८ मा राखिने भनिएको अनिवार्य संस्कृतको Learning objective के हो? किन यसलाई अनिवार्य गराईदैछ?

राष्ट्रिय शिक्षा आयोगको आफ्नै प्रतिवेदनमा निम्न माध्यमिक तहको (कक्षा ६, ७ र ८ को) पाठ्यक्रमको उद्देश्य वा Learning objective को रूपमा उल्लेख गरिएको छ– "श्रमप्रति सकारात्मक भावना भएका, राष्ट्र र प्रजातन्त्रप्रति आस्थावान तथा नेपाली भाषा, गणित र विज्ञान विषयमा उपयुक्त स्तरको ज्ञान भएका चरित्रवान नागरिक तयार गर्नु निम्न माध्यमिक शिक्षाको उद्देश्य हुनु पर्दछ।"

यसरी आयोगको जो उद्देश्य निर्धारण छ, त्यस अनुसारको गुण भएका नागरिकहरू तयार गर्न यो ५० अंकको अनिवार्य संस्कृतले कसरी, कहाँ, कुन रूपले टेवा पुऱ्याउँछ? यो मेरो जिज्ञासा छ।

अहिले कक्षा ४,५,६,७ मा पढ्नु पर्ने संस्कृतको पाठ्यक्रम केलाएर हेर्दा मैले के पाएँ भने, अहिले जुन किसिमको पाठ्यपुस्तकहरू यसमा राखिएका छन् र जस्तो प्रकारको भाषा वा वस्तुहरू, शब्दावलीहरू आदि पढाइन्छन्, यी सब पढेर विद्यार्थीहरूलाई कुनै किसिमको जीवन उपयोगी दक्षता प्राप्त हुन्छ भन्ने मलाई लाग्दैन।

जस्तो कि–कक्षा ४ को पाठ्यपुस्तकमा यस्ता शब्दहरू प्रयोग भएका छन्, तिनका विभक्ति र धातु रूपहरू कण्ठस्थ पार्ने कुराहरू त्यसमा प्रस्तुत गरिएको छ तिनीहरू न नेपाली भाषामा प्रयोग हुन्छन्, न त नेपालको कुनै जन जीवनमा प्रयोग हुन्छन्, न कुनै बेलामा पनि, कहिल्यै पनि प्रयोग हुन्छन्।

यस्ता किसिमका पाठ्य पुस्तकहरूले आयोगले तोकेको शिक्षाको उद्देश्य, कुनै पनि हालतमा पूरा हुँदैन। त्यसैले ५० अंकको अनिवार्य संस्कृत कायम गर्ने भन्ने रा. शि.आयोगको जुन सिफारिस छ, त्यो सिफारिस आफैमा आफ्नै उद्देश्यलाई पूरा गर्ने खालको नरहेको देखिन्छ।

७६ जना सांसदहरू मिलेर जुन हस्ताक्षर गरी पेश गरिएको स्मरण-पत्र छ, त्यसमा तीनचार वटा बुँदाहरू उल्लेख भएका छन्। संस्कृत पढेमा नेपाली राम्रो र शुद्ध लेख्न सक्ने कुरा र संस्कृत नेपाली भाषा र नेपालका अन्य भाषाहरूको पनि आधार भाषा वा श्रोत भाषा हो भन्ने कुरा पनि त्यसमा उल्लेख भएको छ।

एक छिन यतातिर विचार गरौं– के संस्कृत नेपाली भाषाको श्रोत, आधार वा माऊ भाषा हो?

२४. सुश्री मैया देवी श्रेष्ठ, ने.का. "
२५. कुबेर प्रसाद शर्मा, ने.का. "
२६. अर्जुन नरसिंह के.सी., ने.का. "
२७. डा. ध्रुव प्रसाद शर्मा, ने.का. "
२८. विष्णु राज आचार्य, ने.का. "
२९. गोपाल मान श्रेष्ठ, ने.का. "
३०. ढुंण्डी राज शास्त्री, ने.का. "
३१. गोपाल जी जंग शाह, ने.का. "
३२. आनन्द प्रसाद ढुंगाना, ने.का. "
३३. छवि प्रसाद देवकोटा, ने.का. "
३४. डिल्ली प्रसाद सिटौला, ने.का., राष्ट्रिय सभा
३५. लोक राज जोशी,ने.का., प्रतिनिधि सभा
३६. दिलिप कुमार शाही, ने.का. राष्ट्रिय सभा
३७. रामबहादुर विष्ट,ने.का., प्रतिनिधि सभा
३८. विदुर प्रसाद पौडेल, ने.का, राष्ट्रिय सभा
३९. मदन भण्डारी, एमाले, प्रतिनिधि सभा
४०. हरि प्रसाद पौडेल, मनोनित, राष्ट्रिय सभा
४१. हेम बहादुर कार्की, मनोनित "
४२. खगेन्द्र राज ढकाल, ने.का. "
४३. चेत कुमारी दाहाल, ने.का. "
४४. खेम नारायण फौजदार, ने.का "
४५. शिव राम सुवेदी, ने.का., प्रतिनिधि सभा
४६. सुरेस मल्ल, ने.का सदस्य, राष्ट्रिय सभा
४७. पूर्ण बहादुर खड्का, ने.का., प्रतिनिधि
४८. नरहरि आचार्य, ने.का., राष्ट्रिय सभा
४९. पशुपति शमसेर ज.ब.रा., रा.प्र.पा., प्रतिनिधि
५०. साहना प्रधान, एमाले "
५१. युगेश्वर प्रसाद वर्मा, मनोनित, राष्ट्रिय सभा
५२. तारिणी दत्त चटौत, ने.का., प्रतिनिधि सभा
५३. बलराम उपाध्याय, एमाले, राष्ट्रिय सभा
५४. हृदयश त्रिपाठी, सद्भावना, प्रतिनिधि सभा

६४. लिलामणि पोखरेल, संजमो "
६५. कृष्ण प्रसाद घिमिरे, मनोनित राष्ट्रिय सभा
६६. मिना पाण्डे, ने.का., प्रतिनिधि सभा
६७. महन्त ठाकुर, ने.का, प्रतिनिधि सभा
६८. पूर्ण कुमार सेरमा लिम्बु, मनोनित, राष्ट्रिय सभा
६९. जगन्नाथ आचार्य, ने.का., प्रतिनिधि सभा
७०. ऐश्वर्यलाल प्रधानांग, ने.का. राष्ट्रिय सभा
७१. विश्व नाथ प्रसाद अग्रवाल, ने.का. "
७२. दीन वन्धु अर्याल, ने.का., प्रतिनिधि सभा

### हस्ताक्षर गर्नेहरू को कति?

| जाति/जनजाति | संख्या | % |
|---|---|---|
| जाति (बाहुन क्षेत्री ठकुरी आदि) | ६५ | ८५% |
| जनजाति (नेवार तामाङ गुरूङ मगर आदि) | ११ | १५% |
| जम्मा | ७६ | १०० |
| **धर्म** | **संख्या** | **प्रतिशत** |
| हिन्दू | ७० | ९२% |
| आहिंन्दू | ६ | ८% |
| | जम्मा ७६ | १००% |

(विश्लेषण साभार : कहिरन, पूर्णाङ्क ९)

नोट : यसमा हस्ताक्षर गर्ने एमाले र संजमोका प्रायः सबै सांसदहरूले आफ्नो हस्ताक्षर फिर्ता लिइ सक्नु भएको छ।

५५. लाल काजी गुरूङ, ने.का. राष्ट्रिय सभा
५६. चन्द्र प्रकाश मैनाली, एमाले, प्रतिनिधि सभा
५७. के.पी. शर्मा (ओली), एमाले "
५८. अमृत कुमार बोहरा, एमाले "
५९. झलनाथ खनाल, एमाले "
६०. गोपाल शाक्य, एमाले, राष्ट्रिय सभा
६१. प्रदिप नेपाल, एमाले "
६२. महेन्द्र कुमार मिश्र, ने.का. "
६३. पाल्देन गुरूङ, ने.का. , प्रतिनिधि सभा

प्रधान मन्त्री समक्ष पेश गरिएका

## नेपाल जनजाति महासंघका मागहरू:

१. श्री ५ सरकारले त्रि-भाषिक नीति लागू गरोस्–(१) मातृभाषा, (२) देशको अर्को समुदायको कुनै एक भाषा र (३) अन्तःराष्ट्रिय भाषा।

२. संस्कृत शिक्षालाई विद्यालयदेखि विश्वविद्यालय सम्मका कुनै तहमा अनिवार्य विषय नबनाइयोस्।

३. हाल कक्षा– ४, ५, ६ र ७ मा भएको अनिवार्य संस्कृत विक्षय अविलम्ब हटाइयोस्।

४. श्री ५ को सरकारले संस्कृत विद्यालय र विश्वविद्यालय खोली एक जाति विशेष ब्राम्हणलाई दिंदै आएको छात्रवृत्ति, निःशुल्क खाना, बस्ने आदि विशेष सुविधाहरू अन्य जनजातिका भाषाहरूका लागि पनि प्रदान गरोस् र अविलम्ब पठन-पाठनको व्यवस्था गरोस्।

७३. चन्द्र राज ढुंगेल, एमाले, राष्ट्रिय सभा
७४. गजेन्द्र नारायण सिंह, सद्भावना, प्रतिनिधि सभा
७५. सिन्धु नाथ प्याकुरेल, संजमो राष्ट्रिय सभा
७६. उमा अधिकारी, ने.का., प्रतिनिधि सभा



प्रा. मल्ल

## वास्तवमा नेपाली संस्कृतिका वाहकहरू जनजातीय भाषाहरूनै हुन्।

प्रसंगवश गफैगफमा वा कुरै कुरामा कुनै विद्वत-मण्डलीमा वा उद्‌घाटन भाषाणमा कुनै व्यक्ति वा राजनीतिज्ञले संस्कृत सबै भाषाको जननी भनेर भन्दैमा यो सावित हुने कुरा हैन।

अहिले संसारमा जीवित भषाहरू ६१७० वटा छन्। नेपालमा बोलिने करीब ७० वटा भाषाहरू छन्। ती ७० वटा भाषाहरूमध्ये खालि ९ वटा मात्र भारोपेली (Indo-Aryan) परिवारका भाषाहरू छन्, अरू भाषाहरू तिब्बत-बर्मेली वा द्रबिड वा अष्ट्रोएशियाली भाषा-परिवारका भाषाहरू छन्।

साथै नेपाली भाषाको पनि संस्कृत जननी हैन। किनभने नेपाली भाषा सोझै संस्कृतबाट आएको हैन। नेपाली भाषा र संस्कृत भाषा वा भनौं ऋग्वैद्धिक-संस्कृत भाषाको संवन्ध यति टाढा छ, कमसेकम करीब ३५ सय वर्षको फरक यसमा छ। बीचमा विभिन्न किसिमका भाषाहरू आएका छन्, ऋग्वेदमा पनि दुई किसिमका भाषाहरू छन्। ऋग्वैदिक भाषाबाट पछि आएको जुन शास्त्रीय (Classical) संस्कृत छ, यस पछि जुन प्राकृतहरू अपभ्रंशहरू, आए, त्यसको पनि अन्तिम चरणमा जुन भाषा आयो, त्यसलाई "अवहट्‌ट" भनिन्छ। त्यो भाषाबाट करीव एघारौं-बाह्रौं शताब्दीमा मात्र अहिले हामीले "नेपाली भाषा" भनेर मानिने भाषाको पूर्वरूपको जन्म भएको हो।

अहिले सम्म कुनै भाषाशास्त्रीले पनि ठोस प्रमाणको आधारमा नेपाली भाषाको "माउ भाषा" यही भनी देखाउन सकेका छैनन्। किनभने, अहिले भाषावैज्ञानिकहरूका बीचमा कम्तिमा पनि चारवटा सोचहरू (School of Thoughts) रहेका छन्। एउटा सोचको भनाइ छ, नेपाली भाषाको माउ भाषा राजस्थानी प्राकृत वा शौरसेनी प्राकृत हो। अर्को सोचको भनाई छ- यसको माउ भाषा वास्तवमा दार्डिक वा पिशाच ल्याङवेजेज हुन्, जसको एउटा हाँगा काश्मिरी पनि हो। अर्को समूहको भनाई छ- हैन, नेपाली भाषाको माउ भाषा हिमाली खस भाषा हो। अर्को समूहको भनाइ छ-नेपाली भाषाको सम्बन्ध त वास्तवमा लाहँडा, पंजावी आदि भाषाहरूसँग छ। यसबाट के देखिन्छ भने-आजसम्म एउटा ठोस, स्पष्ट र विश्वसनीय ऐतिहासिक, भाषाशास्त्रीय आधारमा कुनै पनि भाषाशास्त्रीले नेपाली भाषा यही प्राकृत भाषाबाट आएको हो भनी प्रमाणित गर्न सकेका छैनन्।

त्यसैले संस्कृत पढ्नासाथ नेपाली भाषाको विद्वान भइन्छ, नेपाली भाषा राम्रैसँग र शुद्ध लेख्न सकिन्छ भन्ने कुरा मेरो विचारमा अन्धविश्वास मात्र हो। किनभने संस्कृत भाषा र नेपाली भाषा यति फरक फरक भाषाहरू छन्, शायद यो भारत-आर्येली (Indo-Aryan) परिवार भित्र यत्ति फरक भाषाहरू अरू कुनै छैनन्। उदाहरणको लागि एउटा नेपाली नामको ४-५ वटा रूपमात्र हुन्छन्, तर एउटा संस्कृत नामको २४ वटा रूपहरू हुन्छ। त्यस्तै एउटा नेपाली क्रियापदको ३०-३५ वटा रूपहरू हुन्छन्, तर एउटा संस्कृत धातुको भने करीव करीव ८६० वटा जति रूपहरू हुनसक्तछ। त्यसकारण ल्याटिन र ग्रीक जस्तै संस्कृत पनि एउटा यति Inflected (रूपायित) भाषा हो कि यसको एउटा शब्दको धेरै विभिन्न रूपहरू हुन्छन्। तर अर्कोतिर नेपाली भाषा भने एउटा Uninflected (अरूपायित) भाषा हो। यो एउटा मूलरूप नफेरी प्रत्यय जोड्ने Agglutinating भाषा हो, त्यसैले संस्कृत भाषा पढ्दैमा नेपाली राम्रो जानिन्छ र शुद्ध लेख्न सकिन्छ भन्ने कुरा भाषावैज्ञानिक आधारमा कुनै संबन्ध र तुक भएको तर्क नै होइन।

अब कुरा रह्यो, नेपाली भाषामा आएका आगन्तुक शब्द (तत्सम शब्द) हरूको कुरा। धेरैलाई आश्चर्य लाग्ला, पृथ्वीनारायण शाहको **दिव्य उपदेशमा** संस्कृतको कति मात्रा छ भनी मैले हिसाव गरी हेर्दा वास्तवमा पृथ्वीनारायण शाहको **दिव्य उपदेशमा** अरवी र फारसी शब्दहरू वढ्ता छन्, संस्कृत कम छन्। टर्नरको **शब्दकोषमा** २६ हजार शब्दहरू छन्। त्यसमा संस्कृतबाट आएका शब्दहरू जम्मा ५ हजार मात्र छन्। तर वालचन्द्र शर्मा वा हाल एकेडेमीले निकालेको शब्दकोषमा भने ७० प्रतिशतभन्दा बढी शब्दहरू संस्कृतबाट आएका रहेका पाइन्छन्। मेरो भनाईको तात्पर्य हो-संस्कृत भाषा पढेर नेपाली भाषा शुद्ध लेख्न सकिन्छ भन्ने कुरा भाषा वैज्ञानिक आधारमा कुनै प्रामाणिक कुरा हैन। यसको प्रामाणिक आधार छैन। नेपाली भाषा संस्कृतबाट सोझै आएको भन्ने कुरा अन्धविश्वास मात्र हो। वास्तवमा नेपाली भाषा संस्कृतबाट आएको हैन, नेपाली भाषा अपभ्रंशबाट आएको हो तर कुन अपभ्रंशबाट आएको हो भन्ने कुनै स्वदेशी वा विदेशी भाषावैज्ञानिकले पनि ठोस प्रमाण दिएका छैनन्। टर्नरले काम गरेको साठी वर्ष भैसक्यो। साठी वर्षमा कुनै भाषाशास्त्रीले आजसम्म टर्नरले जुन काम गरेका हुन, त्यो भन्दा बढी काम गर्न सकेका छैनन।

**यही न फरक छ, हामी वेद शुद्रले पढ्नु हुन्न, यदि यसले वेद सुन्यो भने उसको कानमा तातो धातु खन्याइदिनु पर्छ भन्ने संस्कृतिमा बाँचेका छौं, उता क्रिश्चियनहरू भने संसारभरि गएर बाइबल अनुवाद गर्न चाहन्छन्।**

अर्को कुरा रहयो संस्कृत भाषा नेपालको सांस्कृतिक मूल्य र मान्यताको संरक्षण र प्रचार गर्ने साधन हो भन्ने कुरा। हाम्रा विद्यार्थीहरूलाई यदि हामीले संस्कृत पढायौं भने हाम्रो राष्ट्रियताको जगेर्ना हुन्छ, राष्ट्रिय संस्कृतिको प्रचार हुन्छ र हाम्रो राष्ट्रिय संस्कृति उनीहरूले बुझ्छन् भन्ने कुराका बारेमा म के कुरामा विश्वास गर्छ, भने नेपालको राष्ट्रिय सांस्कृतिक परिचय वास्तवमा लिखित कुरा (Written Text) हरूमा छैन, यो अलिखित मौखिक परंपरा (Unwritten oral tradition) हरूमा छ। नेपालका जनजातिहरूका उखान टुक्का, लोकगीत, लोककथाहरू आदिमा नै वास्तवमा नेपालको साँच्चिको सांस्कृतिक परिचय छ। किनकि नेपालमा लेखन-परंपरा भनेकै निकै पछिको परिघटना हो। साँच्चै भन्ने हो भने नेपाली लिपीवद्ध भएको करीव ६-७ सय वर्ष मात्र भयो र नेपालका धेरै भाषाहरू लिपीवद्ध छैनन्।

म के कुरामा विश्वास गर्दछु भने नेपालको साँच्चै राष्ट्रिय संस्कृतिको परिचायक Oral Tradition बाट हुन्छ, न कि Written Tradition बाट। Great Tradittion जसलाई भनिन्छ, त्यसले हैन; Little Tradition हरूले नै साँच्चै भन्ने हो भने नेपालको संस्कृतिलाई चिनाउँछन्। किनकि Great Tradition भनेको वास्तवमा एउटा ऋण जस्तै हो, हिन्दू वा आर्य संस्कृति, जे भन्नुस्, त्यो वास्तवमा एउटा ऋण (Loan) अर्थात बाहिरबाट आएको वा लिएको व्यवस्था हो, यसले भन्दा पनि बढी हाम्रा Oral Tradition हरूले हाम्रो राष्ट्रिय चरित्रको परिचय दिन्छन्।

अर्को कुरा संस्कृत भाषाले हाम्रो परिचय दिन्छ भन्ने कुरामा पनि मलाई विश्वास छैन। किनभने संस्कृत पनि विभिन्न किसिमका छन्। लिच्छविकाल पछि नेपालमा प्रयोग भइरहेको संस्कृत वास्वतमा पाणिनिको व्याकरण अनुसारको संस्कृत हैन। यहाँ या त चान्द्र-व्याकरण प्रचलित थियो या त सारश्वत व्याकरण प्रचलित थियो। नेपालमा साँच्चै भन्ने हो भने हाईब्रिड (वर्णशंकर) वौद्ध संस्कृत प्रचलन थियो। लिच्छविकाल पछिका संस्कृतका अभिलेखहरू र कितावहरू हेर्ने हो भने यही हाइब्रिड संस्कृत प्रचलनमा रहेको हामी पाउँछौं।

नेपालमा संस्कृतिको आधारमा मात्रै सांस्कृतिक मूल्यहरूलाई संरक्षण गरेको भन्ने पनि पाइन्न। जस्तै, वौद्ध धर्मको कुरा गर्ने हो भने, बौद्ध धर्मको बाहक त पाली भाषा हो, संस्कृत हैन। वज्रयान बौद्ध धर्मको संस्कृत Hybrid (वर्णशंकर) संस्कृत हो, शास्त्रीय (Classical) संस्कृत हैन। यसै बज्रयान धर्मको पनि एउटा महत्त्वपूर्ण कुरा चर्या गीत हो, यो संस्कृतमा लेखिएको हैन। यो लेखिएको भाषालाई द्वाइलाइ ल्याङवेज (सान्ध्य भाषा) भनिन्छ। इतिहास शिरोमणि बाबुराम आचार्यले आफूले १२ वर्ष सम्म **गोपाल वंशावली** पढेको तर थोर बहुत मात्र बुझ्न सकेको कुरा एक पल्ट गर्नु हुन्थ्यो। उहाँ जस्तो संस्कृतका प्रकाण्ड विद्वानले पनि यो नबुझ्नुको कारण हो, त्यो संस्कृत पाणिनिको व्याकरणवाला संस्कृत हैन, त्यो अपभ्रंशित हाइब्रिड संस्कृत हो। त्यो वंशावलीको दोस्रो भाग चाहिं भक्तपुरको ६-७ सय वर्ष अगाडिको नेवारी भाषामा लेखिएको छ। त्यसैले नेपालको संस्कृतिको संवाहक संस्कृत मात्र हैन, पाली पनि हो, हाइब्रिड संस्कृत पनि हो, अपभ्रंश पनि हो, सान्ध्य भाषा पनि हो, नेवारी पनि हो, र अझ म भन्छु सवै लोक भाषाहरू हुन्। वास्तवमा नेपालका आफ्ना संस्कृतिका वाहकहरू त यिनै भाषाहरू वा जनजातीय भाषाहरू हुन।

अर्को एउटा कुरा, एकछिनलाई मानौं कि हामीलाई वैदिक, आर्य संस्कृति, हिन्दू सभ्यतालाई फैलाउनु छ; त्यसो हो भने पनि किन संस्कृतबाट मात्रै फैलाउने? वाइवललाई हेरौं, यो आज ३००० भन्दा बढी भाषामा अनुवाद भैसकेको छ। नेपालकै पनि १२-१३ वटा जनजातीय भाषामा वाइवल पाइन्छ। तर आश्चर्यको कुरा हिन्दूहरूको अति पवित्र ग्रन्थ ऋग्वेद के तपाई आज नेपाली भाषामा पाउनु हुन्छ? पाईदैन। किनभने हाम्रो हिन्दू संस्कृतिमा के दृढ विश्वास रहयो भने गुह्य ग्रन्थ (Sacred Text) हरूलाई कहिल्यै पनि लिखित रूप दिनु हुन्न। त्यसकारण १८ औं शताब्दीसम्म ऋग्वेद कहिल्यैपनि लेखिदै लेखिएन। मौखिक रूपमा यो पुस्ता पुस्तासम्म स्थानान्तरण हुँदै आयो। यही न फरक छ, हामी

वेद शुद्रले पढ्नु हुन्न, यदि यसले वेद सुन्यो भने उसको कानमा तातो धातु खन्याइदिनु पर्छ भन्ने संकुचित संस्कृतिमा बाँचेका छौं, उता क्रिश्चियनहरू भने संसारभरि गएर वाइबल अनुवाद गर्न चाहन्छन्। हामी पशुपतिनाथमा "हिन्दूहरूलाई मात्र प्रवेश" गराउँदछौं, उनीहरू संसारभरि गएर गिर्जाघरहरू खोल्न चाहन्छन्।

ठीकै छ, हाम्रो सांस्कृतिक मूल्यलाई हाम्रो शिक्षा पद्धतिले संचार (Transmit) गर्नु पर्छ, तर यो संचार कसरी गर्ने, संस्कृतबाट संचार गर्ने? कि नेपालीमा अनुवाद गरेर संचार गर्ने? कि तामाङ्ग, गुरूङ्ग, मैथिली, थारू आदि भाषामा अनुवाद गरेर? किन यी भाषामा ऋग्वेद अनुवाद नगर्ने? तर भएको छैन, गरिदैंन। किनभने, हाम्रो संस्कृतिनै यस्तो छ कि हाम्रो आगनमा कोही जानु हुन्न, हाम्रो किताव कसैले पढ्नु हुँदैन, हाम्रो वेद कसैले छुनु हुँदैन।

यदि हामीले हाम्रो सांस्कृतिक मूल्य परंपरा, ऐतिहासिक परंपरा, वीर पूर्वाहरूको पुरूषार्थहरूका कथाहरू फैलाउनु छ भने हामीले यो संस्कार छोडनु पर्छ र संस्कृत भाषाबाट हैन कि नेपाली भाषाबाट नेपालका अरू भाषाहरूबाट, नेपालका अरू जनजातिहरूको भाषाबाट यी चीजहरू संचार गर्नु पर्छ।

तर यो भइरहेको छैन।

यसै सन्दर्भमा एउटा उदाहरण प्रस्तुत गर्न चाहन्छु। पंचायती कालमै (पशुपति शम्सेर शिक्षामन्त्री हुनु हुँदा) एउटा त्री सदस्यीय "कार्य-दल" सरकारले बनाएका थियो। त्यसमा प्रा. सरस्वती प्रसाद घिमिरे, प्रा. माइकेल वित्जेल (हाल हाडवर्ड विश्वविद्यालयमा संस्कृतको प्राध्यापक हुनुहुन्छ) का साथै म पनि सामेल थिएँ। हामीले एउटा प्रतिवेदन पेश गरेका थियौं। त्यस प्रतिवेदनमा संस्कृत शिक्षाको आधुनिकीकरण कसरी गर्ने, संस्कृत शिक्षालाई आय, रोजगारी र उत्पादकत्वसँग कसरी संवन्धित बनाउने र राष्ट्रिय जीवनको मुख्य गतिविधिसँगै यसलाई कसरी आधुनिक बनाउने भन्ने कुरा उल्लेख थियो। तर आश्चर्यको कुरा त्रि.वि.मा पेश भएको त्यो प्रतिवेदन कहिल्यै स्वीकार पनि भएन, बरू त्यसको घोर विरोध भयो।

यस्तै, म केही समय त्रि.वि. प्रशासनमा रहँदाखेरी मैले हाम्रो नेपालको एउटा महत्त्वपूर्ण ग्रन्थ सुमतितन्त्र अनुवाद गरी प्रकाशित गर्नका लागि अनुसन्धान अनुदान हाम्रा संस्कृतका विद्वान श्री नयराज पन्तलाई उपलब्ध गराएको थिएँ। तर आश्चर्यको कुरा के भने त्यो किताव उहाँहरूले प्रकाशित त गर्नु भयो, तर कसैले पढ्नै नसक्ने गरी। किनभने, यो संस्कृतमा निकालियो। नेपालीमा उहाँहरूले अनुवाद गर्न चाहनु भएन। त्यसमा अंग्रेजी वा नेपालीको कुनै एउटा शब्द पनि छैन। त्यसैले त्यो किताव आज वसन्तपुरमा रहेको त्रि.वि. स्टोरमा नबिकेर सडेर थन्किरहेको छ।

त्यसैले आज इतिहास वा संस्कृतिलाई अध्ययन गर्ने हाम्रो दृष्टिकोण यत्ति संकुचित छ। संस्कृतलाई हामीले स्कूलमा पढाउँदैमा यो विद्याको पुनर्जागरण होला जस्तो मलाई लाग्दैन। ❑

(२०४९ साउन ३ गते विश्वविद्यालय महिला एशोसिएसनले आयोजना गरेको विचार गोष्ठीमा दिइएको प्रवचनको सारांश।)

*(नोट : यसमा प्रयोग भएकका अंग्रेजी शब्दहरूको नेपाली रूपान्तरण "मूल्यांकन" को हो।)*

# संस्कृतलाई जबरजस्ती अनिवार्य गराइयो भने के होला?

पद्मरत्न तुलाधरसँग कुराकानी

## राजनैतिक - सामाजिक रूपले विश्लेषण गर्दा यस कृयाकलापको नियत संस्कृत भाषाको ऐतिहासिक महत्वलाई फिंजाउनु भन्दा फेरि पनि दरवारलाई बलियो पार्नु हो

***प्राज्ञिक महत्वमात्र भएको तर कामकाजी भाषाका रूपमा नहेकोको संस्कृत भाषालाई शिक्षामा अनिवार्य गर्न गराउन सत्तापक्षीय सांसदहरूकै सकृयतामा यति ठूलो मात्रामा आवाज उठ्नुको पछाडि तपाईलाई कस्तो नियतले काम गरिरहेको जस्तो लाग्छ?***

मूल कुरा, यस पहलकदमीको पछाडि धार्मिक राजनैतिक रूपमा पुरातन परम्परा कायम गर्ने नियत लुकेको छ। जस्तो- संविधानमा नेपाललाई हिन्दू अधिराज्य घोषणा गरिनुको पछाडि पनि यस्तै नेपाली जनताको प्रगति र शोषणबाट मुक्तिको चाहनालाई दबाउन, शोषणलाई कायम गरी राख्न र निश्चितै रूपमा सयौं वर्षदेखि सामन्तहरूलाई साथ दिदैं आइरहेको पुरातन, सनातन धर्म, रीति-रिवाज, संस्कृति बचाउने धार्मिक, शैक्षिक र राजनीतिक नियत लुकेको थियो। यस्तो व्यवस्था नै कायम रह्यो भने उनीहरूले बचेखुचेका सामन्ती मूल्य, मान्यता, रीति-रिवाज र प्रवृत्तिको रक्षा हुने, अशिक्षित, अवोधहरू जनतामाथि फेरि पनि शोषण र शासन गर्ने र सत्तामाथि आफ्नो प्रभूत्व कायम राख्न पाउने हुन्छ। यो नियतलाई हामीले बुझ्न सकेनौं भने, अहिले त हामीलाई सामान्य लाग्ला, तर पछि यसको परिणाम गंभीर हुने छ। यस विषयलाई कसैकसैले गौण रूपमा लिन खोजिरहेका छन्। तर राजनैतिक - सामाजिक रूपले विश्लेषण गर्दा यस कृयाकलापको नियत संस्कृत भाषाको ऐतिहासिक महत्वलाई फिंजाउनु भन्दा फेरि पनि दरवारलाई बलियो पार्नु हो; फेरि पनि जनतामा संस्कारगत रूपमा रहेको धार्मिक अन्धविश्वासलाई कायम गरी राख्नु हो; र ठूला बडा - सामन्तहरूले फेरि पनि यहाँ थिचोमिचो गरेर आफ्नो एकलौटी वर्गीय हित रक्षा गर्नु नै हो। होइन भने संसारको विकाससँगै हाम्रा बच्चाहरूलाई वैज्ञानिक र प्राविधिक शिक्षा दिनु पर्नेमा फेरि पनि यो परम्परागत सनातन शिक्षा, जो प्रायः विज्ञान शून्य छ र जसमा फलानालाई फलानो अवतार मान्नु पर्छ र मरे पछि स्वर्ग-नर्क जान पर्छ भन्ने जस्ता अन्धविश्वासहरूले भरिभराऊ छ, त्यो शिक्षा दिनका लागि थप आधार खोज्नुको अर्थ के?

यसरी हाम्रो समाजमा आर्थिक रूपमा मात्र होइन, वैचारिक रूपमा पनि समाजलाई यथावतै रूपमा राख्न चाहने कन्जरभेटिभ (पुरातनवादी)हरूको अस्तित्व रहेकोले ती पुरातनवादीहरू यो भाषा बोलिचाली र लेखपढको भाषा हुन सक्दैन भन्ने विषयमा सहमत हुँदा हुँदै पनि यसको अनिवार्यताको माग गरिरहेछन्। यसको पछाडि लुकेको मूल मकसद संस्कृतमा रहेका पुरातन साहित्यहरू पढाउने नियत नै हो।

अर्को, वैचारिक सांस्कृतिक रूपमा, नेपाली भाषाभाषीमा मात्र होइन, मगर, नेवार, गुरूङ्ग, लिम्बु, थारू आदि सबै भाषा-भाषीहरूमा पुरातनवादी धर्मभिरूहरू अस्तित्वमा छन्। यिनीहरू पनि संस्कृतलाई अनिवार्य गराउँदा समर्थन गर्छन् नै। त्यसैले आर्थिक र वैचारिक रूपमा पुरातनवादीका रूपमा रहेका दुवै थरी धर्मभिरूहरूको विचारमा समानता रहेकोले उनीहरू दुवैथरिले संस्कृत भाषा अनिवार्य गराउन खोजिरहेका छन्। यस अप्रजातान्त्रिक कदमको सबैतिरबाट विरोध हुनु जरूरी छ।

***अन्य भाषाहरूलाई भने बेवास्ता गरेर राज्यको स्रोत-साधनबाट धुप्रै सुविधाहरू पाइरहेको भाषालाई नै यसरी फेरि पनि अनिवार्य गराउन मरीमेटेर प्रयत्न गरिरहनुको कारण के होला?***

विभिन्न जाति र भाषा भाषीहरूको साझा देश हुँदा हुँदै पनि अहिले विभिन्न कारणले निर्णय गर्नु पर्ने ठाउँमा, सत्तामा विशेष केही जातिहरूको बोलबाला रहेको स्थिति हो। त्यसकारण आफ्नो भाषालाई लादन, आफ्नो भाषाको मात्रै विकास गराउन उनीहरू चाहन्छन्- यही राष्ट्रियता हो, यही राष्ट्रिय विकास हो भन्ने मनोवृत्ति उनीहरूमा कायमै रहेको छ। त्यसकारण प्रजातान्त्रिक रूपमा भाषा नीति, शिक्षा नीति के हुनु पर्ने भन्दा पनि ती खास खास जातिहरूका सत्तामा प्रभूत्व हुनुको कारणले पनि यस्तो नीति बारम्बार आएको देखिन्छ।

***यो अनिवार्यताको माग राख्नेहरू त भाषिक र शैक्षिक क्षेत्रमा आफूले प्रजातान्त्रिक माग नै गरीरहेको दावी गरिरहेका छन्। यस सम्बन्धमा तपाईंको प्रतिक्रिया के छ?***

यो माग प्रजातान्त्रिक त कसरी हुन सक्छ र? जब कि वास्तविकता के हो भने- नेपाली भाषा लगायत अन्य थुप्रै भाषा भाषीहरू यहाँ विद्यमान छन्। प्रजातन्त्रमा सामान्य रूपमा समानताको सिद्धान्तलाई अवलम्बन गरिने हुन्छ। भाषिक क्षेत्रमा पनि विभिन्न जातिका

जनताहरूले राजनैतिक, सामाजिक, आर्थिक रूपमा र हरेक रूपमा समान अधिकार पाउनु पर्ने हो। नेपालको प्रजातन्त्रमा पनि भाषा र शिक्षा नीति तय हुँदा ख्वेरी पनि ती सबै भाषा-भाषीका, जातिका जनताहरूलाई समान अधिकार दिने, समान अवसर दिने व्यवस्था गर्नु पो प्रजातान्त्रिक हुन्छ। तर अन्य सबै भाषालाई उपेक्षा गरेर एउटै भाषालाई मात्र, त्यो चाहे नेपाली होस् या संस्कृत होस्, विकास गर्ने गराउने काम प्रजातान्त्रिक हुनै सक्दैन।

संविधानद्वारा राष्ट्रभाषाको रूपमा नेपाली भाषालाई लिइएको र नेपालमा बोलिने अन्य भाषाहरूलाई राष्ट्रिय भाषाको रूपमा उल्लेख्व गरिएको भए तापनि स्थिति पंचायतकालमा झैं यथावत छ। ती राष्ट्रिय भाषाहरूको माध्यमबाट, आआफ्नै मातृभाषामा शिक्षाको व्यवस्था हुने भन्ने कुरा पनि भनिएको छ। तर संविधान अनुसार नै पनि व्यवहारमा त्यो कुरा लागू भै रहेको छैन। मातृ भाषाबाट शिक्षा प्राप्त गर्ने अधिकार विभिन्न भाषा-भाषीहरूले पाईर हेका छैनन्। यस्तो स्थितिमा- विभिन्न जनजातिका मानिसहरू राजनैतिक रूपमा, भाषिक रूपमा सचेत नहुनाले भाषिक समानताको अधिकार नमागेकै कारणले नदिनु भनेको, सत्तासीनहरूले उनीहरूलाई पुनः दबाउने अवसर बाँकी छ भन्ने ठानेर पुनः दबाउनु भनेको, उनीहरूको समान अवसर र अधिकारलाई उपेक्षा गर्नु भनेको- झन् घोर अप्रजातान्त्रिक कुरा हो। अतः संस्कृत भाषालाई अनिवार्य गराइनु पर्दछ भन्ने माग कुनै पनि अर्थमा प्रजातान्त्रिक होइन।

संस्कृत भाषा नेपाली भाषाको जननी भएकोले नेपाली भाषाको प्रवर्द्धनका लागि संस्कृत भाषालाई अनिवार्य गराउनु पर्दछ भने त्यो नेपालीभाषीहरूमा मात्र सीमित हुनु पर्ने हो। तर नेपाली भाषा "राष्ट्र भाषा" भएकोले तामाङ्गले पनि नेपाली भाषा सिक्नै पर्ने र त्यही निहुँमा संस्कृत भाषा पनि अनिवार्य रूपमा पढ्नु पर्ने भन्नु- नेवार गुरूङ्ग, मगर सबै गैर-नेपाली भावी, गैर भारोपेली भाषी अर्थात् तिब्बत-वर्मेली भाषा परिवारका भाषीहरूले पनि पढ्नै पर्ने भन्नु त इम्पोजिसन (लाद्ने) काम गर्नु हो। अझ नेपाली भाषीहरू कै हित चिताएर भन्ने हो भने अहिले नेपाली भाषीहरूलाई पनि पुरानो जमानाको संस्कृत भाषा र साहित्य अनिवार्य रूपमा पढाउनु भन्दा नेपालीबाटै आधुनिक, वैज्ञानिक, शिक्षा प्राप्त गर्न लगाई देश विकासमा टेवा पुऱ्याउन लगाउनु पर्ने हो। अतः नेपाली भाषीहरू कै हित अनुसार पनि यसरी लाद्ने काम प्रजातान्त्रिक र प्रगतिशील हुन सक्दैन।

***संस्कृत भाषामा पुरातन ज्ञान मण्डार रहेको, यसको बाङ्मयमा निकै ठूलो साहित्य रहेको कारणले यसलाई जोगाउन र प्रचार गर्नका लागि पनि यो विषय अनिवार्य गराउनु पर्दछ भन्ने तर्क आइरहेको छ, यस तर्क तपाईंलाई कत्तिको उचित लाग्दछ?***

यो तर्क पनि मलाई गलत लाग्दछ। हो, निश्चित रूपमा विवाद छैन कि-संस्कृत भनेको निकै महत्त्वपूर्ण दर्शन, साहित्य विद्यमान रहेको भाषा हो। अतः त्यसको शिक्षा हासिल गर्नुमा पनि विवाद नहोला, प्राचीन साहित्य, संस्कृति, धर्म, दर्शनको अध्ययन त गर्नै पर्दछ। तर त्यसको नाममा व्यवहारमा लागू नै नहुने कुनै एउटा भाषा-शिक्षा दिनु भनेको न्यायसंगत देखिंदैन, अन्याय पूर्ण नै हो। त्यसकारण, संस्कृत भाषामा रहेका गहन कुराहरूलाई नेपालीमा, मगर भाषामा, नेपाल भाषामा अनुवाद गरेर सिकाउने काम गरिनु पर्दछ, अनिवार्य रूपमै यो भाषा पढ्नु पर्छ भनेर लादिनु हुन्न।

अर्को कुरा, नेपालको इतिहास, धार्मिक ग्रन्थ, प्राचीन शीलालेख्व लेख्विएका भाषाहरू मध्ये देवनागरी लिपिमा संस्कृत भाषा मात्र हैन रंजना लिपि प्रचलित नेपाल लिपिमा लिख्वित सामग्रीहरू पनि नेपालमा उल्लेख्वनीय रूपमा महत्वपूर्ण छन्। यसरी संस्कृतका साथै नेपाल भाषाको नेपाल लिपि, रंजना लिपि र देवागरी लिपि द्वारा लिच्छवि, र मल्ल शासन कालका सबै जसो महत्वपूर्ण शीलालेख्व, पत्र लेख्विएका छन्। यस तथ्यबाट देख्विन्छ भने तिनीहरूले नेपालको धर्म, इतिहास, दर्शन अध्ययन अनुसन्धान गर्नका लागि संस्कृतलाई अनिवार्य गराइनु पर्दछ भन्दा नेपालकै महत्वपूर्ण र धनी भाषा नेपाल भाषालाई पनि के अनिवार्य [illegible] त? अनिवार्यताको त कुरै छोडौं, उनीहरूमा त्यसलाई समावेश (इन्ट्रड्यूस) गर्ने तर्क सम्म छैन। यसरी इन्ट्रड्यूस समेत नभएको भनी कुरा उठाउँदा "मलाई साम्प्रदायिक भयो" भन्ने झूठो आरोप लगाइयो। तर आफूले अनिवार्यताको कुरो उठाउँदा, लाद्न नै ख्वोज्दा, कसैले साम्प्रदायिक भनेर भन्दा चाहिं सहनै नसक्ने तर अरूले जायज माग उठाउँदा पनि साम्प्रदायिक भनेर आरोप लगाउने? साम्प्रदायिकहरूले नै यसरी संस्कृतलाई अनिवार्य गरिनु पर्दछ भन्ने तर्क ल्याइरहेका छन्। अतः प्राचीन साहित्य, दर्शन, धर्मको भण्डार संस्कृत भाषाको अध्ययन अनुसन्धानमा विवाद छैन, अहिलेको विवाद भनेको अनिवार्यताको मात्र हो। अतः अहिले अनिवार्यताको मात्रै विरोध भै रहेको छ। यहाँ संस्कृत भाषाले नेपाली र अंग्रेजी भाषाले समेत नपाएको छुट्टै महाविद्यालय र विद्यालय तथा क्याम्पसको विशेष सुविधा पाइ नै रहेको यस स्थितिमा पुनः थप विशेष सुविधाको रूपमा सबै भाषाभाषीहरूमाथि अनिवार्य रूपमा यो भाषालाई लाद्नु देश, जनता र भविष्यका सन्ततिहरू कै लागि पनि ठूलो अन्याय हुनेछ।



**नेपाल भाषालाई इन्ट्रड्यूस समेत नभएको भनी कुरा उठाउँदा "मलाई साम्प्रदायिक भयो" भन्ने झूठो आरोप लगाइयो।**

**साम्प्रदायिकहरूले नै यसरी संस्कृतलाई अनिवार्य गरिनु पर्दछ भन्ने तर्क ल्याइरहेका छन्।**

***यसरी सबै ख्वेमाका पुरातनपन्थीहरूका लागीपरि रहेको यस संन्दर्भमा नेपाली वामपन्थी क्षेत्रका कतिपय नेताहरू नै समेत अन्यौलमा रहेको देख्वियो। कतिपयले अनिवार्य संस्कृत हुनुपर्छ भन्ने सुझाव पत्रमा सही गर्नु भयो, पछि कतिले हस्ताक्षर फिर्ता लिनु भयो भने कतिले त लिनुभएकै छैन- दोधारको स्थितिमा हुनु हुन्छ।***


***यसरी वामपन्थी क्षेत्रमा पनि अस्पष्टता रहनुको कारण के होला?***

बहु. भाषा-भाषी भएको नेपालमा कस्तो प्रजातान्त्रिक राष्ट्रिय भाषा-नीति हुनु पर्दछ भन्ने विषयमा धेरै जसोको स्पष्ट विचार नहुँदा ख्वेरी नै मूल रूपमा यसरी अलमल भएको हो। अर्को, सामान्य रूपमा जुन सुझाव पत्र वाहिर आएको छ, त्यो राम्ररी नपढीकन, संस्कृत अनिवार्य गरिंदा त्यसको राजनैतिक, आर्थिक र सामाजिक रूपमा कस्तो परिणाम निस्कने हो भन्ने कुरामा विचारै नगरीकन सही गर्नु उहाँहरूको कमजोरी हो। हो, प्राचीन साहित्य, दर्शन इतिहास र धर्मको अध्ययन हुनु पर्छ भन्ने कुरामा त मार्क्सवादीहरूले अरू भन्दा पनि बढी जोड दिन्छन्। तर यो एक पक्षको आधारमा अरू गंभीर दुष्परिणाम निकाल्ने अनिवार्यताको पक्षलाई विर्सिनु चाहिं कसरी मार्क्सवादीपना हुन्छ र? यसरी एकपक्षीय भएर सोच्ने र काम गर्ने अमार्क्सवादी प्रवृत्ति उक्त सुझावपत्रमा सही गरेकाहरूमा मात्र होइन, सही नगरेकाहरूमा पनि विद्यमान छ। यसरी भाषा-समानताको सवालमा स्पष्टता नहुनु आ-आफ्नै कमजोरी मात्र हुन्। तर कम्युनिष्टहरू यस सम्बन्धमा सैद्धान्तिक रूपले नै स्पष्ट नभएको हो कि भन्ने कुरा पनि हामी स्वीकार्न सक्दैनौं, किनकि कम्युनिष्टहरूकै पार्टी-दस्तावेजहरू, अन्य समाजवादी मुलुकहरूमा लागू गरिएका मार्कर्सवादी भाषा-नीतिहरू सम्बन्धी अनुभवहरू यथावत छँदै छन्। तैपनि प्रजातान्त्रिक रूपले भाषा नीति तय नहुनाले, यो विषयमा गंभीर रूपले विचार-विमर्श नहुनाले पनि यसलाई सामान्य रूपमा लिने काम भएको छ। तर यो अति सम्वेदनशील र चिन्तनीय विषय हो भन्ने कुरा स्वीकार्नु जरूरी छ।

***भाषा-शिक्षा सम्बन्धी विवाद उठीरहेको यस स्थितिमा कस्तो किसिमको सरकारी भाषा नीति हुनु पर्छ भन्नेबारेमा तपाईंको विचार के छ?***

एक जना मार्क्सवादमा विश्वास गर्ने व्यक्तिको हैसियतले म नेपालका विभिन्न भाषाहरूलाई समानताको आधारमा व्यवहार गरिनु पर्दछ भन्ने ठान्दछु। यहाँ कुनै एउटा विशेष भाषा, सम्पर्क भाषा, कुनै राष्ट्र भाषा भनिनु हुदैन। भाषा एउटा अभिव्यक्तिको माध्यम हो, अनि आर्थिक कारोबारको सिलसिलामा नै कुनै भाषालाई जनताले स्वीकार गर्ने हो। त्यसरी जनताले स्वतः स्वीकार गर्दाख्वेरी एउटा भाषा चाहिं सम्पर्क भाषाको रूपमा विकासित हुदै जाने कुरा ठीक हो। तर राष्ट्र भाषा भनेर संविधानले नै किन नहोस् कहिं कतै लादिनु हुँदैन। सम्पर्क भाषा यो नै हो भनेर लादिनु हुँदैन। सैद्धान्तिक रूपमा यही सही नीति हो। यही नै समानताको सिद्धान्तमा आधिरित नीति हुन सक्दछ। तैपनि सिद्धान्त भन्ने कुरा जहिले चाह्यो त्यतिख्वेर पूरै लागू गर्न सक्ने कुरा त होइन, त्यसको लागि बस्तुगत आधारहरू तयार हुनु पर्दछ। सयौं वर्षका आधारहरूलाई भत्काउनु पर्दछ, र फेरि विकासित गर्नु पर्दछ, त्यतिख्वेर मात्रै पूरै सिद्धान्त भन्ने कुरा लागू हुने हो।

त्यस्तै नेपालमा पनि विशेष परिस्थितिमा भाषाहरू समान रूपमा विकसित हुनै सक्तैनन्, राजनीतिक रूपमा पनि उनीहरूले समान अधिकारको उपभोग गर्ने



*पाठ्य सामाग्री : कुन मूल्य-स्थापनाका लागि?*

अवसर पाएनन् नेपाली भाषालाई संविधानमा राष्ट्र भाषा भनियो- राजनीतिक परिवर्तन आए पछि पनि यसमा फेर वदल आएन जस्तै नेपाली भाषा सरकारीभाषा भनिएको छ, त्यसतै माध्यम भाषाको रूपमा पनि झन्डै झन्डै अधिकांश ठाउँमा मान्यता प्राप्त जस्तो भै सकेको अवस्था छ। यस्तो अवस्थामा आज नै तत्कालै मार्क्सवादी सिद्धान्त अनुसार हामी यो गर्छौं अथवा गर्नु पर्दछ भन्ने कुरा सैद्धान्तिक मात्रै हुन सक्दछ। व्यवहारमा नहुन सक्दछ। जस्तै- समानता कै कुरा पनि सापेक्ष निरपेक्ष भन्ने कुरा हुन्छ । नेपालमा ३६ भाषा छन्, ती सबैमा समानताको आधारमा आजदेखि बराबर स्तरका काम हुनु पर्दछ भन्ने हो भने त्यो व्यवहारिक रूपमा सम्भव हुन सक्तैन। त्यसकारण हामी के पनि भन्ने गर्दछौं भने, नेपालमा विभिन्न भाषाहरू छन् त्यस मध्ये केही भाषाहरू लोपै हुने अवस्थामा पुगि सके उनीहरूलाई प्राथमिकता दिएर जोगाउँनु पर्दछ। व्यवहारिकताको कुरा गर्दा पनि हामी प्रजातान्त्रिक कुरा नै लागू गर्दै जान्छौं, कहिले पनि यो समानताको कुरा संभवै हुँदैन, सिद्धान्त भनेको लागू नै हुँदैन भन्न खोजेको पनि होइन, भन्नु पनि हुँदैन। त्यसैले एउटा प्रजातान्त्रिक भाषा नीति हामी कसरी अव तय गर्दछौं त?

यो समस्याको एउटा समाधान त्रिभाषिक नीति अपनाउँदा हुन सक्दछ कि भन्ने एउटा विचार आएको छ। हामीलाई ज्ञान-विज्ञान सिक्नु पर्दछ, व्यापार आदि सम्बन्ध बढाउनु पर्छ। त्यसैले एउटा अन्तराष्ट्रिय भाषा जो अंग्रेजी हुन सक्दछ, जर्मन हुन सक्दछ, फ्रेन्च, स्पेनिस हुन सक्दछ, कुनै एउटा भाषा त जान्नु पर्‍यो हाम्रो विद्यार्थीहरूले। यसमा पनि छनौट गर्न (chaice) दिनु पर्दछ। अंग्रेजीलाई अनिवार्य भन्नु भन्दा पनि कुनै एउटा अन्तर्राष्ट्रिय भाषा सिक्नु पर्दछ भन्ने धारणा लिनु पर्दछ। यो भनेको कुनै एउटा विदेशी भाषालाई हाम्रो समाजमा प्रवेश, (introduce) गराउनु हो।त्यसकारण त्यो सिद्धान्तलाई स्वीकारेर कुनै एउटा अन्तराष्ट्रिय भाषा हुनुपर्दछ।

अर्को, एउटा मातृ भाषाबाट शिक्षा दिनु पर्दछ, यसो नहुँदा खेरि त भाषाहरू लोप हुँदै जाने स्थिति रहेको छ। त्यस्तै मातृभाषा भनेको नेपालको एउटा सम्पदा हो, त्यसलाई जोगाउनु पर्दछ। त्यो नेपालको राष्ट्रियता कै एउटा आधार पनि हो। त्यस्तै नेपालको सभ्यताको एउटा उपलब्धी ती भाषाहरू हुन। तर ती भाषाभाषीहरूले नै आफ्नो मातृभाषा बोलिदिएन वा उनीहरूलाई त्यो अवसर नै प्राप्त भएन भने त्यो भाषा त त्यसै लोप भएर जाने हुन्छ। कसैले बचाउन सक्ने स्थिति नै हुदैन। त्यसैले एउटा मातृभाषा त हामीले अनिवार्य रूपमा पढ्नु पर्‍यो।

नेपालमा अरू विभिन्न जाति, विभिन्न भाषा, संस्कृति हुनुको कारणले राष्ट्रिय एकताको लागि पनि परस्परमा पनि साम्प्रदायिक सहिष्णुता हुनु पर्दछ, साम्प्रदायिक सदभावना हुनु, जोगाइनु पर्दछ। विभिन्न सम्प्रदायमा हामी विभाजित छौं। विभिन्न सम्प्रदायका रीतिथितिबारे हाम्रो ज्ञान हुनु पर्‍यो, उनीहरूको भाषा बारे ज्ञान हुनु पर्‍यो। उनीहरूसँग विचारकै आदान प्रदानको लागि पनि एउटा भाषा हामीले सिक्नु पर्दछ।

यसरी तीन वटा भाषा भयो।

अब यसमा निश्चित रूपमा, जस्तो काठमाडौंमा ती भाषीय नीति लागू गर्दा नेवारहरूले स्वेच्छाले एउटा अन्तर्राष्ट्रिय भाषामा अंग्रेजी, आफ्नो मातृभाषामा नेपालभाषा र अर्को राष्ट्रिय भाषा नेपाली सिक्ने हो, तर अंग्रेजी वा नेपाली भाषा नै सिक्नु पर्दछ भनेर लाद्दा खेरि चाँहि त्यो संविधानले होस्, कानूनले होस्, त्यो सैद्धान्तिक रूपमा प्रजातान्त्रिक भएन। त्यसकारण, यो नीति एउटा समाधान हुन सक्दछ भन्ने कुरा आइ रहेछ, त्यसमा म पनि सहमत छु। तर यसको लागि राष्ट्रिय स्तरमै छलफल हुनु पर्दछ।

***मंकाः स्वलले यो त्रिभाषीय नीतिलाई औपचारिक रुपमा लिएको त होइन?***

औपचारिक रुपमा होइन, छलफलको लागि चाहिं यो पेश गरिएको छ।




*अप्रजातान्त्रिताको विरोधमा*

यसलाई राजनीतिक शक्तिहरूले पनि गम्भीर रुपमा लिन सकेनन्, राज्यले पनि लिन सकेन, अर्थात् यहाँ साम्प्रदायिक दंगाहरू हुनु हुँदैन भन्ने हामी जस्तै सबैको सक्रियता भएन भने यो आन्दोलन साम्प्रदायिक रुपमा पनि जान सक्दछ।

***संस्कृत भाषा अनिवार्यताको कुरा जुन उठिरहेको छ, यस विषयमा सरकार आधिकारिक रुपमा मौन छ, तर पनि कांग्रेस वरपरका प्रायः मानिसहरू यसैलाई समर्थन गरेर गइरहेका देखिएका छन्। यस स्थितिमा यदि बलजफ्ती यो भाषालाई अनिवार्य बनाएर थोपरियो भने के स्थिति होला?***

मेरो विचारमा यो थोपर्ने संभावना प्रशस्तै रहेको छ। यस सम्बन्धी हाम्रो अनुभाव हेर्ने हो भने, धर्म सम्बन्धी जसरी संविधान निर्माण हुँदा थोपारियो। त्यसबेला वामपन्थीहरूले त्यहाँ विरोध गरेकै हुन्। तर विरोध हुँदाहुँदै पनि मन्त्रीमण्डलमा आउँदा बहुमतको आधारमा नै "हिन्दू अधिराज्य" भनेर राख्ने काम गरियो। प्रशासन क्षेत्रमा यसलाई अनिवार्य गराउन चाहनेहरूको प्रभुत्वको कारणले अहिले पनि यो लादिने संभावना ज्यादा छ। त्यसको लागि प्रयास भैराखेको देखिएको छ। त्यस्तै, त्यसको विरुद्धमा केही सभा-आमसभाहरू गर्दै प्रतिरोधात्मक कार्यक्रमहरू पनि भइरहेछन्। तैपनि विशेषै ठाउँमा पुग्दा खेरि यो कुरा फेरि पनि आउन सक्दछ भन्ने चिन्ता यहाँ फैलिएको छ।

तर लादियो नै भने, निश्चित रुपमा दुईवटा कुरा हुन सक्दछ जस्तो मलाई लाग्छ।

एउटा, यहाँ पंचायत जस्तो निरंकुशतापूर्ण तरीकाले दबाउने अधिकार यो सरकारलाई अहिले छैन। हिजोको स्थिति छैन। त्यसकारण विभिन्न जनजातिहरूद्वारा देशका विभिन्न ठाउँमा विरोधका कार्यक्रम हुन सक्दछन्। जनजातिहरू संगठित पनि भैसकेका छन्। यस्तो भएमा विभिन्न भाषा-भाषीहरू विभिन्न ठाउँमा एकीकृत रुपमा आन्दोलनमा जानु पर्दछ। साम्प्रदायिक भावनाहरू आउनु हुँदैन भन्ने हिसावले मंकाः स्वलः समेत भई केन्द्रीय संगठन नेपाल जनजाति महासंघ पनि तयार भैसकेको छ, जसले विभिन्न भाषा-भाषीहरूको प्रतिनिधित्व गरेको छ। यसरी हिजोको जस्तो स्थिति अहिले छैन। उनीहरूमा संस्कृत भाषा लादिएको भनेर अनुभव भैसकेको छ। त्यसकारण उनीहरू यसको प्रतिरोधमा आउन र आन्दोलनमा उठ्नको लागि तयार छन्। यस अवस्थामा अप्रजातान्त्रिक तरीकाले लाद्ने यो काम भयो भने यहाँ धेरै ठूला घटनाहरू घट्न सक्दछन्। घटनाहरू भन्नाले दुई किसिमको हुन् सक्दछन्- एउटा भाषिक आन्दोलनको रुपमा प्रजातान्त्रिक आन्दोलन, समानताको आन्दोलनको रुपमा विकसित हुन सक्दछ। यस्तो भयो भने त्यो सकारात्मक कुरा हुने भयो। वामपन्थी आन्दोलनसंग सम्बन्धित भएर विकसित भयो भने यो झन् सकारात्मक कुरा हो। तर होइन, यसलाई राजनीतिक शक्तिहरूले पनि गम्भीर रुपमा लिन सकेनन्, राज्यले पनि लिन सकेन, अर्थात् यहाँ साम्प्रदायिक दंगाहरू हुनु हुँदैन भन्ने हामी जस्तै सबैको सक्रियता भएन भने यो आन्दोलन साम्प्रदायिक रुपमा पनि जान सक्दछ। त्यसो भयो भने देशको लागि ठूलो दुर्भाग्य हुनेछ। यसमा मेरो फेरि पनि भन्नु के छ भने- राजनीतिक पार्टीहरू, जसले आफूलाई प्रजातान्त्रिक भनिरहेछन्, जसले आफूलाई कम्युनिष्ट भनिरहेछन्, उनीहरूले यो राष्ट्रिय समस्यालाई राजनीतिक र प्रजातान्त्रिक रुपमा समाधान गर्न सकेनन् भने यहाँ साम्प्रदायिक प्रवृत्ति विकास हुन सक्दछ, जुन हाम्रो जस्तो सानो मुलुकको लागि एक ठूलो दुर्भाग्य हुन सक्दछ। जातीय आधारमा हाम्रो मुलुक पनि सोभियत संघ जस्तै विखण्डन हुने भयो भने हाम्रो स्वाधीनता नै कमजोर हुन स्थिति पैदा हुनसक्छ।

***"संस्कृत" अनिवार्यतालाई लाद्न खोज्ने प्रवृत्ति जस्ता गैर प्रजातान्त्रिक विचारका विरूद्ध भैरहेका क्रियाकलापहरू कस्ता छन् र ती कस्ता हुनु जरुरी छ?***

यस विषयमा विभिन्न कार्यक्रहरू भैसकेका छन् र भैरकेका छन् तर मलाई लाग्छ- काठमाडौं उपत्यकामा मात्र यिनीहरू सीमित भैरहेछन्। यो राष्ट्रिय समस्या भएकोले काठमाडौंमा मात्र हैन विभिन्न जातिहरू, भाषाहरू भएका सबै ठाउँमा राष्ट्रिय छलफलको रुपमा अघि बढ्नु पर्छ। प्रतिकार गर्ने हो भने यो राष्ट्रिय रुपमा जानु पर्दछ।

राजनीतिक पार्टीहरूले यसलाई प्रजातान्त्रिक अभियानको एउटा अंग बनाउनु पर्दछ। साम्प्रदायिकता भडकाउन खोज्ने लुकेर बसेका तत्वहरू पनि हुनसक्छन्। तिनीहरूलाई हावी हुन नदिन यो व्यापक र राजनीतिक चरित्रको हुनै पर्दछ। यो कुनै नेपाल भाषा, तामांग वा अन्य भाषा बोल्नेहरूको मात्र आवाज हैन, प्रजातन्त्रप्रति आस्था राख्ने सबैको सरोकारको विषय बन्नु पर्दछ।❑

काठमाडौंबाट बुटवल, भैरहवा, पाल्पा, नेपालगंज, दाङ, पोखरा, भरतपुर (टाडी), हेटौंडा, वीरगंज, जनकपुर र त्रिशुली
जान आउन परे
साझा यातायातलाई
संझनुहोस्।
टिकट पाउने स्थान : सुन्धारा, काठमाडौं।

अन्तरवार्ता



# निजीकरण: यदि यो लागू गरिन्छ भने "योजना" भन्ने शब्द नै शब्दकोषबाट हटाइदिए हुन्छ

- गोविन्दप्रसाद लोहनी

*औद्योगिक नीतिले देशको समग्र अर्थतन्त्र र औद्योगिकरणको विकासको दिशामा निकै ठूलो महत्व राख्दछ। देशमा उद्योगहरू विकसित हुन्छन् कि हुदैनन्, तिनीहरू कुन दिशामा र कुन तरीकाबाट विकास गर्छन भन्ने सवाल त्यो देशको औद्योगिक नीतिमै भर पर्दछ। र उद्योग विकासको चरित्र र दिशाले देशको समग्र अर्थतन्त्रको चरित्र र दिशालाई नै प्रभावित पार्दछ। यसले कृषि, व्यापार लगायत समग्र जनजीवनलाई नै प्रभावित पार्दछ। मजदूरहरूको नियतिलाई यसले सबभन्दा धेरै प्रभावित पार्दछ।*

*अर्थतन्त्र र जनजीवनमा यति धेरै असर पार्ने नयाँ औद्योगिक नीति सरकारले सार्वभौम सत्ता संपन्न भनिएको संसदमै छलफल नगराईकन कार्यान्वयनमा ल्याएको छ। यो "प्रजातन्त्रवादी" सरकारको कति प्रजातान्त्रिक आचरण भयो, बेग्लै छलफलको विषय हो। तर आखिर यो त लागू नै भई सकेको छ। यो निकै महत्वपूर्ण विषय भएको हुनाले यस विषयमा हामीले व्यापक अन्तर्क्रिया चलाउने विचार गरेका छौं। यो अन्तर्क्रियाले यो नयाँ औद्योगिक नीति कस्तो छ भन्ने बारेमा मात्र होइन, यो कस्तो हुनु पर्ने हो भन्ने बारेमा समेत विचार स्पष्टता पैदा हुनेछ।*

*यस सन्दर्भमा हामीले यस पटक नेपालका दुई प्रशिद्ध अर्थविद गोविन्द प्रसाद लोहनी र डा. देवेन्द्रराज पाण्डेका विचारहरू प्रस्तुत गरेका छौं।*

***नयाँ औद्योगिक नीतिमा रहेका मुख्य अन्तर-विरोधहरू के के हुन्, तपाईंको दृष्टिमा?***

यो औद्योगिक नीतिले के पूर्वानुमान (Presuppose) गरेको छ भने, मानौं, नेपालमा औद्योगिकरण र विकासका पूर्वाधारहरू प्रशस्त छन्, विजुली, सडक, पानी प्रशस्त छ, नेपाल भारतद्वारा घेरिएको (India locked) छैन, समुद्र खालि ३०-४० मील मात्र टाढा छ।


पहिलो मुख्य कुरा त यो पूर्वानुमान आफैं निराधार छ। नेपालका वास्तविकता भने यसको उल्टो छ। नेपाल भारतद्वारा घेरिएको छ। समुद्रबाट नेपलको सीमाना सम्म आउन ८०० मील पार गर्नुपर्ने हुन्छ र सीमानाबाट देशका विभिन्न भागमा पुग्न, अझ पहाडि भेगमा पुग्न निकै खर्च लाग्दछ। त्यसैले नेपालको अर्थतन्त्र धेरै खर्चिलो अर्थतन्त्र (High Cost Economy) हुनेछ। यी यही कारणले प्रतिस्पर्धात्मक अर्थतन्त्र हुनै सक्दैन। यो प्रतिस्पर्धात्मक भयो भने छिमेकी मुलुकका सीमाना सम्म हुन सक्ला। त्यसैले नेपालले निर्यात बढाएर अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने संभावना एकदमै कम छ। नेपालले आफ्नो वास्तविकतालाई याद गर्ने हो भने आयात प्रतिस्थापन लाई नै मुख्य जोड दिनु पर्दछ। हाम्रो लामो समय सम्मको रणनीति यही हुनुपर्दछ। नेपालले नेपालकै कृषि, बन, खानी, विद्युत, हावा, माटो, ढुँगामा आधारित उद्योगको विकासमा विशेष जोड दिनु पर्दछ। हावाबाट पनि नाइट्रोजन सोसेर रासायनिक मल उत्पादन गर्न सकिन्छ। ढुँगाबाट सिमेन्ट उद्योगहरू खोल्न सकिन्छन्।

नेपालले के बिर्सनु हुन्न भने नेपाललाई अहिले नै विद्युत पुगेको छैन र ४-५ वर्ष भित्रै ५-७ लाख किलोवाट विद्युत निस्कने कुनै योजना कार्यान्वित हुन लागि रहेको छैन। अहिले थालियो भने ५-७ वर्ष पछि १-२ लाख किलोवाट विद्युत निकाल्न सकिएला, तर त्यो पनि थालियो भने न। थालिएको त छैन। त्यसैले नयाँ औद्योगिक नीतिले पूर्वानुमान गरे जस्तो गरी उद्योगहरू धमाधम नेपालमा खुले भने विद्युत आपूर्ति नै कसरी गर्ला! सडक नै कसरी पुर्‍याउला? मलाई आश्चर्य लागिरहेछ।

तर नयाँ औद्योगिक नीतिले भने निर्यातमूलक उद्योगहरूमा (Export Oriented Economy) मा जोड दिएको छ। यो नीति नै गलत छ किनकि यो नेपालको वास्तविकतामा आधारित छैन। मैले अघि नै भनें- नेपालले अहिले आयात प्रतिस्थापनमा नै मुख्य जोड दिन सक्दछ र दिनु पर्दछ। विस्तारै केही समय पछि हामी निर्यात गर्न सक्ने हुन सक्छौं, तर हाम्रो प्रतिस्पर्धात्मक बजार भारत, बंलादेश, पाकिस्तान र श्रीलंका जस्ता देशहरू हुन सक्छन् भन्ने हामीले भुल्नु हुँदैन। पश्चिमीमुलुकले दयामा छोडी दिएका, कृपामा छोडी दिएका गलैंचा र गार्मेण्ट जस्ता उद्योगमा हामीले हाम्रो औद्योगिकरणको रणनीति आधारित गर्नु हुँदैन। यसो गरेमा हामीले पछि ठूलो धोका खान सक्छौं। हाम्रो औद्योगिकरण हाम्रो वास्तविकता र हाम्रो वास्तविक क्षमतामा आधारित हुनु पर्दछ।

अहिलेको आद्योगिक नीति नेपालको वास्तविकता आधारित नभएर पश्चिमी राष्ट्र, विश्व बैंक, अन्तराष्ट्रिय मुद्रा कोष जस्ता वित्तीय संस्थाहरूको dictation (अन्ध नक्कल)। मा बन्यो। अनि त्यसमाथि भारतका अर्थमन्त्री मनमोहन सिंले पनि त्यही dictation स्वीकारी दिए पछि नेपालले आँखा चिम्लेर त्यसकै सिको गर्‍यो। तर भारत र नेपालको अर्थतन्त्रमा काफी अन्तर छ भन्ने कुरा हामीले भुल्यौं। भारतले खुलापन भित्र्याउन सक्छ किनकि उ सित अब आफ्नै औद्योगिक पूर्वाधार काफी मात्रामा छ। हामीभने १९०७ तिरको भारत र १९१० तिरको चीनको स्तरमा छौं भन्ने कुरा हामीले भुल्यौं।

निर्यातमुखी उद्योगको विकासको निम्ति नेपालको लागि जुन उच्चप्रविधि र त्यो प्रविधि संचालन गर्न सक्ने दक्ष जनशक्ति चाहिन्छ त्यो नै अहिले नेपालमा उपलब्ध छैन भन्ने कुरा हामीले भुल्यौं। जस्तो- वीर अस्पतालको क्याट्स्क्यानको मेशीन बिग्रँदा मर्मत गर्न सक्ने जनशक्ति हामीसित छैन। यो हामीले भुल्यौं। नेपालको नयाँ औद्योगिक नीतिको मुख्य अन्तरविरोध मेरो विचार मा यिनै हुन्।



उद्योग मन्त्री : अर्थतन्त्रलाई कता लैजाने?

***नयाँ औद्योगिक नीतिले क्रमवद्ध रूपमा संरक्षण हटाउँदै जाने घोषणा गरेको छ। यसलाई नि, यसलाई तपाईले कसरी हेर्नु भएको छ?***

क्रमबद्ध भनेको अनन्तकालको कुरा भयो। हामीले के भुल्नु हुन्न भने नेपालमा उत्पादन हुन सक्ने सारा कुराहरू भारतमा उत्पादन हुन सक्ने स्थिति, मौसमी स्थिति भारतमा छ। भारतले अहिले उच्च प्रविधि पनि अप्नाई सक्यो। त्यहाँको बजार ठूलो छ, पूँजी ठूलो छ र त्यसैले त्यहाँ उत्पादनको लागत निकै थोरै पर्दछ। संरक्षण हटाईदिने हो भने भारतीय मालसित हामीले प्रतिस्पर्धा नै गर्न सक्ने छैनौं। नेपालका उद्योगहरू एक एक गरी धराशायी हुनेछन् र नयाँ उद्योगहरू पनि खुल्न सक्ने छैनन्। त्यसैले नेपालमा उद्योगको विकास गर्ने हो भने संरक्षण त नभई हुँदैन। संरक्षण त जापान, चीन, भारत, अमेरिका, जर्मनी सबैले आफ्नो आफ्नो देशमा गर्दै आएका छन् नि।

***औद्योगिकरणले सरकारी उद्योगहरूको निजी-करणको नारा दिएको छ। त्यसमा तपाईंको दृष्टिकोण के छ?***

नेपालको संपूर्ण खेती र कृषि पदार्थको प्रशोधन उद्योग र अन्य हज्जारौं उद्योगहरू निजी क्षेत्रमै छन्। धेरै जसो बैंक र बीमा संस्थानहरू निजी क्षेत्रमै छन्। त्यस कारणले विविध कारणबाट सरकारी क्षेत्र (public sector) मा खुलेका २०/३० उद्योगहरूले निजी क्षेत्रको लागि औद्योगिक ठाउँ (Industrial Space) रोकेका छैनन्। यिनै २०/३० सरकारी उद्योगलाई पनि नीजि क्षेत्र मा दिनुको औचित्य के छ? के यसबाट नेपालमा उद्योगहरू थप हुन्छन् र?

अर्को कुरा, नेपालको निजी क्षेत्र चाउचाउ, पेप्सीकोला जस्ता साना उद्योगहरू मात्र खोल्न समर्थ हुँदै आएको छ। हेटौंडा सिमेण्ट कारखाना, उदयपुर सिमेण्ट कारखाना, कुलेखानी र मर्स्याङदी जल विद्युत आयोजना, नेपाल दूर संचार संस्थान जस्तामा निजी क्षेत्रको लगानी पर्खेर बस्ने हो भने त्यो लगानी क्षमता २१ औं शताब्दीको अन्तताक मात्र आउला। त्यस कारणले नेपालमा निजी-करणको नारा एउटा फेशन मात्र हो। जहाँ सम्म सर-कारी क्षेत्रका उद्योगहरू घाटामा गए, लागत उठेन (cost effective) हुन सकेन नि त भन्ने तर्क छ, सर-कारी क्षेत्रका उद्योगहरू पनि कसरी नाफामा चल्न सक्छन् भन्ने हेर्न, चीनमा लागू भई रहेको १३ सूत्रीय कार्यक्रम हेर्न एउटा प्रतिनिधि मण्डल चीनमा पठाई दिए हुन्छ। भारतमा लगभग ३०० वटा विशाल सरकारी उद्योगहरू जसमा लगभग ७ खरब रूपैयाँको लगानी छ, तिनीहरू

कसरी नाफामा चलिरहेछन्, त्यो हेर्न पनि एउटा प्रतिनिधि मण्डल भारत पठाए हुन्छ।

नेपालमा सरकारी क्षेत्रका उद्योगहरू रूग्ण पार्ने नेपालकै मन्त्रीहरू, प्रशासकीय अधिकारीहरू, सांसदहरू हुन्। यिनीहरूले गरेका नाना नाना किसिमका अनियमितता, भ्रष्टाचार र गैर जिम्मेवारीपनले गर्दा ती उद्योगहरू यिनका दुहुना गाई भएका छन्। दूध जति तिनले नै खान्छन्, देशलाई हात लाग्यो शून्य पार्छन र ऋण जति राज्यलाई बोकाई रहेछन्। यस रोगको उपचार गर्ने कि सरकारी उद्योग नै नीजी क्षेत्रलाई सुम्पने? अमेरिका जस्तो पूँजीवादी देशमा समेत Public utility का, सार्वजनिक हितका उद्योग व्यवसायहरू सरकारी क्षेत्रमै छन। अहिलेको यो निजीकरणको कुरा विश्व बैंक, अन्तराष्ट्रिय मुद्रा कोष को दवावले गर्दा नै गर्न लागिएको हो। यो गरियो भने सरकारको अर्थतन्त्र माथिको पकड नै खतम हुनेछ।

**हामी १९०७ तिरको भारत र १९१० तिर को चीनको स्तरमा छौं भन्ने कुरा हामीले भुल्यौं।**

**नेपालमा निजीकरणको नारा एउटा फेशन मात्र हो।**

जीवनका निम्ति नभई नहुने उपभोग्य वस्तुहरूमा, विकास निर्माणका सामग्रीहरूमा सरकारले वहुसंख्याक जनताको निम्ति, गरीव जनताको निम्ति सुरक्षा जालो (Safety net) नै खडा गर्न सक्ने छैन। त्यसो गरियो भने सरकारले योजना भन्ने शब्द नै शब्दकोषबाट हटाई दिए हुन्छ। योजना आयोग भंग गरीदिए हुन्छ किनकि अर्थतन्त्रको पकड त्यस पछि पूँजीपतिका हातमा जानेछ। सरकारले योजना बनाएपनि केही पनि गर्न सक्ने छैन।

***नयाँ औद्योगिक नीतिले नेपालमा खुला बजार प्रतिस्पर्धा भित्र्याउन लागेको छ। खुला बजार प्रतिस्पर्धा गरे पछि सबै कुरा आफ से आफ ठीक हुनेछ, उद्योगको विकास हुनेछ, भन्ने यसले पूर्वानुमान गरेको देखिन्छ। यो धारणा तपाईलाई कस्तो लाग्छ?***

नेपालमा एकीकृत राष्ट्रिय बजार नै छैन। देशको धेरै भागमा सडक नै पुगेका छैनन्। अनि नेपालका उद्योगपति र व्यापारीहरू पनि प्रतिस्पर्धाको सट्टा गुटबन्दी (Cartelization) गर्नमा अभ्यस्त छन् त्यसैले यहाँ प्रतिस्पर्धाको वातावरण नै छैन। नेपालका नीति निर्माताहरू भने उन्नाइसौं शताब्दीको शास्त्रीय अर्थशास्त्र (Classical Economics) को Perfect Market को काल्पनिक अवधारणाबाट ग्रस्त छन्।

नेपालमा आन्तरिक, देशभित्रै प्रतिस्पर्धा संभव छ र जरूरी छ। तर वाह्य प्रतिस्पर्धा गर्न संभव छैन। नेपालले जापान, जर्मनीसित प्रतिस्पर्धा गर्न खोज्नु संभव छैन। न त भारतैसित प्रतिस्पर्धा संभव छ। त्यसैले नेपालले आन्तरिक प्रतिस्पर्धामा जोड दिनु पर्दछ। सरकारले पनि यो प्रतिष्पर्धामा भाग लिन र हस्तक्षेप गर्न तयार हुनुपर्छ। अनि मात्र अर्थतन्त्रमा सरकारको पकड हुन संभव हुन्छ। सबै कुरा बजारको खुला प्रतिस्पर्धामा छोडी दिने हो भने उद्योगपतिहरूले र व्यापारीहरूले गूटबन्दी गरेर नाफाको निम्ति बजार भाउ भसक्क बढाइ दिन सक्छन्। ५-७ जना मुख्य व्यापारी मिले पछि यस्तो गुटवन्दी गर्नु संभव भई हाल्छ। त्यसैले यस्तो हुन नदिन सरकार पनि प्रतिस्पर्धामा , हस्तक्षेपमा उत्रनु पर्दछ।

नेपालले वाह्य प्रतिस्पर्धा पर्यटनमा गर्न सक्छ। केही नेपालमा वाहेक अन्यत्र नपाइने कुरामा गर्न सक्छ। नेपालले के भुल्नु हुन्न भने समुद्री किनारा भएको देशले मात्र विकासको एउटा स्तरमा पुगेपछि खुला बजार प्रतिस्पर्धा गर्न सक्छ।

***तपाईको चिन्ता मुताविक नेपालको औद्योगिकरण गर्ने हो भने नेपालले पूँजी र अत्याधुनिक प्रविधिको समस्या कसरी हल गर्न सक्छ त?***

पूँजीको समस्या आन्तरिक राजस्व परिचालन वढी गरेर गर्न सकिन्छ। नेपालले अहिले कूल गार्हस्थ उत्पादन (GDP) को ८/९ प्रतिशत भन्दा बढी राजस्व उठाउन सकेको छैन जबकि श्रीलंकाले २२ प्रतिशत, भारतले पनि २२ प्रतिशत, पाकिस्तानले १८ प्रतिशत उठाउँछ। निजी क्षेत्रलाई बढी वचत र लगानी गर्न प्रेरणा हुने वातावरण उत्पन्न गरेर, विदेशी लगानीकर्ताहरूलाई नेपालमा उद्योग व्यवसायमा लगानी गर्ने उत्प्रेरक वातावरण बनाएर र खास गरी भारतीयहरूलाई, किनकि अरू नेपालमा आउने कम संभावना छ। र वैदेशिक सहायता एवं कर्जा प्राप्त गरेर पूँजीको समस्या हल गर्न सकिन्छ।

जहाँ सम्म अत्याधुनिक प्रविधिको कुरा छ अत्याधुनिक प्रविधि भनेकै के हो? अत्याधुनिक उपकरण र मेशीनरी नै हैन र? यी वस्तुहरू अन्तराष्ट्रिय बजारमा बिकाउ छैनन् र? परमाणु बमको रकेट मिसाइलको टेक्नोलोजी मात्र किन्न पाइन्न। अरू त सबै किन्न पाइन्छ। हामीसित पैसा हुनुपर्छ। पैसा मात्र भयो भने अत्याधुनिक प्रविधि (latest technology) पनि किन्न सकिन्छ। हाम्रो हेटौंडा सिमेण्ट कार्खानाकै प्रविधि जमनीको अत्याधुनिक प्रविधि हो र भारतमा समेत यस्तो प्रविधि छैन। नेपालमा चाँहि अत्याधुनिक प्रविधि किन्न चाहिने अमूल्य विदेशी मुद्रा विलासिताका सामानहरू खरीद गरेर सिद्धयाउने चिन्तन छ। यो रोकिनु पर्दछ। अत्याधुनिक प्रविधि भित्र्याउनका लागि आफ्नो पेट कसेर भए पनि, अभाव सहेर पनि विदेशी मुद्रा बचाउनु पर्दछ। अनि मात्र हामीसित अत्याधुनिक प्रविधि खरीद गर्ने क्षमता हासिल हुन सक्छ। ❐

अन्तरवार्ता

# खुला बजार-अर्थतन्त्र हाम्रो समाजमा मेल खाँदैन



**भारतले हवाईजहाजभरि सुन बोकेर बेलायतमा बन्दकी राख्न गए जस्तै स्थिति नेपालमा पनि आउनेवाला छ**

-डा. देवेन्द्रराज पाण्डे

***औद्योगिक नीतिका मूल सिद्धान्तको रूपमा आएको खुला बजार प्रतिस्पर्धाको सिद्धान्तबारे तपाईको के धारणा छ? नेपालको परिप्रेक्ष्यमा त्यसको उपयुक्तता र प्रभाव कस्तो होला?***

नेपालको संवन्धमा मात्र होइन धेरैजसो विकासोन्मुख मुलुकहरूकै विकासको निम्ति यो उपयुक्त हुँदैन। Laissez Fair अर्थात बजारलाई पूरा छाँडी दिने व्यक्ति व्यक्तिको (Judgement) निर्णयलाई पूरा छोडी दिने भन्ने कुरा ग्राह्य हुन सक्दैन। यस्तो किनभने, खुला बजार अर्थतन्त्रको सिद्धान्त मुताविक-तीनवटा कुरालाई पूरा छोडी दिने कुरा हुन्छ-एउटा उपभोक्ता हुन्छ, अर्को उत्पादक हुन्छ र अर्को बजार। दुई वटा एजेन्ट हुन, अर्को मार्केट भयो। तिनीहरूलाई पूरा छोडी दिने कुरा हुन्छ। यो भन्ने वित्तिकै उद्योगको क्षेत्रमा के कस्तो उद्योग स्थापना हुन्छ वा स्थापना गर्ने भन्ने सवालमा तपाई हामीले र सरकारले कपाल दुखाउनु परेन। यस्तो कुरा कसरी ग्राह्य हुन सक्छ?

सबै कुरा बजारमा छोडिदिने हो भने लिपस्टीक बनाउने उद्योगलाई र मेशीन बनाउने उद्योगलाई एउटै स्तरमा राख्दै हेर्ने कुरा हुन जान सक्छ। यी दुबै कुरालाई एउटै स्तरमा राखेर कसरी व्यवहार गर्ने? उपभोग्य सामग्रीहरूमा पनि केही संपन्न वर्गले मात्र उपभोग गर्ने र आम जन साधारणले उपभोग गर्ने सामग्रीलाई कसरी एउटै स्तरमा राखेर हेर्ने? बजारलाई त केही फरक पर्दैन। जहाँ माग हुन्छ, त्यहाँ आपूर्ति बढ्छ, उत्पादकले त्यही कुरा उत्पादन गर्छ। यो कुरा अर्थशास्त्रमा त मिल्ला, खुल्ला बजार अर्थतन्त्रले ठीक गर्छ भन्ने विचार नेपालमा पनि नभएको होइन, उनीहरूलाई यो ठीक लाग्ला, किनकि विश्व बैंक र आई.एम.एफ. (अन्तर्राष्ट्रिय मुद्रा कोष) को म्यानुयलमा यो लेखिएको छ। तर मेरो विवेकले यो ठीक ठहऱ्याउन सक्दैन। यो हाम्रो समाजसँग मेल खाँदैन। बजारलाई छोडी दिने हो भने पछि सरकारको निम्ति जम्मै न्यूट्रल (तटस्थ) हुनुपऱ्यो। विदेशी विनीमय संवन्धी नीति न्यूट्रल हुनुपऱ्यो। लाइसेन्स लिने प्रणाली त रहनु नै भएन। Tariff (कर, भन्सार महशूल) संवन्धी नीति न्यूट्रल हुनु पऱ्यो- न्यूट्रल हुनु पऱ्यो- भन्नुको मतलब सरकारी विदेशी विनीमय संवन्धी नीतिले, ट्यारीफ संवन्धी नीतिले कुन माल स्वदेशमा उत्पादन मात्र गर्ने या नगर्ने र सो माल कहाँबाट कसरी गर्ने भन्ने कुरालाई प्रभावित गर्नु भएन। त्यो पूरै बजारलाई छोडी दिनु पऱ्यो।

खुला बजार अर्थतन्त्र भनेको open trade policy, free trade policy (खुला व्यापार नीति, स्वतन्त्र व्यापार नीति भनेको) पनि हो। ट्यारिफ व्यारियर अर्थात करको पर्खाल जति कम भयो बजार उति मुक्त हुन्छ। त्यो अवस्थामा नेपालमा उद्योगहरू फस्टाउन

सक्दै सक्दैनन्। जुन उद्योगलाई वास्तवमा संरक्षण चाहिन्छ उसले संरक्षण नै पाउँदैन। कुन माललाई हाम्रो समाजले बढ्ता ग्राह्यता दिने, कुन वस्तु र सेवालाई हामीले बढ्ता ग्राह्यता दिने भन्ने कुरा गर्नै पाइएन। यस्तो कुरा हाम्रो जस्तो समाज व्यवस्थालाई ग्राह्य हुने कुरै भएन।

हाम्रो समाजमा उत्पादनको साधनको साथ साथ आयको वितरण पनि असमान छ। भूमिको वितरण पनि असमान छ। यो स्थितिमा खुला बजारमा ती वस्तुहरूको मागको आपूर्ति हुन्छ, जसको माग बजारमा बढी हुन्छ। बजारमा माग कसले देखाउँछ? – जो सित क्रय शक्ति छ, जो धनी र संपन्न छ, उसले। यसले गर्दा आपूर्ति पनि विकृत हुन जाने हुन्छ। जोसित क्रय शक्ति छैन ऊसित क्रय शक्ति बढाउने काम त बजारले गर्दैन। त्यो क्रय शक्ति बढाउन त रोजगार नै बढाइनु पर्ने हो। रोजगारी बढाउने सवालमा यो औद्योगिक नीतिमा कुनै प्रकारको प्राथमिकता दिइएको छैन।

**अन्यत्रको अन्धाधुन्द नक्कल नै गर्ने हो भने हाम्रो विवेकको कुनै जरूरी नै भएन। ४/५ जना एकाउण्टेण्ट राखेर देश चलाए भई हाल्यो नि। अर्थमन्त्री पनि किन चाहियो?**

यो औद्योगिक नीतिले सबैभन्दा धेरै प्राथमिकता दिएको छ – निर्यातमूलक उद्योगलाई। ठीकै छ, निर्यात बढाइयोस्। तर निर्यात भन्दा प्रमुख कुरा त रोजगारी हो, जुन उद्योगले सबभन्दा बढी रोजगारी दिन्छ उसैलाई सबभन्दा बढी प्रोत्साहन- प्राथमिकता दिइनु पर्ने हो। निर्यात बढाउने उद्योगलाई के के सुविधा दिने भन्ने संबन्धमा यो औद्योगिक नीतिमा एउटा परिच्छेद नै दिइएको छ। तर रोजगारी दिने उद्योगलाई दुई वर्षको आयकर छूट दिने भन्ने कुरा बाहेक केही प्रोत्साहन छैन।

यो औद्योगिक नीतिको Premise (आधार) नै गलत छ। यसको शुरूआत नै गलत किसिमले गरिएको छ। विश्व अर्थतन्त्रको जुन असमान चरित्र छ, त्यसलाई पनि लुकाउने, महत्व दिने किसिमले बाहिरबाट यो ल्याइएको छ। आखिर नेपालमा उद्योगको विकास किन भएन? त्यसको मूल समस्या अर्कै छ। यो मूल समस्यापट्टि ध्यान नदिएर नयाँ नयाँ कुराको प्रयोग गरेमा ठीक हुन्छ भन्ने प्रवृत्ति मुताविक यो औद्योगिक नीति लादिएको छ। त्यसैले त यसलाई मैले विक्षिप्त भनेको हुँ।

***हाम्रो अर्थतन्त्रको अहिलेको विकास स्तर मुताविक निर्यात मूलक उद्योगलाई सबैभन्दा बेसी प्राथमिकता दिनु उपयुक्त छ? या हुनु पर्ने के थियो?***

मुख्य प्राथमिकता त रोजगारी बढाउनुलाई दिइनु पर्थ्यो। रोजगारी बढाउने कुरालाई मूल उद्देश्य मानेपछि त्यो सिलसिलामा निर्यात बढ्छ भने त्यो पनि ठीकै छ। होइन, आयात मात्र प्रतिस्थापन गर्छ भने त्यो पनि ठीकै छ।

तर यहाँ उद्योग नीति र बजेटमै अन्तरविरोध छ। उद्योग नीतिले निर्यातलाई जोड दिएको छ। बजेटले चाहिं आयात बढाउने कुरा गरेको छ। विलासिताका सामग्रीको पनि भन्सार महसूल घटाउनु भनेको के हो? त्यो आयात बढाऊ भनेको होइन? कतिपय उद्योगहरूले पाउनु पर्ने संरक्षण पनि नपाउने गरीदिनु भनेको उद्योग विकास गर्न खोजेको भन्न मिल्यो र?

नेपालमा पंचायती व्यवस्थाको कालमा उद्योग विकास हुन नसक्नुको मूल कारण के हो भने- सरकारले उद्योगलाई होइन व्यापारलाई प्राथमिकता दियो। प्राथमिकता कसरी दियो भने – विदेशबाट सामान ल्याऊ। सक्छौ भने भारतमा लगेर बेच। भारतीय मुद्रा अलि अलि आउँछ, सरकारलाई पनि राजस्व आउँछ, टिपन-टापन गर्ने मानिसलाई पनि पैसा हुन्छ। त्यो अनुसार नीति बनाउनाको कारणले नेपालीसित जुन जाँगर बुद्धि र उद्यमशीलता थियो त्यो जम्मै व्यापारमा खर्च भयो। कुनै वैध व्यापार कुनै अवैध व्यापार। उद्यमशीलता को भने विकास नै भएन। अहिले वर्तमान सरकारले पनि व्यापारलाई नै प्राथमिकता दिने प्रकारको बजेट ल्याएको छ। पटापट आयात गर्दा नै फाइदा हुन्छ भने, नयाँ उत्पादन पहिल्याउने, नयाँ प्रविधि अप्नाउने, बजार पहिल्याउने, त्यहाँ गएर प्रतिस्पर्धा गर्ने भन्ने कुरामा को टण्टा गरेर बस्छ? यस्तो अवस्थामा सरकारले यस्तो व्यापारमुखी बजेटले निर्यात बढाउँछ भन्ने कुरामा पनि मलाई शंकै छ। बढाए पनि समय लाग्छ। यसरी आयात बढाउँदै लगेपछि ८/९ वर्षमा विदेशी मुद्राको सञ्चिति नै सिद्धिन्छ, त्यसले धान्नेवाला छैन। अनि भारतको अर्थतन्त्र मन्त्रीले हवाइजहाज भरी सुन राखेर लण्डनमा वन्धकी राख्न लानु परेको जस्तो स्थिति नेपालमा पनि आउँछ। विदेशी मुद्राको चाप पर्न थाले पछि बजार अर्थतन्त्र- उदारवादी अर्थ नीति अनुसार मुद्राको अवमूल्यन गर्नु पर्‍यो। किनकि विदेशी मुद्राको माग त बढ्छ तर आपूर्ति बढ्दैन किनकि निर्यात बढ्दैन। त्यसो भए पछि विदेशी मुद्राको भाउ बढाउनु पर्‍यो। त्यो भाउ बढाउँदा सर्व साधारणले उपभोग गर्ने मालमा पनि मुद्रा अवमूल्यनको चाप पर्ने भो। यस्तो कुरा हामीले आफ्नो विवेक अनुसार निर्णय गर्न पाएनौ, उदारवादी अर्थतन्त्रले गर्दा। नेपालमा त Rule of the thumb (हचुवा शासन), लागु हुने भयो- विदेशी बैंकहरूको। यस्तै Rule of the thumb गर्नु पर्ने भए हामीलाई बहुदल नै दिन चाहिन्थ्यो? अन्यत्रको अन्धाधुन्द नक्कल नै गर्ने हो भने हाम्रो विवेकको कुनै जरूरी नै भएन। ४/५ जना एकाउण्टेण्ट राखेर देश चलाए भई हाल्यो नि। अर्थमन्त्री पनि किन चाहियो?

***नेपालको उद्योग विकासको स्तर, औद्योगिकरणको वास्तविकतालाई र भौगोलिक स्थितिलाई ध्यानमा राख्ने हो भने उद्योग नीतिमा हुन पर्ने आधार भूत कुराहरू चाहिं के हुन त?***

नेपालको वास्तविकतालाई ध्यानमा राख्ने हो भने उद्योगलाई यसरी एउटा instrument (साधन)को रूपमा छोड्नै मिल्दैन। Instrument भन्नुको मतलव के हो भने- कस्तो उद्योग स्थापना हुन्छ? विदेशीले स्थापना गर्छ कि स्वदेशीले स्थापना गर्छ? यस्तो कुरामा सरकारलाई कुनै मतलव छैन- सरकारले नियम अनुसार लाइसेन्स दिने हो, यो यो सुविधा हामीले दिन्छौं जजसलाई जे उद्योग खोल्नु पर्छ खोल भनी दिन्छ – यही त हो नयाँ औद्योगिक नीतिमा भएको सार कुरा।

**यहाँ उद्योगमा सरकारी नियन्त्रण विफल भएको छैन। विफल भएको त सरकारी भ्रष्टाचार हो, पंचायती व्यवस्था हो।**

यस्तो गरेर छोड्नु मिल्दैन। सरकारले प्रमुख भूमिका निर्वाह गर्नु पर्छ। उद्योग विकास योजनावद्ध हुनु पर्छ। त्यो गर्ने क्रममा सरकारसित उद्योग विकास संवन्धी दीर्घकालीन रणनीति हुनु पर्‍यो। दीर्घकालीन रणनीति कस्तो आउनु पर्‍यो भने- हाम्रो स्रोतहरू के के हो? हामीसित भएका साधन, सीप प्रविधि विकास गर्न सक्ने कुरा के-के छन्? संभावित बजारहरू कुन हुन्? त्यसको आधारमा क्रमिकता (sequence) को रूप र, अन्तर संबन्धको रूप कस्तो उद्योगहरूको कसरी विकास गर्ने भन्ने कुराको योजना हुनु पर्‍यो। यस्तो योजना ३० वर्षमा पंचायती व्यवस्थाले गर्दै गरेन। त्यो गरेन भनेर, विफल भयो भन्न पाइदैन। यहाँ कुनै उद्योग-नीति विफल भएको छैन किनकि योजना छँदै थिएन त, के विफल हुनु? यहाँ उद्योगमा सरकारी नियन्त्रण विफल भएको छैन। विफल भएको त सरकारी भ्रष्टाचार हो, पंचायती व्यवस्था हो।

जापानको उद्योग विकास पनि नियोजित र योजनावद्ध ढंगले भएको थियो। त्यस्तै दक्षिण एशियाका मुलुकको उद्योग विकास पनि। कोरियाको विकास पनि। पूरा सरकारको नियन्त्रणमा, सरकारले नियोजन गरेको नियोजित पद्धति अनुरूप उनीहरूको उद्योग विकास भएको थियो। हरेक उद्योगको Forward linkage र Backward linkage राखेर, अत्याधुनिक प्रविधि अप्नाउने उद्योगसित रोजगारी बढाउने उद्योगको संवन्ध कसरी गराउने?- यसको समेत योजना गरेर उनीहरूको उद्योगको विकास भएको थियो। यही मुख्य कुरो- रणनीति योजना अहिलेको यो उद्योग नीतिमा छैन।

यही योजना नहुनाले घरेलु उद्योगसम्मले पाउनु पर्ने प्रोत्साहन पनि यो उद्योग नीतिमा दिइएन। घरेलु उद्योगलाई परम्परागत घरेलु उद्योग भनेर परिभाषित गरियो। बेरोजगारीको जुन हाम्रो संरचना छ, त्यसलाई हल गर्न सानातिना उद्योगहरू, घरेलु उद्योगहरूलाई नै उपायको रूपमा प्रोत्साहित, विकास गर्नु पर्ने हुन्छ। तर यो उद्योग-नीतिमा ठूला उद्योग र साना घरेलु उद्योग दुवैलाई एउटै खालको उपचार दिइएको छ। अनि कसरी घरेलु उद्योगको विकास हुन्छ?

अर्को सवाल संरक्षणको हो। संरक्षण नभई हाम्रो मुलुकमा उद्योग क्षेत्रले विकास गर्न सक्दैसक्दैन। वरू ५ वर्ष संरक्षण दिएपछि यो उद्योगले यो यो किसिमले अरू उद्योगहरूलाई पनि तानेर ल्याउन सक्छ भन्ने योजना हुनु पर्‍यो। योजना भनेकै यही त हो नि! तपाई हेर्नुहोस्, संरक्षण नीति जापानमा पनि छ, अमेरिकामा पनि छ र पूरै यूरोपमा छ। जापान नै अमेरिकाको झगडा र यही संरक्षणको सवाललाई लिएर भईरहेको छ। अरू सारा विदेशी कुराबाट प्रभावित हुने हाम्रो सरकार संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको यस वर्षको Human Development Report बाट किन प्रभावित हुँदैन? त्यसमा लेखिएको छ – विकसित देशको संरक्षण नीतिले गर्दाखेरी विकासोन्मुख मुलुकहरूलाई वर्षको ५०० अरब डलर घाटा छ। यो किन सरकारले हेर्दैन? विकसित मुलुकहरूले विकासोन्मुख

बाँकी पृष्ठ ४८ मा

# के खुला बजार-अर्थतन्त्रले उत्पादन बढाउँछ?

## अमेरिका, बेलायत, फ्रान्स, जर्मनीको अर्थतन्त्रको गत २५ वर्षको हालतको विश्लेषण

अहिले अमेरिका र बेलायत जस्ता मुलुकहरू संसार भरी खुला बजार-अर्थतन्त्रको महिमा बखान गर्नमा तल्लीन छन्। विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोष (IMF) संसारका सबै अविकसित मुलुकहरूलाई सिफारिश गर्दैछ - विकास गर्ने हो भने खुला बजार-अर्थतन्त्र अप्नाऊ। खुला बजार-अर्थतन्त्रलाई यस्तो जादूगरी हतियारका रूपमा बढाइ चढाइ गरिंदैछ, मानौं त्यो अप्नाउने वित्तिकै उत्पादनले त छू मन्तरमै हनुमान फड्को मारी हाल्छ।

सबैभन्दा ठूलो अन्तर्विरोध त के हो भने खुला बजार-अर्थतन्त्रको प्रवक्ता भएका कुनै मुलुकमा पनि वास्तवमा खुला बजार छैन। हामी पत्रिकामा बग्रेल्ती समाचारहरू पढ्न पाउँछौं - अमेरिकाले जापानी सामानहरूलाई आफ्नो बजारमा बेरोकटोक प्रवेश गर्न दिई रहेको छैन। अमेरिकी बजार आफैं जापानी सामानको आयातको निम्ति खुला हुन सकेको छैन। त्यहाँ अनेकौं प्रतिबन्धहरू लगाइएका छन्। त्यही हालत यूरोपेली आर्थिक समुदाय (EEC) अन्तर्गतका राष्ट्रहरूको छ। उनीहरू जापानी सामानको निम्ति आफ्नो बजार खुला छोड्न तयार छैनन्। केही महिना अघि मात्रैको कुरा हो, अमेरिकी राष्ट्रपति जर्ज बुश अमेरिकी कार निर्माताहरूको विक्रेता प्रतिनिधि झैं बनेर जापानमा अमेरिकी कारको निर्यातमा रहेको बाधा अड्चन हटाउन जापान गएका थिए। यसको मतलव जापानी बजार पनि अमेरिकी सामानको निम्ति पूर्ण रूपले खुला हुन सकेको छैन।

तथापि नेपाल भने नयाँ मुसलमानले बढी प्याज खाए झैं नेपाली कांग्रेसको नेतृत्वमा अहिले खुला बजार-अर्थतन्त्रको ठूलो हिमायती बन्न पुगेको छ। उसले खुला बजार-अर्थतन्त्रलाई यसरी पेश गरिरहेछ मानौं, खुला बजार-अर्थतन्त्र अप्नाए पछि नेपालको उत्पादन स्वतः बढ्न थाल्नेछ। नेपालका सारा आर्थिक समस्याहरू तुरुन्तै समाधान हुनेछन्।

यो सपना कत्तिको साकार होला? के नेपालको उत्पादनमा खुला-बजार अर्थतन्त्रले आमूल प्रगतिशील अन्तर ल्याउला? यी प्रश्नहरूको सही उत्तर पाउनको निम्ति हामीले खुला बजार-अर्थतन्त्रका प्रमुख र मूलतः यही अर्थतन्त्र आफूले लागू गरेको दावी गर्ने मुलुकहरूको अर्थतन्त्र र उत्पादनको वास्तविक हालत थाहा पाउनु निकै श्रेयस्कर हुनेछ। त्यसैले आउनुहोस्, यस पटक अमेरिका, बेलायत, जर्मनी, फ्रान्स जस्ता मुलुकहरूको १९६५ देखि अहिले सम्मको उत्पादनको वास्तविक हालत नियालौं।

**खुला बजार अर्थतन्त्रका विश्व-व्यापी प्रचारकर्ता भएका यी सबैजसो मुलुकहरूमा कृषि उत्पादन र औद्योगिक उत्पादन आफैं अत्यन्त न्यून र संकटग्रस्त अवस्थामा छ।**




*पूँजीवाद झैं फ्याक्ट्रीहरू पनि खाली खाली छन्! (लण्डनको दृष्य)*

### कृषि उत्पादन वृद्धि दर

अमेरिकाको १९६५ देखि ८० सम्मको १५ वर्षमा कृषि क्षेत्रको औसत कूल वार्षिक बृद्धि दर १ प्रशित मात्र रह्यो। १९८० देखि १९८९ सम्मको अवधिमा यो ३.२ प्रतिशत रह्यो। जर्मनीको पनि १९६५ देखि ८० सम्मको अवधिमा औसत वार्षिक वृद्धि दर १.४ प्रतिशत मात्र रह्यो र पछिल्लो १९८० देखि ८९ सम्मको अवधिमा पनि १.६ प्रतिशत मात्र। सबैभन्दा विजोगको स्थिति त बेलायतको रह्यो। उसको १९६५-८० सम्मको १५ वर्षको समयावधिमा कृषि उत्पादन बढ्नुको सट्टा घटेर औसत वार्षिक वृद्धि दर (-) २.८ प्रतिशत रह्यो। र १९८०-८९ सम्मको अवधिमा त्यो भन्दा पनि झण्डै तीन गुना घटेर वार्षिक सरदर (-) ७.२ प्रतिशत रह्यो। फ्रान्सको यही पछिल्लो अवधिको औसत वार्षिक वृद्धि दर २.४ प्रतिशत मात्र रह्यो। जापानको पनि १९६५ देखि ८० सम्मको अवधिमा वार्षिक कृषि उत्पादन वृद्धि दर (-) ०.६ प्रतिशत रह्यो र १९८० देखि ८९ सम्मको समायावधिमा ०.४ प्रतिशत। (संपूर्ण तथ्यांकको स्रोत : विश्व बैंकको World Development Report 1991)

यसरी यी तथ्यांकहरूले के देखाएका छन् भने खुला बजार-अर्थतन्त्रमा यी मूल प्रवक्ता मुलुकहरू मध्ये नै प्रत्येक मुलुकमा विगत २५ वर्षको दौरानमा कृषि उत्पादन गंभीर रूपले संकटग्रस्त अवस्थामा छ।

तालिका - १

**कृषि उत्पादन वृद्धि दर**

| औसत वार्षिक - प्रतिशतमा | अमेरिका | जर्मनी | बेलायत | फ्रान्स | जापान | चीन |
|---|---|---|---|---|---|---|
| १९६५-८० को समयावधिमा | १.० | १.४ | (-)२.८ | .... | (-)०.६ | २.८ |
| १९८०-८९ को समावधिमा | ३.२ | १.६ | (-)७.२ | २.४ | ०.४ | ६.३ |

यसको ठीक विपरीत, चीनमा १९६५ देखि १९८० को यही अवधिमा कृषि उत्पादन वृद्धि यी सबै देशको भन्दा बढी अर्थात २.८ प्रतिशत रहेको छ। १९८०-१९८९ मा पनि चीन यी देशहरू भन्दा धेरै बढी ६.३% ले कृषि उत्पादन बृद्धि गर्न सक्षम रह्यो।

### औद्योगिक उत्पादन वृद्धि दर

अमेरिका अहिले विश्वभरी खुला बजार-अर्थतन्त्रको प्रमुख प्रवक्ता र विचार निर्यातकर्ता बनेको छ। तर त्यही अमेरिकाको १९६५ देखि ८० सम्मको १५ वर्षको अवधिमा औद्योगिक उत्पादन बृद्धि दर फगत १.७ प्रतिशत मात्र रह्यो। १९८० देखि ८९ सम्मको अवधिमा त्यो थोरै बढेर २.९ प्रतिशत पुग्यो। तर १९९० मा पनि औद्योगिक उत्पादन बृद्धि दर १.० प्रतिशत मात्र रह्यो। (हेर्नु होस् The World Fact Book 1991, CIA, पृष्ठ ३२५) बेलायतको औद्योगिक उत्पादन बृद्धिदर गएको २५ वर्षमा साम्राज्यवादी मुलुक मध्ये सबैभन्दा न्यून रह्यो। त्यो १९६५ देखि ८० सम्मको समावधिमा (-) ०.८ प्रतिशत र १९८० देखि १९८९ को अवधिमा (-) ०.६ प्रतिशत रह्यो। जर्मनीको १९६५ देखि ८० सम्मको अवधिमा बृद्धि दर २.८ प्रतिशत रहेको थियो तर ८० देखि ८९ को समयावधिमा त्यो निकै घटेर ० प्रतिशतमा झर्‍यो। यस्तै स्थिति फ्रान्सको पनि रह्यो। फ्रान्सको पछिल्लो समयावधिमा औद्योगिक उत्पादन बृद्धि दर फगत ०.३ प्रतिशत मात्र रह्यो। यी सबै मुलुकहरू मध्ये औद्योगिक उत्पादन बृद्धि दर उच्च रहेको मुलुक जापान मात्र रहेको छ। जापानमा अघिल्लो समायावधिमा वार्षिक उत्पादन वृद्धि दर ७.४ प्रतिशत र पछिल्लो समयावधिमा ५.२ प्रतिशत रहेको छ।

चीनसंग दाँज्ने हो भने, यी सबै मुलुकहरूको आद्योगिक उत्पादन बृद्धिदर चीनको भन्दा तीन गुना भन्दा पनि कम रहेको पाइन्छ। १९६५-८० को अव...मा १० प्रतिशतले र १९८०-८९ अवधिमा १२.६ प्रतिशतले चीनको औद्योगिक उत्पादन बृद्धिदर हुनुले यो प्रष्ट पारेको छ।

तालिका - २

**औद्योगिक उत्पादन वृद्धि दर**

| | अमेरिका | जर्मनी | बेलायत | फ्रान्स | जापान | चीन |
|---|---|---|---|---|---|---|
| १९६५-८० सम्मको अवधिमा | १.७ | २.८ | (-)०.८ | .... | ७.४ | १०.० |
| १९८०-८९ सम्मको अधिमा | २.९ | ०.० | (-)०.६ | ०.३ | ५.२ | १२.६ |

स्रोत : The World Bank, उही

## महँगी वृद्धि दर र प्रति व्यक्ति राष्ट्रिय उत्पादन वृद्धि दरको तुलना

यी मुलुकहरूमा वार्षिक प्रति व्यक्ति कूल राष्ट्रिय आय वृद्धि दर र महँगी बृद्धि दरको अनुपात दाँजेर हेर्ने हो भने त्यो निकै भयावह देखिन्छ। उदाहरणका लागि अमेरिकामा प्रति व्यक्ति वास्तविक राष्ट्रिय उत्पादन वृद्धि दर १९६५ देखि १९८९ सम्मको अवधिमा फगत औसत १.७ प्रतिशत रह्यो। तर त्यही अवधिमा मुद्रा स्फीतिको वार्षिक औसत वृद्धि दर भने ५.१ प्रतिशत रह्यो। यसको मतलव के भयो भने यो अवधिमा औसत अमेरिकीहरूको आय भन्दा महँगी लगभग ४ गुना बढी वृद्धि भयो। यो भन्दा चर्को फासला त अझ *बेलायतीहरूको* रहेको छ। बेलायतीहरूको प्रति व्यक्ति कूल राष्ट्रिय उत्पादन वृद्धि दर १९६५ देखि १९८९ सम्मको समयावधिमा फगत २ प्रतिशत रहेको छ। तर त्यही समावधिमा वार्षिक महँगी वृद्धि दर भने ८.५ प्रतिशत रहेको छ। यसले के देखाएको छ भने बेलायतीहरूको वार्षिक प्रति व्यक्ति आय भन्दा महँगी ४ गुना भन्दा पनि बेसी अनुपातमा बढ्ने गरेको छ। फ्रान्सेलीहरूको यो समावधिमा प्रति व्यक्ति राष्ट्रिय उत्पादन वृद्धिदर २.४ प्रतिशत मात्र रहेको छ। तर महँगी वृद्धि दर भने ७.५ प्रतिशत रहेको छ। यो पनि आय भन्दा महँगी तीन गुना भन्दा पनि वेसी बढेको कुराको प्रत्यक्ष उदाहरण हो। आय र महँगीमा थोर-बहुत सन्तुलन जापानीहरूको र जर्मनहरूको मात्र भेटिन्छ। जापानीहरूको यो समावधिमा प्रति व्यक्ति राष्ट्रिय उत्पादन वृद्धि दर ४.१ प्रतिशत रहेको छ र महँगी वृद्धि चाहिं ४.६ प्रतिशत।

तलिका - ३

खुला बजार अर्थतन्त्रहरूको हिमायती मुलुकहरूमा प्रति व्यक्ति आय र मुद्रास्फीतिको वृद्धिको अनुपात (१९६५-१९९० को समयावधिमा)

| | अमेरिका | जर्मनी | बेलायत | फ्रान्स | जापान |
|---|---|---|---|---|---|
| बार्षिक मुद्रा स्फीति वृद्धि दर | ५.० | ३.९ | ८.५ | ७.२ | ४.६(%) |
| बार्षिक प्रति व्यक्ति राष्ट्रिय उत्पादन वृद्धि दर (प्रतिशतमा) | २.७ | २.४ | २.० | २.४ | ४.१ |

जर्मनीको उत्पादन वृद्धि दर २.४ र महंगी वृद्धि ३.९ रहेको छ।

स्रोत: The World Bank, World Development Report 1990.

यी तथ्यांकहरूले सबैजसो साम्राज्यवादी मुलुकहरूमा त्यहाँका औसत नागरिकहरूको जीवन झन् झन् अभावग्रस्त भएको देखाएको छ। र यो सबैभन्दा वेसी अमेरिका र बेलायत जस्ता मुलुकहरूमा नै भएको देखिएको छ। किनकि यी मुलुकहरूमा विगत २५ वर्षको समावधिमा नागरिकहरूको आम्दानी भन्दा महँगी लगभग ४ गुना वृद्धि भएको छ।

यी तथ्यांकहरूले के छर्लंग पारेका छन् भने खुला बजार-अर्थतन्त्रका विश्वव्यापी प्रचारकर्ता भएका यी सबैजसो मुलुकहरूमा कृषि उत्पादन र औद्योगिक उत्पादन आफै अत्यन्त न्यून र संकटग्रस्त अवस्थामा छ। जनसंख्या जुन अनुपातमा बढि रहेको छ, महँगी जुन अनुपातमा बढिरहेछ त्यो अनुपातमा उत्पादन बढिरहेको छैन। अमेरिका त अहिले डरलाग्दो आर्थिक मन्दी भोगिरहेछ। १९९० मा उसको विदेशी ऋण मात्र ५२१ अरब डलर पुगेको छ। (हेर्नुहोस् The World Fact Book, 1991, CIA) वार्षिक व्यापार घाटा १२२.३ अरब डलर पुगेको छ। (स्रोतः उही) बजेट घाटा १९९१ मा ३५० अबर डलर पुगेको छ। त्यहाँ प्रत्येक हप्ता १५०० वटा कंपनीहरू टाट पल्टदै जाँदै छन्। यसरी टाट पल्टेका फर्म र उद्योगहरूको संख्या ६० हजार भन्दा वेसी पुगेको छ। (हेर्नुहोस् वेइजिंग रिभ्यू मई १९९१)

यसरी खुला बजार-अर्थतन्त्रका हिमायती र मूल प्रवक्ता मुलुकहरूको आफ्नै उत्पादन ठीक ठेगानामा छैन। तथापि अन्तर्विरोधी कुरा के हो भने यिनीहरू विश्व भरका अविकसित मुलुकहरूलाई खुला बजार अर्थतन्त्रको ओखती सिफारिश गरिरहेछन्। के यस्तो ओखती प्रभावकारी हुने संभावना हुन्छ; जसको प्रभावकारिता उपर डाक्टर आफैंलाई विश्वास छैन? ❑


जीवनको अमूल्य उपहार

बिगी जनरल ट्रेडिंग कम्पनी प्रा.लि.को अनौठो कार्यक्रम...


बिगी धनराशि फिर्ता बम्पर

BIGEE MONEY BACK BUMPER

मात्र सय रूपैयाँले

राजधानीमा ६० वटा घर

तथा अन्य लाखौं नगद उपहार



एक पटक मात्र रू. १००।- बुझाए पुग्ने।

पटक-पटक बुझाईरहनु नपर्ने।

एकै सदस्यले ६० पटकसम्म उपहार कार्यक्रमा भाग लिइरहन पाउने।

कार्यक्रम अवधि पछि तपाईंको सय रूपयाँ तपाईंलाई नै फिर्ता दिइने

कार्यक्रम संचालन मितिः २०४९ साल बैशाख १ गते देखि

ढिलो नगरौं। हुनसक्छ, तपाईंको सय रूपैयाँले

भोलि राजधानीमै बसोबास गर्ने तपाईंको सुन्दर परिकल्पना साकार हुनेछ।

जोखिम शून्य। फाइदै-फाइदा।

प्रमुख उपभोक्ता संकलक

★ उपहार इन्टरनेशनल, पो.ब. नं. १०७, ललितपुर।

क्षेत्रीय संकलकहरू

★ बी.बी. प्रधान- चार बाहिनी अगाडि, नेपालगंज, फोनः २१२२४।

★ सुरेश जोशी- नेपाल पुस्तक पत्रिका गृह, माइस्थान, वीरगंज।

★ कृष्णराज बाना- महेन्द्र चौक, विराटनगर, फोनः २२७३४६।

★ हेम सागर कक्षपति- तौलिहवा, फोनः ६००८२।

निर्देशक: बिगी जनरल ट्रेडिङ्ग कं प्रा. लि.

जावलाखेल, ललितपुर।

मूल्यांकन

# 'नयाँ जनवाद' को नारा दिने प्रथम व्यक्ति पुष्पलाल

*- माणिकलाल श्रेष्ठ*

पुष्पलालको मूल्यांकन गर्न अहिले निकै अप्ठ्यारो र जटील स्थिति सृजना भएको छ , किनकि पुष्पलाललाई सेन्टीमेन्टली (भावुकतावश) लिनेहरूको यहाँ वाहुल्य छ। एकातिर नेकपा १५ सेप्टेम्बर जस्ताले "पी.एल. इज एभ्रीथिङ्ग" (पी.एल. सबै थोक हो) भनेर लिइरहेका छन् भने कसैले त गद्दार भनेर आरोप लगाउँदै उहाँको कुनै योगदान नै नभएको विचार पोस्विरहेका छन्। यस्तो हुनुमा पी.एल. को मृत्यु भएको १०-१२ वर्ष मात्र भएकोले तत्कालै व्यक्तिको मूल्यांकन गर्दा भावुक (सेन्टीमेन्टल) हुने संभावना बढी छ। अतः पी.एल. लाई मूल्यांकन गर्नलाई सर्वप्रथमतः यो सेन्टीमेन्टलाई, व्यक्तिगत सर-सम्बन्धहरूलाई र अन्य पूर्वाग्रहहरूलाई छोडी वस्तुवादी ढंगले हेर्नु जरूरी छ।

प्रथमतः मेरो विचारमा नेपाली कम्युनिष्ट आन्दोलनको शुरूवातको समयमा सबैभन्दा बढी महत्वपूर्ण व्यक्ति पुष्पलाल नै हुनुहुन्थ्यो। यसरी सबैभन्दा महत्वपूर्ण र केन्द्रीय व्यक्तित्व भएको कारणले कम्युनिष्ट आन्दोलनमा सबै भन्दा बढी योगदान पनि उहाँकै हुने नै भयो। सबै भन्दा केन्द्रीय व्यक्तित्व हुनुको कारणले, जानाजान त नहोला, तर अन्जानवश नै उहाँका कमी-कमजोरीहरू पनि बढी देखिनु अस्वाभाविक होइन। पुष्पलालले आफ्नो कमजोरीवश कुनै गल्ती गर्नुभयो भने पार्टीलाई अति नै हानी हुन्थ्यो। यसरी कम्युनिष्ट आन्दोलनमा सबैभन्दा बढी योगदान दिने पुष्पलालबाट पार्टीलाई हानी हुने धेरै ठूल-ठूला "ड्यामेजिङ्ग" (नोक्सानदायी) कामहरू पनि हुन गएको छ। यी दुवै पक्षलाई हामीले संझनु जरूरी छ।

अतः योगदानको वारेमा कुरा गर्ने हो भने पुष्पलालको मूल देन कम्युनिष्ट पार्टीको जन्म हो। उहाँले नै नेपाल कम्युनष्टि पार्टीको जन्म दिनु भएको थियो। पार्टी संस्थापकहरू चाहे चार वा पाँच हुन्, मूल संस्थापक पुष्पलाल नै हुनुहुन्थ्यो। तर नेपालका प्रथम कम्युनिष्ट पुष्पलाल नै हुनु हुन्थ्यो भन्ने सन्दर्भमा भने विवाद छ। लाल कम्युनिष्ट पार्टीका नेता गंगालालले प्रजापरिषदकै सदस्य सूर्य बहादुर भारद्वाजको सक्रियतामा गठित नेपाल प्रजातन्त्र संघलाई एकलौटी रूपमा "साम्यवादी संघ" को नामाकरण गरी पर्चा प्रकाशन गर्ने देखि लिएर लाल कम्युनिष्ट पार्टी ने.क.पा. भन्दा अगाडि नै गठन गरेको भन्ने तर्कको आधारमा आफू नै नेपालको प्रथम कम्युनिष्ट भन्ने उहाँको दावी छ। तर कम्युनिष्ट आन्दोलन भनेको नै मजदूरहरूको हितलाई प्रतिनिधित्व गर्ने संगठन र संगठनात्मक पद्धति अनुसार सामूहिक नीति-निर्णय र कार्यान्वयनको एक नाम भएकोले यसरी व्यक्तिगत रूपमा जुनसुकै काम गर्दैमा कम्युनिष्ट कहाँ होइन्छ र? अतः संगठनात्मक ढंगले सामूहिक कृयाकलाप गरी कम्युनिष्ट आन्दोलन अगाडि बढाउने प्रथम व्यक्ति पी.एल. नै हुनुहुन्छ। अतः पी.एल. कम्युनिष्ट पार्टीका संस्थापक मात्र होइन, कम्युनिष्ट आन्दोलनलाई संगठनात्मक स्वरूप प्रदान गरी सामूहिक कृयाकलाप नै चलाउने व्यक्ति पनि हुनुहुन्छ।

करीव बरीव एक्लैको प्रयासमा, शुरू शुरूमा एक्लैले नेपालमा काम गर्दा गर्दै, पछि, भारतीय, विशेषतः बंगाली कम्युनिष्टिहरूसंग सम्पर्क राखी, पछि मार्क्सवादको अध्ययन गरिरहेका नेपालीहरूलाई सम्पर्क गरेर पार्टी बनाउने काम उहाँले गरेर नै छाड्नु भयो। यसरी एकै व्यक्तिको निरन्तर प्रयासबाट कम्युनिष्ट पार्टीको संस्थापना गरी छाडेकाले ती ४-५ जना संस्थापकहरू मध्ये पनि उहाँकै बढी देन रहन गएको हो।

उहाँको अर्को उल्लेखनीय देन म यहाँ उल्लेख गर्न चाहन्छु। कम्युनिष्ट पार्टी स्थापना पछि पनि त्यस बेला नेपालभित्र कस्तो किसिमको क. आन्दोलन चलाउनु पर्छ भन्ने विषयमा स्पष्ट सोचाई बनी सकेको थिएन। कम्युनिष्ट पार्टी, साम्यवादको स्थापना, सर्वहारा वर्गको राज्य जस्ता मोटा मोटा कुराहरू मात्र बुझ्ने त्यसबेलाको नेपाली कम्यनुष्टिहरूको चेतना स्तर थियो। तर कस्तो किसिमको पार्टी-कार्यक्रम चलाउने भन्ने विषयमा स्पष्ट नभैरहेको स्थितिमा पुष्पलालले नयाँ जनवादको धारणा अगाडि सार्नु भयो।

कम्युनिष्ट पार्टीको स्थापना भएको केही समयपछि उहाँले यो धारणा अगाडि सार्नु भएको थियो। शायद चीनबाट प्रभावित भएर त्यस्तो धारणा ल्याउनु भएको होला, तर यो कुरा उल्लेख नगरीकन उहाँले नेपालमा पूँजीवादी क्रान्ति पूरा नभएको, सामन्तवादकै अवशेष बाँकी रहको तथ्य उल्लेख गरी पूँजीवादी क्रान्ति नभैकन हामी समाजवाद तिर पनि जान नसकिने र पूँजीवादीहरूले क्रान्ति नगरेसम्म कुरिरहने कुरा पनि नहुने त्यस स्थितिमा कम्युनष्टिहरूले नै आफ्नै नेतृत्वमा पूँजीवादी प्रजातन्त्रवादीहरूसंग मिलेर आन्दोलन चलाई पूँजीवादी क्रान्ति पूरा गर्नु पर्दछ र त्यस्तो गर्न सकेको स्थितिमा समाजवादतिर पनि जान सजिलो हुने हुनाले त्यस स्थितिको नामाकरण नयाँ जनवाद राखी यस धारणा ल्याउनु भएको कुरा उहाँले नै ब्याख्या गर्नु भएको छ। यसरी चीनमा माओले अर्ध सामन्ती र अर्ध औपनिवेशिक देशमा नयाँ जनवादी कार्यक्रम लागू गर्ने अवधारणा ल्याउनु भएपछि उहाँले पनि अर्ध औपनिवेशिक र अर्ध सामन्ती देश नेपालमा नयाँ जनवादी क्रान्ति आवश्यक छ भन्ने धारणा ल्याउनु भएको हो।

यसरी नेपाली कम्युनिष्ट आन्दोलनमा नयाँ जनवादी क्रान्तिको नारा दिने प्रथम व्यक्ति पनि उहाँ नै हुनुहुन्छ। पी.एल. ले नयाँ जनवादी क्रान्तिको व्याख्या गर्ने क्रममा २०१३ सालको नेपाल भाषा दैनिक पत्रिकालाई लेख्नु भएको "नेपालय साम्यवाद ल्वःला?" (नेपालमा साम्यवाद उपयुक्त छ?) भन्ने लेखमा उहाँले कम्युनिज्म वा साम्यवाद भनेको दृष्टिकोण हो, साम्यवाद भनेको सबैभन्दा अन्तिम चरणको लक्षित व्यवस्था भएकोले अहिले तुरून्त नै त्यस लक्षित अवस्थामा पुन नसकिने हुनाले कहीं विकसित देशमा समाजवाद मार्फत् त कहीं नेपाल जस्तो मुलुकमा नयाँ जनवाद र समाजवाद हुँदै त्यहाँ सबै देशहरू पुग्नु नै पर्ने तथ्य औंल्याउनु भएको थियो। अतः सबैलाई साम्यवादी व्यवस्था उचित र योग्य भएको तर्क प्रस्तुत गर्नु भएको थियो।

जस्तोसुकै सामाजिक चरण वा व्यवस्थाको पनि आफ्नै राजनैतिक सिद्धान्त हुन्छ, पूँजीवादी चरणको राजनैतिक सिद्धान्त नै संसदीय प्रजातन्त्र हो र त्यस्तै पूँजीवादी प्रजातन्त्र नलिईकन सर्वहारा दृष्टिकोण अनुसार पूँजीवादी क्रान्ति गरेर अगाडि बढनु नयाँ जनवादी क्रान्ति हो भन्नेमा उहाँ प्रष्ट हुनुहुन्थ्यो। त्यसपछि समाजवादी व्यवस्था स्थापना गरेर जाने कुरा उल्लेख गर्ने उहाँमा सच्चा प्रजातन्त्र भनेकै संसदीय प्रजातन्त्र हो भन्ने भ्रम भएको जस्तो मलाई लाग्दैन। सामन्तवाद भन्दा साहै राम्रो व्यवस्थाको रूपमा उहाँले संस्दीय व्यवस्थालाई मानेतापनि त्यसैलाई आफ्नो आदर्शको रूपमा कहिले पनि मान्नु वा भन्नु भएन।

यसै सन्दर्भमा १२-१३ साल तिर नै उहाँले नेपाली कांग्रेसले संसदीय व्यवस्थाको स्थापनाका लागि लागीपरि रहेको स्थितिमा नयाँ जनवादी व्यवस्थाका लागि लडि-रहेका हामी कम्युनिष्टहरूले प्रथम चरणमा सामान्तवादसंग, राजतन्त्रसंग र राजाको तानाशाहीसंग लड्नका लागि मात्र नेपाली कांग्रेससंग मिलेर लड्न सकिने धारणा अभिव्यक्त गर्नु भएको थियो। अतः उहाँले आफूलाई उचित नहुने संसदीय प्रजातान्त्रिक व्यवस्था स्थापना गर्न, त्यसलाई सुदृढ गर्न हामी कम्युनिष्टहरूले किन लड्ने भन्ने सवाल उठाउँदै हामीले सम्पूर्णतः नयाँ जनवादी क्रान्तिकै लागि लड्ने र त्यस्का लागि सहायक हुने तत्वहरूसंग संयुक्त मोर्चा गर्दै अगाडि बढनु पर्ने विचार प्रस्तुत गर्नु भएको थियो।

एक पटक पूँजीवादी पार्टी र सर्वहारा पार्टीको



क. पुष्पलाल

उहाँले नेपाली कांग्रेसले संसदीय व्यवस्थाको स्थापनाका लागि लागी-परिरहेको स्थितिमा नयाँ जनवादी व्यवस्थाका लागि लडिरहेका हामी कम्युनिष्टहरूले प्रथम चरणमा सामन्तवादसंग, राजतन्त्रसंग र राजाको तानाशाहीसंग लड्नका लागि मात्र नेपाली कांग्रेससंग मिलेर लड्न सकिने धारणा अभिव्यक्त गर्नु भएको थियो।

# क. पुष्पलाल जयन्तिको अवसरमा

भिन्नता उल्लेख गर्दै उहाँले प्रष्ट गर्नु भएको छ - पूँजीवादी पार्टीले जहिले पनि सामन्तहरूलाई दवाव दिई, लड्दै, जनतालाई आफ्नो पक्षमा लिई आफूलाई अलिकति सुविधा हुने बित्तिकै संघर्ष छोडी संझौताको बाटो समात्न पुग्छन्। अतः नेपाली कांग्रेस पनि पूँजीवादी पार्टी भएकोले हो, यो जहिले पनि संझौता नै गर्ने पार्टी भए तापनि आन्दोलनका लागि चाहिने ठूलो र संघर्षको सहायक पार्टी भएको हुनाले संघर्षका लागि यससंग मिल्नु पर्ने तर्क उहाँको थियो। सँगै मिलेर लड्दै जाँदा भोलि उसले धोका नै दिए तापनि आन्दोलन अघि बढ्ने र नेतृत्व हाम्रै हातमा हुने अडान उहाँ जवर्दस्त राख्नु हुन्थ्यो। अतः उहाँ संघर्षको क्रममा जहिले पनि नेपाली कांग्रेसलाई साथ लिएर लड्ने कुरामा बढी नै जोड दिनु हुन्थ्यो।

साथ आएन भने कांग्रेस आफै नागिने, साथ मिल्न आएमा पछि संझौता गरे पनि नेतृत्व आफ्नै हातमा पर्ने कार्यनीतिक चाल अप्नाउने कुरामा जोड दिनु हुन्थ्यो।


यसै सन्दर्भमा विगत २०४६ सालको संयुक्त जन-आन्दोलनको श्रेय पनि पुष्पलाललाई नै दिई उहाँको संयुक्त मोर्चा सम्बन्धी धारणा अर्थात् नेपाली कांग्रेससंग मिली पंचायतको विरूद्ध लड्ने धारणा क्रियान्वयन भएकै कारणले संघर्ष सफल भएको तर्क पनि आएको छ। मेरो विचारमा यो तर्क पनि एकपक्षीय र अतिवादी विचार हो। किनकि पुष्पलालले कांग्रेस र कम्युनिष्ट मिल्नु पर्छ भनेको आधारमा जहिले पनि यी दुवै मिलेमा उन्कै धारणा क्रियान्वय भएकोक देख्नु कतिको ठीक हुन्छ र? कट्टर कम्युनिष्ट विरोधी गणेशमान सिंहले समेत राजतन्त्रको विरोधमा कम्युनिष्टहरूसंग मिलेर लड्नु पर्छ भन्ने विचार रोख्को हिसाबमा के उहाँकै धारणाका कारणले संयुक्त मोर्चा भई संघर्ष भएको भन्न मिल्छ र?

हुन त पुष्पलाललाई विगतको ऐतिहासिक जन-आन्दोलनको लागि भएको संयुक्त मोर्चाको श्रेय दिइनुमा १७ सालमा राजा महेन्द्रद्वारा पंचायती व्यवस्था लादे पछि विघटित संसदको पुनर्स्थापनाको मागमा कांग्रेससंग कार्यगत एकता गरी जानु पर्छ भन्ने सोच राखेको भन्ने तर्कको आधारले पनि काम गरेको हुन सक्छ। तर इतिहासलाई नियालेर हेर्ने हो भने १७ सालको फौजी काण्ड पछि भारतको दरभंगामा आयोजित नेकपाको दरभंगा प्लेनममा तीन थरी विचार आएका थिए। एक, तत्कालीन नेकपाका महासचिव डा. केशरजंग रायमाझीको सत्ता आफ्नो हातमा लिनु, राजाको तानाशाहीको विरोधामा संघर्ष गर्दै पुनः संसदको चुनाव गर्न लगाउने, दोस्रो शंभुराम श्रेष्ठद्वारा प्रस्तुत विघटित संसदको पुनर्स्थापनाको लागि नेपाली कांग्रेसलाई साथमा लिई संघर्ष गर्ने, तेस्रो र प्लेनमबाट पारित विचार - मोहनविक्रम सिंहद्वारा प्रस्तुत, राजा त्रिभुवनबाट घोषित संविधान सभाको चुनावको लागि संघर्ष गर्ने।

त्यस बेला पुष्पलालले आफ्नै नयाँ र पृथक विचारको रूपमा कुनै विचार त राख्नु भएन, तर उहाँले अंग्रेजीमा ठीक भन्नु भएको थियो - Ten million hands formed the Parliament and one hand distroyed it (एक करोड मानिसले बनाएको संसद एउटै मानिसले नष्ट गऱ्यो।) अतः संसदलाई नष्ट गर्न दिनु हुँदैन भनी विरोध मात्र गर्नु भएको थियो। तर, त्यसो भए अव के गर्ने त भन्ने विषयमा केही बोल्नु भएन। पछि शंभुराम श्रेष्ठले आफ्नो विचार प्रस्तुत गर्नु हुँदा उहाँले पनि समर्थन गर्नु भएको थियो।

त्यसपछि १८ सालमा कांग्रेसले राजतन्त्रको विरोधमा 'Hit and Run' को कार्यक्रम संचालन गर्दा उहाँले पनि त्यसको समर्थन गर्नु भयो। यसरी समर्थन गर्नुका पछाडि सबैका शत्रु सत्तासिन पंचायतको विरोधमा लड्ने जस्तो सुकै शक्तिको जस्तो सुकै पाईलाको पनि समर्थन गर्नु पर्छ भन्ने उहाँको मान्यता थियो। संसदको पुनर्स्थापना सम्बन्धी कांग्रेसी मागमा उहाँ चुप नै रहनु भयो। जहाँसम्म विगतको बहुदलीय प्रजातन्त्रको मागमा भएको आन्दोलनको कुरा छ, यदि उहाँ बाँची रहनु भएको भए संसदको पुनर्स्थापनाकालागि होइन, नयाँ जनवाद कै स्थापनाका लागि संघर्ष गर्नका लागि लड्नु हुन्थ्यो होला भन्ने अनुमान गर्न सकिन्छ। साँच्चै भन्ने हो भने संसदको पुनर्स्थापनाका लागि कांग्रेस - कम्युनिष्ट एक भएर जानु पर्छ भनेर उहाँले कहिल्यै भन्नु भएको जस्तो लाग्दैन।

ठूल-ठूला संघर्षहरू पनि सामूहिक छलफल र निर्णय नगरीकन एक्लैले सिधै फैसला गर्ने उहाँको प्रवृत्ति हेर्दा सामूहिक अनुशासन भित्र नबसेको जस्तो मलाई लाग्छ।



लेखक

पुष्पलालका यी योगदानहरू उल्लेख गरेपछि म उहाँका केही केही गल्ती कमजोरीहरूको बारेमा पनि छुनु आवश्यक संझन्छु। यी गल्ती कमजोरीहरूलाई लिएर कसैले उहाँको गल्ती मात्र भने भने कसैले त गद्दारी समेत भनेका छन्। मलाई त के लाग्छ भने पुष्पलालको मूल कमजोरी नै धेरै जसो विषयमा एक्लैले निर्णय गर्ने प्रवृत्ति हो। हुन त ती निर्णयहरू क्रान्तिकै हितका लागि गरिएका हुन सक्छन्। तर ठूल-ठूला संघर्षहरू पनि सामूहिक छलफल र निर्णय नगरीकन एक्लैले सिधै फैसला गर्ने उहाँको प्रवृत्ति हेर्दा सामूहिक अनुशासन भित्र नबसेको जस्तो मलाई लाग्छ। सामूहिक अनुशासन भित्र नबसेर यसरी पार्टीको नाममा एक्लैले निर्णय गरेर लागू गर्ने प्रवृत्ति रहेकोले गर्दा उहाँले कहिले काहीं पार्टीका नीति-निर्णयहरू गलत लागेमा तुरून्तै एक्लैले Revolt (विद्रोह) गर्ने गर्नु हुन्थ्यो। हुन त पार्टीले गलत निर्णय लिएमा पनि अन्तर-पार्टी संघर्ष नै पहिले गर्नु पर्थ्यो, अझ यो अन्तर -पार्टी संघर्षलाई पनि सुसंगठित ढंगले गर्नु पर्थ्यो। तर पी.एल.मा त्यो कठीन बाटो छोडी अलिकति अन्तर पार्टी संघर्ष चलाएर तुरून्तै विद्रोह गर्ने प्रवृत्ति देखिन्छ। उदा-हरणका लागि दरभंगा प्लेनमले एकै समयमा राजतन्त्रको विरोधमा संघर्ष गर्ने र पार्टी सम्मेलन चलाउने निर्णय गऱ्यो। त्यस निर्णय अनुरूप पार्टी नेतृत्वले जानाजान पार्टी कांग्रेस नबोलाएको पनि हुन सक्छ वा संघर्ष गरिरहँदा पार्टी कांग्रेस बोलाउन नसकिने अवस्था आएकोले पनि हुन सक्छ। त, बोलाउनु पर्ने काम नगरेको निहुँमा उहाँले आफैले पार्टी कांग्रेस बोलाउनु भयो। उहाँले त सबै मिलेर दवाब दिने, लडने काम गर्नु पर्थ्यो, पार्टी नेतृत्वसंग अर्को पक्ष-नेतृत्व पक्ष प्रतिक्रियावादी संशोधनवादी भयो भनेर फुटाउनु भन्दा त्यस नेतृत्वलाई नै हटाउन अन्तर पार्टी संघर्ष गर्नु जरूरी थियो। तर उहाँ एक्लैले अन्तर-पार्टी संघर्ष विना नै पार्टी कांग्रेस बोलाएपछि त्यसकै परिणाम स्वरूप पार्टी फूट भयो। अतः प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपाल कम्युनिष्ट पार्टीमा सबै भन्दा पहिले फूट ल्याउने पनि पुष्पलाल नै हुनु पुग्नु भयो।

यसै परिप्रेक्ष्यमा उहाँ आफैले बोलाउनु भएको तेस्रो कांग्रेसबाट नेतृत्वमा तुल्सीलाल अमात्य आउनु भयो। तुल्सीलालले नयाँ जनवादी क्रान्तिको नीति नलिएको हुनाले नयाँ जनवादी क्रान्तिका कट्टर पक्षपाती पुष्पलाल पुनः पार्टी फुटाई आफ्नै नयाँ जनवादी कार्यक्रम लिने अर्को समूह निर्माण गर्न पुग्नु भयो। हुन त यसरी फुटाउँदै जानाले उहाँमा "नयाँ जनवाद" प्रतिको आफ्नो कान्फिकसन (अडान) त देखिन्छ, तर आफूलाई ठीक लागेको विषयमा दृढ अडान लिई, जिद्दी गरेर, अन्तर पार्टी संघर्ष विनानै पार्टी फूटाउनु गल्ती हो जस्तो लाग्दछ। यी नै कम-जोरीहरूका कारणले कसैले पुष्पलाल माथि जहिले पनि पार्टी फूटाएको, गद्दारी गरेको मात्र आरोप लगाइरहेका छन्, तर मलाई त्यस्तो लाग्दैन। जसले पार्टीलाई जन्म दियो, उसले त्यसलाई बलियो र सुदढ गर्ने कार्य पो गर्थ्यो, आफैले फुटाउने-टुटाउने काम त गर्दैन। अतः पुष्पलाललाई पार्टी फूटाउने, गद्दारी गर्ने व्यक्तिको रूपमा मात्र हेर्नु ठीक छैन, यो एउटा अति नै हो। तर पार्टीको फुटको लागि केही हदसम्म उहाँ जिम्मेवार हुनुहुन्छ पनि।

यी सबै कमी-कमजोरीहरूका वावजूद नेपाली कम्युनिष्ट आन्दोलनमा अहिलेसम्म पनि सैद्धान्तिक र व्यवहारिक प्रौढता नआइसकेको स्थितिमा पहिले, शुरूमा नै उहाँले साम्यवादलाई नेपालकै विशिष्ट स्थिति अनुसार लागू गर्न नसकेसम्म नेपाली कम्युनिष्ट आन्दोलन सफल नहुने तथ्य औंल्याउदै मार्क्सवादलाई यान्त्रिक रूपले ग्रहण र क्रियान्वयन गर्नु हुँदैन भन्दै नेपालको वस्तुगत परि स्थितिको अध्ययन, अनुसन्धान र परिशीलनको बारेमा विशेष जोड दिने गर्नु हुन्थ्यो। जहाँसम्म उहाँले नेपालको भौगोलिक, राजनैतिक, सामाजिक, आर्थिक र ऐतिहासिक पक्षको बारेमां गहिरो अध्ययन गर्नु भएको थियो कि थिएन भन्ने सवाल छ, मलाई लाग्छ- आजसम नेपाली कम्युनिष्ट आन्दोलनले सफलता प्राप्त गर्न नसकेकोमा मूल कारक तत्व नै शुरू शुरूका नेतृत्वकारी व्यक्तिहरूको यही कमी कमजोरी नै हो। यो कमजोरी पुष्पलाल लगायत सबै नेतृत्वकारी वर्गमा देखिन्छ तर वहाँमा अध्ययन अनुसन्धानको स्पीरिट चाहिं देखेको छु। केही अध्ययन अनुसन्धान त गर्नु भएको मैले पनि देखेको छु। ❑

**"समाजवादी क्रान्तिको प्रेरणा"**

*"प्रचण्ड गोर्खा" का कर्णधारहरूको विरूद्ध "ट्रायल" को दौरानमा तत्कालीन राणा प्रधानमन्त्री भीम शम्शेर र "प्रचण्ड गोर्खा" का नेताको बीचमा घटेको कुराले यो स्पष्ट गर्छ कि हाम्रा देशका क्रान्तिकारीहरूले समाजवादी क्रान्तिबाट प्रेरणा पाएका थिए। "ट्रायल" को दौरानमा भीम शम्शेरले आफ्ना भाइ भारदारहरूलाई सम्बोधन गर्दै भने - "यस्ता राजद्रोहीहरूलाई रूसका जारले हात्तीले कुल्चाई मार्दथे। अब हामीले के गर्ने हो?"*

*भारदारहरूको उत्तर भन्दा पहिले क्रान्ति-कारी नेताले उत्तर दिए -"जारशाहीको तख्ता उल्टिसकेको छ"*

*- पुष्पलाल*

*("नेपाली जन आन्दोलनः एक समीक्षाबाट उद्धृत)*

# नेपालको कम्युनिष्ट आन्दोलनका आधारभूत समस्याहरु

वैशाख ९ गते (अप्रिल २२) नेपालमा कम्युनिष्ट पार्टीको स्थापना दिवस हो। २००६ सालमा ने.क.पा. स्थापना भए यता ४२ वर्ष वितीसकेका छन्। यी ४२ वर्षका सफलता र असफलताबाट पाठ सिकेर कम्युनिष्ट आन्दोलनलाई कसरी अघि बढाउने? यो अत्यन्त महत्वको सवाल भएको छ।

यसै सन्दर्भमा हाल एकातिर नेपाली कम्युनिष्टहरूप्रति जन-आस्थाको लहर बढेको छ भने अर्कातिर कम्युनिष्ट आन्दोलनमा गंभीर समस्याहरू पनि रहेका छन्। जरो राम्ररी पत्ता लगाएमा मात्र ती समस्या वा कमजोरीहरू हटाउनतिर हाम्रा प्रयत्नहरू निर्देशित हुने छन्। यसकारण, हामीले यस पल्ट यस विषयमा सानो प्रयत्न स्वरूप एक लेखका अतिरिक्त का. मोहन विक्रम सिंह,का. मदन भण्डारी र का. प्रचण्डसँग कुराकानी गरी उहाँहरूका विचारहरू प्रस्तुत गरेका छौं। मूल प्रश्न उहाँहरू सबैलाई एउटै सोधिएको थियो-



"नेपाली कम्युनिष्ट आन्दोलनले ४२ वर्ष पार गरिसकेको छ। यसमा के यस्ता आधारभूत दोष वा समस्या रहेका छन्, जसको कारणले नेपालमा क्रान्ति संभव भइरहेको छैन र क्रान्तिबारे स्पष्ट खाका बन्न संभव भइ-रहेको छैन?"

प्रस्तुत छन्-उहाँहरूका उत्तरहरू एवं तिनमाथिका थप सन्दर्भहरू र उपरोक्त लेख।

# सम्पूर्ण कमजोरीहरु पिछडिएको सैद्धान्तिक स्तरको परिणाम

- का. मोहन विक्रम सिंह, महामन्त्री, ने.क.पा.(मसाल)

नेपालको कम्युनिष्ट आन्दोलन विश्व कम्युनिष्ट आन्दोलनको अंग हो। आज विश्व कम्युनिष्ट आन्दोलन मै काफी कमजोरीहरू भएको र त्यसमा असफलताहरू आइरहेको हामीले देखिरहेका छौं। त्यसको स्थितिबाट र प्रभावबाट नेपाल पनि मुक्त छैन। त्यसकारण नेपाली कम्युनिष्ट आन्दोलनमा देखा परेका कमजोरीहरूलाई हामीले बेग्लै हैन, विश्व कम्युनिष्ट आन्दोलनकै सन्दर्भमा हेर्ने र बुझ्ने गर्नु पर्दछ। जति संभावना थियो, त्यति यसको विकास नहुनुका कारणहरूलाई पनि यसै गरी नै हेर्नु पर्दछ। हामी देख्छौं विश्वमा कयौं देशहरू छन्, जस्तो ल्याटिन अमेरिकाका देशहरू या पश्चिम यूरोपका देशहरू, जहाँ मार्क्स एन्गेल्सको बेलादेखि नै पार्टीहरू काम गरिरहेका छन्, तर त्यहाँ अझै पनि क्रान्ति संभव भएको छैन। विश्वमा समाजवादी व्यवस्था स्थापना भएका थुप्रै देशहरूमा पनि यो पतन भएर गयो। स्वयं लेनिन र माओले निर्माण गरेका कम्युनिष्ट पार्टीहरू पनि पतनको दिशामा गए। यस्तो किन भइरहेको छ? यो एउटा गम्भीर प्रश्न हो, जसको लागि आज दुनियाँ भरका कम्युनिष्टहरूले सोच्नु पर्ने आवश्यकता छ र नेपालको सन्दर्भमा विचार गर्दा पनि आज विश्वव्यापी रूपमा देखा परेको यसप्रकारको कमजोरीको पछाडिका विभिन्न आत्मगत या वस्तुगत कारणहरूलाई हामीले बुझ्नु जरूरी छ। यो एक जटील र लामो प्रकृया हो, जसको लागि काफी अध्ययन विश्लेषणको जरूरत छ।

हाम्रो देशमा अन्य देशका कम्युनिष्ट आन्दोलन भन्दा अरू कयौं प्रकारका थप कमजोरीहरू पनि छन्। अन्य देशमा पूँजीवादी- प्रजातान्त्रिक प्रकारका आन्दोलनले पनि जन चेतना बढाउन, क्रान्तिकारी भूमिका निर्माण गर्नमा ठूलो भूमिका खेलेका छन् तर हाम्रो देशमा भने पूँजीजीवी वर्गले यस्तो वामपन्थी राजनीतिलाई पछि मद्दत पुऱ्याउने भूमिका खेलेन, यो हाम्रो देशको एक कमजोरी रहेको छ। उल्टो यसले नेपालको कम्युनिष्ट आन्दोलनमा थप नोक्सानी पुगेको छ, क्षति पुगेको छ। यसले गर्दा हामीले यहाँ अन्य देशका पूँजीपतिहरूले खेलेको भूमिका पनि निर्वाह गर्नु परेको छ र अर्ध-सामन्ती, अर्ध-औपनिवेशिक देशका सामु कम्युनिष्ट आन्दोलन अघि बढाउन विकसित देशका तुलनामा निर्वाह गर्नु पर्ने जुन थप जिम्मेवारी हुन्छ, त्यो पनि पूरा गर्नु पर्ने स्थिति छ। आज विश्व-कम्युनिष्ट आन्दोलनको प्रतिकूल स्थितिमा यो जिम्मेवारी हामीले पूरा गर्नु पर्ने छ। अर्कातिर, हाम्रो पार्टीको इतिहास के छ भने हामी प्रायशः तात्कालीन राजनीतिक विषय र व्यावहारिक विषयहरूमा अल्मल्लिएका छौं। सैद्धान्तिक प्रश्नहरूमा हामीहरूको भूमिका अत्यन्त पछि परेको छ। यहाँसम्म कि पार्टी भित्र चाहिने अन्तर-संघर्षहरूमा पनि सैद्धान्तिक पक्षको भूमिका अत्यन्त कम रहेको पाइन्छ। लाइन र लाइनको स्पष्टता संवन्धी प्रश्नहरूमा हामीहरूको कुनै खास भूमिका रहन गएको छैन। देशका राजनीतिक स्थिति र विरोधी राजनीतिक पार्टी सितको संघर्षको क्षेत्रमा पनि वैचारिक पक्षमा हामीहरूको खास भूमिका रहन गएको छैन। यसको परिणाम स्वरूप संपूर्ण कम्युनिष्ट आन्दोलनको सैद्धान्तिक धरातल अत्यन्त तल पर्न गएको छ। पार्टीहरू भित्रका अन्तर संघर्ष र फूटहरूलाई हेर्ने हो भने पनि के पाइन्छ भने तिनीहरूमा पनि सैद्धान्तिक प्रश्नहरूको भन्दा तात्कालीक व्यवहारिक प्रश्नहरूले बढी भूमिकाहरू खेलेका छन्। यो कुनै पार्टी वा पक्षको मात्र हैन, संपूर्ण कम्युनिष्ट आन्दोलन कै पिछडिएको सैद्धान्तिक स्तरको परिणाम हो। स्वयं कम्युनिष्ट पार्टीहरू मै सैद्धान्तिक स्पष्टताको स्थिति पछि परेको छ भने आम जनतामा त यो झन पछि पर्नु स्वाभाविकै छ। सैद्धान्तिक स्पष्टतामा हामी पछि पर्नुको कारण पार्टी भित्र अवसरवादी तत्वहरूले विभिन्न तात्कालीक र सानातिना विषयहरू वा झगडाहरू उठाएर आफ्नो स्थितिलाई बलियो पार्ने मौका पाउँछन् र प्रतिकृयावादी तत्वहरूले पनि यसबाट फाइदा लिन पुग्छन्।

विश्वका विभिन्न देशहरूका कम्युनिष्ट व्यवस्थाको हालको असफलताको पनि एक प्रमुख कारण सैद्धान्तिक अस्पष्टता नै हो। माओले भन्नु भएको छ-"सैद्धान्तिक अस्पष्टताको अर्थ संसदवाद हुन्छ। विश्वव्यापी रूपमा हेर्ने हो भने हामीमा क्रान्तिकारी लाइन, मार्क्सवादी लेनिनवादी दृष्टिकोण, त्यसमा स्पष्टता-दृढतामा कमी आएको छ। तात्कालीन कुराहरूमा मात्रै हामी जोड दिन्छौं। सैद्धान्तिक सवालहरूलाई पछि पार्छौं।

मार्क्स लेनिनको समयलाई हेर्ने हो भने के देखिन्छ भने उहाँहरूले सैद्धान्तिक प्रश्नहरूमा लगातार संघर्ष गर्नु भएको छ। माओले पनि खास गरी सर्वहारा सांस्कृतिक क्रान्तिताका यस विषयमा निकै ठूलो जोड

दिनु भएको छ। कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउनको लागि गलत विचार र गलत सिद्धान्त विरूद्धको संघर्षले कति ठूलो महत्व राख्दछ भन्ने कुरा यसबाट पनि झल्किन्छ। नेपालमा यो पक्ष एकदम कमजोर छ, तसर्थ यसबाट फाइदा उठाएर संशोधवादीहरू र अवसरवादीहरूले आफूलाई मजवूत पार्ने प्रयत्न गर्दैछन्।

त्यसकारण आज हामीले एउटा निर्णायक कुरामा जोड दिनु परेको छ त्यो हो-सैद्धान्तिक स्पष्टता हासिल गर्ने काम। यसका लागि गलत विचारका विरूद्ध सही लाइनको संघर्ष जरूरी हुन्छ। यसमा लाग्दा लाग्दै पनि व्यवहारिक तात्कालीक विषयमा तालमेल मिलाउँदै र संयुक्त मोर्चा गर्दै जाने काम हुनसक्छ र गर्दै जानु पर्छ पनि। यी दुवै कुरालाई साथै लिएर हामी जानु पर्छ।

***प्रतिप्रश्नः सैद्धान्तिक प्रश्नमा उपेक्षा भयो भनी तपाईले भन्नु भयो? यसो हुनुको चाहिं कारण के हो?***

नेपालको सन्दर्भमा भन्ने हो भने यहाँको समाजको वौद्धिक धरातल न्यूनस्तरको छ। माक्र्सवादी आन्दोलन एउटा मजदूर आन्दोलन मात्र हैन। संघर्ष मात्र हैन। यिनीहरूको आधारमा मात्र माक्र्सवाद लेनिनवाद जन्मिएको हैन। यसको लागि वैचारिक रूपमा माथिल्लो तहमा विकास हुँदै आएको मानव समाजको त्यसको यो एउटा चरम माथिल्लो रूप हो। समाजका संपूर्ण ज्ञान-विज्ञान, दर्शन र शास्त्रहरूबाट माथि उठेर यो खडा भएको छ। वौद्धिक धरातलमा अगाडि बढेका वुद्धिजीवीहरू मार्क्स, एन्गेल्स, लेनिनहरूले लामो इतिहासको पृष्ठभूमिलाई प्रयोग गरी सर्वहाराहरूको यो दर्शन अगाडि ल्याउने काम गरेका हुन। हाम्रो देशमा यो वौद्धिक धरातल अत्यन्त पछाडि परेको छ। सामान्य बुर्जुवा वौद्धिक धरातल नै पनि पछि परेको छ। माक्र्स एन्गेल्स अघि वुर्जुवा वौद्धिक दार्शनिक धरातल नै पनि उँचो थियो, जसको पृष्ठभूमिमाथि उभिएर उहाँहरूले आफ्नो काम अगाडि बढाउन सक्नु भयो। हाम्रो देशमा यो पक्ष पछाडि छ। भारतमा जस्तो बुर्जुवा वौद्धिक क्षेत्रको विकास पनि हामीकहाँ छैन; यसको धरातल निम्न छ। जसले पनि हामी नोक्सान परिको छ।

हामी कम्युनिष्ट पार्टीमा जो आयौं, यो सैद्धान्तिक स्पष्टताको पक्षमा हामीले अत्यन्त कम जोड दियौं। जनवर्गीय संघर्ष उठाउने आदि काममा खुवै जोड दियौं तर यो पक्षलाई उपेक्षा गर्‍यौं। यहाँसम्म कि कसैले यस पक्षमा कोशीस गर्न लाग्यो भने पनि त्यसलाई अवमूल्यन गर्ने काम, ध्यान नदिने प्रवृत्तिहरू हामीमा देखा परे। क्रान्तिकारी माक्र्सवादी सिद्धान्तको आधारमा वैचारिक धरातल माथि नउठीकन संघर्ष र तात्कालीक कार्यक्रमहरू पनि अघि बढ्न सक्दैनन्। व्यवहारमा यसको ठाडो असर परिहाल्छ। त्यसकारण सैद्धान्तिक स्तरमा पछाडि पर्नु नै वर्तमान कम्युनिष्ट आन्दोलन पछि पर्नुको मूल कारण हो।

***प्रतिप्रश्नः यदि हाम्रो समाजको वौद्धिक धरातल नै न्यून हुनाले यस्तो भएको हो भने त्यो धरातल त अहिले पनि न्यून नै छ। अनि त्यो न्यून रहुञ्जेल यो कमजोरी रही नै रहने हो भने यस समस्यालाई हल गर्ने कसरी त?***

हाम्रो वौद्धिक धरातल पछि परे जस्तै चीनको पनि पछाडि थियो। तर माओको सचेत प्रयत्नले त्यो समस्या हल भयो। सचेत प्रयत्नहरूलाई अघि बढाएरै यो समस्याको समाधान गर्न सकिन्छ। प्रतिकूल परिस्थिति छ भन्दैमा क्रान्तिकारी आन्दोलन उठ्न सक्दैन भन्ने कुरा हैन। सैद्धान्तिक धरातल पछाडि छ भनेर यसलाई अघि बढाउन हामीले उपेक्षा गर्छौं भने हामी झन झन पछाडि पर्दछौं। जस्तो तराइमा मोटरबाटो बनाउन सजिलो हुन्छ। पहाडी भागमा मोटर बाटो बनाउन कठीन हुन्छ। अब पहाडी भेगमा बाटो बनाउन मैदानी भागमा भन्दा गाह्रो हुन्छ भन्दैमा पहाडमा बाटो नबनाउने वा नबन्ने भन्ने हैन। हो, त्यहाँ हामीले बाटो बनाउन बढी मिहेनत गर्नु पर्ने हुन्छ। त्यस्तै हामीले अरू देशका कम्युनिष्टहरूले भन्दा पनि बढी मिहेनत गर्नु पर्छ-सैद्धान्तिक स्तर उठाउन। पार्टी बाहिर र पार्टीभित्र दुवैतिर यो हुनुपर्दछ।

***प्रतिप्रश्नः त्यसो भए नेपाली कम्युनिष्ट आन्दोलनको आधारभूत समस्या सैद्धान्तिक समस्या मात्र हो? ४२ वर्षको समीक्षा गर्दै बताइदिनु हुन्छ कि?***

सैद्धान्तिक समस्या भन्दा यसलाई विशुद्ध सैद्धान्तिक अर्थमा मात्र लिनु हुँदैन, किनभने सैद्धान्तिक समस्या भनेका व्यवहारसँगै जोडिएका हुन्छन्। किसान आन्दोलन, राजनैतिक आन्दोलन, संयुक्तमोर्चा, संगठन, अनुशासन, अन्तरविरोध आदि सवै विषयमा संपूर्ण सही दृष्टकोण र कार्यक्रम हामी लिएर जान सकिरहेका छैनौं। बारंवार गल्तीहरू भएको हामीले पाईरहेका छौं। यो सैद्धान्तिक स्पस्टता नहुनाले नै भएको हो। यी प्रत्येक विषयको अध्ययन, देशको वस्तुस्थिति, विश्व स्थिति सवैको अध्ययन गरी यिनका वारेमा सैद्धान्तिक तहमा प्रष्ट हुँदै व्यवहारमा जोड्दै हामी यस क्षेत्रमा अघि बढ्नु पर्दछ।

**सांस्कृतिक आन्दोलन पार्टी भित्र र बाहिर चलाउनु पर्छ नत्र हामीले सही अर्थमा कम्युनिष्ट पैदा गर्न सक्दैनौं।**

***प्रतिप्रश्नः कम्युनिष्ट आन्दोलनभित्र नैतिक सांस्कृतिक समस्यालाई कसरी हेर्नु भएको छ? यो पनि सैद्धान्तिक समस्याभित्र आउँछ या आउँदैन?***

नैतिक सांस्कृतिक क्षेत्रमा देश एकदमै पिछडिएको छ। मध्ययुगीन सामन्ती र पूँजीवादी नैतिक सांस्कृतिक चिन्तनले यहाँ ज्यादा प्रभाव पारिरहेको छ। त्यसकारण हामीले नैतिक सांस्कृतिक स्तरलाई माथि उठाउनु भनेको व्यापक जनताका समस्या समाधान गर्न, शोषणको निर्मूल गर्ने परिवर्तन ल्याउनका लागि पूरानो रूढीवादी चिन्तन हैन, माक्र्सवादी लेनिनवादी चिन्तनका आधारमा आम कार्यकर्ता र जनताको सांस्कृतिक नैतिक धरातललाई माथि उठाउनु जरूरी छ। मार्क्सवादी दर्शन र चेतना विना सांस्कृतिक नैतिक धरातल माथि उठ्न सक्दैन। सांस्कृतिक आन्दोलन पार्टी भित्र र बाहिर चलाउनु पर्छ नत्र हामीले सही अर्थमा कम्युनिष्ट पैदा गर्न सक्दैनौं। हामी जो कम्युनिष्ट भनिनेहरू छौं, अधिकांशतः कम्युनिष्ट नैतिकता र सांस्कृतिक धरातल भएका छैनौं। यसको उल्टो पिछडिएको प्रतिकृयावादी संस्कारको शीकार हामी छौं। त्यसकारण क्रान्तिकारी मार्क्सवादी दर्शनको आधारमा नैतिक सांस्कृतिक स्तर उकास्नु जरूरी छ। ❑

# रचनात्मकताको अभाव नै कम्युनिष्ट आन्दोलनको मूल समस्या हो

## *गैर-सर्वहारा प्रवृत्तिले आन्दोलनमा बढी असर पारेका छन्*

का. मदन भण्डारी
महासचिव, ने.क.पा. एमाले

म यसमा के ठान्दछु भने मनोगत स्थिति र वस्तुगत स्थितिमा तादात्म्य नभईकन कुनै पनि कुराहरूको अपेक्षित सकारात्मक परिणाम पाउन सकिंदैन। वास्तवमा हामीले हाम्रो देशमा दुनियाँमा प्रभावशाली, व्यापक र लोकप्रिय भएको कम्युनिष्ट दर्शन, कम्युनिष्ट राजनीति र सिद्धान्तलाई अपनाउने कुराको शुरूवात त गर्‍यौं। तर वास्तवमा त्यसलाई कार्यान्वयन गर्नका निम्ति हाम्रो कार्यक्षेत्रको जुन वस्तुगत स्थिति छ त्यो भने यो भन्दा धेरै पछाडि परेको छ। सामन्ती, अन्धविश्वासयुक्त रूढीग्रस्तता जस्ता अनेकौं पछौटे कुराहरूले ग्रस्त भएको हुनाले हाम्रो मानसिक र वस्तुगत अथवा भौतिक अवस्थाको बीचमा गंभीर अन्तर रह्यो। यो पनि एउटा कारण हो, जसले गर्दा अपेक्षित सफलता प्राप्त गर्न सकिएको छैन।

दोस्रो, यो आन्दोलनलाई हाँक्ने जुन पार्टी हो-स्वाभाविक रूपले त्यो पार्टीका नेतृत्वहरू, सदस्यहरू, कार्यकर्ताहरू, त्यही पछौटे समाजको पृष्ठभूमिबाट आएका हुनाले र आफूसँगै विरासतको रूपमा वा ठाडै त्यो समाजमा रहँदा खेरीका आफ्ना वर्गीय, सामुदायिक वा धार्मिक छापहरू संगसँगै ल्याएको कारणले गर्दा पनि, र अनुभवको अभावले गर्दा पनि जसरी रचनात्मक ढंगले आफ्नो ठाउँमा सिद्धान्तको प्रयोग गर्ने नयाँ विशेष नीतिहरू निर्माण गर्ने काम गर्न सक्नु पर्दथ्यो, त्यो पनि संभव भएन। धेरै हदसम्म त्यसले पनि भूमिका खेलेको छ।

तेस्रो कुरा म, के ठान्दछु भने आन्दोलनका पवित्र र उच्चतम लक्ष्यहरू हासिल गर्न त्यसका बाहकका रूपमा रहेका नेता, सदस्य र कार्यकर्ताहरूको संगठनात्मक जीवनशैली जस्तो हुनु पर्दथ्यो, अनुशासित जीवनशैली जस्तो हुनु पर्दथ्यो, वास्तवमा संगठनात्मक फाँटमा यो कुरा प्राप्त गर्न सकिएको छैन। लगातार संघर्ष जारी रहे पनि अझ त्यो सन्तोष गर्न सकिने अवस्थामा नेता कार्यकर्ताहरूकै चरित्र, आन्दोलनकै चरित्र, साँच्चै कम्युनिज्मको कसीमा घोटेर ठीक हो भनेर सावित गर्ने स्थिति बनेको छैन। मूल रूपमा भन्ने हो भने यी तीनवटा आधारभूत समस्याहरू हुन् जसको कारणले हाम्रो ४२ वर्ष लामो कम्युनिष्ट आन्दोलनले अपेक्षित सफलता प्राप्त गर्न संकेको छैन।

यस बाहेक, २००७ सालमा आन्दोलन शुरू हुँदा हाम्रो मुख्य शत्रु राणाशाही थियो। त्यसलाई हटाएर

साम्राज्यवाद सामन्तवाद विरोधी नयाँ जनवादी राज्य स्थापना गर्ने ठीकै लक्ष्य तात्कालीन पार्टीले अघि सारेको थियो। तर ००७ सालको परिवर्तन पछि त्यो परिवर्तनको मूल्यांकन गर्ने, त्यसका सीमाहरूको मूल्यांकन गर्ने र नयाँ स्थितिमा कस्तो राजनीतिक कार्यदिशा तय गरेर, कस्तो रणनीति कार्यनीति तय गरेर जानु पर्छ भन्ने मामलामा पार्टीले केही गंभीर त्रुटीहरू गर्‍यो। यसले गर्दा खेरी सात सालदेखि ०१७ सालसम्मको संघर्ष, वर्ग संघर्ष कुनै ठोस शक्तिको विरूद्ध केन्द्रित भएन। त्यो विभिन्न प्रवृत्तिहरूको विरूद्ध केन्द्रित भयो होला, सत्तामा हुनेहरूले देखाएका प्रवृत्तिहश्ररू, मन्त्री हुनेहरूले देखाएका प्रवृत्तिहरू, र समाजमा भएका खराबीहरूको विरूद्ध आवाज उठाइयो होला। एक वा अर्को एक्सनको विरूद्ध - जस्तो दिल्ली संझौताको विरूद्ध, कोशी संझौताको विरूद्ध आवाज उठाइयो। तर कुनै सिंगो शक्तिको विरूद्ध, वर्ग संघर्ष र राजनीतिक संघर्षलाई केन्द्रित गर्ने भन्ने कुरा ००७ देखि ०१७ सम्मको समयावधिमा ठोस किटान भएको छैन। कहिले अलिकति राजतन्त्रको विरूद्धमा, कहिले अलिकति नेपली कांग्रेसको विरूद्धमा संघर्ष भएको छ। यसरी त्यतिखेर, द्विविधामा मै समय वितेको पाइन्छ। त्यस बाहेक ०१७ साल पछि स्वाभाविक रूपले केही नयाँ स्थिति आएको थियो। त्यो नयाँ स्थितिमा पनि तत्काल परिवर्तित स्थितिको मूल्यांकन गरेर संपूर्ण सघर्षलाई जुन एउटा ठोस विन्दुमा केन्द्रित गर्नु पर्दथ्यो, ठोस शक्तिको विरूद्ध केन्द्रित गर्नु पर्दथ्यो, त्यसमा पनि केही कमजोरीहरू रहेको पाइन्छ।

कम्युनिष्ट आन्दोलनमा फूट विभाजन भए पछि लेनिनवादी संगठनात्मक सिद्धान्त प्रतिको औपचारिक भक्ति, तर व्यवहारमा त्यो अनुसार आचरण गर्ने र कठोर अनुशासनको पालनाको माग आफैंप्रति नगर्ने प्रवृत्ति पनि यस निम्ति जिम्मेवार छ। र नीतिगत मतभेदका कुराहरू पनि स्वभाविक रूपले रहेका छन्। मूल कुरा त्यो भन्दा पनि जुन हाम्रो पछौटे समाज छ, त्यसबाट आएका गैर सर्वहारावादी अवाछित शैली, प्रवृत्ति, चिन्तनका कुराहरू हुन् तिनले नै कम्युनिष्ट आन्दोलनमा बढी मात्रामा असर पुर्‍याएका छन् भन्ने म ठान्दछु।

***प्रतिप्रश्न : यी कारणहरूको पनि कारणको रूपमा के लाई मान्नु हुन्छ?***

उत्तर : यो एउटा वृहत सन्दर्भ भयो। वहुत थोरै कारणहरूमा त्यसलाई समेट्न सकिन्न तर यसलाई मूल रूपमा भन्ने हो भने रचनात्मकताको अभावलाई मूल कारणका रूपमा लिन सकिन्छ भन्ने म ठान्दछु। जस्तो उदाहरणको रूपमा केही पृष्ठभूमिलाई उल्लेख गरौं। पूर्ण पूँजीवादी अर्थ व्यवस्था र उत्पादन प्रणाली माथि गहिरो अध्ययन गरेर मार्क्सवादका सिद्धान्तहरूको जन्म भयो। र आन्दोलनको सन्दर्भमा पनि लामो समयसम्म विकसित पूँजीवादी देशहरूमा नै कम्युनिष्ट आन्दोलनको सान्दर्भिकताको व्याख्या गरियो। तर पछि गई सके पछि साम्राज्यवादीहरूद्वारा उत्पीडित पछौटे राष्ट्रहरूमा समेत त्यसको सान्दर्भिकता विस्तार गरियो। साम्राज्यवादद्वारा उपनिवेश कायम गरिएका औपनिवेशिक मुलुकहरूमा मात्र होइन, ती मुलुक भित्रको पुरानो सामन्ती संस्कारको विरूद्ध समेत कम्युनिष्ट आन्दोलनले अगुवाई गर्न थाल्यो। र नयाँ जनवादी क्रान्ति, जो एक किसिमको पूँजीवादी जनवादी क्रान्ति नै हो, त्यसलाई पनि कम्युनिष्ट पार्टीले नै नेतृत्व प्रदान गर्नु पर्दछ भन्ने किसिमका कुराहरू आए। मेरो तात्पर्य के हो भने, मार्क्सवादको जन्म हुँदाखेरी जुन पृष्ठभूमिबाट जन्म भएको थियो ती सिद्धान्तहरूलाई कार्यान्वयन गर्नको निम्ति त्यसको क्षेत्र विस्तार गरियो, रचनात्मक ढंगले नीतिहरू निर्मित हुँदै आयो। हामीले आफ्नो ठाउँका ती उल्लिखित विशेषताहरू, पछौटेपनका, सामन्तवादका, अन्धविश्वासका जुन विशेषताहरू छन् ती विशेषताहरूमा काम गर्नको निम्ति कस्ता रचनात्मक नीतिहरू हुनु पर्दछ त्यो कुरा हाम्रो आन्दोलनले, पार्टीले, नेतृत्वले निर्माण गर्न सकेन। यसले गर्दा आउने मान्छेहरूले कुनै ठाउँमा अध्ययन गरेका कुराहरूको, क्रान्तिका अनुभवहरूको true copy (ठाडो नक्कल) को रूपमा लागू गर्ने उत्साह त पर्याप्त देखाए। तर त्यो हाम्रो स्थितिमा सटीक हुन सक्दैनथ्यो। जसले गर्दा एक अवधि पछि आन्दोलनबाट निराश हुने, हताश हुने, थाक्ने, पछि हट्ने जस्ता कुराहरू भएका छन्।

एक जना पहिले कम्युनिष्ट रहेका व्यक्तिले एक चोटि मलाई बताएका थिए - त्यतिखेर जनकपुर जयनगर रेल्वे राष्ट्रियकरण गरिनु पर्छ भनेर कम्युनिष्ट पार्टीको प्रतिनिधि मण्डल एकचोटि तात्कालीन सरकारकहाँ गएको थियो अरे। त्यो त त्यतिखेर देशको अर्थतन्त्रमा र यातायातमा अत्यन्त न्यून असर गर्ने खालको क्षेत्र थियो। भारतमा वा अरू औद्योगिकरण भएको मुलुकमा रेल्वेको राष्ट्रियकरणको कुरा आयो होला। तर यहाँत रेल्वे राष्ट्रियकरण भनेको त्यो कुराको अन्ध नक्कल गर्नु सिवाय केही कुरा हुँदैनथ्यो।

यसरी ठोस भौतिक मागहरू राख्दा खेरी पनि हाम्रो अर्थतन्त्रको के स्थिति छ, हाम्रो संस्कृतिको के स्थिति छ, हाम्रो समाजको स्तर के छ, र समाजलाई अहिलेको विन्दुबाट प्रगतिशील ढंगले लानको निम्ति कस्ता मागहरू राखेर जानु पर्छ भन्ने कुरामा रचनात्मक चिन्तन हुन सकेन। यसरी मूल रूपमा भन्ने हो भने रचनात्मकताको अभाव हाम्रो आन्दोलनको निकै ठूलो समस्या रहेको छ। ❑

**कम्युनिष्ट आन्दोलनमा फूट विभाजन भए पछि लेनिनवादी संगठनात्मक सिद्धान्त प्रतिको औपचारिक भक्ति, तर व्यवहारमा त्यो अनुसार आचरण गर्ने र कठोर अनुशासनको पालनाको माग आफैंप्रति नगर्ने प्रवृत्ति पनि यस निम्ति जिम्मेवार छ।**

*- का. भण्डारी*



## नेपाल कम्युनिष्ट पार्टी स्थापना अघिका केही तथ्यहरु

- सन् १९१९ को प्रारम्भमा राणा शासक चन्द्र समशेर द्वारा वोल्सेभिक र साम्यवादी क्रान्तिको विरोध।
- सन् १९४१ मा भूमिगत रूपमा गठित नेपाल वर्ग महा सभाले "रक्तपात कमिटी" गठन गरी क्रान्तिकारी विचार फैलाउने कोशीस गर्दै "गणतन्त्र नेपाल जिन्दावाद" को नारा दिएको थियो, जसको वोल्सेभिकहरूसंग सम्पर्क थियो।
- सन. १९४३।४४ तिर काठमाडौंमा गठित नेपाल प्रजातान्त्रिक संघको परेड गीत "समाजवादी" थियो।
- सन् १९४६, नोभेम्बर (कार्तिक, २००३) मा काठमाडौंमा "साम्यवादी संघ" को गठन।
- ने.क.पा. एशियाका कम्युनिष्ट पार्टीहरूमा सबैभन्दा कान्छो पार्टी हो।
- मनमोहन अधिकारी १९३८ (वि.सं. १९९५) अगाडि देखि नै राजनीतिक पुस्तकहरू अध्ययन गरी भा.क.पा., बनारस जिल्ला कमिटीमा बसेर संघर्षरत रहेको अवस्थामा डेढ वर्ष भारतमा जेल प्रवास। जेल मुक्ति पछि विराटनगरमा भएको प्रथम मजदूर हडतालको नेतृत्व। आन्दोलनको क्रममा भएको मजदूर सभालाई भा.क.पा. का रत्नलाल ब्राह्मण ( माइला बाजे) द्वारा सम्वोधन।
- सन् १९४७ तिर भारतमा खोलिएको मार्क्सवादी अध्ययन मण्डलमा पुष्पलाल, केशरजंग रायमाझी, नरबहादुर कर्माचार्य, देवेन्द्रलाल श्रेष्ठ (काईंला बाः) निरञ्जन गोविन्द वैद्य, डी.पी. अधिकारी र हिक्मत सिंह भण्डारीहरू सदस्य रहेको। पछि व्यापक रूपले समेट्न प्रोग्रेसिभ स्टडी सर्कल (प्रगतिशील अध्ययन मण्डल) नामाकरण गरी केशरजंग रायमाझीलाई सचिवमा निर्वाचित गरियो, जसका गुरू रत्नलाल ब्राह्मण नै थिए।
- नेपाल लाल कम्युनिष्ट पार्टीका नेता गंगालाललाई भा.क.पा. का नेता पी. सी. जोशीद्वारा एक हप्ते तालिम।
- ने.क.पा.का संस्थापक नेता पुष्पलाल पहिले नेपाली राष्ट्रिय कांग्रेसका सचिव थिए। अन्य दुई संस्थापक नेताहरू नरबहादुर कर्माचार्य र निरञ्जन गोविन्द वैद्य नेपाली प्रजातान्त्रिक कांग्रेससंग सम्बन्धित थिए, त्यस्तै कम्युनिष्ट नेताहरू तुल्सीलाल अमात्य र शंभुराम श्रेष्ठ नेपाली राष्ट्रिय कांग्रेससंग सम्बद्ध थिए।
- रूसमा वोल्सेभिक क्रान्ति सम्पन्न भएपछि एकजना "विहारी" नामक व्यक्ति नेपालमा, खासगरी काठमाडौंमा, क्रान्तिकारी साहित्य लुकाएर ल्याउँथे। राल्फ फक्सको "कम्युनिज्म" र म्याक्सिम गोर्कीको "आमा" उपन्यास नेपाली क्रान्तिकारीका माझ निकै लोकप्रिय थिए। काठमाडौं उपत्यकामा मार्क्सवादी शिक्षा सम्बन्धी कक्षाहरू पनि हुन्थे। ❑

(स्रोत : नेपलमा साम्यवादी आन्दोलन/उदभव र विकास- भीम रावल)

# क्रान्तिकारी सिद्धान्त लागू गर्न नसक्नु कमजोरी हो



का. प्रचण्ड, महामन्त्री, ने क पा (एकता केन्द्र)

यो कुरा निश्चय नै हो कि नेपाली कम्युनिष्ट आन्दोलनको इतिहास यति लामो भएर पनि आन्दोलनले एउटा क्रान्तिकारी दिशा लिन र गुणात्मक रूपले विकास गर्न सकेको छैन। पहिलो, मलाई के लाग्छ भने हाम्रो देशको कम्युनिष्ट आन्दोलन एउटा Maturation Period (परिपक्व हुने अवधि) को प्रक्रिया भएर परिपक्व हुने दिशातिर गुजीरारवेको छ। दोश्रो कुरा, यहाँ मुख्य दुईवटा समस्याहरू रहेका छन्। एउटा वस्तुगत समस्या र अर्को, आत्मगत समस्या। आत्मगत समस्याबारे भन्नु पर्दा मलाई के लाग्छ भने नेपालको कम्युनिष्ट आन्दोलनमा शुरू देखि अहिले सम्म नै मूल रूपमा दक्षिणपन्थी अवसरवादी प्रवृत्ति नेतृत्वमा हावी रहँदै आएको छ। दक्षिणपन्थी अवसरवादी प्रवृत्ति भन्दाखेरी त्यसमा खास गरीकन चिन्तनमा मार्क्सवाद लेनिनवादका वैज्ञानिक सिद्धान्तलाई ठीकसँग ग्रहण गर्दै त्यस अनुसारको आचरण व्यवहार गर्ने र त्यसको आधारमा निर्देशित हुने भन्दा पनि बढी चिन्तन पद्धति र जीवनशैलीको दृष्टिकोणले वुर्जुवापन हावी रहेको भन्ने वुझिन्छ। त्यही कारणले आन्दोलन गुणात्मक रूपले अघि जान नसकेको हो भन्ने मलाई लाग्दछ।

लामो इतिहासमा गुणात्मक रूपमा जति विकास हुनु पर्थ्यो त्यस्तो नहुनुमा वस्तुगत कारण पनि छन्। वस्तुगत कारण तीनवटा छन् भन्ने मलाई लाग्छ। एउटा, हाम्रो आर्थिक, राजनीतिक, सामाजिक विकासको अवस्थाले गर्दाखेरी यहाँ निम्न पूँजीवादी चिन्तन प्रवल रहेको छ। निम्न पूँजीवादी चिन्तनका कारणले यहाँ क्रान्तिकारी आन्दोलनलाई सही ढंगले विकास गर्न अप्ठेरो भई राखेको छ। दोस्रो, अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको असर पनि हाम्रो आन्दोलनमा परिराखेको छ। शुरूमा अन्तर्राष्ट्रिय रूपमा एउटा राम्रो वातावरण थियो। क्रान्तिकारी धारा अघि वढिराखेको थियो। यो अवस्थामा पार्टी स्थापना भएर कामहरू अघि वढ्ने प्रक्रियामा ठीक ठीक ढंगले जाने कम थियो। तर पनि नेतृत्वमा फेरि सैद्धान्तिक स्पष्टताको कमीको कारणले हामीले गुणात्मक रूपले जान नसकेको स्थिति रह्यो। पछि जव रूस-चीनको विवाद भयो। रूसमा प्रतिक्रान्ति भई सकेपछि त्यसको असरले हाम्रो आन्दोलनलाई पनि प्रत्यक्ष र ठोस रूपमा प्रभाव पर्‍यो। स्वयम चीनमा पनि पूँजीवादको पुनर्स्थापना भई सकेपछि त त्यसले गंभीर धक्का खायो र दक्षिणपन्थी अवसरवाद हावी हुने मौका पायो। त्यसको पनि यहाँ भूमिका रह्यो। अन्तर्राष्ट्रिय साम्राज्यवादीहरूले अहिले समाजवादको पतन भयो भनेर जुन खालको प्रहार गरिराखेका छन् त्यसले गर्दा पनि नेपालको निम्न पूँजीवादी मानसिकतामा वढी असर गरिराखेको हुनाले पनि क्रान्तिकारी धार अघि जान अप्ठेरो परिराखेको छ।

यो सबै हुँदा हुँदै पनि नेपालको कम्युनिष्ट आन्दोलनमा एउटा क्रान्तिकारी धाराको पक्ष शुरू देखि नै विद्यमान छ। त्यो धाराको प्रतिनिधित्व गर्ने, त्यसको पक्षमा लड्ने प्रवृत्ति रहँदै आएको छ। त्यो प्रवृत्ति अहिले पनि विकासको प्रक्रियामा छ। त्यसले आवश्यक पर्ने हदसम्म सैद्धान्तिक स्पष्टता र दृढता हासिल गर्न नसकेको मात्र हो जस्तो मलाई लाग्छ।

***प्रतिप्रश्नः यहाँ दक्षिणपन्थी अवसरवादले पकड लिन सक्यो भन्नु त परिणाम भयो। त्यो परिणामको पनि जरो कारण के होला? किन यहाँ यस्तो हुन संभव भयो?***

एउटा त यहाँको आर्थिक, राजनैतिक, सामाजिक अवस्था, जो मैले भनी नै सकें। दोस्रो, शुरू देखि नै कम्युनिष्ट पार्टीले यहाँका वर्गहरूको स्थिति, क्रान्तिको स्वरूप वारेमा स्पष्ट खाका खिचेर व्यवहारतिर अघि बढेको भए दक्षिणपन्थी अवसरवादलाई वाँकी हदसम्म नियन्त्रण गर्न सकिन्थ्यो। तर यहाँको वर्गस्थिति र क्रान्तिको स्वरूप वारेमा स्पष्ट खाका नबनिनु र त्यस अनुसार अघि बढ्न नसक्नुले पनि दक्षिणपन्थी अवसरवादलाई बढी हावी हुने मौका दियो।

त्यसलाई नियन्त्रण गर्नको लागि नेपाल जस्तो अर्ध सामन्ती र अर्ध औपनिवेशिक देशमा क्रान्तिको स्वरूपबारे कुरा गर्दा का. माओले भन्नु भए जस्तो तीन साधनको विकास गर्नु पर्दछ। नयाँ ढंगको कम्युनिष्ट पार्टी, क्रान्तिकारी संयुक्त मोर्चा र जनसेना निर्माणको प्रक्रिया। कमसेकम यी तीन साधनको प्रारंभ देखि नै वीउ रोप्ने प्रक्रियाबाट अघि बढिएको भए अहिले सम्म गाउँमा हामीले धेरै राम्रो स्थिति विकास गर्न सक्ने थियौं। गुणात्मक रूपले विकास गर्ने दिशामा अघि बढेका हुन्थ्यौं। अहिले बाट पनि क्रान्तिकारी कम्युनिष्टहरूले यो दिशामा अघि बढेर मात्र दक्षिणपन्थी अवसरवादबाट पार पाउन सकिन्छ र त्यसलाई नंग्याएर अघि बढ्न सकिन्छ भन्ने मलाई लाग्दछ।

***प्रतिप्रश्नः तपाईले एकातिर नेपालको आर्थिक र राजनैतिक सामाजिक अवस्था मूल कारण हो भन्नु भयो, अर्को तिर माओले बताउनु भएका तीन साधनहरूलाई हामीले शुरूदेखि नै ठीक ढंगले ग्रहण गर्न नसक्नाले, व्यवहारमा उतार्न नसक्नाले यस्तो भएको हो भन्नु भयो। अरू पनि कारणहरू बताउनु भयो। सबै कारण मुख्य त हुँदैनन्। यी मध्ये पनि मुख्य कारण चाहिं कुन हो त?***

मलाई यी दुई कारणको तुलना गरेर भन्नु पर्दा, नेपालको आर्थिक, राजनीतिक, सामाजिक अवस्थामा नेतृत्वले माओले जुन ढंगले मार्क्सवाद लेनिनवादलाई जुन नयाँ उच्चाईमा पुर्‍याउनु भयो र यस्तो खालको उत्पीडित राष्ट्रको लागि क्रान्तिको सामान्य कार्यदिशा बनाउनु भयो, त्यो लाइनलाई व्यवहारमा लागू गरेको भए यो चीज मूल रूपमा नियन्त्रण हुन्थ्यो जस्तो लाग्छ। त्यसैले मुख्य कारण चाहिं त्यो सिद्धान्त व्यवहारमा लागू गर्न नसक्नु नै हो।

***प्रतिप्रश्नः त्यो सही तवरले ग्रहण गर्ने र व्यवहारमा लागू गर्ने कार्य चाहिं किन हुन सकेन त?***


त्यो किन हुन सकेन भने पार्टी नेतृत्वमा जहिले पनि सुधारवाद र दक्षिणपन्थी प्रवृत्ति हावी रह्यो। यो काम निकै कठीन निकै दुःख कष्टको सामना गर्नु पर्ने, गाउँमा जानु पर्ने,वर्ग संघर्षको विकास गर्नु पर्ने जटील काम भएकाले नेतृत्वमा हावी भएको सुधारवाद र दक्षिणपन्थी अवसरवादले यस्तो गरेन।

***प्रतिप्रश्नः के गरिएको भए, कुन मूर्त प्रयत्न गरिएको भए, माओले विकास गर्नु भएको सिद्धान्तले पार्टी लैश हुन्थ्यो त? गाउँमा त पहिले पनि गएकाथिए। स्थापनाताक पछि अकुसलतया संगठन गाउँमै थियो। पहिलेको विकसित आन्दोलन भनेको किसान आन्दोलन नै थियो। तर किसान आन्दोलनमा जाँदा जाँदै पनि, गाउँमा संघर्ष गर्दा गर्दै पनि के गरिएको भए माओले इंगित गर्नु भएको मूल साधन हासिल गर्न सकिन्थ्यो त?***

हाम्रो देश गाउँ नै गाउँले भरिएको हुनाले राजनीतिक पार्टीहरू गाउँमै नभएका होइनन्, गाउँमै छन्। मुख्य रूपमा के हो भने नेतृत्वको साथमा सैद्धान्तिक रूपले एउटा स्पष्ट क्रान्तिको खाका हुनुपर्‍यो। त्यो स्पष्ट क्रान्तिको खाका भन्नाले मेरो मतलव के हो भने माओवादबाट सुसज्जित हुनु पर्थ्यो, माओका ती चीजहरूलाई ग्रहण गर्नु पर्थ्यो। त्यसको आधारमा स्पष्ट क्रान्तिको खाका लिएर गाउँमा जानु पर्थ्यो। तर नेतृत्वको साथमा स्पष्ट सैद्धान्तिक खाका भएन, क्रान्तिको समग्र योजना भएन। योजना भन्दा पनि वढी स्वतस्फुर्तताको वोलवाला रह्यो।

***प्रतिपश्नः त्यो क्रान्तिको स्पष्ट सैद्धान्तिक खाका चाहिं कसरी बन्छ त? त्यो गाउँमा जानाले नै बन्छ भन्ने तपाईको विश्लेषण हो?***

त्यसरी मात्र होइन। क्रान्तिको खाका गाउँमा गएर बन्छ भन्ने होइन। मेरो भनाइको तात्पर्य के हो भने नेपाली क्रान्तिको सामान्य स्वरूप स्पष्ट गरी सके पछि त्यो स्वरूप र योजनाको साथमा गाउँमा जानु पर्छ। बाँकी नेपाली क्रान्तिका सबै विशिष्टताहरू गाउँमा र शहरका संघर्षको वीचबाट स्पष्ट हुन्छ। त्यहाँबाटै पत्तो लाग्दै जान्छन् भन्ने मेरो भनाइ हो।❑



> **नेतृत्वको साथमा स्पष्ट सैद्धान्तिक खाका भएन, क्रान्तिको समग्र योजना भएन। योजना भन्दा पनि वढी स्वतस्फुर्तताको वोलवाला रह्यो।**

# कम्युनिष्ट आन्दोलनको आधारभूत समस्या साम्यवादी विचारधारा र संस्कृतिको न्यूनता

- श्याम श्रेष्ठ

***साम्यवादी चिन्तन प्रणाली र संस्कृति सही तवरले ग्रहण र अभ्यास गरेर जीवनको र सामाजिक आन्दोनलको सबै पक्षमा विचार-स्पष्टता र सांस्कृतिक उच्चता हासिल गर्न नियतपूर्ण संघर्ष गर्ने प्रक्रियाको अभावले नै यो न्यूनता भइरहेको छ।***

नेपाली कम्युनिष्ट आन्दोलनको आधारभूत समस्या भनेको विचारधारा र संस्कृतिको समस्या हो। हामीले आफूलाई साम्यवादी बिचार-धारा र संस्कृतिका पक्षपोषकका रूपमा प्रस्तुत गरेका छौं। तर हामीले दिनानुदिनको व्यवहारमा अभ्यास गरिरहेको विचारधारा र संस्कृति भने सारभूत रूपमा साम्यवादी छैन। त्यो गैर-साम्यवादी छ। नेपाली कम्युनिष्ट आन्दोलनको समस्याको चूरो नै यही हो। हाम्रो आन्दोलनको आजको प्रमुख अन्तर बिरोध नै यही हो, जसलाई हल नगरी हाम्रो आन्दोलनले सही दिशा लिन सक्दैन।

साम्यवादी विचारधारा र संस्कृति हाम्रो आन्दोलनमा फगत मान्यता भएको छ-फगत मान्छु भनी दिए पुग्ने, खालि स्वीकार्छु भनी दिए पुग्ने, तर त्यो अनुकूल आचार गर्नु नपर्ने, व्यवहार गर्नु नपर्ने। यो धार्मिक मान्यता जस्तै भएको छ। यो जीवनमा र समाजमा हरेक समस्या आउँदा त्यो समस्या हल गर्न पथ-प्रदर्शन गर्ने जीवन-दर्शन भएको छैन।

जीवनका समस्याहरूमा हामी साम्यवाद अभ्यास गर्दैनौं। हामी त्यहाँ हामीलाई अनुकूल र सजिलो पर्ने अरू नै कुनै बाद प्रयोग गर्छौं। तर बैठकहरूमा, सभाहरूमा हामी सगौरव घोषणा गर्छौं, हामी साम्यवादी हौं। हामी साम्यवादका निम्ति मर्न तयार छौं। साम्यवाद यसरी अन्धतापूर्वक स्वीकार गर्ने कुनै त्यस्तो पवित्र धार्मिक मान्यता जस्तै भएको छ जसलाई मान्दछु मन्नु नै पर्याप्त छ। त्यो अनुसार जीवनका हरेक क्रियाकलाप निर्देशित हुनु जरूरी छैन। साम्यवाद सबै किसिमको अन्धताबाट, अन्धानुशरणबाट मुक्त वस्तुवादी द्वन्दवादमा आधारित दर्शन हो। त्यस्तो हर किसिमको अन्धता विरोधी दर्शनलाई नै हामीले यहाँ अन्धतापूर्वक अवलम्बन गर्‍यौं। हामीले साम्यवादलाई नै गैर साम्यवादी ढंगबाट अप्नायौं। नेपाली कम्युनिष्ट आन्दोलनको दुर्गतिको जरो यहीनेर विद्यमान छ।

साम्यवादको चिन्तन प्रणाली बस्तुवादी द्वन्दवाद (अर्थात द्वत्दात्मक वस्तुवाद) हो। कुनै पनि वस्तु वा घटनालाई जस्तो छ त्यस्तै हेर्न खोज्नु, त्यसलाई विपरीत तत्वहरूको द्वन्द र एकतामा हेर्न खोज्नु, निरन्तर गतिमा हेर्न खोज्नु, संपूर्ण अन्तर्सवन्धहरूमा हेर्न खोज्नु, त्यसको जरो र सारमा हेर्न खोज्नु र समग्रतामा हेर्न खोज्नु द्वन्दात्मक वस्तुवादी चिन्तन प्रणालीको विशेषता हो। द्वन्दात्मक वस्तुवाद मुताविक संसारका सबै कुरा परिवर्तनशील छन्। र त्यो परिवर्तन खास खास नियमहरू-द्वारा संचालित छ। त्यो जुन नियम द्वारा परिवर्तनशील छ त्यो नियम नै पत्तो लगाउन सकियो भने वस्तुको उद्देश्यमूलक परिवर्तनमा प्रभाव पार्न सकिन्छ। त्यसलाई आफ्नो सेवामा लगाउन सकिन्छ। द्वन्दात्मक वस्तुवादले हरेक वस्तु गतिशील हुने त्यही नियम पत्ता लाउन सिकाउँछ र यसरी प्रकृति, सामाज र संसारकै उद्देश्यमूलक परिवर्तनमा प्रभाव पार्न सिकाउँछ। त्यसैले त यो एक मात्र क्रान्तिकारी चिन्तन प्रणाली हो।

हामी नेपाली साम्यवादीहरू नेपाली समाजको विकासको प्रक्रियामा उद्देश्यमूलक प्रभाव पार्न खोजि-रहेछौं। हामी नेपाली समाजको आमूल परिवर्तन खोजि-रहेछौं। तर हामीमा विद्यमान सबैभन्दा गंभीर कमजोरी के हो भने हामी नेपाली समाज जुन नियमद्वारा परिवर्तनशील छ, गतिशील छ र संचालित छ त्यो नियम नै पत्ता लाउन उद्यत छैनौं। हामी यस्ता मानिस भैं भएका छौं जो पानी-द्वारा विद्युत निकाल्ने आशा राख्दछ, तर पानी कुन नियमद्वारा संचालित छ र के गरियो भने पानीबाट विद्युत निस्किन्छ भन्ने कुरामा भने सरोकार राख्दैन।

यो समस्या भनेको साम्यवादी चिन्तनप्रणाली नेपालको क्रान्तिको प्रक्रियामा अभ्यास नगर्नुको समस्या हो। फगत साम्यवादी चिन्तन प्रणाली प्रति भक्ति वा स्वीकृति देखाउनुको हो। जहाँको पनि समान अनुभवले काम त दिन्छ तर हामी अन्यत्रको हुवहू नक्कल गरेर नेपालको समाजको आमूल परिवर्तन गर्न सक्दैनौं किनकि नेपाल नेपालै जस्तो छ, कुनै अर्को मुलुक जस्तो छैन। आजको रूस चीन आफै हिजोको रूस र चीन जस्तो छैन। नेपाली समाजको विकास जुन नियमद्वारा संचालित छ, त्यो नबुझी नेपालको समाजको परिवर्तनको प्रक्रियामा उद्देश्यमूलक प्रभाव पार्न संभव छैन। तर हामी भने महान क्रान्तिकारी गुरूहरूबाट सिक्ने नाममा उहाँहरूको अन्धनक्कल गर्दै छौं। नेपाली समाजको परिवर्तनको वनी वनाउ फर्मूला महान क्रान्तिकारी गुरूहरुको पुस्तकमा खोज्दैछौं। उहाँहरूबाट त हामीले उहाँहरूको वैज्ञानिक चिन्तन प्रणाली सिक्नु पर्ने। घटना क्रमलाई र समस्यालाई हेर्ने विश्व दृष्टिकोण सिक्नु पर्ने। इतिहासका अहिले पनि लागु र उपयोगी हुने सारहरू सिक्नु पर्ने। हामीले त उहाँहरूबाट खाना पकाउने तरिका सिक्नु पर्ने तर हामी भने पकी पकाउ खाना खोज्दै छौं। यो मनेको यान्त्रिक चिन्तन प्रणाली हो। यो द्वन्दात्मक वस्तुवादी चिन्तन प्रणाली होइन। हामी यही गैर-साम्यवादी यान्त्रिक चिन्तप्रणाली नेपाली क्रान्तिको सन्दर्भमा अभ्यास गरिरहेछौं।

त्यसैले त ४२ वर्षको समयावधि पछि पनि हामीसित नेपाली समाजको विकासको नियमलाई सही तवरले प्रतिविम्वित गर्ने वस्तुसम्मत कार्यक्रम र नीति छैन। वदलिंदो विश्वको अन्तर्सवन्धमा नेपाली समाजमा जुन परिवर्तनको प्रक्रिया चल्दैछ त्यसलाई सही तवरले पक्रेर बनाइएको क्रान्तिको वैचारिक खाका छैन। वदलिंदो विश्व परिस्थितिमा क्रान्तिको प्रक्रियामा तेसिंने वाधाहरू के के हुन सक्छन् र त्यो कसरी हल गरिन्छ? उपरी तहमा क्रान्ति त गर्ने, क्रान्ति गरी सकेपछि जींवनको हरेक फाँटमा क्रान्तिको प्रक्रिया कसरी विस्तार गर्ने? यस बारे विचार स्पष्टता छैन। यी नहुनुहरू सवै परिणाम हुन्। नेपालमा क्रान्तिको सन्दर्भमा द्वन्दात्मक वस्तुवादी चिन्तन प्रणाली अभ्यास नगर्नुको परिणाम। साम्यवादी चिन्तन प्रणालीको अभ्यास गरेर आफ्नै बुद्धि विवेक प्रयोग गर्दै हरेक समस्याको हल निकाल्नुको सट्टा, गैर-साम्यवादी यान्त्रिक चिन्तन प्रणाली अभ्यास गरेर मार्क्सवादी ग्रन्थमा हरेक समस्याको पकी पकाउ उपाय खोज्नुको परिणाम। यसको जरो कारण त साम्यवादी विचारधारा र संस्कृतिको दरिद्रता नै हो। साम्यवादी चिन्तन प्रणाली व्यवहारमा अभ्यास नगर्नु नै हो।

साम्यवादी चिन्तन प्रणाली हामी क्रान्तिको यस क्षेत्रमा मात्र होइन, जीवनका अन्य पक्षमा पनि अभ्यास गर्दैनौ। घरको समस्या आउँदा, परिवारको समस्या आउँदा, समाजको समस्या आउँदा हाम्रो चिन्तन गर्ने प्रणाली आफ्नै हुन्छ र अर्कै हुन्छ। हामी त्यहाँ आफूलाई जस्तो चिन्तन प्रणाली सुविधा पर्छ त्यस्तै चिन्तन प्रणाली अप्नाउँछौं। उदाहरणको निम्ति वच्चाले खल्तीको पैसा चोर्‍यो। हामी पिटेर त्यो समस्याको हल गर्न खोज्दछौं। हामी द्वन्दवादी बस्तुवादी चिन्तन प्रणाली अभ्यास गरेर चिन्तन गर्दैनौं कि त्यो घटनाको पछाडिको जरो कारण के हो? संवन्ध र सन्दर्भ के हो? समग्र वास्तविकता के हो? द्वन्दात्मक वस्तुवाद पनि यसरी हाम्रो अन्ध मान्यता मात्र भएको छ, जीवनमा हरेक समस्या हल गर्न पथ प्रदर्शन गर्ने जीवन दर्शन हैन। जीवन दर्शन त हाम्रो आदर्शवाद नै छ। आधिभूतबाद नै छ। कुनै पनि समस्या आईलाग्दा समस्याको जरो कारण, त्यसको सन्दर्भ अन्तर्सवन्ध र समग्र वास्तविकता नकेलाईकन मनगढन्त चिन्तनका आधारमा समस्याको हल खोज्ने चिन्तन प्रणाली नै त आदर्शवादी चिन्तन प्रणली हो। हामीले के बोध गरेका छैनौ भने, द्वन्दात्मक वस्तुवादले जीवनको, समाज र प्रकृतिको हरेक समस्या सही तवरले बुझ्न र त्यसलाई जरोमै हल गर्न मद्दत गर्दछ। यो आम मानिसहरूको जीवनका समस्या सही तवरले हल गर्न पथ प्रदर्शन गर्ने जीवन दर्शन हुन सक्दछ।

साम्यवादको विचार विकास गर्ने, संगठन संचालन र जीवनको हरेक फाँटमा अनेकता वीच एकता कायम गर्ने मामलामा बाटो देखाउने सिद्धान्त जनवादी केन्द्रियता हो। भिन्न भिन्न अनुभव, विचार र ज्ञान भएकाहरू वीच विचारमा एकता र केन्द्रिकरण कसरी हासिल गर्ने? कसरी निरन्तर विचारको विकास गर्ने र एकता पनि कायम राख्ने? त्यसको जवाफ हो-जनवादी केन्द्रियता। जनवादी केन्द्रियता विचार विकास, संगठन र एकताको मामलामा

द्वन्दात्मक वस्तुवादको हर क्षण अभ्यास हो। कुनै पनि छेउबाट आएको विचारलाई आँखा चिम्लेर स्विकार नगर। आफ्नो बुद्धि विवेक प्रयोग गरेर त्यो सित द्वन्द गर। द्वन्द जितहारको मानसिकता राखेर नगर, त्योबाट मुक्त भएर, सत्यमुखी भएर गर। वस्तुवादमा आधारित भएर गर। द्वन्द अहं तुष्टिको लागि नगर, उन्नत सत्य प्राप्तिको लागि गर, विचारमा विकास र उन्नत केन्द्रियताको लागि गर, सत्यमुखी एकता हासिल गर्नको लागि गर। जनवादी केन्द्रियताको मुख्य माग र मर्म यही हो। जनवादको जगमा खडा भएको केन्द्रियता। वस्तुवादमा आधारित र व्यक्तिवादबाट मुक्त विचार-द्वन्द। सत्यमुखी विचार-द्वन्दबाट विचार विकास, विचार-एकता तथा कार्यएकता। व्यक्तिगत खुशका जगमा खडा भएको सामूहिकता। सामूहिकताको उत्कृष्ठ अभिव्यक्ति व्यक्ति मार्फत र त्यही व्यक्ति वास्तविक सामुहिक नेतृत्वको मूर्त अभिव्यक्ति र वास्तविक नेता जनवादी केन्द्रियताको मुख्य सार यही नै हो। जहाँ विचारद्वन्द सत्युमुखी हुँदैन, वतुवादमा आधारित हुँदैन, जितहारको मानसिकताबाट शुरू हुँदैन, जहाँ पूँजीवादी व्यक्तिवादी संस्कृतिले विचार द्वन्दमा प्रमुख भूमिका खेल्छ-त्यहाँ जनवादी केन्द्रियताको वास्तविक अभ्यास हुनै सक्दैन। त्यहाँ वास्तविक विचार एकता र वैचारिक केन्द्रिकरण हुनै सक्दैन। त्यहाँ सामुहिक नेतृत्व र वास्तविक नेताको विकास नै हुन सक्दैन। जनवादी केन्द्रियता, यसरी, पूँजीवादी व्यक्तिगत संपतिको मानसिकता अर्थात अहंकारबाट मुक्त सत्यमुखी र वस्तुवादी विचार द्वन्दद्वारा विचारमा साम्यता र उन्नत सत्य प्राप्त गर्ने बाटो हो।

हाम्रो आन्दोलनमा भने जनवादी केन्द्रियतालाई जनवाद र केन्द्रियताको द्वन्दात्मक संयोग (Fusion) का रूपमा होइन, द्वन्दात्मक वस्तुवादको अभ्यासका आधारमा होइन, अलग अलग रूपमा, अधिभूतवादी ढंगबाट बुझ्ने र अभ्यास गर्ने गरिएको छ। त्यसैले यहाँ केन्द्रियता त पैदा गर्ने गरिएको छ। तर नोकरशाही चरित्रको। किनकि त्यो जनवादको जगमा उभिएको छैन। अनि जनवाद चाहिं अराजक र व्यक्तिवादी चरित्रको हुने गरेको छ। किनकि त्यो वस्तुवादको अभ्यासमा आधारित छैन, सत्यमुखी छैन, जितहारको मानसिकताबाट मुक्त छैन। नेतृत्वले अक्सरतया विचार द्वन्दलाई प्रोत्साहित गर्ने गर्दैन, उसले माथि र वहुमतको निर्णयको अन्धानुशरणको एकोहोरो माग गर्ने गर्दछ। तल र अल्पमतले अक्सरतया वैचारिक केन्द्रिकरण र सामूहिकतालाई प्रोत्साहित गर्ने गर्दैन। उसले आफूखुशी व्यक्तिवादको अभ्यास गर्ने स्वतन्त्रताको एकोहोरो माग गर्ने गर्दछ। यसरी पार्टीहरूमा एकातिर, माथि, नोकरशाही केन्द्रियताको अभ्यास भई रहेछ र त्यसले तल नेतृत्वको प्रतिरोध गर्ने मानसिकता, शासक-शासितको मानसिकताको जन्म दिईरहेछ। अर्कातिर, तल, अराजक र व्यक्तिवाद जनवादको अभ्यास भई रहेछ र त्यसले संगठन भित्र गूटहरू र बहुकेन्द्रहरूको जन्म दिई रहेछ। परिणाम के भएको छ भने पार्टीहरूमा वास्तविक वैचारिक केन्द्रिकरण र सामूहिक नेतृत्व विकास नै हुन सकेको छैन। वैचारिक अराजकता र व्यक्ति नेतृत्व, गूट अस्तित्व र वहुकेन्द्रहरूको अस्तित्व पार्टीको मूल प्रवृत्ति बनेको छ। संगठनको नेतृत्व यिनै गूटहरूको वीच संझौताद्वारा तय हुने गरिरहेको छ। जब त्यस्तो संझौता असंभव हुन्छ, पार्टीमा फूट हुने गरिरहेको छ।

यसरी पार्टीमा नोकरशाही हावी हुनु, वैचारिक अराजकता हुनु, संझौताको नेतृत्व हुनु, गूट र वहुकेन्द्रहरू हुनु, पार्टी फुट्नु त फगत परिणाम हुन्। पार्टी संगठन संचालनको मामलामा साम्यवादी विचारधारा र संस्कृति अभ्यास नहुनुको परिणाम। संगठन जनवादी ढंगबाट केन्द्रिकरण नहुनुको परिणाम। पार्टीभित्र पूँजीवादी व्यक्तिवादी संस्कृति र गैर-साम्यवादी यान्त्रिक चिन्तन प्रणाली अभ्यास हुनुको परिणाम। जनवादी केन्द्रियतालाई नै यान्त्रिक चिन्तन प्रणालीका आधारमा अलग-थलग रूपमा बुझ्नु र अभ्यास गर्नुको परिणाम। जसरी सोभियत कम्युनिष्ट आन्दोलनमा ख्रुस्चेभ र गोर्वाचेभ जस्ता साम्यवादी विचारधारा र संस्कृतिकै विरोधी मानिसहरू साम्यवादी दलको सर्वोच्च नेतृत्व हुन पुगेछन्, नेपालमा पनि रायमाझी र डि पी आधिकारी जस्ता मानिसहरू त्यसको सर्वोच्च नेतृत्वमा पुग्न गएको इतिहास छ। त्यस्तो किन र कसरी हुन संभव भयो त? कसरी गैर साम्यवादी मानिसहरू साम्यवादको आधिकारिक प्रबक्ता हुन सके त? यो राम्ररी विचार गरी हेर्नु जरूरी छ।

यो परिघटना साम्यवादी विचारधारा र संस्कृतिलाई फगत मानेदेखि पुग्ने, त्यो जीवनको हरेक क्षेत्रमा अभ्यास गरेको हुनु नपर्ने हुनाले नै घटेको हो। साम्यवादी हुन तत्पर प्रत्येकले साम्यवादी विचराधारा र संस्कृतिलाई- निरन्तर विचार-द्वन्दको उपायबाट, जनवादी केन्द्रियताको उपायवाट वास्तविक नेतृत्व निर्माण गर्ने प्रणालीलाई- जीवनको हरेक फाँटमा लागु गर्न संघर्ष गर्नु जरूरी हुँदो हो त यो कष्टप्रद प्रक्रियामा या त रायमाझीहरू पहिलेनै छाँटिई सक्थे, या चिनिइ सक्थे। या नेतृत्व विचार द्वन्दको निरन्तर जनवादी अभ्यासको प्रक्रियामा विकास हुने प्रकृयाको अभ्यास हुँदो ओ त उनीहरू पनि वास्तविक साम्यवादीमा रूपान्तरित भई सक्थे। तर हाम्रो आन्दोलनमा विचारधारात्मक र संस्कृतिक रूपान्तरणको यस्तो प्रक्रियानै विद्यमान रहेन र अहिले पनि छैन। विचारको जनवादी केन्द्रिकरणको साम्यवादी प्रक्रिया विद्यमान छैन। तर्क दिने क्षमता छ, चलाख छ र खट्ने क्षमता छ भने जस्तो सुकै गैर साम्यवादी चिन्तन प्रणाली र संस्कृति भएको मानिस यस साम्यवादी दलको जुनसुकै तहको पदमा पनि पुग्न सक्ने प्रक्रिया आन्दोलनमा विद्यमान रह्यो। यही प्रक्रियाबाट फाइदा उठाए रायमाझीहरू पार्टीको सर्वोच्च नेता बन्नसके। यस्तो प्रक्रिया, स्थिति अहिले पनि विद्यमान छ। यो गलत तत्वको घूसपैठको निम्ति अत्यन्त अनुकुल परिस्थिति हो, यही स्थितिमा पार्टी सत्तासीन भयो भने गोर्वाचोभ र येल्सतीन प्रकरण नेपालमा पनि दोहोरिनु कुनै आश्चर्यको कुरा हुने छैन। बाटो उही हो भने गन्तव्य मात्र कसरी फरक हुन्छ?

साम्यवादी बिचारधारा विश्वमा मानव जाति-द्वारा विकसित संपूर्ण उन्नत ज्ञान विज्ञान र सामाजिक आन्दोलनका शिक्षाहरू, नैतिक संस्कृतिक मूल्यहरूको समुच्चय हो। उचाई हो। मार्क्स ऐगेल्सले आफ्नो समयका सबै वैज्ञानिकहरू, चिन्तकहरू, सामाजिक आन्दोलनहरूको शिक्षा र निष्कर्षबाटै तिनीहरूलाई द्वन्द संयोजन गरेर साम्यवादी विचारधाराको विकास गर्नु भएको थियो। र त्यस्तै लेनिनले पनि। लेनिन मन्दा पछि पनि संसारमा ज्ञान विज्ञान र सामजिक आन्दोलनमा थुप्रै विकास भएको छ। तर तिनीहरूलाई समग्रतामा द्वन्द र संयोजित गर्ने र तिनीहरूबाट सही निचोडहरू निकाल्ने कार्य भने मूलतः भएको छैन। साम्यवादी विचारधारा लेनिनले विकास गरेर जहाँ छोड्नु भएको थियो, अहिले पनि आधारभूत रूपमा त्यहीं ठाउँमा अड्केर वसिरहेको छ। ज्ञान विज्ञानको अत्याधुनिक उपलव्धीबाट अधिकतम फाइदा वुर्जुवाहरू लिइरहेछन्, तर ज्ञान विज्ञानकै जगमा विकसित वैज्ञानिक साम्यवादी विचारधारा भने त्यो अत्याधुनिक उपलव्धीहरूबाट लैश हुन सकिरहेको छैन। चुनौति आजको युगको पथ प्रदर्शन गर्नेको छ। आजको अत्याधुनिक ज्ञान विज्ञान र सामाजिक आन्दोलनका निष्कर्षहरूबाट साम्यावादी विचार-धारालाई मार्क्स, ऐंगेल्स र लेनिनले जस्तै लैश नपरीकन आजको युगको समस्या हल गर्न र आजको युगलाई हाँक संभव छैन। त्यसैले आजको आधारभूत समस्या साम्यवादी विचार धारा र संस्कृतिको व्यवहारमा अभ्यास गर्नेको मात्र हैन, साम्यवादी विचारधारा र संस्कृतिलाई आजका संपूर्ण उन्नत ज्ञान विज्ञान र सामाजिक आन्दोलनका शिक्षाहरूबाट लैश गर्नेको पनि छ। समस्या मानव जातिले लेनिन पछाडि हासिल गरेका संपूर्ण ज्ञान र अनुभवहरूलाई द्वन्द र संयोजनद्वारा संयोजित गरेर एउटा समग्र ज्ञानको परिधि विकास र निमार्ण गर्नेको छ। यसो गर्न सकिएको खण्डमा मात्रै आजको युगलाई हाक्न संभव क्रान्तिकारी सिद्धान्त प्रतिपादन हुन सक्छ, मार्क्सवाद स्वयमुकै विकास हुन संभव हुन सक्छ र साम्यवादी विचारधारा फेरि पनि संपूर्ण मानव जातिलाई अब पनि पथ प्रदर्शन गर्न सक्षम विचार-धारा हुनसक्दछ। संसार स्थिर छैन, त्यो हर्दम गतिशील छ। तर साम्यवादी विचारधारा चाहिं स्थिर भयो भने यो कसरी आजको मानव जातिको जीवन दर्शन हुन सक्छ?

साम्यवादी संस्कृति सवै किसिमको व्यक्तिगत संपतिको मानसिकताबाट मुक्त, अन्धताबाट मुक्त वैज्ञानिक मानवतावादी संस्कृति हो। मानव जातिले अहिले सम्म विकास गरेका संपूर्ण ज्ञान चेतनाको जगमा साम्यवादी संस्कृति उभिएको छ। ज्ञान विज्ञान पूँजीवादी संस्कृतिले पनि मान्दछ, न्याय समानता र स्वतन्त्रताको अवधारणा पूँजीवादी संस्कृतिले पनि स्वीकार्दछ। तर पूँजीवादी संस्कृतिको सबैभन्दा ठूलो दोष के हो भने यसले व्यक्तिगत संपत्ति र व्यक्तिको हितलाई नै सर्वप्रमुख ठान्दछ। त्यसैले यसले वास्तविक न्याय, समानता र स्वतन्त्रता अभ्यास गर्न सक्दैन। साम्यवादी संस्कृति यही दोषबाट मुक्त छ। यसले समाजको हित र सामाजिक फाइदासित व्यक्तिको हित र व्यक्तिको फाइदा एकाम्ये पार्नुपर्छ भन्ने ठान्दछ।

हामी साम्यवादी संस्कृति ग्रहण र अभ्यास गरि रहेका छैनौं। हाम्रो प्रमुख जोड आफ्नो हित, व्यक्तिगत फाइदामा नै गई रहेको छ। समाजको फाइदा र समाजको हितले हाम्रो आन्दोलनमा सवभन्दा कम महत्व पाइरहेको छ। यो भनेको पूँजीवादी संस्कृतिको अभ्यास हो। भर्खरै केही समय अगाडिको जन आन्दोलन र स्थानीय निकायको चुनावमा यो कसरी अभिव्यक्त भयो, सबैको आँखा अगाडि छर्लंग छ। जन आन्दोलनमा र स्थानीय चुनावमा नेपाली काँग्रेसले हात माथि पार्न सक्नुको एउटा मुख्य कारण नेपाली कम्युनिष्ट आन्दोलनमा विद्यमान समाजको हित भन्दा आफ्नो समूहगत हितलाई मुख्य ठान्ने सामुहिक व्यक्तिवादी पूँजीवादी संस्कृति नै थियो भनेर हामीले अन्यत्र पनि चर्चा गरिसकेका छौं। स्वतन्त्रता र समानताको सवालमा त हामीले पूँजीवादी संस्कृति समेत अप्नाउन सकेका छैनौं। हामी यो मामलामा आ-आफ्ना घर घरमा, परिवार परिवारमा ठालुतन्त्रको, राजतन्त्रको अभ्यास गर्दछौं। संगठनमा आफू भन्दा तलका हरूमाथि हामी अक्सरतया निरंकुश राजतन्त्र नै अभ्यास गरिरहेका हुन्छौं। यो भनेको सामन्ती संस्कृतिको अभ्यास हो,

पूँजीवादी संस्कृति पनि हैन।

यसरी नेपाली कम्युनिष्ट आन्दोलनको आधारभूत समस्या साम्यवादी विचारधारा र संस्कृतिको नूनताको हो। साम्यवादी चिन्तन प्रणाली र संस्कृति सही तवरले ग्रहण र अभ्यास गरेर जीवनको र सामाजिक आन्दोनलको सबै पक्षमा विचार-स्पष्टता र सांस्कृतिक उच्चता हासिल गर्ने नियतपूर्ण संघर्ष गर्ने प्रक्रियाको अभावले नै यो खडेरी, यो न्यूनता भइरहेको छ।

समस्या त कम्युनिष्ट आन्दोलनमा बग्रेल्ती छन्। तर ती समस्याहरू कुनै न कुनै किसिमले यही आधारभूत समस्या हल नहुनाले पैदा भएका समस्याहरू हुन्।

यो खडेरी हटाउनु आजको सबैभन्दा प्रमुख चुनौति हो। नेपाली कम्युनिष्ट आन्दोलनको आजको मुख्य समस्या - पछि लाग्ने मान्छेहरूको अभाव होइन, संगठनको अभाव पनि होइन। ती पछि लाग्ने मान्छेहरूलाई र निर्मित संगठनलाई कुन विचार र संस्कृतिले लैश गर्ने, कुन चिन्तन प्रणाली र विचार विकास प्रणालीले उनीहरूलाई लैश गर्ने भन्ने कुराको हो। त्यस्तो लैश गर्ने साम्यवादी विचारधारा र संस्कृति हामीसित छैन भने हामीले बढाएको भीड बुर्जुवाहरूको मतदाताको भीड भन्दा गुणात्मक रूपले भिन्न हुने छैन। हामी संगठन बढाई रहेका त हुनेछौं- संगठन विस्तारकै लागि। न्याय र सत्यको लागि, मुक्तिको लागि हामीले संगठन गरिरहेका हुने छैनौं। हामी भीड बढाई रहेका हुन्छौं, क्रान्तिकारी विचारधारा र संस्कृति विहीन भीड, वैज्ञानिक चिन्तन प्रणाली र विचार विकास प्रणाली विनाको भीड। प्राण विनाका शरीरहरूको भीड। यस्तो भीड न्याय, सत्य र मुक्तिको प्रक्रियामा कुनै कामको हुँदैन। यस्तो भीडलाई बुर्जुवाहरूले पद र पैसाले सजिलै किनी दिन सक्दछन् वा सानो प्रहारद्वारा पनि विचलित पारि दिन सक्छन्, जस्तो यो पटकको चुनावमा पनि यसका केही प्रकट उदाहरणहरू देखिए।

हाम्रो आन्दोलनमा "शिक्षकहरू"को कमी छैन। हामी सबै एक से एक शिक्षक भएका छौं - साम्यवादी विचारधारा र संस्कृतिको। तर मूल आवश्यकता शिक्षक स्वयम् शिक्षित हुनुको हो। शिक्षक स्वयम् साम्यवादी विचारधारा र संस्कृतिले युक्त छैन भने उसले सिकाएको साम्यवाद कस्तो होला? अनि आफै शिक्षित नभएको मानिसलाई शिक्षक हुने नैतिक अधिकार नै कसरी रहन्छ? त्यसैले तत्कालको पहिलो जरूरत के हो भने सर्वप्रथम हामीले शिक्षित नभएको विषयमा शिक्षक हुन बन्द गर्नु पर्‍यो। सर्वप्रथम आफू शिक्षित हुनुको लागि संघर्षको प्रकृया नियतपूर्वक थाल्नु पर्‍यो।

नेपाली कम्युनिष्ट आन्दोलनको आधारभूत समस्या तब मात्र हल गर्न सक्दछौं जब हामी शिक्षित नहुँदै शिक्षक हुने ढोंगी र गलत प्रकृया बन्द गर्छौं र उद्देश्यपूर्वक आफैंबाट साम्यवादी विचारधारा र संस्कृति सर्वप्रथम सही तवरले बुझ्ने र ग्रहण गर्ने अनि व्यवहारमा अभ्यास गर्ने प्रकृया शुरू गर्छौं। पहिलो शुरू कार्य फेरि पनि साम्यवादी विचारधारा र संस्कृतिको सही समझदारी हसिल गर्न नियतपूर्वक प्रयत्न गर्नुको, संघर्ष गर्नुको हो र त्यसलाई दिन दिनैको व्यवहारमा, सामाजिक संघर्षमा अभ्यास गर्नुको हो। मुख्य कुरा आफैंबाट विचारधारा र संस्कृतिको क्षेत्रमा क्रान्तिको शुरूवात गर्नुको हो। आफैंलाई विचार धारा र संस्कृतिका क्षेत्रमा आमूल परिवर्तन गर्न संघर्ष थाल्नुको हो। यसैलाई माओले Self should be first target of revolution अर्थात क्रान्तिको पहिलो लक्ष्य आफैं हुनु पर्छ भन्नु भएको हो।

यसको निमित ज्ञानको शुरू प्रकृया जुन विषयमा आफूलाई ज्ञान छैन, त्यो ज्ञान छैन भनेर स्वीकार गर्नु हो, त्यसमा रिक्तताको अनुभूति गर्नुको हो। अनि मात्र रिक्त ठाउँ सही कुराले भर्न प्रयत्न गर्न संभावना हुन्छ। भरीभराउ बाल्टिनमा पानी खन्यायो भने बाहिरै पोखिन्छ। त्यही कुरा भरीभराउ मन मस्तिष्कमा पनि हुन्छ। कुडा-करकटले भरी भराउ भएको मन मस्तिष्कमा सही कुराको लागि पनि कुनै रिक्त स्थान हुने गर्दैन। त्यसैले शुरू थालनी मन मस्तिष्कलाई ग्रहणशील र रिक्त बनाउनुबाट गरिनु जरूरी हुन्छ।

त्यसो भए के अब हामीले वर्ग संघर्षको मैदान छोड्ने त? पुस्तकैमा आफूलाई सीमित गर्ने त? प्रश्न उठ्न सक्दछ।

प्रश्न वर्ग संघर्षको मैदान छोड्नेको वा समात्नेको होइन। प्रश्न वर्ग संघर्षसित साम्यवादी विचारधारा र संस्कृतिको संयोग गराउने, विहा गराउनेको हो जसको फलस्वरूप वर्ग संघर्षको दिशा र चरित्र स्वयं साम्यवादी बन्दछ र साम्यवादको ज्ञान भण्डार पनि हाम्रो वर्ग-संघर्षको ठोस अनुभवबाट समृद्ध बन्दछ। वर्ग संघर्ष त छोड्नै सकिदैन। किनकि त्यो सर्वव्यापी छ। कुन त्यस्तो ठाउँ छ जहाँ वर्ग संघर्ष छैन? तर जुन जुन ठाउँको वर्ग संघर्ष साम्यवादी विचारधारा र संस्कृतिले पथ प्रदर्शित छैन, लैश छैन, त्यो खेर गएको विश्व इतिहास छ। नेपालमै त्यस्तो भईरहेछ। नेपालमै सबैजसो वर्ग संघर्षहरू स्वस्फुर्तताको रोगबाट ग्रसित भएका छन्। असफलतामा टुंगिएका छन्। यो रोगबाट यसलाई मुक्त तुल्याउने हो भने वर्ग-संघर्षका अग्रगामी तत्वहरू सबै साम्यवादी विचार धार र संस्कृतिले लैश हुनु जरूरी छ। यो उनीहरूको अन्ध मान्यता होइन, जीवन दर्शन बन्नु पर्दछ। ❑

'सन्तोषी माताले तपाईको सुन्दर सपना साकार पारुन् !'




तपाईको १०० रुपैंया कार्यक्रम पश्चात् तपाईलाई नै फिर्ता

प्रधान कार्यालय:- लगन चोक, फोन २१४६३७,२१२९१६

सम्पर्क कार्यालय:- एस. एम. स्टोर (अभ्युदय एडभरटाइजिङ्ग एजेन्सीको बिल्डीङ्ग) फोन २२७७९९

# क्यूबा
# "समाजवाद वा मृत्यु" बाहेक अर्को विकल्प छैन

-फिडेल क्यास्ट्रो



## पूर्वी यूरोप र सोभियतसंघमा पूँजीवादको खुल्ला पुनर्स्थापना भएपछि ती देशहरूसँगको आर्थिक सहुलियतपूर्ण सवन्ध चकनाचुर भएको क्यूवा आज साम्राज्यवादी अमेरिकाकै आगन छेऊ एक्लै टिकिरहेको छ

*"नियतिले क्यूवालाई गरीब, मजदूर र शोषितहरूको क्रान्तिको ध्वजा वाहक बन्ने गौरव प्रदान गरेको छ। क्यूवा केवल प्रगतिशील, जनवादी र क्रान्तिकारी देश मात्र होइन, अझ यही एक मात्र यस्तो देश हो, जुन व्यवहारिक रूपले एक ध्रुवीय विश्वभित्र र पूँजीवादद्वारा चारैतिरबाट घेरिएको, अमेरिकाबाट केवल केही मील टाढा हरेर पनि "क्रान्तिको टापू" पनि बनी सकेको छ। एटलान्टिक र प्रशान्त महासागरहरू वीचको क्रान्तिको टापू, यस गोलाधमै क्रान्तिको टापू, विश्वको त्यस विशाल भागमा क्रान्तिको द्वीप, जहाँबाट बचे-खुचेका समाजवादी राज्यहरू १५ हजारदेखि २० हजार मील टाढा छन्।"*

विश्व साम्राज्यवादको नाइके अमेरिका द्वारा पालिएको तानाशाह बटिष्टाको खूनी पंजाबाट सन् १९५९ जनवरी १ मा मुक्त भएको र सोभियत संघको पतन पछि नीकटका आफ्ना मित्रहरू गुमेको अवस्थामा एक्लो परिहेको क्यारिवियन देश क्यूवाका राष्ट्रपति फिडेल क्याष्ट्रोको भनाई हो यो।

अमेरिकी साम्राज्यवादका "राष्ट्रपिताहरू" जेफरशन र जर्ज वाशिंगटन देखि राष्ट्रपति लिंकन, रूजवेल्ट, केनेडी, जिम्मी कार्टर, रेगन र जर्ज़ बुश समेतले आफ्नो औपनिवेशिक शोषणको जाँतो मुनि पिंध्न क्यूवामा अनेकौं घृणित चालहरू चल्दै आएको क्रममा तिनीहरूले क्रान्ति पश्चात् क्यूबाली क्रान्तिका "नायक" फिडेल क्याष्ट्रोको हत्या गर्ने प्रयास देखि लिएर हवाई आक्रमण गर्ने अल्फा-६६ जस्ता आतंकवादी संगठनलाई पाल्ने पोस्ने र आर्थिक नाकाबन्दी समेत गर्दै आइरहेका छन्।

"पश्चिमा जगतमा कम्युनिज्मको प्रसारलाई रोक्ने" नाममा अत्यावश्यक औषधि समेत बेच्न र किन्न वन्देज लगाउने अमेरिकाको ३ दशक भन्दा बढीको आर्थिक नाकाबन्दीले क्यूवालाई झुकाउन सकेको छैन। अतः अमेरिकाले क्यूवा नजिकै राखिएको आफ्नो ग्वान्टानामो सैनिक अखडाबाट सशस्त्र शक्ति परिचालन गर्ने काम असफल भएतापनि आफ्ना घनिष्ट मित्रहरू गोर्वाचोभ- येल्तसीन गूट्लाई उपयोग गरी क्यूवाको आर्थिक, राजनैतिक र सैनिक सहयोगी पूर्व "समाजवादी" राष्ट्रहरू सोभियत संघ र पूर्वी यूरोपबाट सम्पूर्ण सर सहयोगहरू अत्यन्त सफलतापूर्वक कटौती गराउन लगाई यस तीन दशकमा सबै भन्दा खतरनाक चाल चलेको थियो।

अमेरिकाद्वारा दिइएका दुई-चार अरव डलरको भीखमा बाँचेका गोर्वाचोभ-येल्तसीन गूटद्वारा सोभियत संघमा प्रतिक्रान्ति गरी पूँजीवादी स्वतन्त्र बजार -अर्थ व्यवस्थाको पुनर्स्थापना गरेर क्यूवालाई दिइआएका सम्पूर्ण सरसहयोगहरू अमेरिकी इशारामा कटौती गरेपछि क्यूबन राष्ट्रपति फिडेल क्यास्ट्रो यसरी प्रतिक्रिया व्यक्त गर्नु हुन्छ- ***"एउटा यस्तो समय, जब पूर्वी यूरोपको समाजवादी खेमा ध्वस्त भयो, जब सोभियत संघमा, जो क्यूवाको सबैभन्दा घनिष्ट एवं मजवूत मित्र थियो, जसले जबरजस्त रूपमा ऐक्यवद्धताका साथ हामीलाई सहयोग गऱ्यो एवं जहांका जनताप्रति हामी आभारी छौं, लेनिन-द्वारा स्थापित गौरवशाली कम्युनिष्ट पार्टीको अब त्यहाँ कुनै अस्तित्वनै छैन।"***

फिडेल क्यास्ट्रोको यो दुःख र पीडापूर्ण अभिव्यक्ति पछाडि पूर्वी यूरोप र सोभियत संघद्वारा दिई आएका सर सहयोग बन्द भएर र व्यापारिक सम्वन्ध टुटेर क्यूवामा उत्पन्न भएको आर्थिक संकटको व्यथा पनि लुकेको छ। गोर्वाचोवद्वारा क्यूवास्थित आफ्ना सैनिकहरू र आणविक छाताहरू हटाइएकोले क्यूवाको राष्ट्रिय स्वाधीनता माथि समेत उत्पन्न आँच सेलाउन नपाई बोरिस येल्तसीन तथा पूर्वी यूरोपीय देशहरूले क्यूवालाई लुट्नका लागि विश्व बजारको मूल्य अनुसार अत्यन्त महंगो मूल्यमा "हार्ड करेन्सी" मा व्यापार गर्ने प्रावधान थोपरीदिएका छन्। यस प्रावधानले गर्दा पूर्वी यूरोपसंग २ अरव अमेरिकी डलर र सोभियत संघ संग ६ अरब अमेरिकी डलर को व्यापार घटेकाले क्यूवाको सम्पूर्ण वैदेशिक व्यापारमा ४९% क्षतिपूर्ति गर्नु पर्ने अप्ठेरो स्थिति उत्पन्न भएको छ। यस कठीन स्थितिमै आफ्नो मूल निर्यात सामग्री चिनीको भाऊ आकस्मिक रूपले घटेको र सोभियत तेलको भाऊ अन्तर्राष्ट्रिय बजार अनुसार बढ्दै गएकोले वैदेशिक व्यापारमा "हार्ड करेन्सी"को अभाव झनै खट्केको छ। यसका साथै क्यूवाद्वारा सोभियत संघलाई तिर्नु पर्ने १५० अरब रूबल ऋणलाई अमेरिकी डलरमा परिवर्तन गरी छिट्टै तिर्नु पर्ने आदेश येल्तसिनले दिएकाले एकातिर क्यूवाको अर्थव्यवस्थामै गंभीर असर परेको छ भने अर्कोतिर विश्व बजार प्रणाली अनुसार आफूलाई ढाल्न यसलाई गाह्रो भैरहेको छ।

सशस्त्र संघर्षद्वारा अमेरिकी साम्राज्यवादका कठपुतली तानाशाही बटिष्टाको शासनलाई उखेलेर फ्याँकेपछि सम्पूर्ण अमेरिकी तथा राष्ट्रिय उद्योगहरू, जग्गा-जमीन र सम्पति जस्ता उत्पादनका सम्पूर्ण साधनहरू राष्ट्रियकरण गरी १९७० देखि क्यूवा सोभियत संघ र पूर्वी यूरोपीय देशहरूको आर्थिक र प्राविधिक सहयोग मा औद्योगिकरण गरी प्रचुर मात्रामा आर्थिक विकास गर्न सफल भएको थियो। यसरी विस्तारै प्रभावशाली बन्दै गएको ल्याटिन अमेरिकी देश क्यूवा हालैको विश्व राजनीतिक परिवर्तन र आफ्नो आर्थिक संकटका कारणले आफ्नो आर्थिक सामाजिक क्षेत्रमा आफूलाई गंभीर असर परिरहेको महशूस गरिरहेको छ। यसले गर्दा यस समयलाई इतिहासमा पहिलो पटक आएको आपतकालीन स्थितिको रूपमा लिई क्यूवाले खाद्यान्न, विजुली इन्धन र कच्चापदार्थको अभावलाई दृष्टिगत गरी आफ्ना कयौ निर्माणका काम रोक्ने, स-साना निर्माण, यातायात र ठूला एवं साना उद्योगहरू बन्द गरी अत्यावश्यक दैनिक उपभोग्य सामग्रीहरू उत्पादन गर्न तथा ती सामग्री लगायत चुरोटसम्म पनि रासनिङ्ग गर्ने काम गरिरहेको छ।

पूर्वी यूरोप र सोभियतसंघमा पूँजीवादको खुल्ला पुनर्स्थापना भएपछि ती देशहरूसँगको आर्थिक सहुलियतपूर्ण सवन्ध चकनाचुर भएको क्यूवा आज साम्राज्यवादी अमेरिकाकै आगन छेऊ एक्लै टिकिरहेको छ। राष्ट्रपति फिडेल क्यास्ट्रो आफ्नो अगाडि "समाजवाद वा मृत्यु"को विकल्प खडा भएको महशूस र घोषणा गरिरहेका छन्। गोर्वाचोभको "पेस्त्रोइका र ग्लास्तनोस्त"को आलोचक रहीआएका क्याष्ट्रोले सोभियत संघको संशोधनवाद वा नोकरशाही पूंजीवादको भन्दा कुन त्यस्तो भिन्न बाटो लिएर "समाजवाद" लाई जोगाउने र मजवूत गर्ने हुन्, त्यो प्रतिक्षाकै विषय रहेको छ।

तैपनि हालको "अभूतपूर्व" संकटलाई टार्न क्यूवाले खाद्यान्न र विदेशी मुद्रा आर्जन गर्नका लागि निर्यातमूलक वस्तुहरू (चीनी, फलफूलका विरूवा र उखुबाट कागज बनाउने प्रविधि जस्ता) को उत्पादनमा जोड दिने, पर्यटन क्षेत्रमा विदेशी लगानीलाई खुला गरिएकोमा अव इलेट्रोनिक्स औषधी आदि उत्पादनमा पनि यो खुलापन, विस्तार गर्ने काम गरेको छ। इन्धन र कच्चा पदार्थको अभाव भएका ४० वटा राष्ट्रिय उद्योगहरूमा कच्चापदार्थ र इन्धन विदेशी लगानीकर्ताले नै उपलव्ध गराउनु पर्ने प्रावधान राखिएको छ। अमेरिकासँग व्यापरिक द्वन्द भएका स्पेन, क्यानडा, जापान आदि देश र चीन एवं ल्याटिन अमेरिकी देशहरूसंग आर्थिक कारोबार बढाई हिजोका सोभियतसंघ र पूर्वी यूरोपेली देशहरूको विकल्प खोज्नतिर यो लागेको छ।

बाँकी पेज ३४मा

## समाजवाद सम्बन्धी दुई-चार कुरा

# शत्रुहरूले हतियार लिएर मात्र हमला गर्दैनन्



*- श्यामप्रसाद शर्मा*

समाजवादबारे हाल हाम्रो मुलुकमा पनि निकै चर्चा-परिचर्चा चलिरहेको छ। यस विषयमा अझ गहिरिएर अध्ययन-विश्लेषण हुनुपर्छ भन्ने विचार बढ्दैछ। यो सारै राम्रो कुरा हो। यस विषयमा बोलेर, लेखेर र छलफल-गोष्ठी तथा लेखहरूको प्रकाशन आदि कार्यक्रमको आयोजना गरेर सक्रिय भूमिका खेल्नेहरू सबै जना धेरै धन्यवादका पात्र हुनुहुन्छ।

हामीले समाजवादलाई राजनीतिक, आर्थिक र सांस्कृतिक आदि विभिन्न विषयमा बाँडेर र वर्तमान, भविष्य तथा भूत गरी तिनै कालका आधारमा समेत अध्ययन गर्नुपर्ला। राजनीतिज्ञ, अर्थविद् र सांस्कृतिककर्मी इत्यादि सामाजिक जीवनको विविध पक्षका विशेषज्ञहरू र अरू व्यक्ति हरू समेत गरी समाजवादबारे विशेष रूपबाट चाख लिनेमध्ये धेरै थरीसँग गाँसिएर अध्ययनको क्रम चलाउँदै जान पाए जाती होला। संसारमा वैज्ञानिक समाजवादको प्रयोग गर्दा पाइएका सफलता र असफलता वा यसमा अहिले सम्म देखिएका सवल तथा दुर्बल ( सकारात्मक एवं नकारात्मक) गरी दुवै पक्षहरूबारे पूरापूर विचार पुर्‍याउनुपर्छ। कुनै एक पक्षलाई मात्र हेर्ने गल्ती गर्न नपुगियोस्। दुईमध्ये कुन पक्ष प्रमुख रहेको छ भनेर पनि छुट्याउनुपर्छ।

समाज वर्गहरूमा बाँडिएदेखि समाजको इतिहास भन्नु नै मुख्यतः वर्ग-संघर्षको इतिहास हो। यसै आधारमा हामीले प्रत्येक कुरालाई केलाउने र सार झिक्ने गर्नुपर्छ। जतिसुकै महान् व्यक्ति भए पनि निजका गुन-बैगुनहरूलाई भन्दा त्यस समयको वर्ग संघर्षका विशेषताहरूलाई नै हामीले सवभन्दा बढी महत्व दिएर विचार गर्नुपर्छ। वर्ग संङ्घर्षको नियम मानिसको इच्छाबाट एकदम फुक्का हुन्छ। त्यो श्रमिक वर्गका नेताको इच्छा अुनसार चल्दैन र शोषक वर्गका नेताहरूको मर्जी मुताविक पनि चल्दैन। प्रत्येक वर्गको नेतृत्वकारीले आफ्नो वर्गको स्थिति अनुसार मात्र महत्वपूर्ण भूमिका खेल्न सक्छ, अवस्थालेनै नदिने काम-कुराहरू गरेर देखाउन भने कहिल्यै सक्तैन। त्यसैले संसारमा, नेपालमा र यहाँका समाजावादी उद्देश्य लिएका राजनीतिक दलहरूमा कुन बर्गको प्रभाव कसरी कतिसम्म रहँदैआएको छ भनेर समेत अध्ययन गरौं।

अधिनायकत्वको स्वरूप पनि वर्गीय नै हुन्छ र यो शत्रुमाथि चलाइने माध्यम हो, आफैंमाथि लागूगर्ने कुरा होइन। श्रमिक वर्गको अधिनायकत्व चलेको ठाउँमा यो वर्गले अधिकतम जनवाद उपभोग गर्न पाएको हुनुपर्छ। कुनै व्यवस्थामा व्यापक जनसमूहले नै बढी मात्रामा असजिलो बेहोर्न बाध्य हुनुपर्छ भने त्यस्तो व्यवस्थालाई कसरी श्रमजीवी वर्गको अधिनायकत्व वा जनताको जनवादी अधिनायकत्व मान्न सकिएला? व्यक्तिहरूलाई हामी तिनका कुराबाट मात्र होइन, खास गरी व्यवहारबाट नै जाँच्दछौं। त्यस्तै कुनै राजनीतिक दललाई अथवा राज्य-व्यवस्थालाई पनि तिनका राम्रा नाउँ र मीठा घोषणाहरूबाट भन्दा कामहरूबाट नै जाँच्नुपर्छ।


तिनमा कुन वर्गको प्रभुत्व छ भन्ने तथ्यले नै सबै कुराको निधो गर्दछ। जति-जति पछि भयो शोषक वर्गले श्रमजीवी वर्गलाई छल्न-छ्काउन झन्झन् राम्रा-मीठा नाराहरू अघिसार्दै जाने हुन्छ र आकर्षक अनुहार पार्दै अनेक थरी अभिनय गर्दै यो जाने गर्छ। तर, मुख्य कुरा त बाहिरी रूप नभएर भित्री सारनै हो।

कुनै पनि व्यक्ति, वस्तु वा समाज-व्यवस्थामा रूप र सार दुवै कुरा अनिवार्य रूपले रहेका हुन्छन्। तर यी दुईमध्ये मुख्य चाहिं सारनै हो। समाजवादको विचारधारात्मक सार भन्नु ब्यक्तिवादी नहुनु हो। जब मानिसहरूले व्यक्तिवादको बाटो लिन थाल्दछन्। समाजवादी व्यवस्थालाई किराले काट्न शुरू गर्छ। यो किरापराइको मात्रा बढ्दै गएर पराकाष्ठाको विन्दुमा पुगेपछि समाजवादी व्यवस्था पनि समाप्त हुन्छ। व्यक्तिवाद-विरोधी अभियान जारी रहन पाउनेहो भने समाजवादी व्यवस्थालाई जोगाउन र हुर्काउन धेरै सजिलो हुन्छ। देखिएका अरू किसिमका कमजोरी र गल्तीहरूलाई पनि जति सकेको चाँडो सुधार्दै जानुपर्छ। सुधार्नुको सट्टा तिनको मात्रा थप्दै थप्दै जाने हो भने पनि समाजवादी व्यवस्था क्रमशः भत्किदै जाने हुन्छ। अनेक देशमा पहिले सफलता प्राप्त गरिसकेको समाजवादी व्यवस्थाले अहिले भताभुङ्ग हुनु पुग्नुको मूलकारण यही हो। हुन त यसो हुनुमा बाहिरी कारण र समाजवादका अन्तरराष्ट्रिय शत्रुहरूका समाजवादविरोधी प्रत्यक्ष तथा परोक्ष क्रियाकलापहरूको पनि निकै ठूलो भूमिका रहेको छ। तर बाहिरी र भित्री कारणमध्ये भित्री कारणनै मुख्य हुन्छ। तसर्थ पहिले समाज-वाद कायम रहि आएका देशहरूको वर्गस्थितिमा परिवर्तन र ती देशका पार्टीहरूमा समाजवाद-विरोधी तत्वहरूको प्रभुत्व कायम रहनुनै ती ठाउँहरूमा समाजवाद समाप्त हुनुको जरो कारण हो भन्ने पनि नबिसौं।

शत्रुहरूले हतियार लिएर मात्र हमला गर्दैनन्। उनीहरूको आक्रमणका अनेकौं रूपहरू हुन्छन्। तीमध्ये वैचारिक रूपलाईनै हामीले प्रमुख ठान्नुपर्छ। किनभने, समाजवादी विचारधाराबाट विचलित हुनु भनेको शत्रुबाट परास्त हुन थाल्नु हो र विचराधारात्मक रूपबाट आत्मसमर्पण गर्नु चाहिं अन्तिम हार स्वीकार गर्नु हो। त्यसक[illegible] आज पनि समाजवादका शत्रुहरू समाजवादप्रति जनतामा शङ्का उपशंका भ्रम-अन्योल र निराशा-विचलन आदिका भावनाहरू उत्पन्न गर्ने र बढाइद्दिने दुराशैयबाट नाना भाँतिका झुट्टा प्रचारमा लागिरहेकै छन्। तर थोरै मानिसलाई र सानो अवधिसम्म मात्र छकाउन सकिन्छ। सधैंभरि सबैलाई झुक्याइ रहन केही गरे पनि सकिदैन।

हामी वैज्ञानिक समाजवादका विषयमा कुरा गर्दैछौं, काल्पनिक समाजवादका विषयमा होइन।

## के समाजवादको मृत्यु भएको हो?



"के समाजवादको मृत्यु भएको हो?" शीर्षकमा नीरब शेरचनले लेख्नु भएको लेख मासिक रूपमा "मूल्याकन" निस्कन थाले पछिको प्रथम अंकमा हामीले प्रकाशित गरेका थियौं।

विश्वको पहिलो समाजवादी मुलुक सोभियत संघ र पूर्वी यूरोपेली मुलुकहरूबाट समाजवादका शेषहरू पनि समाप्त भई नाँगो रूपमा पूँजीवादको पुनर्स्थापना भएपछि संसारभरमै समाजवादको नाममा भएका प्रयोगहरूबारे गंभीर प्रश्नहरू उठ्न थालेको सन्दर्भमा अन्तर्क्रियाका लागि उक्त लेख प्रस्तुत गरिएको थियो।

उक्त लेखले सोभियतसंघमा समाजवादी प्रयोगका ७४ वर्षहरूको विवेचना गर्दै केही निचोडहरू निकाली अब समाजवादी खेमाले सिक्नु पर्ने पाठहरूबारे पनि चर्चा गरेको थियो।

यस लेखमाथि हामीले एक आन्तरिक परिचर्चा पनि चलाएका थियौं। यस परिचर्चामा महेश्वरमान श्रेष्ठ, रूद्र खरेल, डा. शरद वन्त, खगेन्द्र संग्रौला, निनु चापागाई, डा. कमलकृष्ण जोशी, नीरबशेरचन र श्याम श्रेष्ठले भाग लिनु भएको थियो। उक्त परिचर्चामा विविध कोणबाट विगतका समाजवादी व्यवहारहरूको चिरफार भएको थियो। यसको सार हामीले दोस्रो अंकमा प्रकाशित गरेका थियौं।

समाजवादी खेमामा घटेका वर्तमान गम्भीर घटनाहरूलाई लिएर पूँजीवादीहरूले जथाभावी वैचारिक रूपले आक्रमण गरिरहेको वर्तमान ससयमा यस विषयमा गहन अध्ययन-चिन्तन बढोस् र यसको क्रमलाई टेवा पुगोस् भन्नका लागि यसबारे विभिन्न व्यक्तिहरूबाट विचार अन्तर्क्रिया चलाउने हाम्रो उद्देश्य रहेको तर गत दुई अंकमा यो चालू हुन नसकेकोमा पाठक वर्गको व्यापक मागलाई समेत ध्यानमा राखी यो सवालमा अन्तर्क्रियालाई पुनः संचालन गर्ने हाम्रो योजना अनुसार यस पटक हामीले श्रीश्यामप्रसाद शर्माका विचारहरू प्रस्तुत गरेका छौं। हामी यस सवालमा उद्देश्यपूर्ण र सत्यमुखी अन्तर्क्रियामा सहभागिताको निम्ति सबैलाई आव्हान गर्दछौं। (-संपादक)

त्यसैले, समाजवादलाई विज्ञान तथा प्रविधिको विकासको दृष्टिबाट बाधक व्यवस्था हो भन्न पनि पटक्कै मिल्दैन। समाजवादले आफूलाई काम लाग्ने कुरा जुनसुकै समाज–व्यवस्थामा पाइने भए पनि लिन्छ। पूँजीवादबाट पनि आफूले लिनुपर्ने कुराहरू अवश्य लिने गर्छ। पूँजीवादका राम्रा पक्षहरूबाट यसले सिक्न खोज्दैन भन्ने भनाइ कत्ति सही होइन। वैचारिक रूपबाटमात्र सक्षम भएर पुग्दैन, भौतिक रूपबाट समेत पूँजीवादी व्यवस्थालाई जित्दै जान सक्नु पर्छ भन्ने कुरा समाजवादी सिद्धान्त वा व्यवस्थाले नबुझेको विषय होइन।

समाजमा वर्गहरू रहेसम्म वर्ग–संघर्ष पनि चलिनै रहन्छ– मानसिक र भौतिक दुवै क्षेत्रमा। श्रमजीवी र शोषक वर्गहरूमध्ये एक थरीले अर्को थरीलाई उछिन्न–पछार्न खोज्ने प्रयत्न गरिनै रहन्छन्। समाजवादले स्थायी रूपबाट विजय प्राउनुभन्दा पहिले पटक–पटक हारको मार पनि खप्नुपर्ने नै हुन्छ। पूँजीपति वर्गको अधिनायकत्व अन्तर्गत रहंदा श्रमिक वर्गले उठ्ने प्रयत्न गरे जस्तै श्रमिक वर्गको अधिनायकत्व चलेको ठाउँमा पूँजीपति वर्गले पनि आफू फेरि देखिन् उठ्ने र सकिछ भने गुमेको राज्य सत्तालाई पुनः प्राप्त गर्ने प्रयत्न परोक्ष रूपबाट नै भए पनि जारी राखेको हुन्छ। तर श्रमिकहरूको संख्या संसारमा दिनहुं बडो वेगले बढेर नै गइरहन्छ भने उनीहरूको अनुभव पनि झनझन् समृद्ध हुँदै जाने हुन्छ। उनीहरू न्यायपूर्ण सुन्दर संसार सिर्जने सत्यप्रयासमा लागेका छन् भने शोषक वर्ग पूरापर अन्यायका आधारमा अड्दै आएको छ। त्यसोहुंदा पूँजीवादको पतन हुँदै जानु र समाजवाद क्रमशः बढ्दै गई अन्तिम विजयसम्म पुग्नु समाज–विकासको अवश्यम्भावी प्रक्रिया हो। असल नियमका प्रत्येक बुद्धिमान मानिसले आज यस सत्यलाई नबुझ्लान् भनी चिताउनै पर्दैन। □

(१९९२ जुलाई) श्याम प्रसाद शर्माः वामपन्थी नेता, अध्यक्ष, प्रगतिशील लेखक संघ, नेपाल

३२ पेजको बाँकी

हालै क्यूवामा गरिएको संवैधानिक सुधार–बारे के दावी गरिएको छ भने क्यूवाले बजार र व्यक्तिगत कृषिको थालनी जो गरिरहेछ, त्यो सोभियत संघले १९२०मा आपत्तकालीन स्थितिबाट मुक्त हुन लागू गरेको "नयाँ आर्थिक नीति" के शैलीको रहेको छ।

अमेरिकाको गिद्दे आँखाको तारोको रूपमा रहेको क्यूवा आफूले अप्नाई आएको राज्य व्यवस्था र सिंगो मुलुककै स्वाधीनताको अस्तित्व रक्षाका लागि लडिरहेको यस समयमा त्यसको सहयोगार्थ केही महीनाअघि मेक्सिको र भारत लगायतका देशहरूमा जनस्तरबाट "हरेक घरबाट एक रूपियां र एक मुठी अन्न" संकलन गर्ने कार्यहरू भएको घटना स्मरणीय छ।

राष्ट्रपति क्यास्ट्रो अमेरिकाको सामु कुनै पनि हालतमा नझुक्ने प्रण गरिहेछन् -*"हाम्रो देशको संपूर्ण संप्रभुता र स्वाधीनता कायम नगैकन अमेरिकामा पनि कहिल्यै शान्ति हुने छैन। हामी प्रभुत्ववादको आधिपत्य कहिल्यै पनि स्वीकार्ने छैनौ।"*

□ राजेन्द्र महर्जन


पढनु होस्
पृष्ठभूमि साप्ताहिक

अगष्ट ५ (साउन २१), एंगेल्स मुत्यु दिवसको सन्दर्भमा

# बुर्जुवा वर्गबाट आएका मानिसहरूबारेः एंगेल्सको धारणा

"हिजोसम्म जो शासक वर्गमा नै सामेल थिए, उनीहरू मध्येबाट पनि केही व्यक्तिहरू छुट्टिएर लडाकु सर्वहारा वर्गको पक्षमा खडा हुन आइपुग्ने छन् र सर्वहारा वर्गको लडाईमा सांस्कृतिक उत्पादनहरू जुटाउने छन्। समाज विकासको आफ्नो नियम अनुसार नै यस्तो हुनेछ .... तर यो प्रसंगमा दुई कुराहरूलाई सधैं ध्यान दिइनु पर्दछः–

पहिलो, सर्वहारा वर्गको लडाईमा सहायता गर्ने आफ्नो यो भूमिका निर्वाह गर्न यदि उनीहरू चाहन्छन् भने उनीहरूले यस किसिमको संस्कृति आर्जित गर्नु पर्नेछ जो सर्वहारा वर्गको लडाईमा सहायक सिद्ध होस्। तर जर्मन बुर्जुवा हरूको वीचबाट आएका जो जो मानिसहरूले सर्वहाराको लडाईमा योगदान गरेका छन्, उनीहरूमध्ये अधिकांशको ममिलामा यो उल्टो नै भएको छ।............उनीहरूलाई बस्तुगत दुनियाँको बारेमा तथ्यआधारित र सैद्धान्तिक, दुबै क्षेत्रहरूमा केही पनि ज्ञान छैन। यसको सट्टामा यी महारथीहरूले विश्व विद्यालयहरू वा यस्तै ठाउँहरूबाट जो विचित्र सैद्धान्तिक "ज्ञान" आफ्ना खोपडीहरूमा कोचेका छन्, त्यसैको आधारमा साम्राज्यवादको बारेमा भद्रगोल र अष्पष्ट लफ्फाजी (शब्दाडम्वर)को खिचडी तयार गरेर एउटा सिद्धान्त खडा गर्ने उनीहरूले कोशीस गरेका छन्। यसलाई लिएर पनि उनीहरूका बीचमा भ्रान्ति छ– को भन्दा को ज्यादा भ्रान्तिको शीकार छ, यो कसलाई थाहा? ........। समाजवादको विचारधारा, जो आज एक मौलिक विज्ञानको रूपमा आविर्भूत भैसकेको छ, सवभन्दा पहिला यसैलाई सुक्ष्म रूपले जान्नु बुझ्नुको सट्टामा यिनीहरू



आफ्ना खोपडीमा कोचिएको दृष्टिकोणको आधारमा समाजवादलाई काट–छाँट गरेर आफ्नो सुविधा अनुरूप यसलाई एक विचित्र रूप प्रदान गरिरहेका छन्। यी सबै महाशयहरू आफ्नो तर्फबाट तयार गरिएको मनगढन्त समाजवादको प्रवक्ता बनेका छन् र सर्वहाराहरूलाई शिक्षित गर्ने कुराको आडमा आफूले आफूलाई नै उनीहरूका नेता को रूपमा प्रतिष्ठित गर्ने दाउमा छन्। यी तमाम बुद्धिजीवीहरूको मुख्य धन्दा यही छ– उनीहरू जो आफैले सिकेनन्, त्यो अरूहरूलाई सिकाउनु। यस्ता बुद्धिजीवीहरूलाई "छुट्टी" गरिदिनुले पार्टीलाई केही पनि हानी हुनेवाला छैन।

दोस्रो, अन्य कुनै पनि वर्गबाट आएका जो मानिसहरूले सर्वहारा–लडाईमा आफ्नो योगदान दिनेछन्, उनीहरूले याद राख्नु पर्नेछ कि यहाँ बुर्जुवा, पेटिबुर्जुवा बिचारधारा, संस्कार–आदतहरूका अवशेषहरूलाई कुनै पनि हालतमा कायम राख्न सकिदैन। उनीहरूले विना–शर्त सर्वहारा वर्ग–दृष्टिकोणलाई पूर्ण रूपमा आर्जित गर्नु पर्ने छ।"

**(औगस्ट बेबल, कार्ल लेबनेख्त आदि प्रमुख व्यक्तिहरू संग मार्क्स र एंगेल्सको पत्राचार, सेप्टेम्बर १८७९) □**



आजै सदस्य बनौं मौकाको फाइदा उठाऔं। परे उपहार नपरे तपाईंको रकम तपाईंलाई नै फिर्ता। नोटः– नेपाल अधिराज्यभरि एजेन्ट तथा सेल्सम्म्यानको आवश्यकता छ।
सम्पर्क स्थान : A to Z उपहार कार्यक्रम। फोन : ४७०६२३, चावहिल, गणेशस्थान

# महिला मुक्तिको सवालमा सैद्धान्तिक संकीर्णता!

## प्रगतिशिल महिला नेतृहरूका विचार नियाल्दा

–जोशी, एल्मीज/संयोजक/वमेन्स वाच



सर्व प्रथमतः ८२ औं महिला-दिवसको अवसरमा महिला मुक्तिसंग सम्बन्धित विषयमा प्रगतिशील महिला नेतृहरूबीच छलफल चलाउनु भएकोमा "मूल्याङ्कन परिवार"लाई धन्यवाद दिन चाहन्छु।

अन्तर्क्रियामा तेश्रो तथा अन्तिम बुँदाको रूपमा अनेकौं भागमा खण्डित महिला संघको एकीकरण तथा कम्तिमा पनि साफा सवालमा कार्यगत एकता हुन नसकेको सम्बन्धमा प्रश्न र राखिएको थियो। यस सम्बन्धमा प्राप्त जवाफ अति नै लज्जास्पद देखियो। समान उद्देश्यबाट गठित एवं त्यसैको निम्ति कार्यरत समुहको फूट "भाई फुटे गंवार लुटे" जस्तै पुरूष प्रधान समाज एवं महिला स्वतन्त्रता, समानता तथा मुक्ति बिरोधीहरूका लागि अति उपयुक्त हुन गएको छ। त्यस्तै दविएका र त्यसमाथि निरन्तर शोषित महिलाहरूको आवाज समेत ऐक्यवद्धता पूर्वक नआउनु निकै दुःखको कुरा हो। यस्तो किन? यहाँ महिला नेतृहरूद्वारा व्यक्त विचारलाई नियाल्नु जरूरी छ।

अनेमसंघकी महासचिव जमुना थापाको अनुसार, एउटै लक्ष्य र उद्देश्य भएका संघहरू किन एक भइरहेका छैनन् भन्ने सवालमा, महिला संघ स्वतन्त्र नभई पार्टी अन्तर्गत संचालन भएको हुनाले अथवा महिला संघ कम्यूनिष्ट पार्टीको जन संगठन भएकोले पार्टीको सिद्धान्त र नीति अनुरूप चल्नु पर्ने हुन्छ।

सर्व प्रथमतः मुक्तिको लागि लड्ने संघ नै पार्टीगत बन्धनमा बाधिएको छ, जसको नेतृत्व पुरूषकै हातमा छ। यस अवस्थामा मुक्तिको वास्तविक स्वाद चाख्न पाउने सम्भावना नै रहदैन। यदि वर्तमान संस्कारगत वन्धनबाट स्वतन्त्रता पाए पनि पुनः पार्टीकै संस्कारको पिंजडामा थुनिने बढी सम्भावना रहन्छ। शायद कोठाबाट छुटेर घर भित्र रहनु पर्ने अवस्था आउला। राजनीतिको सिद्धान्त खण्डित छ भन्दैमा वर्गीय स्वार्थ पनि खण्डित पार्नु कति सम्म उचित होला? अर्थात् महिला वर्गको मुक्तिको मापदण्ड कति भागमा विभाजित गर्ने? अनेमसंघकी महासचिव अष्टलक्ष्मी शाक्यको विचारमा पनि राजनीतिक दृष्टिकोणकै कारण यो एकता नहुनु हो। अनेमसंघ एकता रा.स. तयारी समितिकी अध्यक्ष शशी श्रेष्ठ चाहिं महिला मुक्ति फेशनको रूपमा रहेको उल्लेख गर्नु हुन्छ। प्रत्येक पार्टीको लागि छुट्टा छुट्टै महिला संगठनको धारणा रहेको उहाँ बताउनु हुन्छ।

उल्लिखित तीनै जना नेतृहरू प्रगतिशील विचारधाराका हुनुहुन्छ। नेपालको राजनीतिक धरातलमा साम्यवादी विचार धाराको अनेकन धार भए अनुरूप प्रगतिशील महिलाहरूको महिला मुक्ति आन्दोलन पनि अनेकता विभाजित प्रष्ट छ, र यसमा एकता तथा कार्यगत एकतामा व्यबधानको एक मात्र प्रमुख कारण राजनीतिक सैद्धान्तिकता बताइन्छ। यो वास्तविकता पनि हो। तर, यसको औचित्यप्रति हामीले विचार गर्नु जरूरी छ।

तीन हजार बर्ष पूर्व देखि विद्यमान पुरुष प्रधान समाजको शीकार बनेका छन्–महिलाहरू! महिला शोषण विश्वब्यापी रूपमा विद्यमान् छ। यसमा राजनीतिकवादले असर नपारेको देखिन्छ। पूर्वमा धार्मिक बन्धन समेत यसमा सहायक छ। उता पश्चिममा "स्वतन्त्रता" शब्दको आडमा "स्वच्छन्दता" ब्याप्त गर्दै नारीलाई यौन प्रतीक (Sex Symbol) को रूपमा प्रयोग गरिएको कुरा सबैमा विदितै होला। यहाँ भन्न खोजिएको कुरा के भने, पूर्वीय समाजमा नारीहरू प्रत्यक्ष रूपमा शोषित छन्। हिन्दू धर्ममा जति नारीलाई शोषित गर्न खोजिएको छ, त्यसको कैयौं गुना बढी इश्लाम धर्ममा गरिएको छ। उता, पश्चिमा समाजमा नारी-शोषणको अप्रत्यक्ष रूप यौन स्वतन्त्रता हो भन्न सकिन्छ। समाजमा महिला र पुरूष बीच भेदभाव छैन भनेर यौन साहित्य प्रतिको स्वतन्त्रताबाट नै यौन बिकृति यहाँ ब्याप्त छ। स्वतन्त्र यौनबाट बढी प्रभावित हुने नारी नै हो। यौन स्वतन्त्रताकै कारण नै "कुमारी आमाको" संख्यामा अत्याधिक बृद्धि भएको पाइन्छ। यस प्रकारले पश्चिमीहरू स्वतन्त्रताको नाममा नारी देहलाई बलिवेदीमा चढाउने गर्छन्। वास्तविक मुक्तिकै अभावमा त्यहाँ हाल पनि महिला अधिकार, समानता जस्ता विषयमा लगातार आवाज आइरहेको छ। महिलाहरूको समस्या प्रत्येक महिलामा आम रूपमा समान हुन्छन्। नेपालकै सन्दर्भमा पनि पैत्रिक सम्पतिमा छोरीको पनि समान हकको कुरा गर्दा यसमा सम्पूर्ण महिलाको सहमति हुनुपर्छ। किनकि यो समस्या कम्यूनिष्ट महिलाको मात्र या काँग्रेस महिलाको मात्र होइन। यो समस्या मार्क्सवादी महिलाको मात्र वा माओवादी महिलाको मात्र होइन। यो समस्या रूढीवादी महिलाको मात्र वा नव-विचारकी महिलाको मात्र पनि होइन। सम्पूर्ण महिलाको हो।



महिला मुक्तिका आधारभूत कुराहरू पनि यस्तै प्रकारका समस्याका कुरा हुन्, जसले आम महिलालाई सामूहिक रूपमा प्रभावित पार्दछन्। यो वास्तविक यथार्थ हो। यो कुरा प्रगतिशील महिला नेतृहरूले बुभ्नु भएको पनि हो। यस दृष्टिले यस सम्बन्धमा हाम्रो कुराको आवश्यकता छैन। तर पनि यस्ता सवालमा आन्दोलनमा एकजुटता छैन। किनकि राजनीतिक विचारधारा फरक छ। वर्गीय मूल पार्टीहरूवीच एकता छैन।

अब सोच्नु परेको छ कि, यस्तो अवस्थाको सामना कसरी गर्ने? हाल सम्म हिंड्दै आएको बाटो नै पकड्ने कि नयाँ मार्ग अपनाउने?

पहिलाको जवाफ मान्ने हो भने, अब महिला मुक्ति नाम मात्रको हुनेमा संदेह रहन्न। किनकि, विगत देखि कै परम्परा हो यो। अब, यस अवस्थामा महिलाहरू काल्पनिक मुक्तिमै तथा कागजी आन्दोलनमै जकडीरहने निश्चित छ।

तर, दोश्रो बाटो अर्थात् नयाँ मार्ग नि?

यहाँ दोश्रो जवाफ अलिकति जटील छ।

*"मूल्यांकन"ले ८२ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको सन्दर्भमा गत अंक ३ मा नेपालमा विद्यमान प्रगतिशील महिला संघहरू मध्ये तीनवटा अखिल नेपाल महिला संघका महिला नेतृहरू अष्टलक्ष्मी शाक्य, शशी श्रेष्ठ र जमुना थापासँग नेपाली महिलाहरूका विविध समस्याहरूबारे विचार अन्तर्क्रिया चलाएको थियो।*

*उक्त विचार अन्तर्क्रियामा एउटा विषय थियो–नेपाली महिला आन्दोलनमा सक्रिय धुप्रै महिला संघहरूको एकताबारे। एउटै लक्ष र कार्यक्रम भएका महिला संघहरू किन एक हुन सकिरहेका छैनन्? कम भन्दा कम साफा सवालहरूमा कार्यगत एकता गरेर संयुक्त संघर्ष गर्न के कुराले बाधा दिइरहेको छ? हाम्रो यो प्रश्नको जवाफको रूपमा उहाँहरूले व्यक्त गर्नु भएका जवाफहरू-बारे एल्मिज जोशीले जनाउनु भएको प्रतिकृया हामीले यहाँ प्रस्तुत गरेका छौं।*

*महिला नेतृहरूका विचारहरू र यस प्रतिकृया-लेखमा व्यक्त कतिपय धारणाहरू एवं यसको निचोडका बारेमा आगामी अंकहरूमा पनि छलफल चलाइने छ। –सं.*

किनकि यो नयाँ हो। हर नयाँ कुरा जटीलता बाटै गुजिन्छ। अब यस अवस्थामा के गर्ने त? यसको जवाफ हुने छ-वर्गीय हित (नारीवर्ग) को लागि पार्टीगत स्वार्थ त्याग्ने। अर्थात् राजीतिक पार्टी, जस अन्तर्गत आफू संचालित रहेको छ समेत, लाई महिला मुक्तिको सवालमा एकता तर्फ उन्मुख हुन वाध्य गराउने वा यो सम्भव नभए उक्त धारबाटै अलग हुन सक्ने। यदि यसो गर्न नसकेमा नाम मात्रको संगठनको रूपमा रहनु पर्नेछ। त आफ्नो मूल कुरो महिला-मुक्ति "फेशन" मात्र हुनेछ।

वैकल्पिकताको दोश्रो बाटो साम्यवाद प्रतिको प्रहार होइन अर्थात् दोश्रो बाटोबाट लागेर साम्यवादीहरूको विभक्त विचारधारालाई नमान्नु होइन। राजनीति नीजी विचारको अभिब्यक्ति हो। हर ब्यक्तिको यसको छनौटमा स्वतन्त्रता रहनुपर्छ। तसर्थ हर महिला आफू खुशी राजनीतिमा लाग्न पाउछे।

यहाँ भन्न खोजिएको कुरा के भने, वैचारिक वा सैद्धान्तिक संकीर्णताको कारण आफ्नो स्वतन्त्रतालाई समेत तिलाञ्जली दिनु नारी संगठनलाई कतिको उपयुक्त होला? जब सम्म मुक्त बातावरणमा रहन पाइन्न, शिक्षित हुन पाएको हुन्न तथा मुख्य रूपमा आर्थिक क्षेत्रमा पूर्ण स्वावलम्वी या आत्मनिर्भर बन्न सकिन्न तवसम्म राजनीतिकै खास खेमामा लाग्न पनि ब्याबहारिक रूपले समर्थ होइन्न। "भोको पेटमा अर्तिको के अर्थ" भने झैं आर्थिक स्वावलम्बन जस्ता मुद्दा एकातिर राखेर राजनीतिकै सिद्धान्तको पछि लागेर मात्र महिला-मुक्ति कसरी पाउने?

राजनीतिक आन्दोलनबाट महिला-मुक्ति आन्दोलन अघि बढाउने विचार पनि हुन सक्छ। अर्थात् महिला संगठनहरू राजनीतिक आन्दोलनकै प्रतिक्षामा रहेका पनि हुन सक्छन्। तर यो कुरा वर्तमानमा कति ब्यबहारिक छ त? निरंकुश पंचायती सत्ता पश्चातको वहुदलीय प्रजातन्त्रमा नारीहरूले कति स्वतत्रता तथा समानता पाए? नारीको अवस्थामा कति परिवर्तन भयो? कही यहीअवस्था भविष्यमा पनि रहे राजनीतिक आन्दोनल र महिला-मुक्तिको समीकरण कतातिर ढल्केला?

तसर्थ, महिला मुक्ति योद्धाहरूको आफ्नै खाले सिद्वान्त तथा ब्यबहारिकता हुनुपर्‍यो। एक निश्चित कार्यक्रमसाथ अघि बढ्नु पर्ने समय आइसकेको छ। यस भन्दा बढी दृढ संकल्पको खाँचो छ। नत्र त महिला मुक्ति वंजनदार नारामा मात्र सीमित रहनेछ।

प्रगतिशील महिला नेतृत्वहरूले समयको माग, आफ्नो वर्ग (महिला वर्ग) को वर्तमान दुरावस्था, हाल सम्म आफूद्वारा गरिएका प्रयास इत्यादिको पूनरावलोकन गरेर पुनः विचार गर्नु परेको छ, महिला-मुक्ति सम्बन्धमा। अन्यथा सैद्धान्तिकता कै कारण वास्तविक रूपमा मैदानमा उत्रन नसके नाम मात्रको आन्दोलनको औचित्य नै के रह्यो र? ☐

# 'सत्यकथा' रत्नपार्कमा जलाइयो




केही समयअघि नेपालको बर्दिया जिल्लाको मोदियाना गाउँको नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालयमा केही भारतीयहरू आएर विनम्र अनुरोध गरी त्यस स्कूलका डेढ दर्जन जति छात्राहरूको फोटो खिचेर लगेका रहेछन्।

त्यसको केही महिनापछि गत वैशाख-जेठ (मे, १९९२) मा भारतबाट निस्कने मासिक पत्रिका "सत्यकथा" मा एउटा "सत्यकथा" छापियो, जसको शीर्षक थियो- "राजापुरः देह-व्यापारकी मण्डी"।

नेपालको बर्दियाको राजापुरमा विद्यमान बेश्यावृत्तिको चित्रण गर्ने नाउँमा त्यस पत्रिकाको त्यो कथित "सत्यकथा"मा त्यस स्कूलका ती डेढ दर्जन जति छात्राहरूको फोटो प्रयोग गरिएको छ। फोटोमा ती छात्राहरूलाई बेश्या बजारमा बेच्न ल्याएका केटीहरूको रूपमा प्रस्तुत गर्नेकाम समेत भएको पाइयो।

यति मात्र हैन, उक्त पत्रिकाले नेपाली काँग्रेस र ने क पा एमालेको मोदियाना इकाइ कार्यालय भवनका फोटोहरूलाई "वेश्यालय"को आशय झल्किने विशेषण दिई छापेको पनि पाइयो।

यसरी यस पत्रिकाले काल्पनिक भुठ खवर छापी आफ्ना छोरीबेटीहरूको बेइज्जति गर्न खोजेको देखेर बर्दियाका जनताहरूमा आक्रोशको लहर फैलियो।

यो खवर केही समय राजधानीमा पनि चर्चाको विषय बन्यो। बर्दियाका एमाले सांसद गोविन्द ज्ञवालीले नेपाल र नेपाली नारी माथि गरिएको यो घृणित अपमानका विरूद्ध नेपाल सरकारले भारत सरकारसँग संपर्क राखी यस्तो भ्रामक कुरा प्रकाशन गर्ने अपराधीहरूमाथि कार बाही गराउने माग राख्नु भयो। जन साँस्कृतिक मंचका अध्यक्ष मोदनाथ प्रश्रितले पनि यसको विरोध गर्नु भयो। (सूचना श्रोतः "छलफल" साप्ताहिक, वैशाख २८ गते)

यही प्रकाशनको विरोधमा गत जेठ ७ गते साँझ ५ बजे काठमाण्डौको रत्नपार्कमा अखिल नेपाल महिला संघले "सत्यकथा"को उक्त अंक सार्वजनिक रूपले सडक छेउमै जलाउने काम गर्‍यो।

यस प्रकार "सत्य-कथा" को यस गैरजिम्मेवार प्रकाशनका विरूद्ध केही स्वरहरू उठेको पाइयो। तर दुईचार दिनको चर्चा-परिचर्चा पछि यो प्रसंग त्यसै सेलाएर गयो। सांकेतिक रूपमा विरोध भयो, यो पनि प्रशंसनीय कुरा नै हो तर उल्लेखनीय रूपमा यसवारे आवाजहरू उठेनन्, छलफलहरू भएनन्।

## किन यी "झूठ-कथा" हरूको बजार ठूलो छ?

निर्दोष छात्राहरू र स्वयं पार्टी कार्यालयहरू समेतलाई वदनाम गर्न खोज्ने प्रकाशन र त्यस्ता प्रकाशनहरूले बोकेका गैर-जिम्मेवार प्रवृत्तिहरूको व्यापक विरोध भई तिनीहरूको भण्डाफोर हुनु जरूरी थियो र जरूरी छ। किनभने एउटा मात्र हैन, "सत्य-कथा" जस्ता थुप्रै पत्र पत्रिकाहरू बाढीको रूपमा हजारौंको संख्यामा भारतबाट नेपाल भित्रिने गर्छन्। तिनीहरूले थुप्रै नेपाली-पाठकहरूलाई भुलाएका छन्, भ्रममा पारेका छन्।

"सत्यकथा" को उक्त अंक जलाउने अखिल नेपाल महिला संघकी महासचिव जुमुना थापा भन्नुहुन्छ- "यसबाट ती कलिला छात्राहरूको चरित्र हत्या र सार्वजनिक रूपले अपमान गरिएको छ। यसबाट ती छात्राहरूको संपूर्ण जीवन र भविष्यमा प्रतिकूल असर पर्न सक्दछ। यो सामान्य नभई महिलाहरूको इज्जतसंग जोडिएको गम्भीर कुरा हो। त्यसकारण, यस्ता पत्रपत्रिकाहरू खुलेआम बजारमा बिक्री वितरण गर्न बन्द गरिनु पर्छ भन्ने माग गर्दै यस किसिमका पत्र-पत्रिकाबाट समाजले गलत कुरा मात्रै पाउने भएकोले यसको भण्डाफोर समेत गर्दै हामीले यसलाई जलाएका हौं।"

"मनोहर कहानियाँ" को सह-प्रकाशन "सत्य-कथा" जस्ता पत्रपत्रिकाहरूका प्रवृत्ति र नियतलाई यसको उक्त अंकको यो "झुठ-कथा" ले प्रमाणित र प्रदर्शित गरेको छ।

कथित "सत्य कथा" को यो वदमासीलाई मोदनाथ प्रश्रित "प्रभूत्ववादी चरित्र लिंदै गएको भारतीय पुँजीवादको अन्तर्राष्ट्रिय सांस्कृतिक आक्रमण" को रूपमा लिनु हुन्छ, र भन्नु हुन्छ "यसो भएको हुनाले नेपालका संपूर्ण देशभक्त, प्रगतिशील तथा लोकतान्त्रिक शक्ति र बुद्धिजीवीहरूले यसको घोर विरोध गर्नु पर्दछ र त्यसका प्रकाशक एवं लेखकहरूले सार्वजनिक रूपले माफी माग्नु पर्दछ।"

छेऊ न टुप्पाका जवाफदेही विहिन मनगढन्त कुराहरू जोड्जाड् पारेर अचम्मलाग्दा, कौतुहलमय र रोमाञ्चकारी घट्नाहरू कथेर विवरण तयार पारी पाठकहरूलाई अल्मल्याउने र क्षणिक रूपले आकर्षण गरी आफ्नो बिक्री बढाई नाफा कमाउने स्वार्थ पूरा गर्ने उद्देश्यले नै यस्ता "झुठ" हरू "सत्य" को नाममा बेचिने गर्छन्। यस्ता "सस्ता स्तरका" वा "बजारिया उद्देश्य बोकेका" पत्रपत्रिका वा पुस्तकहरूका नियत र कार्य-प्रवृत्ति बारे आम नेपाली पाठकहरू सचेत हुन सकिरहेका छैनन्। भारतीय र नेपाली समाजमा यी पत्र पत्रिकाहरूको "बजार" अत्यन्त ठूलो छ। साहित्यिक र सांस्कृतिक स्तरका हिसावले अत्यन्त तल्लो स्तरका यस्ता प्रकाशनहरू हाम्रो समाजमा "लोक प्रिय" ठहरिएका छन्। क्षणिक र हल्का मनोरंजन दिने सनसनीपूर्ण र उत्ताउला रचनाहरूलाई रंगीचंगी साजसज्जाले ढाकेर यिनीहरू वौद्धिकरूपले कलिला पाठकहरूलाई आकर्षित गर्न सफल भएका छन्। यस्ता पाठकहरूका तल्लो स्तरको रूचीको शोषण गरी यिनीहरू पाठकहरूको रूचीको स्तरलाई बढाउने हैन, झन झन घटाई विकृत पार्ने नियत राख्दछन्। आलोचनात्मक क्षमता नभएका पाठकहरू यिनीहरूको वास्ताविकता बुझ्न नसकेर अल्मल्लिन्छन्।



"यस्ता पत्रपत्रिकाहरू खुलेआम बजारमा बिक्री वितरण गर्न बन्द गरिनु पर्छ।"
- जमुना थापा



"प्रमूल्यवादी चरित्र लिदै गएको भारतीय पूँजीवादको अन्तर्राष्ट्रिय सांस्कृतिक आक्रमण"
- सोदनाथ प्रश्रित

पंचायती निरंकुश तन्त्रले आफ्नो ३० वर्षे शासनकालमा जनताको मन मास्तिकलाई विकृत पार्न र उनीहरूको ध्यान व्यक्तिगत संकिर्ण भोगवादी कुराहरू तर्फ मात्र मोडेर आफ्नो आयु लम्ब्याउने नियतले भारत वा अन्य देशबाट प्रकाशित हुने राजनैतिक-सामाजिक संचेतना फैलाउने पुस्तक पत्रिकाहरू नेपालभित्र आउन सधैं रोक लगायो। यस्ता उपयोगी पढ्ने कुराहरू लेख्ने, छाप्ने, बेच्ने, ल्याउने व्यक्तिहरू थुनिए लुटिए, दण्डित भए। यसरी जनातालाई बौद्धिकरूपले सचेत र समृद्ध पार्ने सामग्रीहरूमाथि रोक लगाएर पंचायती कु-तन्त्रले देशभित्र सत्यकथा वा यो भन्दा पनि अझै तल्ला स्तरका रंगीचंगी पाठ्य सामग्रीहरूको ओइरो लगायो। यसले गर्दा सर्व-साधारण जनताहरू वाध्य भएर यिनै सामग्रीहरूमा रूची राख्न थाले। उनीहरूभित्र यी सामग्रीहरूको छुट्टै "लत" वा "नशा" कायम भयो।

फलतः मूलतः भारतबाट र कतिपय नेपालबाट पनि प्रकाशित हुने यस्ता स्तरहीन उपन्यासहरू र कोरा हवाइ कल्पना एवं रूढीवादमा आधारित सचित्र प्रकाशनहरू, जसको भारतीय वा नेपाली साहित्य-क्षेत्रमा नाम उच्चारण पनि गरिन्न, स्तरीय साहित्यको कोटीमा तिनीहरूको गणना नै हुन्न, यस्ता प्रकाशनहरूले नेपाली बजारमा प्रसस्त बिक्री हुने एकलौटी अवसर पाए। आजसम्म पनि पाठ्य सामग्रीहरूको "बजार" को यो प्रकृतिमा कुनै फेरबदल आएको छैन। यसको उल्टो झन यिनै सामग्रीहरू फैलदा छन र नेपाली समाजमा यिनीहरू निम्न स्तरीय एवं विकृत मूल्य र मान्यताहरूको विस्तार गरिरहेकै छन्।

यस्ता गैरजिम्मेवार प्रकृतिका र हानीकारक नियत बोकेका सामग्रीहरूको बिक्री वितरणमा सरकारले नियन्त्रण कायम गर्नु निश्चय नै जरूरी छ। "नीजिकरण" वा "प्रतिस्पर्धा" का नाममा पंचायती दुर्नियतका अवशेषहरूलाई टेवा र बढावा दिइरहने हो भने संसारमा मानवीय "विवेक" को भूमिका के? यो विराट प्रश्न सरकार र समाजका सामु खुला चुनौतिको रूपमा तेर्सिएको छ।

तर यतिखेर के पनि सोच्नु जरूरी छ भने बाहिरी नियन्त्रण त समस्या समाधानको एउटा माध्यम मात्र हुन सक्छ। यो माध्यम पनि अप्नाउनु पर्छ नै र खासमा, समाधान प्राप्त गर्न यसको मूल जरोमै उपचार गर्नु पर्दछ।

सस्ता र निम्न स्तरीय पाठ्य सामग्रीहरूका प्रकाशनहरू किन फस्टाइरहेछन? किनभने, तिनीहरूले धेरै संख्यामा पाठकहरूबाट हौसला पाइरहेछन्।

त्यसैले यसको जरो कारण आम-पाठकहरूमा रहेको संचेतना र रूचीको निम्न स्तर नै हो। यो स्तर समाजमा कायम रहुञ्जेल, यिनीहरू फैलिरहने र यिनीहरूले झन झन पाठकहरूको बौद्धिक स्तर आफू सुहाउँदो रूपमा कायम राखीरहने वा आफूसँगै तल तल झार्दै लैजाने प्रवल संभावना रहिरहन्छन् नै।

हरेक सचेत नागरिकहरू, सचेत संघ संस्था र सचेत प्रकाशनहरूले जनमानसंगको रूची संस्कारलाई माझ्दै, खार्दै उन्नत पारी उनीहरूमा ठीक-बेठीक, राम्रो-नराम्रो छुट्याउन सक्ने आलोचनात्मक क्षमताको विकास गर्न लागि पर्नु जरूरी भएको तर्फ यस कुराले स्पष्ट रूपले संकेत गर्दछ। यसोभएमा मात्र झुठो खबर र बयानको माध्यमबाट बजार विस्तार गरिरहेका "सत्य कथा" हरू वा जनमानसलाई अन्ध र विकृत बनाउने थुप्रै "बजारिया" पाठ्य समग्रीले जनतालाई भ्रम दिन सक्ने छैनन्, स्वतः यिनीहरू दुरूत्साहित हुनेछन्।

यसका लागि सचेत सर्जकहरू र प्रकाशकहरूले यस्ता आम-पाठकहरूका लागि सरल, स्तरीय र स्वस्थ्य पाठ्य-सामग्रीहरूको यथेष्ट मात्रामा "बिकल्प" दिनु पनि अत्यन्त जरूरी छ। ❑

*- हरिगोविन्द लुईटेल*

धारणा

# विद्रोह र क्रान्ति

*- डि.आर. पोखरेल*

विद्रोह र क्रान्तिबारे हामीकहाँ स्पष्ट धारणा बन्न सकेको छ जस्तो लाग्दैन। विद्रोहलाई नै क्रान्ति सम्भिने गल्ती भएको छ। क्रान्ति विद्रोह मात्र होइन र विद्रोह क्रान्ति होइन क्रान्ति सचेत विद्रोह हो भने विद्रोह असचेत क्रान्ति हो। इतिहासमा थुप्रै विद्रोहहरू भेटिन्छन्। थुप्रै लडाईं थुप्रै हिंसा र मारकाटका कथाहरू भेटिन्छन्। पद, पैसा, स्त्रीजाति, राज्य, मान-अभिमान आदिलाई लिएर थुप्रै विद्रोहहरू भएका छन्। विद्रोहमा इच्छा, आकांक्षा एवं उत्सर्गका भावनाहरू अवश्य नै हुन्छन्। त्याग बलिदानका भावनाहरू पनि हुन्छन। देश र जनताप्रतिको प्रेम भावना, अन्याय अत्याचार प्रतिको विरोध आदि तीब्र रूपमा पाइन्छन्। यति हुँदा हुँदै पनि केही कुराको कमी रहिरहेको हुन्छ। त्यही कमीले त्यस उत्सर्गलाई, त्यही बबण्डरलाई क्रान्ति भन्न सकिंदैन। त्यो कमी हो- चेतनाको। विचार घारात्मक लडाईको। जबसम्म मानिस चेतनाको हतियारले सुसज्जित हुँदैन, जबसम्म उसले समाजका वस्तुगत नियमहरूलाई वस्तुगत रूपमै बुझ्न सक्दैन्, त्यसबेलासम्म क्रान्ति हुँदैन। यस मानेमा क्रान्ति सचेतन आन्दोलन हो। मनुष्य, प्रकृति र समाज विकासका नियमहरूलई यथार्थमै ती जे छन्, त्यही रूपमा बुझेर एउटा बाटो तय नगरेसम्म त्यो क्रान्ति हुन सक्दैन्।

क्रान्तिले केवल दुईचार वटा लडाईं, एकाध कुराहरूको फेरवदल, एकाध नारा, भाषण र गुट वकालत गर्न होइन। अपितु जीवन र जगतलाई नयाँ उद्देश्य प्राप्तीको लागि संगठित गर्ने, सचेत गर्ने र उन्नत साँस्कृतिक जीवनतिर लैजाने हो। क्रान्तिले त हाम्रो आर्थिक पक्षलाई मात्र होइन, सम्पूर्ण सामाजिक दशालाई नै फेर्दछ। क्रान्तिको सवाल नै आमूल परिवर्तनको सवाल हो। हाम्रो मन मष्तिष्क, हाम्रो विचार, भावना, हाम्रो व्यक्तिगत जीवन र परंपरा सबैलाई आमूल परिवर्तन गर्ने विद्रोहको नाम क्रान्ति हो।


मनुष्य विद्रोही नभै क्रान्तिकारी पनि हुन सक्तैन्। स्वतन्त्र भएर बाँच्ने चाहना एउटा विद्रोह हो। परंपराका सम्पूर्ण वन्धनहरूप्रतिको अस्वीकृति र नयाँ एवं स्वतन्त्र जीवनको मागको शुरूमै भयंकर विद्रोहको जरूरी हुन्छ।

यथास्थितिलाई स्वीकारी वस्नु, परंपरागत नियम र कानूनहरूलाई अनुमोदन दिई बस्नु एक प्रकारको कायरता एवं दासता हो। कायरहरू, दासमनोवृत्तिका मनुष्यहरू कहिल्यै विद्रोही हुन सक्दैनन्। विद्रोह एउटा बहादुरी हो। वहादुरहरू नै विद्रोही हुन् सक्तछन्। जसमा स्वाभिमानको भावना छ, जसमा सौर्य छ, जसमा वीरता छ त्यो नै स्वतन्त्र हुन चाहन्छ। संसारका इतिहासहरूमा हामी पाउँछौं कि जो तीखो छ, जसको मानसिक बनावट स्वस्थ ढंगले बनेको छ, त्यो नै स्वतन्त्र हुन खोजेको छ। मानसिक रूपले कमजोरहरूले कहिल्यै विद्रोह गरेका छैनन्। राम, कृष्ण, वुद्ध, शंकराचार्य आदिले परंपराको विरूद्ध भयंकर विद्रोह गरे। क्राइष्ट सुलीमा चढे, ब्रुनोलाई ज्यूदै जलाए। ग्यालिलियोले पादरीको कोपभाजनमा मर्नु पर्‍यो। इतिहासमा हामी यस्ता भयंकर ठूलठूला विद्रोहहरू पाउँछौं। ठूलठूला क्रान्तिकारी विचारहरू पाउँछौं। आ-आफ्ना युगका महान प्रतिभाहरूनै विद्रोहमा होमिएका छन्। क्रान्तिमा उत्रिएका छन्। यथास्थितिको विरोध, र क्रान्तिको संखघोष तिनीहरूले गरेका छन्। कमजोरहरू, स्वाँठहरू कहिल्यै क्रान्तिकारी भएनन्। क्रान्तिकारी हुनु भनेको नै उच्च चेतनावाहक हुनु हो। समाजको औसत सांस्कृतिक जीवनबाट माथि उठ्नु हो। समाजलाई उज्यालोतिर डोऱ्याउने आँट गर्नु हो। आजका क्रान्तिकारीहरू हिजोका महान वलिदानी विद्रोहीहरूका सन्तान हुन्। आजको देश कालको सापेक्षतामा हिजोका बुद्ध, शंकराचार्यको अविर्भाव हुँदो हो त क्रान्तिकारी भएर नै हुन्छ।

तर आजको क्रान्ति र यसका वाहकहरूले केवल विद्रोही भएर पुग्दैन। केवल इच्छा आकांक्षा राखेर पुग्दैन। चाहेर मात्र कल्पेर मात्र कुनै परिवर्तन हुँदैन। न त सुझबुझ विनाको उत्सर्ग, वलिदानले नै केही हुन्छ। आफ्नो वलिदान र इमान्दारीको वर्गले फुलेर नै आफूलाई क्रान्तिकारी ठान्नु गलत हुन्छ। इमान्दारी र वलिदान अवष्य नै प्राथमिक जरूरी कुरा हुन्। तर क्रान्तिको लागि ती मात्रै नै पर्याप्त हुँदैनन्, ती त क्रान्तिको अनन्त यात्रामा हिड्नको लागि नभै नहुने अति सामान्य कुरा हुन्। ती नभए कतै शुरू नै हुँदैन। तर शुरू गरेर मात्र काम साध्य हुने पनि होइन। त्यसका लागि उच्च सैद्धान्तिक, सांस्कृतिक हतियार जरूरी हुन्छ। अवधारणा (Concept) स्पष्ट हुनु पर्दछ। लेनिनले क्रान्ति हुनका लागि क्रान्तिकारी सिद्धान्त हुनै पर्छ भन्नु भएको यही नै हो। क्रान्तिकारी सिद्धान्त भनेको मनोगत कुरो होइन। लेनिनले भन्नु भएको छ- "ठोस स्थितिमा ठोस विश्लेषण"। क्रान्ति र विद्रोहको यस अवधारणालाई हामीले समात्नै पर्छ। ❑

यू.एन. मेटल इण्डष्ट्रिज द्वारा संचालित

# यू.एन. नगद फिर्ता योजना




## चौथौं ५०१ ( दुईसय चालीस जवानलाई )

एक पटक रु. ८५।- मात्र बुझाए पुग्ने

रु ८५।- ले ४८ औं पटक सम्म पुरस्कृत हुन सक्ने

जोखिम सून्य फाइदै फाइदा

शोरुम
यू. एन. ट्रेडर्स
ल.पु.कुमारीपाटी

मुख्य कार्यालय
लु.पु. महापाल
फोन : ५२६४३८

नोट: ग्राहकहरुको ध्यानमा राखि संकलित अधकट्टी मात्र समावेश गरी तीन महीना सम्म प्रत्येक महिनाको १० गते विशेष उपहार खोलिने छ

# पूँजीवादमा न्याय व्यवस्था के ले निर्धारण गर्दछ?



## प्रजातन्त्र विरूद्ध अदालत?

-राजेन्द्र ढकाल


हाम्रो जस्तो पूँजीवादी राज्य व्यवस्था संचालन भएका राष्ट्रहरूमा प्रजातन्त्रको सुदृढिकरणका लागि साथै शान्ति सुरक्षा र न्याय व्यवस्था कायम राख्न भनी स्थापित अदालतहरूले व्यवहारमा कस्तो भूमिका निर्वाह गरेका छन् भन्ने तथ्य जान्नु आवश्यक छ। पूँजीवादी प्रतिस्पर्धात्मक अर्थ-व्यवस्थाबाट जसरी न्यून पूँजीवाला वा अशक्तहरू बढ्नै नसक्ने गरी पछारिएका छन्, त्यसरी नै यही अर्थ-व्यवस्थाबाट प्रभावित न्याय व्यवस्थामा "न्यायको आँखामा सबै समान छन्" भन्ने भनाइ पुष्टि हुन सक्छ? पूँजीवादी राज्य संरचनामा न्याय व्यवस्थाको मेरुदण्ड मानिआएको अदालत र सोको प्रमुख निर्णयकर्ता न्यायाधीश बारेमा प्रश्न उठाउन नपाइने- व्यवस्थाले के प्रजातन्त्रको मर्म पूरा गर्दछ? व्यवहारमा अदालतले प्रजातन्त्रलाई कति टेवा पुऱ्याएको छ? यी प्रश्नहरूको निरूपण गर्नु वास्तविक प्रजातन्त्र र न्याय चाहनेहरूको दायित्व हो।

हामीलाई के थाहा छ भने, अदालतको ढोका खुला छ भन्ने आधारमा जो कसैले कसैलाई पनि प्रमाण देखाई दिएर मुद्दा (फिराद) दिन सक्दछ, चाहे त्यो फैसलाका बखत सही नठहरियोस्। त्यसरी मुद्दा लागि सकेपछि मुद्दा लागेको व्यक्तिले मुद्दा सकार गरेर समयभित्र रीतपूर्वक अदालतसम्म प्रतिवाद गर्न प्रतिउत्तर लिई आउँदैन भने ऊ माथि थोपरिएको अपराधिक दायित्व स्वीकार गरेको ठहर गरी अदालतले सजायँ, तोकिदिन्छ। "मौन सम्मति लक्षणम्" को भनाइले मान्यता पाइआएको हाम्रो जस्तो- पूँजीवादी प्रजातन्त्र भनिएको राज्य व्यवस्थामा मौन बस्नु पर्ने कारण खोजी गरी न्याय अन्याय केलाउने चेष्टा गरिँदैन। आर्थिक रुपमा असक्षम भई, परीश्रम गरी जीवन धान्नु पर्दा बेफुर्सदी भई वा बूढा, बालक, लंगडो, अन्धो जस्तो अशक्त भई वा मुद्दाको व्हहोरा नबुझी म्यादभित्र प्रतिउत्तर गर्न आएन भने, ऊ कि सजायँको भागी हुन्छ कि हक अधिकार बाट बञ्चित हुन्छ। मैले बिराएको छैन तसर्थ खर्च पिटाए म अदालत जान्न भन्नेहरू पनि सजायँको भागी हुन्छन् वा आफ्नो हक अधिकारबाट बञ्चित हुन्छन्। दुई तिहाई भन्दा अधिक जनसंख्या अशिक्षित रहेको हाम्रो समाजमा यस्ता अशिक्षित जन-समुदायले गाउँ कुनाबाट सदरमुकाममा आई अदालत, वकिल खोजी गरी खर्च भरेर न्याय पाउन सक्दछन् भन्न मिल्दैन। त्यसैले त प्रहरीहरूसंग, प्र.जि.अ. लगायत कार्यालयका कारिन्दासंग, अदालतका कर्मचारीसंग, वकिलहरूसंग जहाँ भेट भए पनि यस्ता जनताहरूले रूँदै न्यायको भिख मागेको दृश्य सदरमुकाममा बारम्बार देख्न पाइन्छ।

पूँजीवादी अर्थ-व्यवस्थामा अडेको राज्यमा न्याय व्यवस्था पनि आर्थिक हैसियतले निर्धारित गर्दछ। कमजोर आर्थिक हैसियतवाला व्यक्तिहरूले अदालतमा रीतपूर्वक न्याय प्राप्त गर्न आर्थिक जटिलता भोग्नु पर्ने हुन्छ। वास्तवमा त्यो आर्थिक जटीलता अन्याय नै हो। मुद्दा गर्दा लाग्ने अदालती कोर्ट फि लगायतका दस्तूर, मुद्दामा लाग्ने कागज, टाइप दस्तुर, कानून व्यवसायीले लिने दस्तुर, सदर मुकाम स्थित अदालतमा मुद्दा दर्ता तथा तारिख आउँदा होटल मा बसोवासमा लाग्ने खर्च आदि गर्दा एउटा मुद्दा छिनोफानो गर्न आज- कम्तीमा रू. २०००।- लाग्ने अवस्था छ। एउटा न्यून आय भएको व्यक्तिलाई कुनै धनवान व्यक्तिले घेरै वटा मुद्दा लगाइदियो भने त्यो व्यक्ति उठ्नै नसक्ने गरी अन्यायमा जकडिन्छ कि त घर घडेरी बेचेर अदालतमा जानु पर्दछ। घर घडेरी बेचेर पछि मात्र पाउने न्यायलाई के न्याय मान्न सकिन्छ? साथै आम्दानी श्रोत नभएका व्यक्तिलाई वा परिवारलाई कसैले मुद्दा हालीदियो भने आर्थिक कारणबाट नै ऊ सोझै अन्यायमा पर्दछ। एउटा धनवान फटाहाको अन्याय सिँगै गरीवको वस्तीले आर्थिक कारणबाट नै चुपचाप सहनु पर्ने स्थिति पूँजीवादी राज्य व्यवस्थाको न्याय क्षेत्रको उपज बनेको कुरा दिनको घाम झैं छर्लङ्ग छ।

पूँजीवादी राज्य व्यवस्थामा संचालित अदालतहरूले न्याय इन्साफ प्रमाणको मूल्यांकन-द्वारा गर्ने प्रावधान उल्लेख गरिन्छ तथापि त्यस्ता प्रमाणहरू औपचारिक श्रोतबाट लिइन्छ र लिइएका श्रोतहरूलाई स्वतः अधिकारिक र मान्यता प्राप्त ठानिन्छ। उदारहणको लागि प्रहरीद्वारा गरिएको लाश प्रकृति मुचुल्का र डाक्टरहरूले दिने गरेको रिपोर्टहरू पर्दछन्। राज्य व्यवस्थाका सत्ताशीन शासकहरूको आदेश निर्देशनमा परिचालित प्रहरी वास्तवमा सामाजिक, आर्थिक, राजनैतिक परिवेशसंग पनि त्यत्तिकै बाँधिएको हुन्छ। यिनै परिवेशको बन्धनमा परी प्रहरीले निष्पक्ष प्रमाण संकलन गरेको कमै पाइन्छ। तर अदालतले कतिपय प्रमाणको हकमा प्रमाण संकलनको अधिकारिक श्रोत प्रहरीलाई नै मान्दछ र उसले जस्तोसुकै प्रमाण दिए पनि ग्राहय ठान्दछ। यस्तै प्रमाणका लागि घाउ जाँच गर्ने अधिकारीको रूपमा मान्यता पाएको डाक्टरले उल्लेखित परिवेशको वन्धनमा परी सही रिपोर्ट नदिएपनि अदालतले कशी लगाई रहँदैन। यस्ता प्रहरी र डाक्टरले दिएका प्रमाणका विरूद्धमा रहेको वकिलले अदालत समक्ष ती प्रमाण रिपोर्ट अनुसार अदालतले न्याय सम्पादन गरेको छ छैन भन्ने प्रश्न उठाउन त सक्छ तर ती रिपोर्ट प्रमाण आधिकारीक होइन भनेर आवाज राख्न सक्दैन। यसरी पूँजीवादी राज्यको न्याय व्यवस्थामा अदालत न्यायाधीश बारेमा प्रश्न उठाउन त पाइँदैन नै, साथै प्रहरी र डाक्टरले गलत रिपोर्ट प्रमाण दिंदा समेत त्यो प्रमाण आधिकारिक छैन भन्दै प्रहरी र डाक्टरको रिपोर्ट बारेमा प्रश्न उठाउन समेत नपाउने व्यवस्था छ। त्यही कारणले गर्दा बस दुर्घटना भई मान्छे मरेकोमा प्रहरीको लाश प्रकृति मुचुल्कालाई आधार प्रमाण लिई अदालतले बस चालकलाई जेलमा राख्न सकेको र बच्चा मारेको कुरामा सावित भए पनि डाक्टरले सो बच्चा आफै मरेको रिपोर्ट दिएको आधार प्रमाण देखाई त्यस्तो अभियुक्त छुट्न सकेको स्थिति पूँजीवादी राज्य व्यवस्थाका अदालतमा विद्यमान भए गरेको हामीले देखे जानेका छौं।

सरकारी वकिलले सरकारवादी मुद्दा यिनै परिवेशसंग बाँधिएर अदालत समक्ष पेश गरिदिएनन् भने अदालतले न्याय दिन सक्दैन र जाहेर वाला (पीडित पक्ष) निरीह बन्ने परिस्थिति रहिआएको छ। यति मात्र होइन न्यायाधीशहरूले समेत उल्लेखित परिवेशसंग बाँधिएर चल्नु पर्दा गल्ती गर्दैनन् भन्ने स्थिति आउँदैन। अझ हाम्रो देशको परिवेश केलाउने हो भने सत्ताको राजनीतिक भावना अनुकूल प्रत्यक्ष जिल्ला-प्रशासन संचालन गर्नु पर्ने प्र.जि.अ. समेत विभिन्न मुद्दामा न्यायाधीशको हैसियत राख्दछन्। के प्र.जि.अ. जस्ता न्यायाधीशलाई राजनैतिक परिवेशले बाँधेको हुँदैन र? तथापि अदालत र न्यायधीशहरू वारे गल्ती गरे पनि चुपचाप रहनु पर्ने व्यवस्था पूँजीवादी राज्य व्यवस्थाका ऐन कानूनमा उल्लेख गरेको पाइन्छ। गल्ती गरेमा त्यसको विरूद्ध आवाज उठाउन नपाउनु प्रजातन्त्र हो कि होइन? अदालतले अन्यायपूर्ण फैसला दिंदा पुनः अदालतमा नै शरण लिन जानु न्याय संगत छ कि छैन? अदालतले भेट्टाउन नसक्ने श्वेतगृवी अपराधी (White Colour Criminals) र अन्य लुकेका अपराधी (Hidden Criminals) हरूले गरेको अपराधबाट सृजित अन्यायबाट सर्वसाधारणले कसरी न्याय पाउने? धनवान र आर्थिक रुपले कमजोर व्यक्तिमा यस न्याय परिपाटीले कसरी समान न्याय प्रदान गऱ्यो? यी गहन महत्वका प्रश्नहरू बारे वहस छलफल गरी निर्णयपूर्ण उत्तर दिन पूँजीवादी राज्य व्यवस्थाका संविधान, कानून अदालतले रोक लगाई आएकोले यस परिपाटीले प्रजातान्त्रिक मर्म समेट्न सकेको छैन भन्न सक्ने स्थिति छ। ❑



*राजेन्द्र ढकाल : अधिवक्ता, गोरखा*

# जन-आन्दोलन पछाडि नेपाली साहित्य कस्तो छ?

**समालोचकहरू निनु चापागाईं र राजेन्द्र सुवेदीसंग कुराकानी**

*गत जेठको अन्तमा प्रगतिशील लेखक संघले "नेपाली साहित्यका समकालीन प्रवृत्ति" विषयमा आयोजना गरेको विचार-गोष्ठी प्रगतिशील र गैर-प्रगतिशील दुवैथरि साहित्य-क्षेत्रमा तातो चर्चा-परिचर्चाको विषय बन्यो। उक्त गोष्ठीमा समालोचक द्वय निनु चापागाईं र राजेन्द्र सुवेदीले प्रस्तुत गर्नुभएको कार्यपत्रमाथि कृष्णचन्द्र सिंह प्रधान, मोदनाथ प्रश्रित र जगदीश चन्द्र भण्डारीले टिप्पणी गर्नुभएको थियो। टिप्पणीको क्रममा र पछि पत्र-पत्रिकाहरूमा उक्त कार्यपत्रबारे विविध-कोणबाट चर्चाहरू चले।*

*जन-आन्दोलन पछाडि नेपली साहित्यको स्थिति कस्तो छ र यो कुन दिशातिर मोडिंदैछ भन्ने विषयमा मूल रुपमा केन्द्रित भएको यो विचार-गोष्ठी नेपाली समाजमा सम-सामयिक साहित्यिक-सांस्कृतिक चेतको लेखाजोखा गर्नुपर्ने अत्यन्त जरुरी क्षेत्रमा भएको एउटा महत्वपूर्ण र उपयोगी शुरुवात हो। कार्यपत्रमा रहेका कमीहरू र कमजोरीहरू छलफल गरी परिमार्जन गर्ने वा खण्डन-मण्डन गर्ने विषय हुन सक्तछन्, जसबाट यथार्थको गहिराइमा पुग्न थप मद्दत नै मिल्ने देखिन्छ।*

*कार्यपत्र तयार गर्ने सिलसिलामा उहाँहरूले गर्नुभएको अध्ययनको आधारमा वर्तमान नेपाली साहित्यको प्रवृत्तिका बारेमा कार्यपत्र प्रस्तोताहरूसंग हामीले कुराकानी चलाएका थियौं। हाम्रा पाठकहरूको लागि सो कुराकानी केही अंशको सार तल प्रस्तुत गरेका छौं।*

**२०४६ सालको परिवर्तनपछि नेपालको साहित्यिक क्षेत्रको गतिविधि कस्तो रहेको तपाईंले पाउनु भएको छ?**

**निनु चापागाईं** : २०४६ सालको परिवर्तन पछाडि जुन साहित्यिक गतिविधिहरू देखापरेका छन्, तिनीहरू अत्यन्त मन्द र शिथिल देखिएका छन्। साहित्यमा जुन विचारोत्तेजक सृजनहरू हुनुपर्दथ्यो, ती सृजनहरू पनि कम भएको र ती सृजनाहरूले पाठकहरूमा जुन रुपमा प्रभाव पार्नु पर्दथ्यो, त्यस्तो हुन नसकेको देखिन्छ। यसो हुनुमा केही कारणहरू रहेका छन्। पहिलो कुरा त जन-आन्दोलन अगाडि लेखकहरू स्पष्ट रुपले कोही पंचायतको विरोधमा र कोही समर्थनमा देखा परि सकेका थिए। तर जन-आन्दोलपछि जुन नयाँ सत्ता स्थापित भयो त्यसप्रति वा वर्तमान सामाजिक व्यवस्थाप्रति कुन धारणा लिने भन्ने कुरा कतिपय लेखकहरूले निर्धारण नै गर्न सकेनन्। त्यसैले जो सृजनरत थिए तिनीहरू पनि चुपचाप हुन पुगे। यी लेखकहरू मध्ये कतिपय हिजोका सत्ता विरोधीहरू, अबको सत्ताको पक्षमा हुन पुगे, कति चाहिं आफूलाई बदल्नतिर लागे, यसले गर्दा लेखकहरूमा गतिहीनताको स्थिति देखा पऱ्यो।

**राजेन्द्र सुवेदी** : जन-आन्दोलन अघि पंचायत सत्ताका चाकरहरूले नै पनि प्रतिभाहरूलाई अल्मल्याउन-जन्मोत्सव, कविता उत्सव, विशेषांक प्रकाशन आदि गर्ने गर्थे त्यसैले पनि त्यतिखेर साहित्यिक गतिविधिहरू निकै भए झैं लाग्दथ्यो। पंचायती सत्ता विरोधी साहित्यकारहरू पनि आफ्नै प्रकारले सक्रिय थिए। यी पंचायत विरोधीहरू सबै थरीले एकै ठाउँबाट एउटै अभिव्यक्ति दिएको जस्तो देखिन्थ्यो। तर जन-आन्दोलन पछि चाहिं एउटा संक्रमणकाँ स्थिति देखा पऱ्यो। हिजोका तिनै पंचायती सत्ता विरोधीहरू नै पनि एकथरी नयाँ स्थापित सत्ताको ठाडो समर्थनमा गए, एकथरी चाहिं यो परिवर्तन पूर्ण छैन भनी, थप परिवर्तनको पक्षमा जान थाले। २०४६ पछि सत्ता समर्थनमा गएकाहरूले सत्ता वरपरका साधन र स्रोत प्रयोग गरेर कविता महोत्सव र पत्रपत्रिका प्रकाशन, गोष्ठी आदि गर्ने कार्य त चालू नै राखेका छन् तर त्यस बाहेक साहित्यद्वारा पनि चेतना अभिवृद्धिमा सघाउ पुऱ्याउनु पर्छ भनी साहित्यलाई गतिशीलता दिने जुन चेष्टा गरिनु पर्दथ्यो, त्यो तिनीहरूले गरेका छैनन्। यता वर्तमान सत्ताको विरोधमा रहेका लेखकहरू, जो प्रगतिशील लेखक वा समाजवादी यथार्थवादका पक्षधर लेखकहरू हुन्, उनीहरू चाहिं जनताको छेउमा जानु पर्छ, नयाँ किसिमका मान्यताहरू अझैं स्थापित गर्नु पर्छ भन्ने मान्यता त राख्दछन् तर उनीहरूका साहित्यिक गतिविधिहरू साधन र स्रोतको कमीले हो कि, वा राजनीतिक अस्पष्टता वा डुलमुलपनाले हो वा सत्तासीनहरूले दिएको भ्रमले हो, अल्मल अल्मलमा परेको देखिन्छ।

**२०४६ को यो परिवर्तन पछिका दिनहरूमा सांस्कृतिक वा कला-साहित्यिक गतिविधितिर आम-जनताको चासो वा रुचीमा पनि कमी आएको महशूस हुन्छ, यसबारे तपाईंले कस्तो स्थिति पाउनु भएको छ?**

**निनु चापागाईं**: साहित्यमा यथार्थको जुन प्रतिविम्बन हुनु पर्ने हो, त्यो प्रक्रियामै साहित्यकारहरूको त्रुटी रहेकोले समाजमा रहेका आधारभूत समस्याहरूलाई उनीहरूले ग्रहण गर्न सकेका छैनन्। साथै साहित्यकारहरू जनतामा जाने रुची र प्रवृत्तिमा पनि कमी आएकोले साहित्य जनतामा भिज्न सकिरहेको छैन। बौद्धिक रुपले तल्लो स्तरमा रहेको जन-समुदायसम्म त साहित्य पुग्नै सकेको छैन, बौद्धिक स्तर केही विद्यमान रहेका व्यक्तिहरूको ध्यान मुख्य गरी आर्थिक लाभका निम्ति मात्र दौडधूप गर्नुतिर रहेका छ, यसकारणले पनि कला-साहित्यबाट उनीहरू विमुख हुन पुगेका छन्।

**राजेन्द्र सुवेदी** : सर्जकहरू र पाठकहरूमै पनि सुस्ती देखा पर्नुको एउटा कारण लेखकहरूको राजनीतिक क्षेत्रमा व्यस्तता रहनु हो। हिजो पंचायत-विरोधी चेतना मुखरित गर्ने कतिपय साहित्यकारहरू विभिन्न पार्टीहरूका राजनीतिक लेखन र प्रचारका कामहरूमा लागेका देखिन्छन्। त्यसैले स्रष्टाहरू साहित्यतिर कम सक्रिय हुन थाले।

अर्कोतिर आम-जनताहरू पनि ठूला-ठूला राजनीतिक आमसभाहरूतिर बढी आकृष्ट भए, सानातिना साहित्यिक मेलाहरूतिर उनीहरू तानिएनन्। साहित्यको प्रभाव लामो र दीर्घकालीन हुने हुन्छ, जनता तत्कालका विषयवस्तुले बढी तानिए र उनीहरूको रुची बढी राजनीतिक क्रियाकलापतिर एकोहोरियो।




**जन-आन्दोलनले ल्याएको राजनीतिक परिवर्तन पछि नेपाली साहित्यको प्रवृत्ति कस्तो रहेको तपाईंले पाउनु भएको छ?**

**निनु चापागाईं** : यसबारे कुरा गर्दा, सबैभन्दा पहिले प्रवृत्तिहरूको निर्धारण केले हुन्छ भन्ने कुरा नै स्पष्ट हुनुपर्ने हुन्छ। यसमा राजनैतिक-सामाजिक व्यवस्थाको सन्दर्भ पनि आउँछ। हामीले कार्यपत्रमा यसबारे उल्लेख गरेका थियौं, यसलाई कतिपय व्यक्तिहरूले बढी राजनीतिक भएको आरोप पनि लगाउनु भयो। तर मुख्य कुरा के हो भने, साहित्यकारले मुलुकमा विद्यमान राजनीतिक-सामाजिक व्यवस्था, अवस्थाप्रति कस्तो धारणा र दृष्टि राख्छ? यस कुराले महत्व पाउनु पर्छ र यसैका आधारमा को कुन प्रवृत्ति राख्दछ भन्ने कुरा निर्धारण गर्न सकिन्छ।

यसरी हेर्दा यो अवधिमा नेपाली साहित्यमा दुई वटा धाराहरू सक्रिय रहेका पाइन्छन्। एक, यथार्थवादी धारा र अर्को गैर-यथार्थवादी धारा।

एकथरी साहित्यकारहरू हाल प्राप्त यो जो सत्ता छ, नेपाली कांग्रेसको सरकार वा प्रजातन्त्र र समाजवादको जुन नारा छ, यो नै ठीक र अरू सब बेठीक मान्ने छन्।



निनु चापागाईं

उनीहरू अहिले प्राप्त सामाजिक व्यवस्था नै अपरिहार्य छ, संपूर्ण छ, यसको विकल्प छैन भन्ने मान्यता राख्दछन्। मोहन कोइराला लगायतका केही साहित्यकारहरू यसतर्फ जुटेका पाइन्छन्। केही आलोचना गरेको देखाएर मूलतः यो प्रवृत्ति वर्तमान यथास्थितिको पक्षमा काम गरि रहेछ।

अर्को प्रवृत्ति यथार्थबाट भाग्ने वा त्यसबाट पलायन गर्ने प्रवृत्ति पनि देखा परेको छ। पलायन विभिन्न किसिमले हुने गर्छ। एउटा किसिम छ, वर्तमान सामाजिक व्यवस्थालाई नरुचाउनु तर यसका लागि "के हुनुपर्छ" भन्ने कुरा अगाडि नल्याउनु।यस्तो प्रवृत्तिधारीहरू आफैं यथार्थबाट भाग्दछन्। यिनीहरू पुरानै परंपरा र प्रचलनहरूतिर फर्कन्छन्। यो गैर-यथार्थवादी प्रवृत्ति उल्लेखनीय रुपमा पैदा भएको नदेखिए तापनि यस अवधिमा यसकै हारा-हारीको एउटा प्रवृत्ति भने राम्ररी नै देखा परेको छ- जो यथार्थवादी प्रवृत्तिभित्रै परे जस्तो देखापर्छ र पनि यो अहिलेको यथार्थका विसंगतिहरूलाई छान्न र प्रष्टयाउनतिर नलागेर यसबाट भाग्नतिर बढी लाग्छ। यो अतितमुखी प्रवृत्ति हिजोका पंचायती लेखकहरूमा देखा परेको छ- आज उनीहरू ठूलो ठूलो स्वरले हिजोको पंचायतको विरुद्ध लेखिरहेछन्, पंचायतको खराबीको चित्रण गरि-रहेछन्। हिजो पंचायतको चाकडी गर्नेहरू बडो धूर्त रुपले आज पंचायतका खराबीहरूको चित्रण गर्ने गरिरहेका छन्।

गैर-यथार्थवादी पलायनवादी प्रवृत्तिकै एउटा प्रमुख रुप रुपवादी प्रवृत्ति हो। यसले यथार्थलाई केही छोए जस्तो पनि देखिन्छ, यसमा केही "कथा" छ जस्तो पनि देखिन्छ। तर यसले सारमा पाठकहरूलाई यथार्थबाट विमुख पार्न चाहन्छ। पंचायती कालमा २०३६ पूर्व यो प्रवृत्ति जुन स्तरमा सक्रिय थियो त्यही स्तरमा, यो सक्रिय छैन तर पनि त्यसका सिद्धान्तहरू भने जोडतोडले प्रचारमा ल्याईदैछ। प्रज्ञा प्रतिष्ठानबाट हाल प्रकाशित हुने "समकालीन साहित्य" पत्रिका यसतर्फ जोडदार रुपले लागेको छ। यसले सबै रचना त्यस्तै त्यस्तै दिन सकेको चाहिं छैन तर पनि सैद्धान्तिक रुपमा यसलाई अगाडि बढाउने काम यसबाट भइरहेछ। "शास्वत साहित्य", "समाज निरपेक्ष साहित्य", "राजनीतिबाट मुक्त साहित्य" र "वर्ग, जाति मन्दा माथिको साहित्य" आदिको प्रचार र वकालत त्यहाँबाट भइरहेको छ। गोपाल पराजुली, शिव अधिकारी आदिका जस्ता केही यस प्रवृत्तिका रचनाहरू नै पनि यसमा नआएका हैनन्।

यो "रूपवाद" हिजो नेपाली साहित्यमा, त्यसमा पनि विशेष गरी आलोचनाका क्षेत्रमा प्रखर रुपमा देखा परेको थियो, हाल यो त्यति प्रखर रुपमा भने विद्यमान छैन।

"लघु-मानव" को धारणाको रुपमा अर्को प्रवृत्ति विद्यमान छ। यसमा यथार्थसंग मान्छे जुधिरहेको देखाइन्छ तर जति नै लडे पनि मान्छेले जित्न सक्दैन, यथार्थ बदलिंदैन भन्ने गलत सन्देश यसले प्रवाहित गर्छ। मान्छेलाई यसले यथार्थका सामु "लघु" देखाइदिन्छ, जति टक्कर लिए पनि समाज फेर्न सकिन्न भन्ने यथास्थितिवादी सोच यसले फैलाउन खोज्छ। यसले सबै कुराको आलोचना गर्छ, त्यसमाथि पनि यसले सबैभन्दा बढी समाजवादी यथार्थवाद र समाजवादी मानवतावादको विरोध र आलोचना गर्छ। यो प्रवृत्तिको एक उदाहरण- ध्रुवचन्द्र गौतम हुन्।

अर्को एउटा प्रवृत्ति छ- स्वत्व र अस्तित्वको बीचमा द्वन्दरत प्रवृत्ति। एकातिर साहित्यकारको स्वत्व छ, अर्कोतिर साहित्यकार बाँच्नु पनि छ। जस्तो, "एका देशकी महारानी" लेख्ने केशवराज पिंडाली आदिले साप्ताहिक पत्रिकामा स्तम्भ लिएर चाहिंदा नचाहिंदा कुरा लेखिरहेछन्। मोदनाथ प्रश्रितले पनि यसै विषयको कार्यपत्रको टिप्पणी गर्ने क्रममा आफूले बाँच्नको लागि पनि स्तम्भ लेख्नु परेको र हतार हतारमा लेख्दा केही राम्रा र केही नराम्रा रचनाहरू लेखिन्छन् भन्ने कुरा आफैंले बताउनु भयो। साहित्यकारको धर्म वा स्वत्व मन्दा आफ्नो अस्तित्व टिकाउने प्रवृत्तिको क्रममा पनि साहित्यकारहरू यथार्थबाट पर हुने वा उछिट्टिने हुँदो रहेछ।

२०४६ पछिको अवधिमा दुई पलायनवादी प्रवृत्तिहरू- फ्रायडवादी र अस्तित्ववादी प्रवृत्तिहरू भने विगतको तुलनामा केही मत्थर भएका छन्। "व्यक्ति मनको गुफामा हराउने" यी प्रवृत्तिहरूले मनलाई वा मनोविश्लेषणलाई सामाजिक यथार्थबाट अलग्याएर हेर्ने गर्दछन्।

यसरी समष्टिमा हेर्दा के देखिन्छ हाल नेपाली साहित्यमा गैर यथार्थवादी प्रवृत्ति विगतको तुलनामा क्षीण भएको छ। कतिपय हिजोका गैर-यथार्थवादी लेखकहरू पनि हाल आएर सामाजिक यथार्थवादी साहित्य रचना गर्नतिर लागेका देखा परेका छन्।

जहाँसम्म यथार्थवादी साहित्यिक प्रवृत्तिको कुरा छ, यसमा दुईवटा धाराहरू छन्। एउटा छ, भइरहेको यथार्थलाई नकार्ने, भइरहेको सामाजिक व्यवस्थाप्रति असन्तुष्टि राख्ने तर स्पष्ट दिशा दिन चाहिं नसक्ने, भोलिको यथार्थ कस्तो हुनुपर्छ त्यो भन्न नसक्ने र भने पनि गलत अर्थात् समाजको विकास प्रक्रियासंग नमिल्ने तरीकाले भन्ने। यसलाई हामी आलोचनात्मक यथार्थवादी प्रवृत्ति भन्दछौं।

यसैको अर्को धारा हो- समाजवादी यथार्थवाद।समाजवादी यथार्थवादी प्रवृत्ति भन्ने बित्तिकै एकथरी मानिसहरू प्रश्न गर्ने गर्छन्- यहाँ समाजवाद नै आएको छैन भने के को समाजवादी यथार्थवाद यहाँ छ र? तर हामीले यसलाई परिप्रेक्षको आधारमा हैन, समाजवादी विश्व दृष्टिकोणको आधारमा लिनुपर्छ। भइ-रहेको यथार्थलाई समाजवादी विश्व दृष्टिकोणको आधारमा प्रतिविम्बन गर्ने काम यसले गर्दछ।

**हाल नेपाली साहित्यमा गैर यथार्थवादी प्रवृत्ति विगतको तुलनामा क्षीण भएको छ। कतिपय हिजोका गैर-यथार्थवादी लेखकहरू पनि हाल आएर सामाजिक यथार्थवादी साहित्य रचना गर्नतिर लागेका देखा परेका छन्।**

०४६ पछाडि यथार्थवादी धाराहरूमा आलोचनात्मक यथार्थवादी धारा बढी सक्रिय भएको पाइन्छ। समाजवादी यथार्थवाद पनि पछि परेको छ। समाजवादी यथार्थवादीहरू नै पनि आलोचनात्मक यथार्थवादी रचना सृजनामा ज्यादा लागि परेका देखिन्छन्।



राजेन्द्र सुवेदी

समग्रमा भन्नुपर्दा ०४६ सालपछि हालसम्म गैर-यथार्थवादी धारा क्षीण भएको छ त्यसैले यथार्थवाद नै हाल अगाडि रहेको छ। तर यथार्थवादी धारा पनि गैर यथार्थवादी धारा क्षीण भएकोले मात्र अगाडि रहेको हो, यो पनि जति र जसरी अगाडि बढ्नु पर्ने हो, त्यसरी बढ्न सकिरहेको छैन।

राजेन्द्र सुवेदीः यथास्थितिको पोषक गैर-यथार्थवादी प्रवृत्ति अन्तर्गत अहिले भइरहेको सासन सत्तालाई घोषित रुपमै वा प्रत्यक्ष रुपमै पक्ष पोषण गर्ने एउटा प्रवृत्ति छ। मोहन कोइरालाको **"एउटा रंगीन महल ढल्यो, अर्को रंगीन महल खडा भयो"** भन्ने कवितालाई यसको ज्यूँदो उदा-रहणको रुपमा लिन सकिन्छ। यो "अर्को रंगीन महल" खडा भैसकेको कुरा मान्नु भनेको वर्तमानमा "पूर्ण प्राप्ति" भैसकेको मान्नु हो।

अर्को यसको पक्ष छ- भन्नलाई यसै भन्न खोज्ने वा भन्ने तर खुला रुपमै भन्न भने धकाउने वा लजाउने। यो प्रवृत्तिधारीहरूले साहित्यलाई समाज, वर्ग र राजनीति निरपेक्ष भएको वकालत गर्ने गरिरहेछन्- निनुजीले पनि भनिसक्नु भयो, जस्तो- "प्रज्ञाको समकालीन साहित्य" पत्रिकाको भूमिकाले गरिरहेछ।

यसमा तेस्रो पक्ष छ- अहिलेको यथास्थितिबाट मानिसले असन्तुष्टि लिन नपाउन् र आफ्ना रचनाहरूमा अल्मल्लिहून् र सत्ताधारीहरूले चाहिं निर्विघ्नतापूर्वक समाजलाई आफ्नो पक्षमा हाँकेर लगिरहून् भन्ने पक्ष। यो पक्षले चाहिं वर्तमानको धरातलमा उभिने तर गुणगान वा निन्दा चाहिं विगतको गर्ने काम गरिरहेछ। ढलेको पंचायती कालको निन्दा चर्चामा लागी वर्तमानको पक्षमा आफूलाई उभिएको देखाउन खोज्ने यस प्रवृत्तिका लेखकहरू केही देखिएका छन्। यसको एक उदाहरण- परशु प्रधान हुन्।

यस बाहेक मानव मनलाई मात्र सिंगो संसार मान्ने प्रवृत्ति क्षीण रुपमा मात्र बाँचिरहेको छ। मान्छेलाई समाज निरपेक्ष बनाइ दिने अन्तरमनमा मात्र अल्मल्लिने अस्तित्ववाद र विसंगतिवादको हालत पनि यस्तै रहेको छ।

अलिकति यथास्थितिको यथार्थको पनि चित्रण भएको, मानिसले जीवनमा विसंगति बोध पनि गरिरहेको, अस्तित्व खोजेर भौंतारिरहेको आदि कुराहरू समावेश गरेर लेखिएका यस्ता रचनाहरू झट्ट हेर्दा "अहो क्या लेखिएछ!" भन्ने अनुभव पाठकलाई पर्न सक्छ। तर यसले कुन दिशातर्फ इंगित गर्दैछ वा यसको दिशा के हो भन्ने कुरामा यो अष्पष्ट हुन्छ। जस्तै ध्रुवचन्द्र गौतमको उपन्यास-लेखन। अलिकति विद्रोह जस्तो पनि देखिने, अलिकति भन्नै नसकिने कुरा भने जस्तो पनि देखिने। तर सारमा यथास्थितिकै पक्षमा खडा भएका लेखनहरू पनि केही देखिएका छन्-, जस्तै अशेष मल्ल, हरिराज भट्टराईका केही रचनाहरू।

यथार्थवादी धाराका हकमा भने, हामीले मानेका प्रायः सबै यथार्थवादी लेखकहरू आलोचनात्मक यथार्थवाद मन्दा माथि उठ्न सकेका छैन्।

यथार्थवादलाई समाजवादी विश्व दृष्टिकोणको सापेक्षतामा हेर्ने हो भने हामी के पाउँछौं भने नेपाली

साहित्यमा समाजवादी यथार्थवादी प्रवृत्तिका रचनाहरू कम मात्र सृजना भएका छन्। त्यस्ता रचना सृजना गर्न प्रयास गर्ने साहित्यकारहरूले हालको विसंगत, जटील, शोषित र पीडित जन-जीवनको अन्तर तहबाट अनुभव गरेर त्यसको यथार्थको चित्रण गर्ने दिशामा अघि बढ्नु पर्दथ्यो। त्यस ठाउँमा हाम्रा रचनाकारहरू पुग्न सकिरहेका छैनन्। मलाई के लाग्छ भने- हामी साहित्यकारहरू झण्डै झण्डै त्रिशंकु अवस्थामा छौं। यथार्थभन्दा धेरै माथि बसेर हामी तल हेरेर केही सन्देशको रुपमा मात्र समाजबाट केही तानेर लिइरहेका छौं।

**वर्तमान प्रगतिशील साहित्यमा के कस्ता कमी कमजोरीहरू देख्नु भएको छ?**

निनु चापागाई : हालको प्रगतिवादी साहित्य क्षेत्रमा दुईवटा समस्याहरू मूल रुपमा देखा परेका छन्।

पहिलो समस्या विचारकै सम्बन्धमा छ, वर्तमान सत्तालाई आलोचनात्मक समर्थन गर्ने जुन राजनीतिक धार छ, त्यसको प्रत्यक्ष प्रभाव साहित्यमा देखा पर्न थालेको छ।

फलतः वैचारिक रुपमा त्यस्ता कृतिहरू अस्पष्ट रहेका, विचारबाट अलिकति पर सर्न खोजेका, साहित्यमा वर्ग निरपेक्षताको कुरा हुन थालेको, कतिपय अर्थमा भाववादी वा आदर्शवादी प्रवृत्तिसंग नजीक हुने प्रवृत्ति बढेको, प्रतिधुवबाट पनि सम्मान पाउन खोज्ने भोक बढेको आदि लक्षणहरू देखा परेका छन्। कलाको आग्रह छ तर विचारबाट भाग्ने प्रवृत्ति बढ्दै छ।

दोस्रो समस्या, विचारमा प्रष्टता छ, तर साहित्यमा विचारधारा आउँछ भन्ने मान्यतामा कतिपय लेखकहरू विचारहरूको धारा वा सृंखलाको रुपमा मात्रै साहित्यलाई लिइरहेका छन्। यथार्थको प्रतिविंवन, संवेदना, मानव-मूल्य र भावहरू साहित्यमा आउनु पर्छ भन्नेमा- यी लेखकहरूले ध्यान दिइरहेका छैनन्। विचारको आग्रह छ, तर कलातर्फ ध्यान छैन।

यी दुवै प्रवृत्ति राम्रोसंग सच्चाउने तर्फ सबैको ध्यान जानु जरुरी छ। यी प्रवृत्तिहरू भन्दा माथि उठेर लेख्ने लेखकहरू साँच्चै कम मात्रामा छन्।

**राजेन्द्र सुवेदी** : कमी कमजोरीहरूका कुराहरू हामीले प्र.ले.सं. को विचार गोष्ठीमा प्रस्तुत कार्यपत्रमा पनि उल्लेख गरेका थियौं, जसबारे वादविवाद पनि भयो।

हिजो लेख्ने कतिपय लेखकहरू क्रियाशील छन् तर उनीहरूको लेखनमा दृष्टिकोण पातलो भएको छ, अलिकति पलायन आएको छ, रूपवादी झुकाव बढेको छ, शैलीको चमत्कार देखाउन लालयित तर कथ्यसम्म पुग्न आफैं हिच्किचाउने आदि प्रवृत्तिहरू यस क्षेत्रमा कमजोरीको रुपमा देखा परेका छन्।

हामी दृष्टिकोणको परिष्कारमा कमजोर छौं, अध्ययनमा कमी छ र समीक्षात्मक क्षमता हामीमा पर्याप्त छैन। यसको अर्थ सबै जना आलोचक नै हुनुपर्छ भन्ने हैन, तर समाजलाई, समयलाई र विश्व परिवेशलाई केलाएर हामी कता बढ्दैछौं भन्ने कुराको पहिचान त हामीले गर्ने पर्दछ। शब्दहरू जम्मा गरेर गोष्ठीहरूमा "तालि" खानुमा मात्र हामी सीमित हुनुहुन्न। ❑

पढ्नुहोस् शुभसन्देश साप्ताहिक
हाँक साप्ताहिक

टेवा नदिने हो भने "आस्था" सुस्त वा बन्द हुने छ।

# "असारे" बोकेर "आस्था"




गत असारको २६ र २७ गते "आस्था" परिवारले काठमाडौंमा फ्रान्सिसी सांस्कृतिक केन्द्रको हलमा आफ्नो दशौं संगीत श्रृखला प्रस्तुत गर्‍यो। कलाकार रामेशको अगुवाईमा अगाडि बढेको यस परिवारले प्रत्येक महीना संगीत श्रृंखला प्रस्तुत गर्ने गर्छ।

गत दशौं श्रृंखलासम्म आइपुग्दा "आस्था"ले आफ्नो लोकप्रियतामा निकै वृद्धि गरिसकेको प्रमाण थियो- यस पटकका कार्यक्रमहरूमा उपस्थित भएको दर्शकहरूको भारी भिड। जागरूक दर्शकहरूले हल भरिएर ढोकाबाहिरसम्म उभिनेहरूको जमात ठूलो थियो।

असार महीनाको कार्यक्रम भएकोले समय सन्दर्भ अनुसार परंपरागत असारे लोक धूनलाई अत्यन्त रोचक र संजीव ढंगले प्रस्तुत गर्दै शुरू भएको यो सृंखलामा ११ वटा गीतहरू प्रस्तुत गरिएका थिए। व्यक्तित्व परिचय अन्तर गत "आस्था"ले यस पल्ट प्रस्तुत गरेका युवा संगीतकार प्रमोद हमालले यस मध्ये तीनवटा गीतहरू प्रस्तुत गर्नु भएको थियो।

नेपाल-भाषामा दुई र मैथिली भाषामा दुई गीतहरू समेत समाविष्ट उक्त कार्यक्रमको अन्तमा लोकप्रिय गीत "गाउँगाउँ बाट उठ........"लाई नेपाली र मैथिली भाषामा गाइएको थियो।

आस्थाको उक्त कार्यक्रम जम्मामा एउटा स्वस्थ्य र सार्थक प्रस्तुती थियो। कवि दुर्गालाल श्रेष्ठ रचित र रामेश-द्वारा गाइएको नेपाल भाषाको "फ्री गरीवया गरीब हे पासा" (हामी गरीवको साथी गरीवनै...) गीत र अतिथि कलाकार धिरेन्द्र प्रेमर्षिद्वारा गाइएका मैथिली गीतहरू यस कार्यक्रमका उत्कृष्ट सामग्रीहरू थिए। यस पछि असारे सामूहिक गीतहरू "लागेछ असार....... र "छैन आफ्नो थलो, जोत्यो साहुको पलो" विशेष आकर्षक थिए।

व्यक्तित्व परिचय अन्तरगत प्रस्तुत गरिएका प्रमोद हमाल गायनका दृष्टिले दृढ आत्मविश्वास पूर्वक मंचमा उत्रिनुभयो। उहाँको गायन-संगीत पाश्चात्य प्रभावले युक्त भएको लाग्दथ्यो। उहाँका तीनवटै गीतहरू "स्वस्थ्य विषयवस्तुका" त थिए तर तिनमा कुनै पनि निचोड वा टुंगो भने थिएन। यस अर्थमा ती अपूरा लाग्दथे, तिनमा विचारको पक्षलाई सचेततापूर्वक नै अगाडि नबढाइएको अनुभव हुन्थ्यो।

समष्टिमा "आस्था"को यो प्रस्तुतीले जीवनप्रति आस्था बढाउने, देशको अवस्थाको चित्रण गर्ने, वर्गीय शोषणको विरूद्ध आवाज उठाउने काम गरी "स्वस्थ्य मनोरंजन"को पक्षमा सकारात्मक काम गरेको छ।

वाद्य-यन्त्रहरूको प्रयोग, संगीत-संयोजन र प्रस्तुतीको प्रौढताको दृष्टिले जति "आस्था अगाडि छ "विचार" को पक्षमा पनि यसले आफूलाई त्यत्तिकै अगाडि राख्ने काममा ध्यान देओस् र निरन्तरता कायम गरिराखोस भन्ने कामना गर्नु यतिखेर सान्दर्भिक हुनेछ।

"आस्था" जस्ता क्रियाशीलताहरूलाई लिएर नेपालमा दुई थरी सोचहरू विद्यमान छन्। एक, "कलामा स्तरीयता"का नाममा "आस्था" संग विचारको माग नै नगर्ने सोच र अर्को, विचारका नाममा आफूले राजनीतिमा प्रयोग गर्ने नाराजन्य शब्दावलीहरू "आस्था"ले गीतहरूमा नगाएकोले यसका सवै सकारात्मकताहरूलाई विर्सिदिने सोच।

"आस्था" यी दुई सोचहरूको तानातानीका बीचबाट अगाडि बढिरहेको छ। यस सन्दर्भमा हामीलाई लाग्छ, कुनै पनि कला-कर्मको मूल्यांकन समय परिस्थितिको सापेक्षामा र जम्मामा त्यसले समाजको अग्रगतिलाई साथ दिएको छ कि छैन भन्ने कुराको आधारमा हुनुपर्दछ। यस अर्थमा "आस्था"को प्रयत्न प्रशंसनीय छ। यससँग "विचार"को मामलामा थप सजगता र थप "धारिलोपना"को माग गर्नु जरूरी छ र यस कामले यसलाई अरू उन्नत पार्नेछ।

यतिखेर एउटा अर्को वास्तविकतालाई उल्लेख गर्नु जरूरी छ- त्यो हो, आस्था "वा "आस्था" जस्ता प्रगतिशील सांस्कृतिक कर्ममा जुटेका समूहरू वा व्यक्तिहरूका राम्रा कामहरूको प्रसंसा गर्ने वा यो अरू राम्रो होस् भन्ने चाहना राख्नेहरू नेपालमा प्रसस्त छन्। तर कमी छ-यस्ता "राम्रा" काम गर्नेहरूलाई कसरी बचाइराख्ने र प्रोत्साहित गर्ने भन्ने तर्फको चासोको वा दायित्व-बोधको। राजनीतिक व्यक्ति, शक्तिहरू र सर्व साधारण शुभेच्छुकहरू सवैमा यो प्रवृत्ति कायम छ -उनीहरू असल कामहरू भएका देख्न चाहन्छन् तर तिनलाई जोगाउने आफ्नो दायित्व पूरा गर्न सजग छैनन्। कलाकारहरूको लगन, समय र श्रोत-साधनहरूको लगानीको हालको स्थिति देख्दा हामी के देखिरहेका छौं भने- शुभेच्छुकहरू, त्यसमाथि पनि प्रगतिशील विचार राख्ने शुभेच्छुकहरूले गम्भीरतापूर्वक टेवा नदिने हो भने "आस्था" निकट भविष्यमै सुस्त हुने छ। "आस्था" जस्ता हरेक संस्थाहरू बढ्दो लोकप्रियताका बाबजूद सुस्त हुने छन् वा "बन्द" हुने छन्। यस तर्फ संवन्धित सवैको ध्यानाकार्षण गराउनु हामी अत्यन्त जरूरी र सान्दर्भिक ठान्दछौं। ❑

# द्वन्दात्मक वस्तुवादलाई हामीले किन बुझ्नु जरुरी छ?

## यदि सत्य-धारणा बनाउनका लागि मद्दत गर्दो हो त म आफैं ईश्वरको पाउ पक्रन्थें

-शिवदास घोष

*गतांकमा पनि हामीले यस स्तम्भ अन्तर्गत* ***"द्वन्दात्मक-वस्तुवाद नै किन?"*** *शीर्षकमा सोसलिष्ट युनिटी सेन्टर अफ इण्डिया (SUCI) का संस्थापक नेता स्व. शिवदाश घोषको विचार प्रस्तुत गरेका थियौं। यस पटक प्रस्तुत छ- उक्त सन्दर्भकै बाँकी अंश। यी दुवै अंशहरू अलग-अलग पढ्दा पनि एउटा एउटा सिंगो लेखको रुपमा पढ्न सकिने देखिएकोले यसलाई हामीले यसरी प्रकाशित गरेका हौं।* *- संपादक।*

द्वन्दात्मक वस्तुवाद वस्तुलाई द्वन्दमा अध्ययन गर्ने विज्ञान हो। त्यसैले हामी भन्छौं- द्वन्दात्मक वस्तुवाद त्यो विज्ञान हो जसले वस्तुलाई अन्तरविरोधमा अध्ययन गर्दछ। अर्थात् वस्तु एक अर्कोसित कसरी सम्बन्धित छ? वस्तुको भित्री द्वन्द के छ र त्यस द्वन्दको प्रकृति के छ? अनि, वस्तुको बाहिरी द्वन्द कस्तो छ? र यी दुबै द्वन्दहरूबाट प्रभावित भएर वस्तु कसरी विकसित हुन्छ, गतिवान हुन्छ र बदलिन्छ- यही तरीकाबाट वस्तु-सत्ता पत्ता लगाउनु- यही काम हो द्वन्दात्मक वस्तुवादको।...


यदि हामीले द्वन्दात्मक वस्तुवादलाई बुझ्न सकेनौं भने कुनै पनि वस्तु-सत्ता चाहे त्यो मानिस होस् या समाज, चाहे त्यो विश्व प्रकृतिको घटना या कार्यावली होस् वा कुनै स्थिति होस् त्यसको सही समझदारी हासिल हुन सक्ने छैन। थाहा पाउन सकिने छैन कि त्यो स्थिति कस्तो छ, कहाँबाट आयो, कता जान लागिरहेछ, कुन निहित नियमबाट वा कुन कुन निहित नियमहरूबाट त्यसमा परिवर्तन भईरहेछ। त्यो परिवर्तनको धारालाई यदि मैले थाहा पाउन सकें भने म त्यसको गतिलाई तेज गर्न सक्दछु, प्रभावित गर्न सक्दछु र अन्तमा त्यसका परिवर्तन ल्याउन सक्दछु। मनगढन्त ढंगले यो वस्तु यस्तो छ, त्यो वस्तु उस्तो छ भनेर केही काम हुँदैन। भित्री द्वन्द के छ र बाहिरी द्वन्द के छ, अनि यी दुवै द्वन्द मिलेर कुन ढंगबाट यस खास वस्तुको परिवर्तनको धारालाई प्रभावित गरिरहेछ, यदि हामी यो महसूस गर्न योग्य बन्दैनौं, भने, बुझ्न सक्दैनौं भने, वस्तुको परिवर्तनको धारामाथि हामी प्रभावित पार्न सक्ने छैनौं।

मनगढन्त ईश्वरवाद, भाववाद, अतिप्राकृतवाद- यी सबै छन् जसलाई हामी भाववाद (Idealism) भन्दछौं। भाववादमा गल्ती के छ? भाववादसित हामीहरूको विवाद रहेको उत्तिकै छैन। यस्तो कुनै कुरा होइन कि व्यक्तिगत रुपले यससित हाम्रो कुनै झगडा छ अथवा यो हाम्रो दुश्मन हो, "झडकेलो भाइ" हो जो सित हामीले टक्कर लिनै पर्दछ, विरोध गर्नै पर्दछ। यो पनि कुरो होइन कि कुनै अर्को प्रकारको ग्रन्थी (complex) को कारणले हामीले त्यसको विरोध गर्नु परेको हो। होइन; त्यस्तो कुनै दुश्मनी छैन। दुश्मनीको सवालै उठ्दैन। ईश्वरको विरोध पनि त्यतिखेर मात्र गर्नुपर्ने हुन्छ जब हामी देख्दछौं कि ईश्वर हाम्रो दृष्टिकोणलाई, हाम्रो दृष्टि शक्तिलाई सामुन्ने आएर गोलमाल पारीदिन्छ र सत्यनिर्णय गर्ने काममा बाधाका रुपमा खडा हुन्छ। ऊ आएर यदि सत्य-धारणा बनाउनका लागि मद्दत गर्दो हो त म आफैं उसको पाउ पक्रन्थे। तर ईश्वर त एकदम एउटा असत्यको रुपमा उभियो र त्यसैले ऊसित हाम्रो जुन लडाईं छ, त्यो लडाईं हुने गरिरहेछ। दुश्मनी हाम्रो केही छैन- लडाईं भईरहेछ।

मानी लिनुहोस्, एउटा मानिस ईश्वरलाई मान्दैन। अल्लाहलाई मान्दैन। भन्दछ कि ईश्वर-अल्लाह- यी सबै केही कुरा होइनन्। भन्दछ कि आजकालको जमानामा जो विज्ञानका कुराहरू जान्दछ उसले ईश्वर आदि मान्नेओर्ने केही कुरा नै हुनुहुँदैन। तर यदि उसको वस्तु सम्बन्धी धारणा अपूर्ण छ, अधुरो छ, र गलत छ- भने यसको नतिजाको रुपमा ईश्वर मानेर जति अनिष्ट हुनेछ, ईश्वरलाई नमानेर पनि उसले त्यत्तिकै अनिष्ट गर्नेछ। त्यसैले लेनिनले भन्नुभएको थियो, ईश्वरलाई मानियोस् वा नमानियोस् यसले कुनै फरक पार्दैन। कुनै पनि व्यक्ति वस्तुवादी त छ तर द्वन्दात्मक वस्तुवादी छैन भने, उसले आफूलाई भौतिकवादी भनोस्- ईश्वरलाई यो भनेर एकदमै खारेज गरोस् कि ईश्वर छैन र वस्तु नै सत्य हो, तर यदि उसको वस्तु सम्बन्धी धारणा सही छैन भने ईश्वर मानेर जो कुफल हुन्छ- त्यस्तो नमान्ने मानिसहरूबाट पनि उही कुफल हुनेछ। अझ त्योभन्दा पनि खराब हुनेछ, चुत्थो हुनेछ। किनभने जुन मानिसहरू ईश्वर मान्दछन्, पुरानो जमानाको आदतको धारावाहिकतामा डर, भय, धर्मको ख्याल उनीहरूमा हुने गरिरहन्छ। तर ईश्वर नमान्ने- यी मानिसहरूमा यी सबै कुरा हुने गर्दैनन्।

...यिनीहरूको लागि स्वर्ग जाने सवाल पनि छैन, नर्क गइन्छ भन्ने डर पनि छैन। मनमा जे आउँछ, त्यो गर- ईश्वर-सिश्वर छैन- अल्लाह हटीहाल्यो। खुवै

**द्वन्दात्मक वस्तुवाद विज्ञान हो- जसले मानिसलाई विचारद्वारा यति मजबूत बनाई दिन सक्छ कि यसको माध्यमबाट मानिसले प्रत्येक वस्तुको भित्र रहेको निहित नियमहरूलाई पत्ता लगाउन सक्छ, सबै ठाउँमा र सबै परिवर्तनको धारामाथि सचेत सक्रिय भूमिका निर्वाह गर्न सक्दछ, परिवर्तन ल्याउन सक्दछ। संसारलाई नै बदल्न सक्दछ।**



सुविस्ता भयो। मनमा जे जे आउँछ, त्यही त्यही गर्दै जाऊ। यी सबै भौतिकवादका विकृत रुपहरू हुन्। संसार भरीको मार्क्सवादी आन्दोलनमा यसको काफी खराब असर परेको छ। भारतका कम्युनिष्टहरूलाई देख्नु भयो भने पाउनु हुनेछ, नैतिक-सांस्कृतिक स्तर निकै गिरेको छ। यसमाथि यदि प्रकाश पार्ने हो भने,- कुनै झोंक ननिकालीकन- अर्थात् मनमा कुनै पूर्वाग्रह नराखिकन यदि तपाईले विचार गर्नु भयो भने, तपाई पाउनु हुनेछ कि यी मानिसहरू यो भौतिकवादको विकारग्रस्त रुप (Vulgar Materialism) को शिकार भएका छन्। याने यी मानिसहरू त्यस्तो भौतिकवादको शिकार भएका छन्, जससित द्वन्दात्मक वस्तुवादको कुनै सम्बन्ध छैन। आफूलाई द्वन्दात्मक वस्तुवादी भन्दाभन्दै यी मानिसहरूको यस्तो नतीजा भएको छ।

त, यसरी द्वन्दात्मक वस्तुवाद विज्ञान हो- खालि दर्शन मात्र होइन। मानव सभ्यतामा यो पहिलो दर्शन हो- दर्शनको विकासको बाटोमा मानिसलाई उपलब्ध यो पहिलो दर्शन हो, जसले साँच्चै बाटो देखाउन सक्छ। जसले मानिसलाई विचारद्वारा यति मजबूत बनाई दिन सक्छ कि यसको माध्यमबाट मानिसले प्रत्येक वस्तुको भित्र रहेको निहित नियमहरूलाई पत्ता लगाउन सक्छ, सबै ठाउँमा र सबै परिवर्तनको धारामाथि सचेत सक्रिय भूमिका निर्वाह गर्न सक्दछ, परिवर्तन ल्याउन सक्दछ। संसारलाई नै बदल्न सक्दछ। समाजलाई बदल्न सक्दछ, प्रकृति माथि नियन्त्रण पाउन सक्दछ। विज्ञान बाहेक कुनै पनि अस्त्रबाट प्राकृतिक शक्तिलाई मानिसको काममा लगाउन सकिन्न, त्यसमाथि नियन्त्रण कायम गर्न सकिन्न। जबसम्म भारतका मानिसहरू संझन्थे कि ऋषि-मुनि हुँदाहुँदै वेदान्त दर्शन, सांख्य दर्शन, न्याय शास्त्र आदि धुप्रै धुप्रै शास्त्रहरू भारतमा आए, शास्त्रको कुनै कमी त छँदै थिएन। अतीतको इतिहासलाई यदि तपाईंले नियालेर हेर्नु भयो भने देख्नु हुनेछ कि त्यस वखतमा, यस देशमा काफी बढोत्तरी भएको थियो। तर, जस्तै बिजुली कै कुरा लिऊँ। बिजुली के हो भन्ने कुरा त्यतिखेर थाहा थिएन। यसका बारेमा धारणा गलत थियो। इन्द्र यस बज्र (चट्याङ) लाई हतियारको रुपमा चलाउँछन्। बस, बिजुली बारे यही धारणा थियो। त, जबसम्म धारणा यही रही रह्यो, तबसम्म बिजुलीलाई तपाईले नियन्त्रित गर्न सक्नु भएन। आधुनिक विज्ञानले जब वैज्ञानिक निरीक्षण-परिक्षणको माध्यमबाट, बिजुलीको गति प्रकृतिको जानकारीलाई त्यो सम्बन्धी सिद्धान्त या थ्योरीको रुपमा प्रतिपादन गऱ्यो, तब मात्रै तपाई त्यसको आधारमा बिजुलीको शक्तिमाथि नियन्त्रित गर्ने, र आफूलाई मन लागेको, काममा लगाउन सक्षम हुनुभयो।

विज्ञानको सिद्धान्त याने वैज्ञानिक निर्णय सबै ठाउँका लागि, सबै मानिसहरूका लागि एउटै हुन्छ। किनभने, परीक्षणको आधारमा त्यसको निर्णय हुने गर्दछ, किनकि, त्यसले सत्य धारणा, सच्चाईलाई प्रतिबिम्बित गर्दछ। र सत्य एउटै हुन्छ, विशेष हुन्छ। सत्यको मतलब नै यो हो कि- त्यो विशेष सत्य हो, सापेक्ष सत्य हो, त्यो ठोस सत्य हो र एउटै हुन्छ। त्यसैले जापानमा जो वैज्ञानिकहरू छन्, बिजुली सम्बन्धी जति सिद्धान्तहरू छन् ती सबै उनीहरूको लागि पनि त्यति नै सत्य छन् जति भारतका वैज्ञानिकहरूको लागि। यस्तो किन हुन्छ भने, यसमा मनगढन्त ढंगले आ-आफ्नो तरीकाबाट जस्तो मन लाग्यो त्यस्तो व्याख्या गर्ने मौका हुँदैन।

यदि कुनै वैज्ञानिक मेरो व्यक्तिगत उपलब्धि र विचारबाट बिजुलीको सिद्धान्त यस्तो हुनुपर्दछ भनेर

भन्दछ भने कसैले सुन्ने छैन। बिजुलीको सिद्धान्त विज्ञानमा त्यही छ जुन परीक्षणबाट प्रमाणित छ। र परीक्षित भएर त्यो सिद्धान्त आएपछि त्यो जापानको लागि पनि सत्य हो, भारतको लागि पनि। ... किनकि सत्य एउटै हुन्छ, ठोस हुन्छ र सापेक्ष हुन्छ।

...मानिसहरू, खासगरी भारतका थुप्रै मान्छेहरू परम्पराको कुरा गर्दै अक्सर भन्ने गर्छन्- हामी हिन्दुस्तानी हौं, हाम्रो लागि सत्य एक खास किसिमको छ। होइन भाइ, सत्य त सबैको लागि सत्य नै हुन्छ। एउटा सत्य अर्को सत्यबाट अलग हुन सक्दछ। तर हिन्दुस्तानको लागि जुन सत्य हुनेछ त्यही स्थिति र क्षेत्रमा संसारभरि कुनै पनि ठाउँको वैज्ञानिकहरूले त्यस सत्यलाई मान्नु पर्ने हुन्छ। निकभने त्यो परीक्षित सत्य हो। तर सिर्फ मार्क्सवाद अर्थात् द्वन्दात्मक वस्तुवाददेखि बाहेक वैज्ञानिक निरीक्षण परीक्षणको आधारमा प्रमाणित सत्यहरूमा आधारित अर्को कुनै दर्शन छैन।

विज्ञानको आधारमा वैज्ञानिक निरीक्षण परीक्षणको माध्यमबाट र मानिसहरूको अनुभवको आधारमा विचार गर्नु र तरीका मुताविक विचार गर्नु, व्यवस्थित (Systematic) अध्ययन गर्नु सत्य प्राप्त गर्नको लागि जरुरी छ। व्यवस्थित भन्नुको मतलव एउटा पछि अर्को अनुशासित ढंगबाट आउनु हो। (विज्ञानमा) एउटा सित अर्कोको द्वन्द हुन सक्दछ। अर्थात् अन्तर-विरोध देखा पर्न सक्ने छ। एउटा सिद्धान्त अर्को सिद्धान्तलाई मद्दत गर्नको लागि, अगाडि बढाउनका लागि द्वन्दका रुपमा बीचमा आउने छ। तर एउटा सिद्धान्त अर्कोको एकदम विपरीत धर्मी (diametrically opposite) हुन सक्दैन। विपरीत धर्मी हुँदैन भन्नुको मतलव के हो भने यो त्यस्तो हुँदैन कि यसले एउटाले अर्कोलाई नकारी दिन्छ- एकदमै एउटाबाट अर्को विल्कूल उल्टा हुन्छ। विज्ञानमा यस्तो हुँदैन। त्यसैले त व्यवस्थित अध्ययन जरुरी हुन्छ। ... आधारभूत रुपमा नै केही त फरक आउन सक्छ। तर यो द्वन्द एक अर्कालाई प्रभावित गर्ने खालको हुन्छ। प्रभावित गरेर एउटाले अर्कोलाई अगाडि बढाउने छ। बुझाइलाई अगाडि बढाउने छ तर एउटा अर्कोको विरुद्धमा जाने छैन- एउटाले अर्कोलाई नकारी दिने छैन। यही हो- निरीक्षण परीक्षणको माध्यमबाट जति सिद्धान्त स्थापित हुन्छ त्यसको पारस्परिक सम्बन्ध, तिनीहरूको बीचको सम्बन्धको स्वरुप।

धेरै मानिसहरूमा के धारणा छ भने... विज्ञानको आजको सिद्धान्त भोलि नै खारेज हुन्छ। न्यूटनका सिद्धान्त? त्यसलाई त आइन्स्टाइनले खारेज गरिदियो, रद्द गरिदियो। त्यो त अब गलत सावित भयो। यूक्लिडको ज्यामिती?- त्यो त गलत सावित भयो। आइन्स्टाइनको ज्यामितिले त्यसलाई गलत सावित गर्‍यो। न्यूटनको मेकानिक्स? त्यो त गलत सावित भयो!

यसो भन्ने यी सबै मानिसहरू- जस मध्ये कसै कसैलाई दार्शनिक पनि भनिन्छ- उनीहरूले केही केही दर्शनका किताव पनि पढेका छन्। आफूलाई बुद्धिजीवी भन्दछन्, तर यस ढंगबाट कुरा गर्छन्, जसबाट यस्तो लाग्छ- उनीहरूलाई थाहै छैन कि वास्तविक कुरा के हो? कुरा यस्तो होइन कि न्यूटनको सिद्धान्तलाई नकारेर आइन्स्टाइनको सिद्धान्त आयो र त्यो असत्य सावित भयो। होइन। परीक्षित सत्यताको आधारमा जुन न्यूटनको मेकानिक्स उभिएको छ त्यो अहिले पनि आफ्नो ठाउँमा कायमै छ र आफ्नो क्षेत्रमा त्यसैले हरेक समयको लागि सत्यलाई प्रतिविम्वित गर्दैछ। गरिरहेनछ।

तर एक क्षेत्रको विज्ञान र सिद्धान्त जुन त्यस



**द्वन्दात्मक वस्तुवाद जब मजदूर किसानहरूले अप्नाउने छन् त्यतिखेर यो उनीहरूको हातमा एउटा यस्तो जबर्दस्त हतियार हुनेछ कि यसको मुकावलामा पूँजीपतिहरूको तोपखाना, गोला बारुद आदि र संपूर्ण फौजी ताकत पनि कमजोर सावित हुनेछ।**

विशेष क्षेत्रको विशेष नियमलाई पत्ता लगाएर सिद्धान्तको रुपमा आयो त्यो अर्को क्षेत्रमा अपर्याप्त, कमजोर, असंपूर्ण ठहरियो। त्यसैले अर्को फिल्डमा त्यहाँको वास्तविकताको आधारमा नयाँ सिद्धान्त पैदा गर्नुपर्ने जरुरत भयो। तीन आयाम- (अर्थात् लम्बाइ, चौडाइ, गहिराइ)- यी जुन तीन आयाम छन्, यिनै तीन आयामहरूबाट जुन ढाँचा बन्दछ- त्यसैबाट संसारमा घर बन्दछ, सडक, पुल, मेशिन आदि सबै निर्मित हुन्छ- कल कारखानाहरूमा हामी यो जुन युक्लिडको ज्यामिति देख्दछौं- र यसैबाट सबै काम हुन्छ। मेशिनहरू बन्छन्, चल्छन्। यी सबैले न्यूटनको मेकानिक्सकै अनुसरण गर्छन। आइन्स्टाइनको मेकानिक्सको कारणले आफ्नो क्षेत्रमा न्यूटनको मेकानिक्स खारेज भएन। त्यसको महत्व अद्यापि यथावत् छ। किनभने त्यो परिक्षित आधारमा कायम भएको थियो। त्यो असत्य भएन।

सत्यको रुप नै यस्तो छ कि आफ्नो आफ्नो क्षेत्रमा विशेष सत्य-ठोस सत्यका रुपमा त्यसले काम गर्दछ। सत्य निर्विरोध हुँदैन। त्यो विशेष हुन्छ। सापेक्ष हुन्छ, ठोस (concrete) हुन्छ। वस्तु बारे पत्तो लगाउन वस्तु सम्बन्धी सत्य-धारणा बनाउनु पर्छ। यही नै त हो सत्य। सत्य के हुन्छ: केलाई तपाई सत्य भन्नु हुन्छ? सत्य भनेको वस्तुको क्रियाकलाप, त्यो सम्बन्धित सत्य-धारणा हो। अर्थात् कुन निहित नियमहरूबाट त्यो कार्यकलाप हुँदैछ, कहाँबाट आएको हो? कहाँ जानेछ? कसरी गतिवान हुनेछ? त्यो कुन कुन वस्तुसित सम्बन्ध राख्दै, द्वन्दात्मक सम्बन्ध राख्दै विरोध र मिलनको माध्यमबाट अगाडि बढ्दैछ? त्यसको विशेष प्रकृति के छ? यी सबै महसूस गरेर, यी सबै मामलामा, यी सबै पक्षहरूको बारेमा सटीक धारणा बनाउनु- त्यस वस्तुको बारेमा सत्य-धारणा बनाउनु भनेको यही हो।

त यसरी यो जुन सत्य-धारणाको बोध छ- कार्यकलापको कुनै क्षेत्रमा यदि हामीले निरीक्षण परीक्षणको आधारमा यसलाई महशूस गर्‍यौं, सत्य-धारणा हासिल गर्‍यौं भने- त्यो कहिल्यै उल्टिने छैन। तर अर्को कुनै क्षेत्रमा-अर्को विशेष नियमको कुनै ठाउँमा हामीलाई अर्कै सत्यको थाहा लाग्नेछ। हामी देख्ने छौं- त्यहाँ सत्य अलिकति अर्कै किसिमको छ। त्यसैले त सत्य- सत्यमा फरक हुन्छ। सत्य सधैं खास विशेष अवस्था त सम्बन्धित सत्य हुन्छ। सत्य-धारणाको

मतलब नै वस्तु सम्बन्धी सत्य धारणा हो। अनि त्यो कसरी निर्विशेष हुन्छ? वस्तुको त कुनै निर्विशेष रुप हुँदैन।

द्वन्दात्मक वस्तुवादको चर्चाको पहिलो विन्दु के छ भने हामीहरू किन अरू कुनै दर्शनको चर्चा नगरेर द्वन्दात्मक वस्तुवादकै चर्चा के गर्न चाहन्छौं? - यो कुनै मनोमानी चाहना, फगत एउटा मन पर्ने नपर्नेको सवाल होइन। त्यो यसकारणले हो कि द्वन्दात्मक वस्तुवाद नै एक मात्र दर्शन हो, जसले विज्ञानको मर्यादा हासिल गरेका छ, जसले सत्यमाथि प्रकाश पार्न सक्दछ, जो वस्तुलाई द्वन्दमा अध्ययन गर्न सक्षम छ र जसले हामीलाई त्यही तरीकाबाट अध्ययन गर्न सिकाउँछ। यो ती सबै सामान्य अर्थात् आम नियमहरूलाई पत्ता लगाउन, तिनीहरूलाई महशूस गर्नका लागि हामीलाई सहायता गर्न सक्षम छ जुन सामान्य नियमहरूबाट सबै विशेष नियमहरू संयोजित भएर एक अनुशासनवद्ध वस्तु-सत्ता (System of discipline) को रुपमा यो विश्व ब्रह्माण्ड हाम्रो सामुन्ने विराजमान छ।

त्यसैले हामीहरू द्वन्दात्मक वस्तुवादको चर्चा गर्न चाहन्छौं। त्यसैले मार्क्सले भन्नुभयो- द्वन्दात्मक वस्तुवाद जब मजदूर किसानहरूले अप्नाउने छन् त्यतिखेर यो उनीहरूको हातमा एउटा यस्तो जबर्दस्त हतियार हुनेछ कि यसको मुकावलामा पूँजीपतिहरूको तोपखाना, गोला बारुद आदि र संपूर्ण फौजी ताकत पनि कमजोर सावित हुनेछ। यो सिद्धान्तलाई जब उनीहरूले हासिल गर्न सक्नेछन्- जब मजदूर किसान र आम शोषित जनता यसलाई यस किसिमले अप्नाउने छन् कि यसलाई उनीहरू आफैं प्रयोग गर्न सक्छन्- तब तुरुन्तै उनीहरूको जीवन सम्बन्धी दृष्टिकोण बदलिने छ। जिन्दगीको सामुन्ने आउने सबै कुरालाई हेर्ने उनीहरूको दृष्टिकोण एकदमै भिन्न हुनेछ। संसारलाई बदल्ने पूरा ताकत उनीहरूमा पैदा हुनेछ। यही कारणले त्यस बखत संगठनका रुपमा जुन ताकत पाइला पाइला गर्दै अगाडि बढ्नेछ त्यसको मुकावला गर्ने शक्ति कुनै पनि पूँजीवादी राज्यसत्ताको फौजी ताकतसित छैन।

मार्क्सले भन्नुभयो कि- यो जनताको हातमा, मजदूरको हातमा सबैभन्दा शक्तिशाली हतियार हो। सबैभन्दा पहिले यसलाई बुझ्नु पर्दछ र जब तपाईंले यसलाई बुझ्नु हुनेछ, यसलाई हासिल गर्नु हुनेछ, यसलाई प्रयोग गर्न सिक्नु हुनेछ। त्यस्तो खास स्थितिमा जहाँ अन्धकार छ, जहाँ थरी थरीका सवालहरू छन्- तिनीहरू मध्ये कुन ठीक छ, कुन ठीक छैन, यसको पत्ता लगाउनको निम्ति जब यो दृष्टिकोणलाई, यस विश्लेषण पद्धतिलाई प्रयोग गर्नको निम्ति तपाई योग्य बन्नु हुनेछ त्यतिखेर त तपाईं त्यस्तो क्षमताको अधिकारी बन्नु हुनेछ जसलाई कुनै पूँजीवादी शक्तिले मुकाविला गर्न सक्ने छैन। र जबसम्म तपाईं द्वन्दात्मक बस्तुवादलाई यसरी अप्नाउनु हुनेछैन, आर्थिक दुर्दशाको कारणबाट, क्षोभ, क्रोधको कारणबाट तपाईं बारंबार संघर्षको मैदानमा उत्रनु हुनेछ, ज्यानको बलि चढाउनु हुनेछ तर बाटो देखा पर्ने छैन। त्यस स्थितिमा पूँजीवादमाथि तपाईंले अलिकता पनि चोट पुर्‍याउनु हुने छैन। त्यस्तो ज्यानको बलिदान दिएर तपाईं चाहे जतिसुकै संतोष लिनु होसु, तर क्रान्ति निकै टाढाको कुरा भई रहने छ। क्रान्ति गर्ने हो भने यसलाई तपाईंले बुझ्नु पर्दछ।

❑

अनुवाद : "दृष्टिकोण क्या हो" पुस्तकबाट




बिज्ञान र प्रबिधिको विकासबाट आज एकातर्फ मानिसले करोडौं प्रकाश वर्ष टाढा रहेका ब्रह्माण्डीय पिण्डहरू सम्बन्धमा उल्लेख्नीय जानकारी हासिल गर्न सकेको कुरा प्रचारमा आउने गरेका छन् भने अर्को तर्फ यसै पृथ्वीमा हुने गरेका वा भएका भौगर्भिक कृयाकलापका सम्बन्धमा सही जानकारी लिन त्यत्तिकै कठीनाइ भोग्नु परेको कुरा पनि विभिन्न किसिमका प्राकृतिक प्रकोपबाट क्रमिक रूपमा यस दुनियाँले बेहोर्नु परेका क्षतिका आधारमा उल्लेख्य हुने गरेका छन्। प्राकृतिक प्रकोप भनेर चिनिने भूकम्प, समुद्री आँधी वा बाढी-पहिरो एवं ज्वालामुखी जस्ता प्रकोपबाट समय समयमा विश्वको वातावरणलाई प्रतिकूल प्रभाव पारिराखेको कुरा सुनिने गरिएको मात्र हैन वायुमण्डलमा रहेको ओजोन तहमा आजभोलि हुने गरेको खियाबाट एवं विभिन्न अन्य कारणबाट हुन पुगेको विश्वको तापक्रमको चढाव (Global Warming) जस्ता प्रक्रियाले गर्दा पृथ्वीको वातावरणमा हुनसक्ने खतरा सम्बन्धमा पनि विश्वमा धेर चर्चा परिचर्चा उठिसकेका छन्। यसका अतिरिक्त आणविक विस्फोट एवं अत्याधिक औद्योगिकीकरण जस्ता कृत्रिम प्रक्रियाहरूको कारणबाट पनि यहाँको वातावरणमा प्रतिकूल प्रभाव परिराखेको तथ्य प्रकाशमा आउने गरेका छन्।

वातावरणीय समस्या विश्वका अन्य प्रमुख समस्याहरूको तुलनामा अझ जटील हुनसक्ने कुरा आज जतातते चर्चाको विषय बन्न पुगेको छ। यसबाट पृथ्वीमा हुनसक्ने दूरगामी असरलाई ध्यान दिएर आज भोलि विश्वभरिनै चर्को स्वरमा चिच्याउन थालिएको मात्र हैन यसमा कमी ल्याउने वा रोकथाम गर्ने सम्बन्धमा प्रयास जारी रहेका पनि छन्। यसै प्रसंगमा यहाँ माथि उल्लिखित प्राकृतिक प्रकोपहरू र यिनले विश्वको वातावरणमा पारेको प्रभाव सम्बन्धमा छोटो बिवेचना गर्ने प्रयास गरिएको छ।

### भूकम्प

पृथ्वीमा भूकम्पहरूबाट जुन जन धनको क्षति हुने गरेको छ र त्यसबाट वातावरणमा जुन प्रभाव पर्छ त्यो उल्लेखनीय भएको कुरा यसै शताब्दीमा भोग्नु परेका कैयौं भूकम्पहरू मध्ये केवल तीन वटा भूकम्प कै आधारमा पनि बताउन सकिन्छ। सन् १९६० को चिलिको महाभूकम्प, जसको तोडफोड लम्बाई (Rupture length) १००० किलोमिटर (नेपालको पूर्व पश्चिम लम्बाई भन्दा पनि ज्यादा) भन्दा बढी भएको कुरा जानकारीमा आएको छ। शक्तिको आधारमा यस शताब्दीका अरू भूकम्पलाई यसले उछिन्न पुगेको छ। सन् १९७६ माग्वाटेमालामा गएको भूकम्पबाट हुन पुगेको क्षति देशको कूल वार्षिक आयको हाराहारिमा पुगेथ्यो। अनि त्यस्तै चीनको १९७६ को तानसान भूकम्पमा मर्ने मानिसहरूको संख्या करीब ६५०००० भएको तथ्याङ्क आएथ्यो। यद्यपि, यो भूकम्प माथि उल्लेखित दुई महाभूकम्प भन्दा सानो भएको कुरा पनि जानकारीमा आएको थियो। विश्वमा वर्षेनी २ महाभूकम्प एवं अन्य सयौं शक्तिशाली भूकम्प जाने र हिरोसिमामा १९४५ मा खसालिएका जस्ता १२००० आणविक बमबाट उत्पादन हुने जति शक्ति केवल एक मात्र महाभूकम्पबाट उत्पन्न हुनसक्ने कुर लाई बिचार गर्दा यसबाट हुन सक्ने जन धनको क्षति एवं वातावरणमा पर्नसक्ने प्रभाव सजिलै अन्दाज गर्न सकिन्छ। हाम्रो आफ्नै प्रसंगमा सन् १९३४ (वि. सं. १९९०) मा नेपालमा गएको महाभूकम्पको असर हाल विर्सिसकिएको भएता पनि सन् १९८० र १९८८ मा बझाङ्ग र उदयपुरमा गएका मध्यम शक्तिका भूकम्पहरूको असर भने जनमानसमा अझ पनि ताजै रहेको छ।

### आँधी वा बाढी पहिरो

समुद्री आँधी वा बाढी पहिरोबाट विश्वमा उल्लेखनीय रूपमा जनधनको क्षति हुने गरेको कुरा पनि प्रकाशमा आइ रहने गरेका छन्। गत साल मात्र बंगलादेशमा समुद्री आँधीबाट करीब १,४०००० जनाको मृत्यु हुनपुगेथ्यो भने चीनमा करीब २००० जनाको। नेपालमा पनि बाढी पहिरो प्रकोपबाट वातावरणमा ऱ्हास आउने गरेको चर्चाको विषय नै बन्ने गरेको छ।

### ज्वालामुखी

विश्वमा भएका अन्य प्राकृतिक प्रकोपको तुलनामा ज्वालामुखी बिष्फोट अनियमित किसिमबाट हुने गरेको भएता पनि यसको कारणबाट पुग्ने असर भने त्यत्ति कम नहुने कुरा पनि प्रष्ट भएको छ। सन् १८८३ को क्राकाटोआ, इन्डोनेशियाको ज्वालामुखीमा ३५००० जनाको मृत्यु भएको थियो भने सन १९८० को सेन्टलहेलेन्स ज्वालामुखी निकै चर्चामा आएको कुरा स्मरणीय छ। यद्यपि, यो ज्वालामुखी क्राकाटोआको तुलनामा निकै सानो भएको मानिन्छ। गत साल मात्र जापानको उनजेन पर्वतमा भएको बिष्फोट र यस शताब्दीको शक्तिशाली मानिएको फिलिपिन्सको पिनाटबो पर्वतको बिष्फोटबाट करीब २५० जनाको ज्यान गएको कुरा प्रकाशमा आएको थियो। यसका अतिरिक्त विष्फोटको परिणामस्वरूप वायुमण्डलमा पुग्ने खरानीको धूँवा वा जमीनमा रहने लाभाको कारणबाट फैलिने प्रदुषणले त्यत्तिकै प्रतिकूल प्रभाव पर्ने कुरा पनि उललेखनीय हुन आउँछ।

> **ओजोनलाई विनाश गर्ने क्लोरिन आजको रूपमा बृद्धिहुँदै जाने हो भने सन २००० सम्ममा युरोप र अमेरिका माथिपनि अन्टार्कटिक प्वाल जस्तै प्वाल बन्न सक्नेछ।**

### वायुमण्डल : आजोन तहको क्षय

आजभोलि पृथ्वीको वायुमण्डलमा अवस्थित ओजान तह खिइँदै गएको कुराले यसबाट पृथ्वीमा पर्नसक्ने प्रत्यक्ष वा परोक्ष असर सम्बन्धमा दुनियाँमा चिन्ता थपिँदै गएको छ। त्यसैले ओजोन तह किन खिइदै गयो वा यस प्रक्रियाबाट कस्तो क्षति हुनजाला भन्ने कुरा छोटकारीमा उल्लेख्य गर्नु भन्दा पहिले वायुमण्डलको बनावट सम्बन्धमा सानो चर्चा गर्नु पनि यहानिर प्रासंगिक नै हुने देखिन्छ।

पृथ्वीको सतह भन्दा माथिको भागलाई साधारणतया वायुमण्डल मनिने गरेको भएता पनि विभिन्न भागमा पाइने ग्यास एवं त्यहाँ हुने भौतिक एवं रासायनिक प्रक्रियाको आधारमा यस भागलाई बिभिन्न तहमा बिभाजन गरिएको छ। जमीन माथिको यस भागमा मुख्यतया नाइट्रोजन, आक्सिजन कार्वन डाइअक्साइड र अर्गन जस्ता ग्यासहरू अत्यधिक मात्रामा रहने भएता पनि हेलियम, निअन, कृप्टन र जेनन जस्ता निष्कृय ग्यास एवं पानीको बाफ र नाइट्रिक अक्साइडको पनि उपस्थिति रहेको हुन्छ। यी बाहेक मिथेन, हाइट्रोजन सल्फाइड, सल्फर डाइ अक्साइड जस्ता विषालु ग्यास पनि पृथ्वीको औद्योगिकीकरण प्रक्रियाद्वारा उत्पादन भएर वायुमण्डलमा जम्मा हुने गरेको पाइन्छ।

पृथ्वीको सतहसंग जोडिएको वायुमण्डलको तहलाई ट्रपोस्फेयर भनिन्छ र सतहबाट क्रमश माथितिर जाँदा करीब ११ कि. मी माथि रहेको ट्रपोपोज सम्म तापक्रम घट्दै गएको पाइन्छ। ट्रपोपोजबाट माथितिर स्ट्राटोस्फेयर हुँदै करीब ३१ कि. मी. माथि अवस्थित स्ट्राटोपोजमा पुग्दा जमीनको सहतमा भन्दा केही बढी तापक्रम पुन : घट्दै गएको भेटिन्छ। यस भागलाई मेजोस्फेयर भनिन्छ र करीब ८५ कि.मि. माथि रहेको यसको सीमा मेजोपोजमा पुगेपछि तापक्रम पुन : बढ्ने क्रम शुरूहुन्छ। त्यस माथि रहेको थर्मोस्फेयरमा तापक्रम अझ बढ्दै गएर ३-४ सय कि. मि. माथि पुगेपछि १३-१४ सय केल्विनमा तापक्रम एकनाश रूपमा रहेको पाइन्छ। यस लेखको उद्देश्य अनुसार बायुमण्डलको यस छोटो बयानलाई यही सीमित गरेर ओजोनोस्फेयरको सम्बन्धमा पुन : सानो बिवेचना गर्ने प्रयास गरिन्छ।

जमीन माथिको १५ कि.मि. देखि ७० कि. मि. सम्मको भागमा ओजोन प्राप्त हुने भएको हुँदा यसभागलाई ओजोनोस्फेयर भनिन्छ। यद्यपि तुलनात्मक रूपबाट वायुमण्डलमा अन्य ग्यासको तुलनामा ओजोनको मात्रा कम भएको बताइन्छ तापनि यसले बनाएको तहको उपस्थिति अति महत्वपूर्ण रहेको कुरा उत्तिकै प्रष्ट छ। सूर्यबाट आउने पारबैजनी विकिरण (Ultraviolet radiations)को शक्तिशाली भागलाई जसको तरंग लम्बाई २९०० A° (9A°=90-90 मिटर) हुने गरेको बताइन्छ, सम्पूर्ण रूपमा सोसेर लिन्छ भने केही कम शक्तिशाली तरंगहरू (३६०० A°) लाई आंशिक रूपमा मात्र। छोटकरीमा भन्नुपर्दा यस किसिमको रोकावटबाट पारबैजनी विकिरणले उब्जाउन सक्ने बिभिन्न किसिमका प्राणघातक रोगहरू, जसमा क्यान्सर पनि पर्दछ, बाट पृथ्वीबासीहरूको बचावट भइ राखेको छ।

### युरोपमाथि ओजोन छिटो क्रममा घट्दैछ

औद्योगिक देशहरूमा भएको बृहत औद्योगिक विकासको कारणबाट वायुमण्डल दुषित हुँदै गएको मात्र

हैन यसै कारणले गर्दा ओजोन तहमा हुने ओजन संग अन्य कार्वनिक वा अकार्वनिक पदार्थको रासायनिक प्रतिक्रिया भएर यो तह खिइदै गएको कुरा पनि प्रचारमा आइरहेका छन्। यसै सिलसिलामा भरखरै ब्रिटेनमा वायुमण्डलको ओजोन अध्ययन गर्ने समूहले युरोप माथि पहिलेको तुलनामा निकै छिटो क्रमबाट आजोन घटिरखेको पाएका छन्। यतिमात्र हैन उत्तर गोलार्धमा १९७९ र १९९० को बिचमा पहिलेको तुलनामा २ गुणा छिटो गरि ओजोन घटिराखेको कुरा अध्ययनबाट थाहा भएको छ। यस रिपोर्टले के पनि प्रष्ट गरेको छ भने ब्रिटेन र युरोप माथि ओजोनको क्षति अन्टार्कटिक "ओजोन प्वाल" को नजीकमा पर्ने दक्षिण अफ्रिका र न्युजिलैन्डको भन्दा पनि बढी रहेको छ।

अर्को चेतावनी के पनि दिइएको छ भने यदि ओजोनलाई विनाश गर्ने ल्कोरिन आजकै रूपमा बृद्धिहुँदै जाने हो भने सन् २००० सम्ममा युरोप र अमेरिका माथिपनि अन्टार्कटिक प्वाल जस्तै प्वाल बन्न सक्नेछ जसबाट पारबैजनी विकिरण सिधै जमिनमा पुग्ने सम्भावना बढ्ने छ र अत्यधिक मात्रामा सो क्षेत्रको बातावरणमा प्रतिकूल प्रभाव पर्न सक्ने छ।

भू उपग्रहबाट प्राप्त आंकडाको आधारमा स्पेन र ब्रिटेनको बीचमा सन् १९८० र २००० बीचको अबधिमा १५% ले आजोनमा कमी आउन सक्ने कुरा बताइएको भएता पनि तुलनात्मक तवरबाट अन्टार्कटिकामा भन्दा आर्कटिक क्षेत्रमा अवस्थित ओजोनको सम्बन्धमा अध्ययन कम भएको कुरा प्रकाशमा आएको मात्र हैन अमेरिकी र युरोपेली अनुसन्धानकर्ताहरूको खोजबाट प्राप्त आंकडामा केही फरक परेको कुरालाई बिचार गरेर अझ तदारूकताका साथ अन्वेषण हुनुपर्ने कुरामा सबै पक्षले जोड दिएका छन्।

## विश्वको सरदर तापक्रम

आज वातावरणविदको सामु अर्को प्रश्न पनि थपिन पुगेको छ- किन बिश्वको सरदर तापक्रम बढी राखेको छ भन्ने सम्बन्धमा। यसको प्रमुख कारण पनि पृथ्वीमा भएको औद्योगिक विकाससंग सम्बन्धित रहेको कुरा बताइन्छ। एकातर्फ औद्योगिकीकरणको प्रक्रियामा उत्पादन हुने विभिन्न किसिमका ग्याँसहरू जसमा कार्वन डाइअक्साइड, क्लोरो ल्फैरो कार्वन, मिथेन एवं नाइट्रस अक्साइड पर्दछन्, वायुमण्डलमा जम्मा भएर ताप बृद्धि गर्ने काममा सघाउ पुऱ्याइ राखेका छन् भने अर्को तर्फ कसैले यसको कारणमा विश्वमा भएका प्राकृतिक सम्पदाको विनाशलाई पनि जिम्मेवार ठानेका छन्।

यो तापक्रम चढाव (ग्लोवल वार्मिङ्ग) आजकै अनुपातबाट बढ्दै गएमा सनँ २०२५ सम्ममा उत्तर तथा दक्षिण धुव वा अन्य भेगको हिउँ पग्लने र त्यसबाट उत्पादित पानीले समुद्रको शतहलाई एक मिटर माथि सम्म पुऱ्याउन सक्नेकुरा प्रकाशमा आएको छ। जस्तो हुन पुगेमा आज भएको जमीनको महत्वपूर्ण हिस्सा समुद्रभित्र पस्न सक्ने र जनसंख्याको चाप अझबढ्न जाने मात्र हैन समुद्र र जमीन बीच कायम वातावरण समेत तहसनहस हुन सक्ने कुरा अन्दाज गर्न सकिन्छ।

यी नै कारणहरूबाट विश्वको वातावरणमा अझ प्रतिकूल प्रभाव पर्न सक्ने कुरालाई हृदयंगम गरेर विश्वव्यापी रूपमा नै यसबाट हुन सक्ने क्षतिको रोकथाम गर्ने सम्बन्धमा विगत २ दशक देखि प्रयासहरू जारी रहेका छन्। भूकम्पको भविष्यवाणी गर्ने सम्बन्धमा प्रयास अनवरत रूपमा भइराखेको पाइन्छ भने ज्वालामुखी विष्फोट एवं समुद्री आँधिको भविष्यवाणी निकै सफलताका

> सन् २०२५ सम्ममा उत्तर तथा दक्षिण धुव वा अन्य भेगको हिउँ पग्लने र त्यसबाट उत्पादित पानीले समुद्रको सतहलाई एक मिटर माथि सम्म पुऱ्याउन सक्नेछ



लेखक

साथ हुने गरेको देखिन्छ। तर ओजोन तहको खियाइ र ग्लोवल वार्मिङ्ग जस्ता प्रक्रियाबाट हुनसक्ने असरको समाधान कुन किसिमबाट हुने हो त्यसको जवाफको लागि भविष्यलाई नै पर्खनु पर्ने अवस्था रहेको छ। यद्यपि यिनीहरूका सम्बन्धमा बिकसित देशहरूले एकातर्फ अनुसन्धानमा प्राथमिकता दिदै आएका छन् भने अर्को तर्फ पृथ्वीमा हुने गरेको प्रदुषणका प्रक्रियालाई रोक्ने सम्बन्धमा विश्वमा सम्झौता सन्धी हुने क्रम हुरू भइसकेका पनि छन्।

यसै प्रसंगमा संयुक्त राष्ट्र संघको तत्वावधानमा १५४ देशका प्रतिनिधिहरूको उपस्थितिमा गत जुन महिनामा ब्राजिलको रियो डि जनेरोमा सम्पन्न "पृथ्वी सम्मेलन" मा गरिएका सम्झौताले वातावरणको प्रतिकूल प्रभावलाई रोक्ने क्रममा ठोस योगदान पुऱ्याउन सक्ने छ भन्ने आशा र आन्दाज गर्न सकिन्छ। ❑

डा. केदार खनाल : *प्राध्यापक – त्रि. वि. । फिजिक्स । पि. एच. डी. – रूड्की विश्व विद्यालय ।*

The Beer Facts..

ICEBERG
PREMIUM
BEER

..SUPERB !

# यी औषधिहरू: कति मुनाफाको लागि, कति स्वास्थ्यको लागि?

-डा. शरद वन्त

आधुनिक चिकित्सा शास्त्रमा औषधिको जुन महत्वपूर्ण भूमिका रहेको छ त्यो यथार्थलाई कसैले नकार्न सक्दैन। तेश्रो विश्वका गरीब मुलुकहरूमा औषधिको अभावले गर्दा असंख्य जिन्दगीहरू गुमिरहेको तथ्यले पनि यस कुराको पुष्टी गर्दछ। चिकित्सा शास्त्रमा आज पनि यस्ता कतिपय रोगहरू चुनौति बनेका छन जसको आजसम्म कुनै औषधि बन्न सकेको छैन र जुन अनगिन्ती मृत्युहरूको कारण बनेको छ। यो यथार्थ औषधिको महत्ताको अर्को थप पुष्टी हो। यति हुँदा हुँदै पनि आज विश्वमा औषधिको उत्पादन र प्रयोग जुन ढंगले भैरहेको छ त्यो भने जन स्वास्थ्यप्रति संवेदनशील सबैको चासो र चिन्ताको विषय भएको छ।

औषधिको प्रयोगमा हुन सक्ने संभावित अविवेकपूर्ण क्षणहरू (Irrationalities) थुप्रै हुन सक्छन् तापनि यस क्षेत्रमा महत्वपूर्ण ठाउँ ओगट्ने पक्ष भने औषधिको अनाबश्यक प्रयोग नै हो। औषधिको यस्तो अनावश्यक प्रयोगबाट एकातिर स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्छ भने अर्कोतिर यसबाट उपभोक्ता (बिरामी)माथि गह्रौं आर्थिक बोझ बढ्न जान्छ। यी दुवै पक्षहरूले गरीब राष्ट्रहरूमा नै गहिरो प्रभाव पारेका हुन्छन्। साधन सम्पन्न विकसित देशहरूमा औषधिबाट स्वास्थ्यमा परेको प्रतिकूल असरलाई समयमा नै पहिचान गरी त्यस्ता विषालु औषधिहरू माथि तत्कालै प्रतिबन्ध लगाइन्छ। त्यस्ता घटनाहरू विगतमा थुप्रै घटेका छन् र यो क्रम जारी नै छ। तर विकासोन्मुख मुलुकहरूमा त्यस्ता विषालु औषधिहरूले स्वास्थ्यमा के कस्तो प्रतिकूल असर पारीरहेका छन्, त्यस्को कुनै लेखा जोखा छैन। न त ती असरहरूलाई नाप तौल गर्ने र पहिचान गर्ने साधन नै ती देशहरूमा उपलब्ध छन्।

जहाँसम्म आर्थिक बोझको सवाल छ-यो तथ्य सबैले महशूस गरेकै भए पनि यसको विस्तृत बैज्ञानिक विश्लेषण भने भएको पाईदैन।

बहुराष्ट्रिय औषधि कम्पनीहरू जन स्वास्थ्यप्रतिको चिन्ताले होइन मुनाफाबाट अभिप्रेरित भएर नै औषधिको उत्पादन गर्ने गर्दछन्। आफ्नो उत्पादन-औषधिको अधिकतम खपत हुनु र नहुनुमा नै यस्ता उद्योगहरूको जीवन र मरणको सवाल गाँसिएको हुन्छ। त्यसैले स्पष्ट छ, औषधिहरूको अधिकतम खपत गराउनमा यी औषधि उद्योगहरू प्रत्येक संभावित चालबाजीको प्रयोग गर्ने गर्दछन्। बिडम्बना त यो छ कि स्वास्थ्यकर्मीहरू नै यस्तो चालबाजीको पहिलो शीकार हुनेगर्दछन्। वास्तविकताप्रति उदासिन भएर वा पेशागत उत्तरदायित्व बोध नभएर अथवा प्रलोभनकै कारणले पनि सोझा-सिधा जनताको आस्था र श्रद्धाको पेशा बोकेका स्वास्थ्यकर्मीहरू नजानीकनै औषधि उद्योगहरूका औजार बन्न पुग्दछन्। दुर्भाग्यवश विपन्नता र रोगको भूमरीमा पिल्सिएका तेश्रो विश्वका गरीब जनताहरूनै यी मुनाफाखोरहरूको लक्ष बनेका हुन्छन्।

औषधिको प्रभावकारिता बारे असत्य र भ्रामक प्रचार-प्रसार गरेर भए पनि बढी भन्दा बढी औषधिहरू खपत गराउनमा तल्लीन यस्ता औषधि उद्योगहरूको गतिविधिहरूप्रति अन्तर-राष्ट्रिय समूदाय उदासिन रहेको पनि होइन। आज विश्वमा जति पनि औषधिहरूको उत्पादन हुने गर्दछ के त्यो वास्तवमा मानव स्वास्थ्यको लागि आवश्यकता अनुरूप छ त? यो सवाल वारम्बार अन्तराष्ट्रिय समूदायले उठाउँदै आएको छ। तर प्रमुख औषधि उत्पादक शक्तिशाली राष्ट्रहरूको राजनैतिक दवावले प्रत्येक पटक यो सावालको घाँटी निमोठ्ने गरेको छ। सन् १९७८ को अल्मा आटा घोषणा पछि केवल आत्यावश्यक र उपयोगी औषधिहरू अन्तर ष्ट्रिय बजारमा ब्यापक परिचालन गरी बैज्ञानिक तवरमा प्रमाणित भैसकेका हानिकारक औषधिहरूको अन्त-राष्ट्रिय ब्यापारमा रोक लगाउनु पर्ने आवश्यकतामाथि विश्व स्वास्थ्य संघ, औषधि विभागको तत्कालीन





निर्देशकले स्पष्ट संकेत गरेका थिए। तर यसको लगत्तै पछि संयुक्त राज्य अमेरिकाले यस बारे कुरा यो भन्दा अघि बढेमा आफू विश्व स्वास्थ्य संघबाट हट्ने धम्की संघको महानिर्देशकलाई दिएको थियो। (Charles Medawar –International Regulation of the Supply and use of Pharmaceuticals : Development Dialogue 1985.2) यहाँनेर यो उल्लेख गर्नु उपयुक्त हुनेछ कि विश्वको सबैभन्दा बढी औषधि उत्पादन गर्ने राष्ट्र संयुक्त राज्य अमेरिका एक्लैले विश्व स्वास्थ्य संघको एक चौथाई खर्च अनुदान दिन्छ भने प्रमुख ६ वटा औषधि उत्पादक राष्ट्रहरूले विश्व स्वास्थ्य संघको आधा भन्दा बढी खर्च बेहोर्ने गर्दछन्। यो स्थितिमा विश्व स्वास्थ्य संघ आफैमा कुनै निर्णय लिन कतिसम्म स्वतन्त्र हुन सक्छ, सोचनीय छ।

बिकासशील मुलुकहरूमा सन्चालित बहु राष्ट्रिय औषधि कंपनीहरू देशको वास्तविक खाँचो भन्दा बेग्लै बढी नाफा हुने भिटामीन, कफसिरप, टौनिक जस्ता विल्कुलै अनावश्यक औषधिहरू उत्पादन गर्नमा बढी चासो देखाउछन्। नाफा कमाउन मात्र तल्लीन यी उद्योगहरू विकसित देशहरूमा हानिकारक भनी प्रतिबन्ध लगाइएका औषधिहरू समेत उत्पादन र Promote (विकास विस्तार) गर्ने गर्दछन्। यस बाहेक न त यिनीहरू विकसित प्रविधिको हस्तान्तरणमा कुनै सरोकार देखाउँछन् न तेश्रो विश्वमा ब्याप्त रोगहरूसँग संबन्धित औषधिहरू-बारे अनुसन्धान गर्न प्रोत्साहन दिन्छन्। एउटा अनुमान अनुसार औषधि बिज्ञानमा गरिने अनुसन्धानको लागतमा एक प्रतिशत मात्र रकम तेश्रो मुलुकमा पाइने रोगहरू संबन्धी अनुसन्धानमा खर्च गरिन्छ। यस्ता उद्योगहरू औषधि उत्पादनको निम्ति आवश्यक कच्चा पदार्थहरू समेत बजार दर भन्दा बढी मूल्य तिरेर आफ्नै सह कंपनीहरूसंग खरिद गर्ने गर्दछन जसबाट उत्पादनको मुनाफा त्यो देशबाट बाहिरिने गर्दछन्। यी बुहुराष्ट्रिय औषधि उद्योगहरूको यस्तो आर्थिक गतिविधिलाई केलाएर विश्व स्वास्थ्य संघका पूर्व महानिर्देशक डा. मेहलरले ठीकै भनेका छन कि "यो गतिबिधि औषधि उपनिवेशबाद (Drug colonialism) को एउटा स्पष्ट रूप हो।" (K. Jayasena-Drugs Registration and Marketing Practices in the Third World; Development Dialogue 1985:2) सवाल निश्चयनै बहुराष्ट्रिय कम्पनीहरूको मात्र होइन। राष्ट्रिय औषधि उद्योगहरू पनि यस्तै मुनाफाखोर प्रवृतिले प्रेरित भएका छन्। तेश्रो विश्वका गरीब राष्ट्रहरूले भोग्नु परेको यो शोषणबाट नेपाल पनि मुक्त छैन। अनुमान गरिए अनुसार हाल नेपाली बजारमा लगभग १२ हजार ब्रान्ड नेमका औषधिहरू बिक्री-बितरण हुने गर्दछन्, यी मध्ये झण्डै २/३ औषधिहरू या त अनावश्यक छन् या त हानी पुऱ्याउने खालका छन्। नेपालमा खपत हुने औषधिहरूको केवल १५% मात्रै देशमा उत्पादन गरिन्छ र बाँकी ८५% औषधिहरू बाहिरबाट, बिशेषतः भारतबाट आयात गरिन्छ। यसरी आयात हुने औषधिहरूमा केवल ३५% मात्र अत्यावश्यक औषधिहरू (Essential drugs) छन्। बाँकी ६५% औषधिहरू जन स्वाथ्यको हिसाबले ठूलो महत्व नराख्ने मात्रै होइन निकम्मा र हानिकारक समेत हुन सक्छन्।

अन्तराष्ट्रिय बजार त परको कुरा, हाम्रै छिमेकी मुलुकहरू भारत र वंगलादेशमा प्रतिबन्ध लगाइएका कतिपय औषधिहरू नेपालको औषधि बजारमा निर्बाध बिक्री वितरण हुँदैछन् भने कतिपय त्यस्ता प्रतिबन्धित औषधिहरू नेपालमा गैर कानूनी ढंगबाट भित्र्याइन्छन् र लुकी छिपी बिक्री गरिन्छन्। एकातिर ३०% मात्र नेपाली जनतालाई अत्यावश्यक औषधिहरू उपलब्ध हुन सक्छ भने अर्कोतिर नेपाली बजारमा केवल नाफा कमाउने नियतले उत्पादन गरिएका अनावश्यक आयातित औषधिहरूले भरिएको छ। यस्तो स्थितिमा बहु संख्यक नेपालीहरू अत्यावश्यक औषधिको अभावमा अकालमै मरिरहेछन् भने यस्ता बेकामका औषधिहरूबाट गरीब नेपालीहरूको कति पैसा बर्बेनी विदेशिन्छ त्यसको सही आंकडा छैन।

यो यथार्थलाई आत्मसात गरी एउटा सही राष्ट्रिय नीतिको तर्जुमा हुनु नितान्त आवश्यक छ। हालै सरकार ले प्रकाशमा ल्याएको स्वास्थ्य नीति अन्तरगत एउटा राष्ट्रिय औषधि नीति (National Drug Policy) को निर्माण गरिने कुरा उल्लेख छ। यो नीति कति हदसम्म जनताको हित गर्ने र कति हदसम्म औषधि उद्योगको हित गर्ने हो र यसको कार्यान्वयन कतिसम्म प्रभावकारी हुने हो यो त समयले नै बताउने छ, तर जनस्तरबाट औषधिको विवेकपूर्ण प्रयोग (Rational Use) बारे भने सशक्त आवाज उठाउने बेला आइसकेको छ। ☐


-डा. शरद वन्त

**Always Remember us for:**
Water Turbine, Steel Structures & Workshop Facility
with up to date machines

Complete Hydropower Generating Equipment,
Trusses, Suspension Bridges, Steel Furnitures & Other Mechanical Engineering Works.

Please contact us for your service at:

# Balaju Yantra Shala (Pvt.) Ltd.

Balaju Industrial District
Balaju, Kathmandu, P.O. Box 209
Tel: 272147, 270894. Fax: 977-1-272379.
Tlx: 2429 BYS NP

**मात्र रू. २५।- ले**
*२४ औं पटक सम्म कार्यक्रममा भाग लिन सकिने*
## सिद्धार्थ स्टिल फर्निचरद्वारा संचालित
२४ महिने आरती नगद फिर्ता कार्यक्रमको
अतिरिक्त थप सुविधायुक्त पुरस्कार यहि आउँदो
भाद्र १ गतेका दिन हाम्रो प्रधान कार्यालयमा खोलिने भएकोले
सम्पूर्ण सदस्य वर्गहरूमा जानकारी गराउँदछौं।

| | | |
|---|---|---|
| प्रथम पुरस्कार | १४" कलर टि.भी. | १ जनालाई |
| दोस्रो पुरस्कार | १४" B/W टि.भी | १ जनालाई |
| तेस्रो पुरस्कार | थ्रि सिटर सादा सोफा | १ जनालाई |
| चौथो पुरस्कार | टेबुल पंखा | १ जनालाई |
| पाँचौं पुरस्कार | हट सेट | २ जनालाई |
| छैथौं पुरस्कार | भित्ते घडी | ४ जनालाई |

**संचालक**
# सिद्धार्थ स्टिल फर्निचर
मार्फत्: आरती ट्रेडर्स, नरदेवी, यत्खा टोल
काठमाडौं २९ फो नं. २१६१६०

नोटः यस कार्यक्रमको लागि विभिन्न जिल्लाहरूमा पुरूष तथा महिला एजेन्टहरूको आवश्यकता छ।




✳✣✳✣✳✣✳✣✳✣✳✣✳✣✳✣✳✣

**6** ***GOOD REASONS THAT MAKE SUN WORKS YOUR RIGHT CHOICE OF SOLAR WATER HEATERS.***

✳✳✳✳✳✳✳✳✳✳✳✳✳✳✳✳✳✳✳✳

1. **SHORTER PAY-BACK PERIOD-** Realistically priced models make it a worthwide investment in view of long - term cost savings in heating energy. Your cost recovery can be realised within a much shorter period of within 2 to 3 years. Due to your lower initial expenditure.
2. **QUALITY-** Galvanised Iron tank and casing, plain glass, rolled fibreglass and non-corrosive aluminium and GI pipes all contribute to yours of trouble-free operation.
3. **EFFICIENCY-** Large heat absorbing surface areas & fibre glass insulation ensure faster heating at higher temperature and keep hot more than 2 days.
4. **ATTRACTIVE DESIGN-** Well designed feature with concealed piping gives a very heat look on your roof tops.
5. **GUARANTEE-** Every sun works units is backed by a two year guarantee service period.
6. **MODELS-** Sun works provide various capacity in different models for heating water in Industries, Hotels, Canteens Hospitals to........

✳✣✳✣✳✣✳✣✳✣✳✣✳✣✳✣✳✣

Contact for detail
**SUN WORKS NEPAL**
P.B. No. 5027
University Road T. U. Gate
Tel: 215854, 223286

# कुप्रथा प्रतिको प्रहार
# टेलिफिल्म "उजेली"

"युनिसेफ" ले तयार गराएको टेलिफिल्म "उजेली" साउन ७ गते नेपाल टि.भि. मा प्रसारित हुनु अघि यसको प्रचार-प्रसार व्यापक भएको देखा पर्दथ्यो। सार्वजनिक ठाउँमा पोस्टरहरू टाँसेर र पत्रपत्रिकाहरूमा सूचना-विज्ञापन दिएर दर्शकहरूको ध्यान त्यसतिर तान्ने कोशीस भएको देखिन्थ्यो। यसबाट के लाग्दथ्यो भने- आयोजकहरू "उजेली" मा केही "विशेष कुरा" दिन चाहिरहेका छन्।

फिल्म हेरिसकेपछि प्रायः जो कोही पनि सचेत दर्शकलाई अनुभव भयो- वास्तवमा "उजेली" कोही चीज बोकेर नै आएको रहेछ।

"उजेली" कथा वस्तु र प्रस्तुति दुवैको दृष्टिले एउटा सकारात्मक टेलिफिल्म हो।

नेपालमा ४० प्रतिशत भन्दा बढी महिलाहरूको विवाह १४ वर्षभन्दा कम उमेरमा हुने गर्छ। बाल विवाह रुपी कुप्रथा, जो यति भारी आयतनमा देशमा कायम रहेको छ, यस कुप्रथाप्रति प्रहार गर्ने काम "उजेली" ले गरेको छ।



स्कूल पढ्ने ठूलो रहरलाई बीचैमा चुडालेर केही वर्ष जेठो "बालक" संग १० वर्षकी उजेलीको विहा गराइन्छ। ऊ "माइती" छाडेर घर जान्छे। घरमा आफूभन्दा थोरै उमेरले जेठी जेठानीसंग मिलेर उसले रातदिन भाँडा-चुलो, काट्ने-पिँध्ने यावत कुराहरू गर्नुपर्ने हुन्छ। केही समयपछि उसकी त्यो "बालिका जेठानी" अल्पायुमै बच्चा जन्माएर आफू चाहिं त्यही प्रसव पीडाले मर्दछे। जेठानीको बच्चा अब "उजेली" को काखमा आइपुग्छ।

यस टेलिफिल्मको कथा यति नै हो र तर यस कथानकका मिहिन प्रसंगहरू अत्यन्त सान्दर्भिक रहेका छन्। "माइती" मा उजेली लाई "छोरी" हुनुको कारणले उसको "भाइ" लाई भन्दा फरक र तुच्छ व्यवहार गरिएको कुरा र ऊ "घर" मा पुगेपछि "लोग्ने" र उसमाथि हुने व्यवहारको आकाश-जमीनको भेदभाव सटीक ढंगले प्रस्तुत गरिएको छ।

मर्ने उमेरका हजूरबा, हजूर आमाहरूका "नातिनीको गोडा धोएर मर्ने" थाङ्ने रूढीवादी आकांक्षाहरूको पूर्तिका लागि नेपालमा लाखौं उजेलीहरूका आफ्ना बालसुलभ रहरहरू र सपनाहरूको हत्या हुने गरेको छ। "अर्काको घरमा पठाउने वस्तु" को रुपमा बाबु-आमाहरू समेतले भेदभाव गरी "उजेली" हरू बलजफ्ती धपाइन्छन् र सामन्ती संस्कारले ग्रस्त सासू-ससूराहरूको घरमा रात दिन जोतिन बाध्य हुन्छन् र कलिलो उमेर मै आमा बन्न पुग्दछन्। कलिलो उमेरमै आमा बन्ने वाध्यताले हज्जारौं उजेलीहरू अकालमै मर्न पुग्छन्। बाँचेकाहरूको पनि स्वास्थ्यमा दीर्घकालीन असर पर्दछ। "बच्चा" को स्वास्थ्यको पनि ठेगान हुन्न।

यस टेलिचलचित्रले नेपाली समाजमा रहेको यो प्रचलनको चित्रण गर्नुका साथै स्थानीय स्कूलका शिक्षक, हेल्थ पोष्टका स्वास्थ्यकर्मी र सुडेनीको माध्यमबाट यसमा जनाइएको विरोधले यस कुरीतिप्रति प्रश्न चिन्ह लगाउने काम पनि यसले गरेको छ। दर्शकहरूको संचेतनाको पक्षमा यसले राम्रो काम गरेको छ। निर्देशन गर्ने र कथा पटकथा, संवाद तयार गर्ने तथा दीपेन्द्र गौचन लगायतका सबै सहभागीहरूको प्रयत्न यस अर्थमा फलदायी रहेको छ।

"उजेली" को प्रस्तुतक्रि मूल विशेषताहरूमा- पाहाडी ग्रामिण समाजको जस्ताकोतस्तो चित्रण हुनु र सबै कलाकारहरू नयाँ र गाउँमा रहेका सामान्य व्यक्तिहरू हुनु नै हो। नाउँ चलेका "ठूला ठूला" मनिने कलाकारहरूविना पनि मिहेनत गरेमा राम्रा चलचित्रहरू निर्माण हुन सक्छन् भन्ने कुराको उदाहरण यसले प्रस्तुत गरेको छ।

कथा वस्तुमा दुई पक्षलाई अरू सशक्त बनाउन सकिने ठाउँहरू थिए। एक, उजेलीको भावनामा परेको चोटलाई अरू विस्तार दिन सकिन्थ्यो, र दुई, परंपरागत सोच र आधुनिक वैज्ञानिक सोचका बीचको टक्करलाई अरू सघन बनाउन सकिन्थ्यो। यी कुराहरूले "उजेली" टेलीचलिचित्रको उद्देश्य पूर्तिमा अरू प्रभावकारिता ल्याउने थियो। विदेशीहरूको निम्ति पर्दामा दिइएको अंग्रेजी- सारांश (Sub Title) केही अपर्याप्त महशूस हुन्छ। ❑

२० पेजको बाँकी

मुलुकलाई ५०० अरब डलर घाटा हुने गरी संरक्षण नीति उनीहरू उनी अवलम्बन गर्ने, नेपाल जस्तो मुलुक जहाँ औद्योगिक विकासको आधारसम्म छैन, हामीलाई चाहिं संरक्षण नचाहिने, मुक्त र अर्थतन्त्र, खुला- अर्थतन्त्र, उदारतन्त्र भनेर संरक्षण छोड्नु पर्ने? यसरी हाम्रो उद्योग नीतिको आधार नै गलत भयो।

*तपाईले सोच्नु भएको जस्तो आफूमा आधारित भएर दीर्घकालीन रणनीति बनाएर काम गर्ने हो भने नेपालमै आधारित त्यस्तो साधन स्रोत के छ? कुनै मूर्त रूपमा भन्न सकिन्छ?*

मूर्त मूर्त कुराहरू यही हो भन्ने भन्दा पनि म केही उदाहरण दिन सक्छु। जस्तो - जलस्रोत। जलस्रोत भनेको पानी नै त हो। पानीलाई हामी आर्थिक माल (Economic goods) मान्न सक्छौं। त्यसलाई हामी निर्यात पनि गर्न सक्दछौं, भारतसित कुरा मिल्छ भने। विहार र यू.पी. मा सिंचाइ गर, त्यस वापत हामीलाई पानीपोत बुझाउ, भन्न सक्छौं। अर्को कुरा हामी पानीलाई उर्जा (Energy) मा रूपान्तरित गरेर पनि निर्यात गर्न सक्छौं। हामीले नै उर्जा उपभोग गर्ने उद्योग पनि खोल्न सक्छौं। किफायत दरमा हामी उर्जा निकाल्न सक्छौं, पानीमा आधारित। त्यसबाट आएको वस्तु फेरि निर्यात गर्न सक्छौं। यो गर्दा खेरी हामीले १०-१५-२० वर्षको दृष्टि राखेर हेर्नु पर्ने हुन्छ।

यस्तो वस्तु हामीले अर्को textile (कपडा) लाई नै बनाउन सक्दछौं। कपडा उद्योग बेलायतमा पनि औद्योगिकरणको आधार भएको थियो। Textile आएपछि त्यसमा आधारित भएर अरू थुप्रै उद्योगहरू आउन सक्छन्। कपास उत्पादन उद्योगतिर हामी जान सक्छौं। यसरी एउटा उद्योग विकास गर्ने भने पछि त्यसका संवन्धहरू (Linkages) हुन्छन्, एउटा ठूलो उद्योगको निम्ति थुप्रै साना उद्योगहरूले Linkage को रूपमा काम गर्न सक्छन्। ❑

नेपालको एक मात्र औद्योगिक विकास बैंक
यस **नेपाल औद्योगिक विकास निगम**ले निजी क्षेत्रका संभाव्य औद्योगिक परियोजनाहरूको स्थापना, विकास र आधुनिकीकरणको लागि दीर्घकालिन तथा चालुपूँजी ऋणको साथै व्यवस्थापकीय परामर्श सेवा समेतको सुविधा उपलब्ध गराउँदछ।
अतः
सम्भाव्य औद्योगिक प्रस्तावना सहित विस्तृत जानकारीको लागि यस विगममा सम्पर्क राख्नु होला।

## नेपाल औद्योगिक विकास निगम

ने.औ.वि. भवन, दरवार मार्ग
पो.व.नं. १०, काठमाडौं फोन नं. २२८३२२

**क्षेत्रीय कार्यालय**

| | |
|---|---|
| विराटनगर | २५३०४; २४६३४ |
| पोखरा | २००३८; २०५१८ |
| नेपालगंज | २०२०३; २००३७ |
| धनगढी | २१२०३; २१६०६ |

# कोरियावारेको जानकारी जीवन जल ठहयियो तर कुरा पुगेन

सोभियत संघ र पूर्वी यूरोपका राष्ट्रहरू पूर्णतः पूँजीवादी बाटोमा फर्के यता संसारभरी नै पूँजीवादीहरूले समाजवादी सत्ताको अन्त्य भएको, यो सत्ता अधिनायकवादी भएको, यो व्यवस्था देशलाई कङ्गाल बनाउने व्यवस्था भएको एवं अब उप्रान्त यसको उदय हुने छैन भनी हल्ला फैलाइरहेका छन्। बस्तुतः यी कुनै पनि हल्लाहरू आधारहीन भएर पनि यिनीहरूबाट संसार भरीका न्याय प्रेमी तथा शोषणको अन्त्य चाहने मानिसहरूलाई निश्चितै रूपमा नकारात्मक प्रभाव पारेको छ। शायद बस नयाँ घडीमा यस नयाँ संसारलाई नयाँ ढंगले नै व्याख्या गर्नु र दोहऱ्याउनु पर्ने आवश्यकता होला। त्यसको लागि इमान्दार मार्क्सवादीहरू मध्ये जो केहीले पनि मार्क्सवादी साहित्यहरूलाई अन्ध अनुसरण गर्ने हिसावले होइन कि बरू नयाँ विश्वको परिवेशमा आलोचनात्मक दृष्टिकोणले अध्ययन गरी यसलाई अरू विकसित रूप दिनु पर्ने आवश्यकता छ जस्तो लाग्दछ। त्यसैले तिनीहरूले एकै साथ रहेर अध्ययन चिन्तन मनन र अन्तर्क्रियात्मक प्रकृयावाट अगाडि बढ्ने जमर्को गर्नु पर्दछ। मूल्याकनका अहिले सम्मका अंकहरू हेर्दा यसले त्यही जमर्को गरे जस्तो लाग्दछ। त्यसैले "मूल्याङ्कन" लाई जीवित तुल्याउनु र विकसित गर्नु प्रत्येक इमान्दार न्यायप्रेमी बुद्धिजीवी तथा प्रत्येक विवेकवान मार्क्सवादीहरूको कर्तव्य हो जस्तो मलाई लाग्दछ।

यस मासिकले शुरूको अंकमा नै समाजवादी अवधारणालाई अन्तर्क्रियाको मैदानमा उतारेर समाजवादी अवधारणालाई अध्ययन चिन्तन मनन गर्न सबैलाई




घचघच्याए जस्तो लाग्दछ, जुन साह्रै सहानीय छ। मलाई लाग्दछ, यो विषयको अन्तर्क्रिया लगातार रूपले झन् झन् गहिरिएर गर्नु पर्दछ। त्यसैले मूल्यांकनको प्रत्येक अंकमा त्यसले स्थान पाउनु पर्दछ। अंक ३ र ४ मा त्यस्तो अन्तर्क्रियात्मक अलक कुनै पनि नदेखिएकोले केही खट्को लागेको छ।

अर्को कुरा, कुनै पनि सैद्धान्तिक रचनाहरू प्रकाशित हुँदा त्यसलाई पूर्ण तुल्याउन त्यसका क्रमिक रचनाहरू लगातार प्रकाशित हुनु जरूरी हुन्छ। त्यसैले कुनै विषय वा घटनाको जानकारी दिंदा पनि तिनीहरूको विषयमा पूर्ण जानकारी प्रकाशित नभए सम्म तिनीहरूको क्रमिक प्रकाशनको निरन्तरता जरूरी हुन्छ। जस्तो अंक ४ मा शिवदास घोषको "द्वन्दात्मक वस्तुवाद नै किन?" भन्ने रचना प्रकाशित भयो। मलाई लाग्दछ- दन्दात्मक वस्तुवादको अवधारणाको लागि चाहिने आधारभूत ज्ञानको लागि त्यस विषयका अझ अरू कयौं क्रमिक रचनाहरूको आवश्यकता हुन्छ, ती रचनाहरूको निरन्तरता जरूरी छ।

अंक ४ मा उत्तर कोरीयाका काउन्सिलर सँगको अन्तरवर्ताको रूपमा त्यहाँ भइरहेको समाजावादीकरण र विकासको गतिलाई जानकारीको रूपमा अगाडि सारिएको रहेछ। वास्तवमा त्यो जानकारी यस्तो समयमा प्रकाशित भएको छ जुन समयमा विश्वको मात्र होइन, नेपालको वामपन्थी आन्दोलनमा पनि अवरोह देखेर कयौं इमान्दार मार्क्सवादीहरू तथा वाम कार्यकर्ताहरू निराशा र अलमलको अवस्थामा गुजिरहेका छन्। त्यसैले त्यो जानकारीले निश्चितै रूपमा निराशा र अलमलको विमारी भएकाहरूलाई जीवन जल ख्वाएको छ।

वास्तवमा न्याय र प्रगतिको पक्षमा उभिन चाहने जो कोही इमान्दार व्यक्तिहरू पनि विश्वको कुनै भागमा भएको न्यायको विजय, समानताको स्थापना र प्रगतिको प्राप्ति देखेर उनीहरू मृत अवस्थामा भइ सकेपनि पुनर्जीवित हुन सक्दछन्। त्यसैले पुनर्जीवित हुन सहयोग गर्ने दायित्व मुल्याङ्कनले लिन खोजेकोमा हामी पाठकहरू वडो प्रफुल्लित छौं। तर यसको पनि निरन्तरता वा पूर्णताको हामी अपेक्षा गर्दछौं।

अर्को एउटा कुरा अङ्क ४ मा प्रकाशित उत्तर कोरियाको जानकारी स्वरूप त्यहाँका काउन्सिलरसँग लिएको त्यस अन्तरवार्तामा हाल राजनैतिक बजारमा उत्तर कोरिया सम्वन्धी फैलिरहेको नकारात्मक हल्लाको विषयलाई भने उठाएको छैन। जसले गर्दा उक्त अन्तरवार्ता आलोचनत्मक (Critical) दृष्टिकोणबाट वा सर्वपक्षीय रूपले लिएको जस्तो भएन र यो अलि खट्केको छ। जस्तो कि लामो समय पहिलेदेखि नै अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनको मामलामा चुप लागेर आउँदै गरेको, त्यहाँको नेतृत्वको उत्तराधिकारी आफ्नै सन्तानमा सार्नु आदि जस्ता विषयहरूको चर्चा राजनीतिक क्षेत्रमा गरम रूपले नै चलिरहेका छन्। हामी ती विषयहरूको वारेमा पनि जानकारी हासिल गर्न चाहन्छौं र आगामी दिनहरूमा पुनः ती जानकारीहरू सहितको रचना प्रकाशित हुने अपेक्षा गर्दछौं।

-तुलसीदास महर्जन
(संयोजक)
जन-जागरण अभियान, कीर्तिपुर

## ठट्यौली राखियोस्

"मूल्यांकन" एउटा ज्ञानवर्धक पत्रिका सिद्ध भएको छ। शायद त्यसैले होला, लाखौं पाठकको प्रिय पत्रिकाको रूपमा यसलाई चिन्न पाइएको छ। यसमा सवै कुरा भएर पनि ठट्यौली स्तंभ नभएर खल्लो लागेको छ। यसको नियमित स्तंभ राख्ने सुझाव दिन चाहन्छु। एउटा शुभचिन्तक पाठकका हैसियतले यस स्तंभका लागि सहयोग गर्न आफू पनि तयार भएको कुरा जानकारी गर उँछु।

-"जडौरी माइला"/भरतपुर-२, क्षेत्रपुर/चितवन,

## मार्क्सवादबारे नियमित रूपमा दिइयोस्

"मूल्याकन"को तेस्रो अंक जन-आन्दोलन २०४६ अंक ढीलो भएन? दुई वर्ष अगाडिनै यो काम भएको भए राम्रो हुन्थ्यो।

"मूल्याकन" मा मार्क्सवादी विचारधारालाई नियमित धारावाहिक रूपमा दिइयोस्। पुष्पलाल संवन्धी सत्य सत्य तथ्यहरूले यसलाई सजाइयोस्। कम्युनिष्ट विचारधराका विवेकवाणीलाई संगेटेर प्रत्येक अंकमा प्रकाशित गरियोस्। धेरै पाठकको मन जित्न सफल "मूल्याकन"का अमूल्य पृष्ठहरूमा अनावश्यक विज्ञापन नसजाइयोस्।

-मोहनचन्द्र दाहाल, मादीमूलखर्क -१, संखुवासभा

## "मूल्यांकन"को प्रचार कम भयो

"मूल्यांकन" नेपाली वाम आन्दोलनको एउटा उपलब्धीको रूपमा प्रकाशित भइरहेको छ। चारैतिरबाट मार्क्सवादमाथि प्रहार भइरहेको बेलामा मार्क्सवादका उन्नत सत्यहरूको पक्षमा रहेर पूँजीवादीहरूको दुर्नियतको व्यवस्थित भण्डाफोर गरेर हालसम्मका अंकहरूबाट एउटा ठूलो विश्वास यसले पाठकहरूबाट जितेको छ। कम्युनिष्ट आन्दोलनमा सक्रिय कार्यकर्ताहरूको लागि यो झनै उपयोगी भएको पाएँ। तर यसको प्रचार कम भएर हो कि किन हो, अझै यो वाम-आन्दोलनका शुभ चिन्तकहरू र सयौं कार्यकर्ताहरूसम्म पुग्न नसकेको पाएँ। ती शुभ चिन्तक र कार्यकर्ताहरू "मूल्यांकन" जस्तो प्रकाशनको खोजीमा लामो समय अघिदेखि प्रतीक्षारत छन्, तर यो निस्किएको यत्ति लामो समय भैसक्दा पनि उनीहरू सम्म यो पुग्न नसक्नु दुःखको कुरा हो। त्यसकारण, ती व्यक्तिहरूमा पुग्न प्रचार-प्रसारमा जोड दिन तपाईहरूलाई सुझाव दिन्छु।

जन आन्दोलन विशेषांक २०४६ ले आन्दोलनमा वामपन्थीहरूको सहभागिताका अन्यत्रबाट नआएका, आन्तरिक र महत्वपूर्ण जानकारीहरू दिएकोले उक्त अंक संग्रहणीय पाएँ।


-गोपाल मैनाली/काभ्रे
हालः सामाखुसी, काठमाण्डौ।

जन-नेताहरू
वि.पि. कोइराला
र
पुष्पलाल श्रेष्ठ
को
स्मृति दिवसको उपलक्ष्यमा
उहाँहरूप्रति
हार्दिक श्रद्धाञ्जली
अर्पण गर्दछौं।
अमरावती मद्यशाला प्रा. लिं
हरिऔन, सर्लाही
नेपाल

श्री पशुपति सुपर बम्पर उपहार कार्यक्रमद्वारा संचालित

# श्री पशुपति सौगात धनराशी फिर्ता कार्यक्रम

## SHREE PASHUPATI MONEY RETURN PROGRAMME




**मासिक उपहार कार्यक्रम**

| | |
|---|---|
| प्रथम सौगात:- | काठमाडौं उपत्यकाभित्र निर्मित पक्की घर थान-१ जवानलाई वा नगद रू. ३, ५०,०००।- |
| दोस्रो सौगात:- | काठमाडौं उपत्यकाभित्र सुन्दर घडेरी ४ आना जमीन एक जवानलाई वा नगद रू. १,००,०००।- |
| तेस्रो सौगात:- | १० जवानलाई जनही रू. १,०००।- |
| चौथो सौगात:- | ५०० जवानलाई जनही रू. ७५०।- |
| पाँचौं सौगात:- | १०,००० जवानलाई जनही रू. २००।- |

**रु.१००**

**एक पटक मात्र तिरे पुग्ने**

*यस कार्यक्रमको विशेषताहरू:-*

(१) एक व्यक्तिलाई ६० पटक सम्म पनि पक्कि घर, घडेरी तथा नगद पुरस्कार पर्न सक्ने ।
(२) पुरस्कार नपर्ने दश व्यक्तिलाई रू. एक लाखका दरले अनलक्की पुरस्कार पर्ने ।
(३) कार्यक्रम अवधि भरी लगभग ७ लाख व्यक्तिलाई पुरस्कार पर्ने ।
(४) एक पटक रू. १००।- बुझाए पुग्ने ।
(५) ६१ औ महिनामा खोलिने सुपर बम्परमा मोटरसाईकल, २०" कलर टि. भि., भि. सि. पी. डेक साथमा अन्य आर्कषक उपहारहरू समेत खोलिने छ ।

**प्रधान कार्यालय**
ग-२/३८१ धोबीधारा वार्ड नं. ३१
पुतली सडक, काठमाडौं
फोन नं. ४-१६२९३, ४-१२४१८

MIULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.का.द.नं. ४८: ०३९/४० बा.अ.हु.द.नं. ६२: ०३९/४०

सित्तैमा ६० वटा घर र ६० वटा घडेरी

प्रत्येक उपभोक्तालाई उपहारै उपहार

जय गुरु गणेश धनराशी फिर्ता योजना

JAYA GURU GANESH MONEY BACK PLANNING






एक पटक मात्र

रु. १००/-

पछि आफैलाई फिर्ता ।

प्रथम उपहार

लगानी थोरै फाइदा धेरै

प्रत्येक पटक खोलिने उपहारहरू

१. प्रथम- एक जवानलाई घर
२. दोश्रो-एक जवानलाई घडेरी
३. तेश्रो- ८ जवानलाई घरायसी स्टील दराज
४. चौथो- ५०० जवानलाई नगद रु.५००/- (प्रतिब्यक्ति)

जोखिम शून्य, फाइदै फाइदा

एकै व्यक्तिलाई ६० पटकसम्म घर पर्नसक्ने, परीपक्व योजना अवधि पछि रु. २५।- बराबरको उपहार स्वरूप थप सुविधा सहित आफ्नो रकम आफैलाई फिर्ता
यही श्रावण १ गतेदेखि आश्विन १ गतेसम्म प्रत्येक महीना विशेष उपहार खोलिने निर्णय भएको सहर्ष जानकारी गराउँदछौं।

विशेष उपहार यस प्रकार छन्:-

| | | | |
|---|---|---|---|
| १. प्रथम- | १४" कलर टि.भी. | - | १ जवानलाई |
| २. दोस्रो:- | १४" श्याम/श्वेत टि.भी: | - | १ जवानलाई |
| ३. तृतीय:- | नगद रू. १००० ।- | - | ८ जवानलाई |
| ४. चतुर्थ:- | नगद रू. ५०० ।- | - | २४ जवानलाई |

प्रथम उपहार परेको टिकट बिक्री गर्ने एजेन्टलाई नगद रू. १००० ।- उपहार प्रदान गरिने छ।

सञ्चालक
जि.के. आइरन एण्ड स्टील इण्डष्ट्रिज (प्रा.) लि.
ललितपुर, सुन्धारा, चपटटोल
पो.ब. नं. १३७४

फोन नं: ५२६०५९, ५२४१६४, ५२५५५५

- NIRAYOO 527099